CC-0. Digitized by eGangotri and MIDP- Delhi

जयतु संस्कृतम् संस्थायाः नवमं पुष्पम्-९

प्राकृतपोखरा

(वर्णनात्मकं काव्यम्)



प्रकाशकम्

जयतु संस्कृतम्

काष्ठमण्डपम्, नेपालः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतम् संस्थायाः नवमं पुष्पम्-९

प्राकृतपोखरा

(वर्णनात्मकं काव्यम्)



मूल रचनाकारः
कवि-मुकुन्दशरण उपाध्यायः

संस्कृतानुवादकः
डा. लक्ष्मीकान्तः पन्थी

प्रकाशकम्
जयतु संस्कृतम्
काष्ठमण्डपम्, नेपालः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुस्तकको नाम	:	प्राकृतपोखरा (मदन पुरस्कार प्राप्त)
मूललेखक	:	कवि मुकुन्दशरण उपाध्याय
अनुवादक	:	डा. लक्ष्मीकान्त पन्थी
प्रकाशक	:	जयतु संस्कृतम् काठमाडौं, नेपाल
फोन	:	४२३०३७१
संस्करण	:	प्रथम
प्रकाशन वर्ष	:	वि.सं. २०६७
प्रकाशित प्रति	:	१००० प्रति
मूल्य	:	ने.रु. २००.०० भा.रु. १२५.००
कभर डिजाइन	:	सोम श्रेष्ठ
कम्प्यूटर सेटिङ्	:	प्रतीक कम्प्यूटर प्रोसेस फोन : ४२३०२६२

Poet Mukunda Sharan Upadhyaya's
Prakrit Pokhara (Epic)

With Translation in Sanskrit
by Dr. Lakshmikant Panthi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

ऐतिहासिक "जयतु संस्कृतम्" आन्दोलन आफ्नै नामले प्रसिद्ध भएको हुँदा यसको परिचय बताइरहन आवश्यक छैन । जयतु संस्कृतम् आन्दोलनको पचास वर्ष पुगेका अवसरमा स्वर्णजयन्ती कार्यक्रम मनाउनुका साथै संस्कृतको उन्नयन गर्ने उद्देश्यले यसलाई संस्थाका रूपमा विधिवत् दर्ता गरिएको हो ।

२०५५ सालदेखि संस्कृतको उन्नयनका लागि संस्कृत कविता सम्मेलन गर्ने, गोष्ठी गर्ने, संस्कृत दिवस मनाउने, जयतु संस्कृतम् पुरस्कार प्रदान गर्ने, संस्कृतमा विरचित एवं अनूदित काव्य कृति प्रकाशन गर्ने कामहरू यथासम्भव हुँदै आएका छन् । अरू पनि विशेष कामहरू गर्दै जाने जयतु संस्कृतम् संस्थाको लक्ष्य र उद्देश्य रहेको छ । यसै उद्देश्यअनुरूप अहिले यो डा. लक्ष्मीकान्त पन्थीद्वारा संस्कृत भाषामा रूपान्तरित कवि एवं कविवर मुकुन्दशरण उपाध्यायद्वारा विरचित प्राकृत पोखरा खण्डकाव्यलाई प्रकाशन गरिएको छ । यस्तो गरिमामय कृतिको प्रकाशन गर्न पाएकोमा जयतु संस्कृतम् परिवार गौरवान्वित छ । आशा छ, यो कृति सम्पूर्ण पाठकहरूमा लोकप्रिय बन्नेछ र संस्कृतको उन्नयनमा पनि यसले बल पुऱ्याउनेछ ।

जयतु संस्कृतम् संस्थाले संस्कृतमा रहेका अमूल्य ग्रन्थ राशिलाई यथाशक्य क्रमिक रूपमा नेपालीमा रूपान्तरण गर्दै लाने कार्ययोजना पनि अगाडि सारेको छ । तदनुसार संस्कृतमा रहेका विभिन्न दर्शनहरूलाई नेपालीमा अनुवाद र व्याख्या समेत गराई प्रकाशित गर्ने योजना अगाडि बढाई रहेको छ । जसअनुसार संस्कृतमा रहेका आस्तिक दर्शन र केही अन्य दर्शनलाई समेत अनुवाद गर्ने कार्य सम्पन्न हुँदैछ । यस कार्यमा पनि सबै संस्कृतानुरागी विद्वान्हरूको र अन्य महानुभावहरूको समेत सहयोगको अपेक्षा गरिएको छ । यस कार्यले संस्कृतलाई लोकप्रिय बनाउन र संस्कृतका सन्देशलाई जनता सामु पुऱ्याउन समेत ठूलो टेवा मिल्नेछ भन्ने विश्वास लिएको छ ।

जयतु संस्कृतम्लाई तन, मन र धनले आ-आफ्नो ठाउँबाट सहयोग गर्नुहुने सज्जनहरूमा संस्था हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

वि.सं. २०६७ भाद्र ८ गते, जनैपूर्णिमा

जयतु संस्कृतम्
काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"प्राकृत पोखरा"को संस्कृतमा रूपान्तरण

(क) मूललेखक–

वि.सं. १९९७ मा कास्की पोखरामा जन्मेका मुकुन्दशरण उपाध्याय साहित्याचार्यका साथ संस्कृत र नेपालीमा एम.ए. उपाधि पाएको सफलता अनुरूप साहित्यशास्त्रीय लक्षण ग्रन्थ र नेपाली व्याकरण विषयमा सतर्कतापूर्वक सोपपत्तिक धारामा कलम चलाएर आफ्नो पृथक् शैली प्रस्तुत गर्नुका साथै संस्कृत र नेपालीमा कविता रच्ने अङ्गुलीगणनीय नेपाली कविहरूमध्ये एक विशिष्ट प्रतिभा हुन् । पाल्पाली कवि माधवप्रसाद देवकोटाले झैं मुकुन्दशरणले पनि पहिल्यै संस्कृतकाव्यमा भारतीय विद्वान्हरूवाट सम्मान पाएको देखिन्छ । १९ वर्षकै उमेरमा वि.सं. २०१६ मा भाषिक शुद्धि र परिमार्जन, कोमलकान्तपदावली, माधुर्यपूर्ण शैली भएको "निम्वार्कचरितम्" नामक संस्कृत खण्डकाव्यका लागि कवि उपाध्यायलाई 'अखिलभारतीयसंस्कृतपुरस्कारः' प्राप्त भएको थियो । वि.सं. २०३४ मा प्रकाशित 'शैलसरिता' (कवितासंग्रह) मा समावेशित र अन्य पत्रपत्रिकामा प्रकाशित संस्कृत स्फुटकविताहरूले पनि कवि उपाध्यायको संस्कृत-काव्य-रचना-शैलीलाई यथेष्ट चिनाएका छन् ।

नेपालीतर्फ कवि उपाध्यायको प्रसिद्ध कृति 'प्राकृत पोखरा' (वर्णनात्मक-काव्य) हो । २०२१ मा प्रकाशित यस खण्डकाव्यले कविलाई मदनपुरस्कार प्राप्त गराएको छ । यसैवाट यसको महव सुपरिचित हुन्छ । आज भन्दा ३० वर्ष अघि (२०३४ मा) ने.रा.प्र.प्र को कविता महोत्सवमा प्रथम स्थान प्राप्त गरेको दृष्टान्तले नै कवि उपाध्यायको नेपाली फुटकर कवितातर्फको प्रतिभा परिचय पाउन सकिन्छ ।

(ख) प्राकृत पोखरा–

कवि मुकुन्दशरणको 'प्राकृत पोखरा' अनुष्टुप् छन्दका १००० भन्दा वढी श्लोक भएको दश भागमा विभक्त खण्डकाव्य हो । खण्डकाव्य महाकाव्यकै एकदेशानुसारी, जीवनको कुनै भाग (अवधि) को चित्रण गर्ने नायक (वा नायिका) को चरित्रपरक कथावस्तुसहितको हुनुपर्छ भन्ने काव्यशास्त्रीय लक्षणलाई मान्यता दिएरै पनि प्रकृतिचित्रणात्मक यस काव्यमा प्रकृति नै नायिका हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवीभागवत आदि शाक्त ग्रन्थहरूका भनाइअनुसार दुर्गा, लक्ष्मी, राधा, सरस्वती, सावित्री यी ५ देवीहरू एउटै सृष्टि-स्थिति-संहारकारिणी परव्रह्मात्मिका मूल प्रकृतिका ५ स्वरूप हुन् । त्यस्तै प्रकृति एउटी मात्र नायिका भएको 'प्राकृतपोखरा' खण्डकाव्यमा पनि पोखराउपत्यका, माछापुच्छ्रे, हिमाल, पर्वत, सेतीगण्डकी, ताल, वनजंगल, पाखापखेरा, कमलपोखरी, सुन्तला आदि सवै प्रकृतिकै नाना रूप, अवयव, अङ्ग-प्रत्यङ्गहरू चित्रणका विषय हुन् ।

अझ अर्को शव्दमा के भन्न सकिन्छ भने- कवि मुकुन्दशरण उपाध्यायको यो 'प्राकृत पोखरा' काव्य अनुष्टुप् छन्दरूपी १००० भन्दा वढी पुष्पहरूद्वारा पोखरा प्रकृति माताको वर्णनात्मक पूजा गरिएको विशुद्ध एवं अकृत्रिम प्राकृत काव्य हो ।

गण्डकी क्षेत्रको प्राकृतिक वर्णन गर्ने पुरानो प्रामाणिक ग्रन्थ वाराहपुराण हो । त्यसमा वर्णन गरेअनुसार विष्णुस्वरूप मुक्तिनाथवाट वग्ने कृष्णगण्डकी हुन् र शिवस्वरूप मत्स्यपुच्छाचल (माछापुच्छ्रे) वाट वग्ने श्वेतगण्डकी (सेती) हुन्। अन्य त्रिशूली आदि नदीहरू सेतीकै सहायिका हुन्। तसर्थ सेती र कालीको सङ्गम देवघाट हो भनिएको छ। कवि मुकुन्दशरणले भने कतै कतै सेती आदि नदीलाई त्रिशूली नदीका सहायिका मानेर देवघाटलाई त्रिशूली र कालीको सङ्गमस्थल वताएको पाइन्छ-

"शिवगङ्गा त्रिशूली च कृष्णगङ्गा च गण्डकी ।
यत्रैकरूपतां प्राप्ते तां धारां प्रणमाम्यहम् ॥" (देववाणी, २०६० पृ. २४७)

प्राकृत पोखराको प्रकृतिचित्रणमा भने सेतीगण्डकी नै भूरिशः चित्रित छन्। काव्यको प्रारम्भमा विश्वकै मानचित्रमा, भूमाताको शिर नेपाल, नेपालमाता कै ललाटभूत अङ्ग पोखरा क्षेत्र भनिएको छ, -

"नेपाल नाम को 'टीकी' पैह्रिन्छिन् जो वसुन्धरा ।
त्यै टीकी को पनि 'टीकी' हो यो सुन्दर पोखरा ॥" (पोखरा १)

जुनकुरा यथार्थ छ । संयोगवश प्रकृतिसाम्राज्यको सौन्दर्यद्वारा विभूषित क्षेत्र नै कविको जन्मस्थल भएकोले पोखराक्षेत्रीय प्रकृतिको सर्वाङ्गपूर्ण वर्णन गर्ने आकाङ्क्षा र प्रतिभाको संयोजनबाट यति मनोरम काव्यकृति रचित भएको हो ।

(ग) विशेषता-

काव्यको प्रारम्भमा मेची-महाकाली तराई- हिमालको देश नेपालको प्रकृति र समस्त नेपालीहरूको प्रकृति (स्वभाव) वर्णन गर्ने कविको कलमले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकृति-सौन्दर्यको साम्राज्यका वासिन्दा नेपालीहरूको स्वाधीनता, निर्भीकता, साहस, अध्यात्मप्रियता, सारल्य, धार्मिक, साम्प्रदायिक र सांस्कृतिक सामञ्जस्य जस्ता विषयलाई कलात्मक शैलीमा प्रस्तुत गरेको छ। त्यसपछि 'पोखरा' को समग्र स्वरूप प्रस्तुत गर्ने सन्दर्भमा कविले प्रकृति-मनोहर पोखरामाथि कुनै कविले काव्य नलेखेको गुनासो काव्यात्मक शैलीमा देखाएर हिमालको काखमा अवस्थित पोखराका सेती गण्डकी, फेवाताल, वन-वल्ली, सरोज, सुन्तला आदि प्राकृतिक सम्पदाको चित्र प्रस्तुत गरेका छन्। काव्यमा माछापुच्छ्रे हिमालको सजीव वर्णन रोचकता र मार्मिकताको उत्कर्षमा पुऱ्याइएको छ,। माछापुच्छ्रे राजा हो, धवलागिरि मन्त्री हो, पोखरा राजधानी हो र अरू डाँडाहरू सिपाही हुन्। काव्यशास्त्रीय छन्द-अलङ्कार-रस-गुण-दोष-रीति-वृत्ति आदिको उद्गमस्थल पनि हिमालयीय क्षेत्र नै हो भन्ने विचार यहाँ काव्यात्मक शैलीमा प्रदर्शित छ। जस्तै-

"माछापुच्छ्रे त राजा हुन् स्वयं श्रीपेच मण्डित।
धवलागिरि हुन् मन्त्री राज्य का उच्च पण्डित॥
पोखरा राजधानी हो अरू डाँडा सिपाहि हुन्।
राजा का ढुकुटी ठूला अन्नपूर्णा हिमाल हुन्॥
धवलागिरि को शोभा शारदा को प्रसाद हो।
अन्नपूर्ण जगन्माता लक्ष्मी को प्रियवास हो॥
धवलागिरि मा वग्ने छहरा छन्द गान हुन्।
झिल्झिली गरने ज्योति अलङ्कार-प्रकार हुन्॥
यहाँ का रसिला दृश्य काव्य का रस भेद हुन्।
सेता काला दुवै मेघ काव्य का गुण दोष हुन्॥
अभिधा लक्षणा व्यङ्ग्य रीति वृत्ति विचारने।
खण्डकाव्य, महाकाव्य, कोशकाव्य यहीं वने॥
हिजो आज यहीं फेरि छहरा यी स्वतन्त्र छन्।
जति ताने पनिऽ मिल्ने गद्य-गीत वनाउँछन्॥" (माछापुच्छ्रे १४२-१४८)

माछापुच्छ्रे हिमालयका काखमा रहेको हरिया वन-पाखापखेराको वर्णन सविस्तार उपमा र उत्प्रेक्षा अलङ्कारको प्रयोग कुशलतासाथ प्रस्तुत गरिएको छ। माछापुच्छ्रेवाट निस्केर पोखराको वक्षःस्थलमा वग्ने श्वेतगण्डकीलाई कविले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुक्लागण्डकी नाम दिएका छन् र पोखरामा पाइने यिनको स्वरूप कतै फराकिलो श्वेतरूपात्मक सजावट र कतै भासिएर ध्वनिमात्र सुनाउने, रूप छिपाउने स्थिति यथार्थतः काव्यकलात्मकताले सजाएर प्रस्तुत गरेका छन् । शुक्लागण्डकीको सजीवता प्रस्तुत गर्न उपमा र उत्पेक्षा जस्ता अलङ्कारको प्रयोग चमत्कारपूर्ण वनेको छ । प्राच्यवाङ्मयमा कृष्णगण्डकीको जस्तो महिमा श्वेतगण्डकीको देखाइएको छैन । कृष्णगण्डकी दिदी हुन् यिनी वहिनी हुन् भन्ने मत प्रस्तुत गर्ने कवि उपाध्यायले "शिवमूर्ति माछापुच्छ्रेको निधारको सेतो विभूतिवाट सेती गण्डकी वगेकी छन्" भन्ने वाराहपुराणीय वर्णनको संकेत भने दिएका छैनन् । पोखराको प्रसिद्ध फेवाताल पौराणिक ग्रन्थहरूमा वर्णित छैन, रारा र सभापोखरी भने पर्याप्त रूपमा पुराणहरूमा वर्णित छन् । कवि उपाध्यायले यस काव्यमा शुक्लागण्डकीकै शैलीमा फेवाताल र त्यसभित्र अवस्थित वाराहद्वीपको विस्तार पूर्वक वर्णन गरेका छन् । त्यस्तै कमलपोखरी र सुन्तलाको वर्णन पनि आकर्षक र मार्मिक छ । जस्तै-

"सुन्तला नाम भन्दै मा मुख मेरो रसाउँछ ।
जिउरो छट्पटी गर्छ सर्वाङ्ग ललचाउँछ ॥
किन्दा मा एसका निम्ति तोला सून दिए पनि ।
सुहाउँछ भनी नामै सुन्तोला राखिएछ नि ॥
नाम नै सुन्तला राम्रो काम नै गुलियो मिठो ।
ठाम नै पोखरा जस्तो कस्तो खेल छ दैव को ॥
नठान्नू सुन्तलालाई सामान्य फल क्यै गरी ।
आँप, केरा, लिची, स्याउ, नाश्पाती, जामुनू सरी ॥
दुई दाना किनी खायो हाँसी भन्छन्- 'लिनोस् अरू' ।
नहाँसी वोल्न जान्दैनन् यी हाम्रा वहिनीहरू ॥" (सुन्तला)

संस्कृत साहित्यमा आचार्य उत्तीर्ण प्रतिभाशाली मनीषी कवि उपाध्यायको यस काव्यप्रवन्धको कोटीमा अरू कुनै पनि आधुनिक नेपाली कविको काव्यकृति आउन सक्दैन । उत्प्रेक्षा, उपमा, अतिशयोक्ति, अर्थान्तरन्यास आदि अलङ्कारहरूको चमत्कार, शास्त्रीय चिन्तन, वैदिक दर्शन र वाङ्मयका धारासँग वर्तमान नेपाली जीवनको मिश्रण, रसमय अभिव्यक्तिशैली आदिको उत्कर्ष हेर्दा यो काव्य अतुलनीय छ र आफ्नै किसिमको छ । पुरातन समयमा सेती-गण्डकी र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काली-गण्डकीको संगम देवघाट, देवताहरूको पर्यटनस्थल (देवा अटन्ति यत्र देवाटः) रहेको, संगमको माथिपट्टि (वर्तमान तनहूँतर्फ) अनेकौं देवदम्पती (पतिपत्नी मात्र दुई दुई जना भएर) घुम्ने गरेको, वाराहपुराणमा वर्णित छ। देवदम्पतीहरू माछापुच्छ्रेसम्म पुग्ने गरे नगरेको कुरा भने त्यहाँ चर्चित छैन, त्यहाँ पुग्दैनथे भन्न पनि त मिल्दैन। वर्तमान समयमा मनोहर प्रकृतिको क्रीडाङ्गण पोखरा संसारका पर्यटकहरूको आकर्षक स्थल वनेको छ।

एउटा संयोगकै कुरा हो - प्रकृति-सौन्दर्यको साम्राज्यस्थलले मुकुन्दशरण उपाध्याय जस्ता मनीषीको कवित्वप्रतिभा, व्युत्पत्तिपाटव र काव्यकलात्मक शिल्पद्वारा सजिने मौका पायो। भावाभिव्यक्ति, कलाशिल्प र वैचारिकताले सजिएको यो काव्य हृदयस्पर्शिताकै प्रावल्यले चिरकालसम्म नवीन रहनेछ।

(घ) संस्कृत अनुवाद-

संवत् २०२१ मा प्रकाशित भई मदन पुरस्कार उपलब्ध गराउन सफल नेपाली खण्डकाव्य "प्राकृत पोखरा" ले ४० वर्षपछि, विद्वद्वर डा. लक्ष्मीकान्त पन्थीको कलम द्वारा संस्कृत काव्यप्रवन्धको रूप प्राप्त गरेको छ। डा. पन्थीद्वारा संस्कृत समच्छन्दमा रूपान्तरित यो काव्य प्रकाशित भएपछि, संस्कृतप्रणयी काव्यानुरागी नेपाली वुद्धिजीवीहरू तथा नेपाली भाषाका अनभिज्ञ भारतीय मनीषीहरूको मनोविनोद गर्न अवश्य सफल वन्नेछ भन्ने ठान्दछु। उदाहरणका लागि अनूदित कविताका केही अंश हामी यहाँ हेर्न सक्छौं ।

मूल- अनन्त रत्न ले पूर्ण शुद्ध शान्त र शोभन।
श्रीविन्दु इनको यो छ सृष्टि को पनि भूषण॥
अनुवाद- प्रपूर्णोऽनन्तरत्नैश्च शुद्धः शान्तः सुशोभनः।
शिरोविन्दुरयं भाति सृष्टेरपि विभूषणः॥ (नेपाल ३)

मूल- नेपाल नाम को 'टीकी' पैह्रिन्छिन् जो वसुन्धरा।
त्यै टीकीको पनि 'टीकी' हो यो सुन्दर पोखरा॥
अनुवाद- नेपालस्य शिरोविन्दुं या दधाति वसुन्धरा।
तद्विन्द्वन्तर्गतो विन्दुर्नगरी भाति पोखरा॥ (पोखरा १)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूल- यो राम्रो पोखरा हेर्न आउँछन् जव दर्शक ।
गर्छ स्वागत हाँसेर माछापुच्छ्रे हिमालय ॥
अनुवाद- मधुरां पोखरां द्रष्टुमायान्ति यदि दर्शकाः ।
स्वागतं कुरुते स्मित्वा मत्स्यपुच्छो हिमाचलः ॥ (माछापुच्छ्रे ४)

मूल- हिम-प्रकृतिवाला को मुख-चन्द्र समान छ ।
सारी भ्कैं तल का डाँडा पछ्यौरी सरि व्योम छ ॥
अनुवाद- हिमप्रकृतिवालाया मुखं चन्द्रसमं त्विह ।
शाटचो व सानवोऽधःस्था दुकूलमिव पुष्करम् ॥ (पाखापखेरा १०)

मूल- गोपी र कृष्ण को दृश्य मिलेको त्यो अहो ! कति ।
श्याम छन् ती लता वृक्ष गोरा छन् छहरा जति ॥
अनुवाद- गोपीकृष्णसमं दृश्यं मिलितं तदहो ! कियत् ।
श्यामाः सन्ति लतावृक्षा गौरास्ते निर्भरा अपि ॥ (पाखापखेरा २९)

मूल - यी शुक्ला स्वर्ग-गङ्गा हुन् वन-नन्दन वाग हो ।
सुमेरु हो सगर्माथा नेपाल स्वर्गभूमि हो ॥
अनुवाद- शुक्ला चैषास्ति स्वर्गङ्गा नन्दनोपवनं वनम् ।
सुमेरुर्व्योमकूटोऽस्ति नेपालः स्वर्गभूरिह ॥ (शुक्लागण्डकी ११६)

मूल- पा ताल कि न पा ताल सारा संसारमा डुली ।
पाताल मैं तँ जा किन्तु न पा ताल यहाँ सरी ॥
अनुवाद- संसारे सञ्चरँस्तस्य चालं जानीहि वा न वा ।
पाताले याहि किन्तु त्वं सर इत्थं न लप्स्यसे ॥ (ताल ३३)

मूल- आँखा भ्रमर हुन् काला मुखमण्डल पुष्प हो ।
नारी हो रसिलो सृष्टि वाँकी संसार शुष्क हो ॥
अनुवाद- पुष्पायितं मुखं यस्या नयने भ्रमरायिते ।
सा नारी सरसा सृष्टिः शुष्कं भुवनमन्यथा ॥ (कमलपोखरी २३)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूल- कविता-धन वोकेका सवै हामी सरस्वती ।
तारा वनेर चम्कन्छौं हाँसी खेली सधैंभरी ॥
अनुवाद- सरस्वति ! वयं सर्वे कविता-धन वाहिनः ।
जीवामस्तारका भूत्वा विहरन्तोऽपि सर्वदा ॥ (सुन्तला २१)

मूल- सौन्दर्य हो परं व्रह्म गर एस् को उपासना ।
सौन्दर्योपासनाद्वारा छुट्दछन् भव वासना ॥
अनुवाद- 'सौन्दर्यं परमं व्रह्म' विधेहि तदुपासनम् ।
सौन्दर्योपासनेनैव मुच्यन्ते भववासनाः ॥ (अन्त्यमा ५१)

यसरी डा. लक्ष्मीकान्त पन्थीको संस्कृत अनुवादले मौलिक कविता जस्तै मिठास प्राप्त गरेको छ र यसले प्राकृत पोखरा काव्य सुनमा सुगन्ध थपिए जस्तै अझ गौरवपूर्ण वनेको छ ।

४८ वर्ष अघि वि.सं. २०१७ मा कवि मुकुन्दशरणको संस्कृत प्रवन्धकाव्य 'निम्वार्कचरितम्' का अध्येता र पुरस्कारदाता भारतीय संस्कृत विद्वान् अहिले दुर्लभ भए तापनि उनै कविको रूपान्तरित संस्कृत काव्य 'प्राकृतपोखरा' मौलिक संस्कृत काव्यकै रूपमा नयाँ पुस्ताको भारतीय संस्कृत समाजमा पुग्नेछ । डा. पन्थीद्वारा समच्छन्दमा अनूदित प्रत्येक पद्यको आद्योपान्त स्वरूप भाषिक, शव्दशास्त्रीय वा पदविन्यासात्मक दृष्टिवाट मैले अध्ययन-समीक्षण गरेको छु । भाषिक शुद्धतासाथ सरल-सरस-सुवोध्य पदहरूको प्रयोग गरेर यो काव्य रूपान्तरित भएको छ । यो नेपाली काव्य 'प्राकृतपोखरा' को सौभाग्य हो र संस्कृत साहित्यकालागि खुशीको समाचार पनि हो ।

अन्त्यमा यथाशीघ्र यस अनूदित काव्यकृतिको प्रकाशन होस् भन्ने हार्दिक कामनासहित अनुवादक मनीषी लक्ष्मीकान्त पन्थी प्रति ससौहार्द साधुवाद ज्ञापन गर्दै विश्रान्ति लिन चाहन्छु ।

डा. टीकाराम पन्थी
काष्ठमण्डप

२०६४ आषाढ
गुरुपूर्णिमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्मति

विद्वान् तथा कवि डा. लक्ष्मीकान्त पन्थी सँग मेरो प्रत्यक्ष परिचय तेस दिन मात्र भयो जुन दिन उहां स्वयं मेरो निवास मा मेरै काव्यकृति 'प्राकृत पोखरा' को संस्कृत छायानुवाद सुनाउन प्रस्तुत हुनुभयो। आफूले कल्पनै नगरेको तेस्तो उत्कृष्ट कार्य वारे आत्मसात् गर्न पाउँदा मँ भावविभोर हुन पुगँ। मलाई लाग्यो- नेपाल मा पनि एस्ता प्रतिभाहरू को अभाव छैन रहेछ जो निष्कामभाव ले साहित्यसाधना गर्दछन् र नाता, सामीप्य र आग्रह वा अनुरोध को प्रतीक्षा गर्दैनन्। मेरो हृदय ले कवि डा. पन्थी प्रति कृतज्ञता अनुभव गर्नु स्वाभाविकै थियो। समच्छन्द मा नेपाली वाट संस्कृत मा अनुवाद गर्न सक्नु सामान्य प्रतिभा ले भ्याउँदैन। न त केवल अनुवादकौशल मात्र तेसका निम्ति पर्याप्त हुन्छ। एस्तो कार्य मा त अनुवादक सँग कविप्रतिभा हुनु पनि उत्तिकै अनिवार्य हुन्छ। जुन कुरा मैले कवि पन्थी मा पाएँ।

मैले 'प्राकृत पोखरा' का नेपाली पद्यहरू को संस्कृत पद्यानुवाद सुन्दा संस्कृत मा नयाँ 'प्राकृत पोखरा' प्रकट भएको अनुभव गरेँ। संस्कृत का पाठकहरू समक्ष मेरा भावहरू पुग्नु मेरो अहोभाग्य हो र एसरी संस्कृत मा अनूदित हुनपाउनु मेरो 'प्राकृत पोखरा' काव्य को पनि प्रख्याति र सौभाग्य हो। एसका निम्ति मँ कुन शव्द ले कवि पन्थी लाई धन्यवाद टक्र्याऊँ ? कवि पन्थी ले भन्नु भएको थियो- 'मैले विना अनुमति अनुवाद गरेँ, अव अनुमति माग्न आएको छू।' वहाँको आशय के पनि थियो भने अनूदित कृति ले मूलकृति को भाव समेट्न सक्यो वा सकेन ? सो रुजु समेत गरिदिनुहोस्। तर मलाई भाव समेटन नसकेको होइन, अपितु अझै भाव लाई मलजल समेत प्रदान गरेको आनन्दानुभूति भयो। अहिले सम्म नेपाली भाषाभाषी मा मात्र सीमित रहेको एस काव्यलाई संस्कृत मा छायानुवाद गरेर अव देखि संस्कृतभाषी जगत् एवं देश देशान्तर मा समेत पुग्न सक्ने वनाइदिनुभएको मा एसका अनुवादक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्वान् डा. लक्ष्मीकान्त पन्थी भूरि भूरि साधुवाद का पात्र हुनुहुन्छ । मँ उहाँको एस सत्कार्य प्रति कृतज्ञ छू ।

अनुवादकर्ता डा. लक्ष्मीकान्त पन्थीज्यू ले एसको नेपाली पाठसहित प्रकाशनार्थ आग्रह गर्नु भएको मा तेसरी एकसाथ प्रकाशन गर्ने मञ्जूरी सहित अनुमति टक्र्‍याएको छू । कवि पन्थी ले एस का साथ मा अर्को पाण्डुलिपि पनि देखाउनु भयो । जुन पाण्डुलिपि 'ऋतुविचार' को संस्कृत छायानुवाद थियो । कवि को अनुवाद क्षमता अभिनन्दनीय लाग्यो । प्राकृत पोखरा र ऋतुविचार का जति कविता को अनुवाद मैले पढें खोट लाउने ठाउँ भेटिनँ । प्रत्युत्पन्नमति डा. पन्थी लाई एसै गरी नेपाली भाषा का अन्य रचनाहरू को पनि भाषान्तरण गर्न मा उत्साह जागिरहोस् र उत्तरोत्तर सफलता प्राप्त हुँदै जाओस् भन्ने शुभेच्छा सहित सम्मति प्रदान गर्दै आफ्ना शव्दहरू लाई विश्रान्ति दिन्छू । धेरै धेरै धन्यवाद ।

२०६४ असार,
भानुजयन्ती

मुकुन्दशरण उपाध्याय
पोखरा, काश्की

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुवादकीय

संवत् २०५६ सालको माघ महिनामा कवि शिरोमणि लेखनाथको ऋतुविचार काव्यको संस्कृत अनुवाद गर्ने इच्छा मनमा जाग्यो र मैले कलम चलाएँ। फुर्सदको समयमा ऋतुविचारको संस्कृत अनुवाद गर्दा सहजतापूर्वक दुई महिना भित्रै सिद्धयाएँ। त्यसरी ऋतुविचारको अनुवाद गरिसकेपछि पनि मेरो हातको सकसकी मेटिएन। अर्को पनि केही काम गरौं जस्तो मनमा लाग्यो। त्यसवेला मलाई संझना भयो- ऋतुविचार काव्यकै स्वभावसंग मिल्दो, प्रकृतिवर्णनात्मक, अझै सुन्दर काव्य- 'प्राकृत पोखरा'। यसरी प्राकृतपोखरा काव्यलाई मैले मन पराउनुमा- यसमा वर्णित 'नेपाली पाखापखेरा, हिमाल, ताल, सुन्तला, शुक्लागण्डकी आदि सौन्दर्य' प्रतिको मेरो स्वभाविक मोह पनि हुनसक्छ।

नेपालमाताको यस्तो प्राकृत चित्रलाई संस्कृतमा अनुवाद गर्न सकेदेखि देशान्तरीय विद्वान्हरूले नेपाली प्रकृतिको रमणीयतालाई (अनुवादकै माध्यमवाट) आँखाभरि हेर्न पाउँदा हुन् कि ? भन्ने भावना एकातिर प्रवल भयो भने अर्कातिर यति नै काम गरेर भए पनि संस्कृत साहित्यको धेरै ऋण लिएको नेपाली साहित्यवाट अलिकति मात्र किन न होस्, आफ्नो क्षमताले भेटे जति ऋण तिर्न सकिन्छ कि ? भन्ने पनि इच्छा भएकोले यसको संस्कृत अनुवाद गर्नमा प्रवृत्त भएको हुँ।

२०५७ सालको वैशाखमा लेख्न प्रारम्भगरी करीव तीनमहिना भित्रै लेखी सिद्धयाएँ। यसको अुनवाद गर्नमा कुनै अपठचारो अनुभव भएन। त्यसपछि यसको लेखाइमा पर्न गएको व्याकरणगत अशुद्धि एवं पदविन्यासमा हुन गएको वेमेल रहन नपाओस् भन्ने उद्देश्यले वैयाकरण विद्वान् अग्रज डा. टीकाराम पन्थीज्यूलाई आद्योपान्त हेरिदिनका लागि आग्रह गरें, उहाँले सहर्ष त्यो हेरिदिनु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भयो। यसरी डा. टीकाराम पन्थीज्यूको पूर्णसहयोग मिलेकोले नै मैले यसको संस्कृत रूपान्तरण गर्नमा सफलता पाएको हुँ। यति मात्र नभई उहाँले आफ्नो अमूल्य समय लगाएर यस अनूदित कृतिको भूमिका समेत लेखिदिनुभयो, जसले गर्दा म अत्यन्तै उत्साहित भएको छु। यसकारण म उहाँको सदैव ऋणी छु। यसका लागि उहाँ प्रति कृतज्ञताका शव्दहरूले मात्र पुग्ने छैन भन्दै सविनय आभार व्यक्त गर्दछु।

अव यसरी नेपाली काव्य 'प्राकृत पोखरा' को संस्कृतीकृत पाठ तयार भैसकेपछि मेरो मनले भन्यो- 'यो पाण्डुलिपि यसका मूललेखक कवि मुकुन्दशरण उपाध्यायलाई देखाउँदा कस्तो लाग्ला ? उहाँले के भन्नु होला ?' अनि आफ्नो कापी झोलामा वोकेर म प्राकृतपोखराका कविजी वसेको ठाउँ खोज्दै गएँ। उहाँ संग भेट भयो। आफ्नो छोटो परिचय प्रस्तुत गर्दै म वसें र आफ्नो पाण्डुलिपि अघि सारें। अनि भनें- 'मैले गरेको काम कस्तो लाग्छ ? हेरिदिनोस् र सवै रुजु गर्नोस्। हजुरलाई चित्त नवुझेका ठाउँमा मिलाउने छु'।

यसरी मैले हेर्न दिएको पाण्डुलिपि उहाँले अत्यन्तै अभिरुचिपूर्वक आद्योपान्त हेर्नुभयो र सहर्ष यसमा आफ्ना सुझाव सहित सहमति एवं सम्मति प्रदान गरेर मलाई अनुगृहीत गर्नुभयो। यसर्थ म प्राकृत पोखराका कवि मुकुन्दशरण उपाध्याय प्रति सविनय कृतज्ञता प्रकट गर्दछु, किनभने- 'प्राकृत पोखरा' थियो र त संस्कृतमा अनुवाद भयो। तैपनि पोखराको वर्णन गरेर मन अघाएको छैन। त्यसैले दुई/तीन श्लोक आफै थपेर भन्दछु -

नौलो सुन्दर यो काव्य वन्यो प्राकृत पोखरा।
पढ्दा पाठक भन्नेछन् पोखरा रैछ सुन्दर॥
माछापुच्छ्रे त 'राजा' हुन् पोखरा काव्यनायक।
उनैकी पोखरा 'रानी' छन् यहाँ हेर्नलायक॥
हजारमा वढी श्लोक छन् वयानै पुगेन कि ?
यो पढ्दा मनमा साँच्चै पोखरा खुल्दछिन् न कि ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत अनुवादः- प्राकृतं पोखराकाव्यं नव्यं भव्यं विनिर्मितम् ।
पठन्तः पाठका ब्रूयुः 'पोखरा सुन्दरायितम्' ॥
मत्स्यपुच्छाचलो राजा सर्वोत्कर्षेण वर्तते ।
तस्येयं पोखराराज्ञी काव्ये लोकोत्तरायिता ॥
परःसहस्रश्लोकैश्च पोखरा वर्णिता न वा ? ।
अन्तश्चित्तं पाठकानां पोखरा मुदिता न वा ? ॥

यसको अनुवाद गर्दा प्रथमतः मैले 'प्राकृत पोखरा' काव्यको प्रथम संस्करण हेरेर अनुवाद गरेको थिएँ। यसमा कविद्वारा प्रथम संस्करणको प्रकाशन पश्चात् परिमार्जित र परिवर्द्धित कतिपय कविताहरू पनि कविज्यूवाटै प्राप्त गरी सानुवाद समाविष्ट गर्न पाएकोमा मलाई यो कृति अझै सुन्दर वनेको अनुभव भएको छ।

अन्त्यमा कविज्यूसंग अनुमति लिएर यसको नेपाली पाठसहित प्रकाशन गर्ने इच्छा हुँदाहुँदै अभाव र अपठ्यारो परिस्थितिले गर्दा ढीला हुनगएकोमा सहृदयी पाठकहरूसंग विनम्रतासाथ क्षमा माग्दछु।

अहिले यस 'प्राकृत पोखरा' काव्य को संस्कृत अनुवादलाई नेपाली पाठसहित प्रकाशन गर्न अग्रसरता देखाएकोमा 'जयतु संस्कृतम्' संस्थाप्रति विशेष धन्यवाद ज्ञापन गर्दै आभार समेत प्रकट गर्दछु।

समालोचक एवं विद्यानुरागी कमलमणि दीक्षित, सज्जन अधिवक्ता नारायणप्रसाद शिवाकोटीज्यूले यस कृतिको प्रकाशनको सहयोगार्थ उदारता पूर्वक केही आर्थिक सहयोग गर्नु भएकोमा उहाँप्रति र यस काव्यको प्रकाशन कार्यको सबै जिम्मा लिने जयतु संस्कृतम् संस्थाप्रति पनि कृतज्ञता प्रकट गर्दछु।

यसको नेपाली पाठसहित सावधानीपूर्वक कम्प्यूटर टङ्कनकार्य गरिदिने प्रतीक कम्प्यूटर प्रोसेसलाई विशेष धन्यवाद दिन्छु।

- अनुवादक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयसूची

	शीर्षक	पृष्ठाङ्क
	प्रकाशकीय	क
	भूमिका	ख
	सम्मति	झ
	अनुवादकीय	ट
१.	नेपाल	२
२.	पोखरा	१६
३.	माछापुच्छ्रे	३०
४.	पाखापखेरा	६६
५.	शुक्लागण्डकी	९६
६.	सरोवर	१२०
७.	कमल पोखरी	१५४
८.	सुन्तला	१७८
९.	अन्त्यमा	२०४
१०.	पुनश्च	२१६
	अवशिष्टम्	२२२
	कवि मुकुन्दशरण उपाध्याय - परिचय र कवित्व दृष्टि	२२५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"प्राकृतपोखरा"

मूललेखकः

(वर्णनात्मकं काव्यम्)

प्रियोऽयं कविः पोखराजन्मभूमेः
प्रियोऽयं सुसौहार्दसौहित्यभावात् ।
प्रियोऽयं मुकुन्दस्य नाम्ना मुकुन्दः
प्रियोऽयं कवीनां स्वभावान्मुकुन्दः ॥१॥

प्रियं काव्यमेतद् विचित्रं कवीनाम्
प्रियं प्राकृतं पोखरादर्शकानाम् ।
प्रियैः प्राकृतैर्मत्स्यपुच्छाचलाद्यैः
प्रियैः प्राकृतैस्तैः सुवर्णैः फलाद्यैः ॥२॥

प्रियं राष्ट्रभाषाविशिष्टं सचित्रम्
प्रियं वृत्तिरीत्या विशिष्टं सुचित्रम् ।
प्रियं देशभक्त्या विशिष्टं विचित्रम्
प्रियं संस्कृतेऽनूदितं नैव चित्रम् ॥३॥

अनुवादकः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाल

सधै हाँसिरहे जस्ती सधैं पूर्ण हराभरा ।
परमेश्वर की प्यारी छोरी हुन् यी वसुन्धरा ॥१॥

अनेकौं देश का राम्रा गहना ई लगाउँछिन् ।
नेपाल को अतिऽ राम्रो शिरविन्दु बनाउँछिन् ॥२॥

अनन्त रत्न ले पूर्ण शुद्ध शान्त र शोभन ।
श्रीविन्दु इनको यो छ सृष्टि को पनि भूषण ॥३॥

देवता स्वर्ग हो भन्छन्, बगैंचा भन्दछन् चरा ।
मान्छे नेपाल हो भन्छन्, टीकी भन्छिन् वसुन्धरा ॥४॥

चोखो प्रकृति साम्राज्य विश्व मा अब एत्ति छ ।
न निभेको कुनै बेला जहाँ सौन्दर्य बत्ति छ ॥५॥

सानो भै पनि यो देश विश्व मा छ विशेष को ।
कहिल्यै फहराएन यहाँ झण्डा विदेश को ॥६॥

शुद्ध कञ्चन गम्भीर एसका इतिहास छन् ।
वेद वेदान्त गीता का यहाँ हास विलास छन् ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालः

सदा स्मेराननेवास्ति सदा भरितशाद्वला ।
शिवप्रियसुता सौम्या विद्यतेऽत्र वसुन्धरा ॥१॥

अनेकदेशरूपाणि धरन्ती भूषणान्यपि ।
नेपालस्यामलो रम्यः शिरोबिन्दुः सुशोभते ॥२॥

प्रपूर्णोऽनन्तरत्नैश्च शुद्धः शान्तः सुशोभनः ।
शिरोबिन्दुरयं भाति सृष्टेरपि विभूषणः ॥३॥

सुराः स्वर्गोऽयमित्याहुराराम इति पक्षिणः ।
मानुषाः देश इत्याहुः शिरोबिन्दुरिति क्षितिः ॥४॥

दिव्यप्रकृतिसाम्राज्यं संसार इदमेव हि ।
यत्र सौन्दर्यदीपोऽस्ति निर्वाणो न कदाचन ॥५॥

विश्वस्मिन्नतिसूक्ष्मोऽपि नेपालोऽस्ति विशेषितः ।
राष्ट्रध्वजो विदेशानां लोलो नेह कदाचन ॥६॥

अस्य देशस्येतिहासाः शुद्धाः स्वच्छा गभीरकाः ।
वेद-वेदान्त-गीतानां हासा लासा इहामलाः ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विश्व मा वैदिकी झण्डा यहीँ नै फहराइयो ।
विश्व मा शान्ति-सन्देश यहीँ बाटै सुनाइयो ॥८॥

यहीँ मानवता जन्म्यो यहीँ मानवता बढ्यो ।
छोरी झैं क्यै गयो अन्त छोरा झैं क्यै यहीँ बस्यो ॥९॥

उदार छ दरो यो छ यो छ आदर्श विश्व को ।
यहीँ जन्म लिई जाग्यो सिद्धान्त पञ्चशील को ॥१०॥

तीर्थ, धाम, नदी, क्षेत्र, पुरी, पुण्य, सरोवर ।
विहार चैत्य को यो छ सधैं सुन्दर आकर ॥११॥

पार्वती भृकुटी सीता जस्ता छोरी यहीँ भए ।
विश्वनारीत्व का निम्ति जो आँफै पनि मेटिए ॥१२॥

राजपुत्र यहाँ जन्मे श्रीबुद्ध भगवान् सरी ।
राजा जनक झैं जन्मे ज्ञानी, त्यागी, दृढव्रती ॥१३॥

देशै पिच्छे महाशैल शैलै पिच्छे महावन ।
वनै पिच्छे तपोभूमि थियो एस्को पुरातन ॥१४॥

शिव मा बुद्ध मा छैन यहाँ द्वेष कतै पनि ।
दुवै बाट बनेका छन् दुवै आदर्श का धनी ॥१५॥

सम्प्रदाय हजारौं छन् वृक्ष-शाखाहरू सरी ।
नेपालीपन यौटै छ वृक्षमूल भए सरी ॥१६॥

यहाँ कलह देखिन्न सम्प्रदाय र वाद को ।
सम्प्रदाय भनी लड्नु यहाँ को अपराध हो ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विश्वेऽस्ति वैदिकी रम्या पताकाऽत्रैव चोच्छ्रिता ।
विश्वेऽस्ति शान्तिसन्देशः श्रावित इत एव हि ॥८॥

प्रादुर्भूता मानवताऽत्रैव पल्लविताऽभवत् ।
सुतेव निर्गता काचित् काचित् सुत इव स्थिता ॥९॥

उदारेयं घनीभूता विश्वादर्शमयी स्थिरा ।
सिद्धान्तः पञ्चशीलानामस्मादेव समुद्भवः ॥१०॥

तीर्थं धाम नदी क्षेत्रं पुरी पावनदीर्घिका ।
विहारप्रभृतीनां च देशोऽयं सुन्दराकरः ॥११॥

पार्वतीभृकुटीसीतासदृश्यस्तनया इह ।
विश्वनारीत्वरक्षार्थं विलीनाः स्वयमेव याः ॥१२॥

इह जातो राजपुत्रः श्रीबुद्धो भगवानिव ।
जनकोऽप्यत्र सञ्जातों ज्ञानी त्यागी दृढव्रतः ॥१३॥

स्थले स्थले महाशैला महाटव्यस्तथाद्रिषु ।
प्रतिवनं तपोभूम्यः, स्थितिरस्य पुरातनी ॥१४॥

विद्यते नात्र विद्वेषः कुत्रापि हिन्दुबौद्धयोः ।
परस्परं भावयन्तावादर्शधनिकावुभौ ॥१५॥

सहस्रशः संप्रदाया वृक्षशाखाः समा इह ।
वृक्षमूलसमं चास्ति नेपालीयत्वमेककम् ॥१६॥

वादानां संप्रदायानां कलहो नेह दृश्यते ।
संघर्षः संप्रदायार्थमपराधो भवेदिह ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मान्छन् निर्भीक नेपाली यौटे ईश्वर को डर ।
पर्छन् स्वतन्त्र नेपाली यौटै ईश्वर को भर ॥१८॥

राजनीति यहाँ नित्य चोखो नेपालवाद छ ।
धर्मनीति परापूर्व देखि अध्यात्मवाद छ ॥१९॥

प्रजा दुःखी हुँदा राजा, राजा दुःखी हुँदा प्रजा ।
भर्दै गहभरी, आँसु रोएका छन् यहाँ कथा ॥२०॥

कस्तूरी, चमरी, अर्ना, हात्ती, गैंडा, मयूर का ।
यहाँ का वन मा हुन्छन् सभा स्वच्छ विचार का ॥२१॥

लाली गुँरास का फूल यहाँ सौन्दर्य भर्दछन् ।
डाँफे चरीहरू नाची आनन्दी मधु छर्दछन् ॥२२॥

छन् यहीं विश्व विख्यात राम्रा र उच्च पर्वत ।
जता हेऱ्यो उतै राम्रो छ एस्को दृढ गौरव ॥२३॥

पछि्ऽ हटेन यो देश मित्र मा गुन लाउन ।
देश दुश्मन को दर्प धूला भित्र मिलाउन ॥२४॥

कला मा विश्व कै सामू आफ्नो धाक जमाउन ।
हिमाल मा चढी पैल्हे पताका फर्फराउन ॥२५॥

बँचायो विश्व मा एस्ले सार्वभौम स्ववैभव ।
आफ्नो सँस्कृति पालेर राखेर आत्म-गौरव ॥२६ ॥

पहिल्यै जाइलागेन अर्का माथी कुनै दिन ।
आए मा बाँकी राखेन शत्रु लाई कुनै छिन ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्यन्तेऽभीकनैपाला एकस्मादीश्वराद् भयम् ।
समाश्रयन्ति नैपालाः स्वतन्त्रा एकमीश्वरम् ॥१८॥

नित्यः शुद्धोऽस्ति नेपालवादो राजनयोऽत्र हि ।
धर्मनीतिः पुराकालादध्यात्मवाद इष्यते ॥१९॥

प्रजासुखे सुखं राज्ञस्तद्दुःखे दुःखिताः प्रजाः ।
कथा इहत्या अरुदन् भरन्त्योऽश्रूणि नेत्रयोः ॥२०॥

कस्तूरीचमरीहस्तिबर्हिसैरिभखड्गिनाम् ।
सभा वने वसत्यत्र तेषामुच्चविचारिणी ॥२१॥

रक्तदाडिमपुष्पाणि सौन्दर्यं पूरयन्त्यपि ।
डाँफेद्विजा नर्तनैश्च मधुशान्तिं किरन्त्यपि ॥२२॥

सन्त्यत्र देशे विश्वस्य हिमानामुच्चपर्वताः ।
यत्र दृष्टं तत्र रम्यं नेपालदृढगौरवम् ॥२३॥

मैत्रीं वर्द्धयितुं चान्यैर्देशोऽयं सुस्थिरोऽभवत् ।
देशान्तराणां वैरिणां गर्वं धूलयितुं तथा ॥२४॥

स्वप्रभावं वर्द्धयितुं विश्वस्याग्रे कलास्वपि ।
राष्ट्रध्वजं वर्द्धयितुं शिखरारोहणेष्वपि ॥२५॥

वैभवं सार्वभौमत्वं विश्वेऽनेन स्थिरीकृतम् ।
स्वसंस्कृतिं पालयित्वा संरक्षतात्मगौरवम् ॥२६॥

प्रहारो न कृतोऽन्येषु प्रथमं न कदाचन ।
आगते सति शत्रौ च नामशेषः कृतः सदा ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विश्वजेता कति३ आए लड्न पारेर अक्कर ।
कुनै मित्र बनी फर्के कुनै खाएर ठक्कर ॥२८॥

हावा चीसो जलै चीसो चीसो पर्वत पाटन ।
शत्रु आए भने साह्रै तातो रगत को कण ॥२९॥

महिषासुर को सातो खाइथिन् शक्ति ले यहीं ।
शुम्भ निशुम्भ को रक्त बगेथ्यो छलली यहीं ॥३०॥

वीर प्रसविनी भूमि आज की मात्र होइनन् ।
परापूर्व पनि३ इन्ले हार को नाम छोइनन् ॥३१॥

अहो भोकै लडी प्राण होमेथे भीमसेन ले ।
महान् अमर ले वीर वरेण्य बलभद्र ले ॥३२॥

सम्झदा पूज्य पुर्खा को त्यो देशभक्ति निर्मल ।
मेरो हृदय यो हुन्छ राष्ट्रगौरव विह्वल ॥३३॥

पूजिइन्छन् अरु देश रंगी चंगी प्रचार ले ।
यो आँफै पूजिएको छ शुद्ध शान्त विचार ले ॥३४॥

यहाँ छन् सून चाँदी का खानी जगमगाउँदा ।
हर्छन् अमृत को गर्व यहाँ का जल का बुँदा ॥३५॥

जलै मीठो फलै मीठो मीठो पवन भोजन ।
जता हेर्‍यो उतै मीठो छ यो नेपाल शोभन ॥३६॥

देशीय अथ जातीय प्रान्तीय भावना न ली ।
निष्पक्ष लेखनी द्वारा यदि लेख्छ कुनै कवि ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जेतारोऽत्र समायाता योद्धुं वेलाविवेकिनः ।
निवृत्ता सुहृदो भूत्वा केचिदाहत्य केचन ॥२८॥

शीतो वायुर्जलं शीतं शैलक्षेत्रं च शीतकम् ।
शत्रौ समागते तीव्रं सुतप्तो रक्तविन्दुकः ॥२९॥

महिषासुरसंहारः कृतः शक्त्या पुराऽत्र वै ।
निशुम्भ-शुम्भयो रक्तमवहत् सलिलायितम् ॥३०॥

वीरप्रसविनी भूमिः कलेरेव न वर्तते ।
परापूर्वं धरा चैषा कदाचिन्न पराजिता ॥३१॥

पूर्ववीरा भीमसेनामरसिंहबलादयः ।
बुभुक्षिताश्च संयुध्य शत्रुभिर्निधनं गताः ॥३२॥

स्मारं स्मारं पूर्वजानां देशभक्तिं च निर्मलाम् ।
नित्यं भवति मच्चित्तं राष्ट्रगौरवविह्वलम् ॥३३॥

अन्यदेशाः प्रपूज्यन्ते रागमिश्रैः प्रचारणैः ।
शुद्धैः शान्तैर्विचारैस्तु देशोऽयं पूजितः स्वयम् ॥३४॥

सुवर्णरजतादीनामाकरा ज्वलिता इह ।
हरन्त्यमृतगर्वं चैवात्रत्या जलबिन्दवः ॥३५॥

जलं मिष्टं फलं मिष्टं मिष्टं पवनभोजनम् ।
यतो दृष्टस्ततो मिष्टो नेपालोऽयं सुशोभनः ॥३६॥

देशीयामथ जातीयां प्रान्तीयां भावनां विना ।
निष्पक्षलेखनीद्वारा कश्चिल्लिखति चेत् कविः ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिव्य सौन्दर्य ले पूर्ण होला नेपाल शीर्षक ।
काव्य वस्तु हुनंन् कुञ्ज छहरा हिम पर्वत ॥३८॥

रामराज्य नबिर्सेको यहाँ साम्राज्यवाद छ ।
'शुनि चैव श्वपाके च' गीता को साम्यवाद छ ॥३९॥

यहाँ फक्रे-फुलेका छन् शयौं झंकार झंकृति ।
शयौं नृत्य शयौं ताल शयौं भाषा र संस्कृति ॥४०॥

नेपाली जनता जप्छन् राष्ट्र मन्दिर मा बसी ।
'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' ॥४१॥

यहाँ का झरना गर्छन् व्याख्या वेदान्त सूक्ति को ।
एकान्त कुञ्ज मा मिल्छ शान्ति कैवल्य मुक्ति को ॥४२॥

राम्रा शान्त र निर्भीक नेपाली जनता सब ।
दाँजिन्छन् स्वर्ग का राम्रा तेजिला देवता सँग ॥४३॥

पाएर हिम को हावा पिएरै हिम को जल ।
बसेर हिम का काख नेपाली बन्छ शीतल ॥४४॥

छैनन् यहाँ महाखाडी, कालापानी, मरुस्थल ।
नभएका कुरा लाई नेपाली 'छैन' भन्दछ ॥४५॥

यो पाणिनि-तपोभूमि यहाँ के को कमी छ र ?
विश्व साहित्य कै निम्ति हो यो ईश्वर को वर ॥४६॥

राजा प्रजा सँगै हाँस्ने गर्ने सम्मान विश्व को ।
लडाईं खेल हो ठान्ने चल्ती हो एस देश को ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिव्यसौन्दर्यपूर्णं स्याद् 'नेपाल' इति शीर्षकम् ।
भवेयुः काव्यवस्तूनि झरकुञ्जहिमाचलाः ॥३८॥

अत्र साम्राज्यवादोऽस्ति रामराज्यमविस्मरन् ।
'शुनि चैव श्वपाके च' गीतायाः साम्यवादकः ॥३९॥

शताधिका झङ्कृतयः सर्वा विकसिता इह ।
शताधिका नृत्यताला भाषाः संस्कृतयोऽपि च ॥४०॥

जपन्ति जनताः सर्वा उषित्वा राष्ट्रमन्दिरे ।
'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' ॥४१॥

व्याख्यां वेदान्तसूक्तीनां कुर्वते निर्झरा इह ।
कैवल्यमुक्तेः शान्तिश्च कुञ्जेषु मिलतीह वै ॥४२॥

सौम्याः शान्ताश्च निर्भीका नैपाला जनता अपि ।
तुलिताः सन्ति स्वर्गीयै रम्यैस्तेजस्विभिः सुरैः ॥४३॥

हिमानां पवनं प्राप्य जलं पीत्वैव शीतलम् ।
उषित्वा हिमवत्क्रोडे नैपालाः सन्ति शीतलाः ॥४४॥

नेह सन्ति महागर्ता जलं क्षारं मरुस्थलम् ।
न भूतानि च वस्तूनि नैपाला 'न' वदन्ति हि ॥४५॥

अयं प्राप्तवरो देशो विश्वसाहित्यहेतवे ।
पाणिनेश्च तपोभूमिः किं न्यूनं विषयान्तरे ॥४६॥

सार्धं राजप्रजाहासो विश्वसंमानमित्यथ ।
युद्धमत्र क्रीडनकं देशस्येयं परम्परा ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युद्ध मा डर ले भाग्नु, क्षमा माग्नु अरु सँग ।
अर्का का भर मा जाग्नु दाग्नु पुर्ख्यौलि-गौरव ॥४८॥

स्वार्थ का डर ले हेर्नु ज्यूँदै राष्ट्रिय दुर्गति ।
स्वप्न मा पनि जानेन नेपालीपन ले यति ॥४९॥

पञ्चायतहरू लाई दिई स्वायत्त शासन ।
थाम्न खोज्दैछ यो देश राजधर्म पुरातन ॥५०॥

तटस्थ नीति पालेर विश्व मा मित्रता गरी ।
चलेको छ नि यो देश हातेमालो गरी गरी ॥५१॥

एसको उत्तरी साँध अति राम्रो हिमाल छ ।
कोटि मानव का जस्तै जस्को छाती विशाल छ ॥५२॥

एस्तै दक्षिण मा फाँट तराई को विशाल छ ।
कोटि मानव का निम्ति जो सधैं सहकाल छ ॥५३॥

चोखा मेची महाकाली पूर्व-पश्चिम साँध छन् ।
कोटि मानव का प्यारा जो सधैं तीर्थ धाम छन् ॥५४॥

काठमाण्डू नयाँ स्वर्ग राजधानी छ सुन्दर ।
देवतै ले रचेका छन्, जहाँ किल्ला सबै तिर ॥५५॥

कुबेर ले सिँगारेको हीरा मोती छरी छरी ।
पुराणकाल को हो यो प्रसिद्ध अलका पुरी ॥५६॥

पाएर गण्डकी कोशी कर्णाली वाग्मती जल ।
यो देश को बनेको छ वातावरण निर्मल ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युद्धे पलायनं भीत्या क्षमायाच्ञा परैः सह ।
जागरः परविश्वासे कुलगौरवलाञ्छनम् ॥४८॥

स्वार्थभीत्या दर्शनं च जीवद् राष्ट्रियदुर्गतिः ।
इति स्वप्नेऽपि जानन्ति न नैपालाः कदाचन ॥४९॥

स्वायत्तं शासनं दत्वा पञ्चायत्तेषु तन्मयः ।
सौम्यं वहति देशोऽयं राजधर्मं पुरातनम् ॥ ५०॥

तटस्थनीतिं संरक्ष्य विश्वे मैत्रीं विधाय च ।
देशोऽयं चलितोऽस्त्येव हस्तमालां समादधत् ॥५१॥

अस्योत्तरगता सीमा सुरम्यो हिमपर्वतः ।
कोटिमानवतुल्यास्ति यस्य वक्षो विशालता ॥५२॥

दक्षिणे चास्ति कैदारमध्यदेशविशालता ।
कोटिमानवरक्षार्थमन्नपूर्णायिता सदा ॥५३॥

एवं मेचीमहाकाल्यौ सीमानौ पूर्वपश्चिमौ ।
कोटिमानवचित्तेषु तीर्थधामद्वयं प्रियम् ॥५४॥

काष्ठमण्डपमेवैतन्नवं स्वर्ग्यं च सुन्दरम् ।
राजाऽऽश्रितं दैवकृतं दुर्गं यत्रास्ति सर्वतः ॥५५॥

शृङ्गारिता कुबेरेण हीरकैर्मौक्तिकैर्युता ।
किं वा पुराणकालस्य सुप्रसिद्धाऽलकापुरी ॥५६॥

कर्णालीगण्डकीकोशीवाग्वतीनां जलैरभूत् ।
देशस्य वातावरणः प्राकृतोऽतीव निर्मलः ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कतै कञ्चनजंघा छन् कतै छन् धवलागिरि ।
सबै हिमचुली राम्रा मँ चिनाऊँ कसो गरी ॥५८॥

अग्ला हिमचुली हेर राम्रा हिमचुली चुम ।
हे मेरा धरतीपुत्र ! नेपाली धरती घुम ॥५९॥

छन् सेताम्मय वुक्यान राताम्मय गुराँस छन् ।
हरियाली सजाएका सल्लेरी सर्सराउँछन् ॥६०॥

पग्लन्छन् हिउँ का राश खोल्सा कुलकुलाउँछन् ।
नेपाली धरती जस्ती धर्ती मा कुन ठाउँ छन् ? ॥६१॥

देवदारु, शिशौ, साल धूपी, रुद्राक्ष, ओखर ।
चाँप, आँप अहा ! हामी सरी सम्पन्न को छ र ? ॥६२॥

एस्को चन्द्र तथा सूर्य क्या उजेलो निशान छ ।
विश्व मेरो सबै मित्र क्या मीठो अभिमान छ ॥६३॥

समाधि मा पनिऽ कैल्हे कहीं मँ गर्व गर्दछू ।
ढुंगा खोज्दा पनिऽ द्यौता पाइने देश मा मँ छू ॥६४॥

यहाँ भन्दा पनिऽ ठूलो कुन आनन्द हुन्छ र ।
मँ हूँ नेपाल को छोरो मेरो नेपाल सुन्दर ॥६५॥

सुस्तरी बोल मान्छे हो ! खोला हो ! सुस्तरी बग ।
बसाएको छ सुन्दैनौ कस्तूरी फूल मगमग ॥६६॥

अविरल नदि-नाला गान गर्छन् डुलेर,
गिरिपरिकर लाखौं छन् बसेका मिलेर ।
शिव धनु सरि लाम्चे स्वर्ग को यो धरा छ,
हृदय सरि यसैका माझ मा पोखरा छ ॥६७॥

(इति प्रथम सर्ग)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इह कञ्चनजङ्घास्ति नाम्नापि धवलागिरिः ।
सर्वं अन्वर्थका रम्या परिचेया हिमाचलाः ॥५८॥

उच्चैर्हिमाचलान् पश्य चुम्ब रम्यान् हिमालयान् ।
यूयं मे वसुधापुत्रा ! नैपालमवनीं भ्रम ॥५९॥

श्वेतघासमया भागा क्वचिद् गुराँसपुष्पकाः ।
क्वचित्तु शादहरिताः सरलाः स्वनिताः क्वचित् ॥६०॥

क्वचिद् हिमानी द्रविता आपगानां कलः क्वचित् ।
नेपालधरणी तुल्या जगति क्वचिदस्ति किम् ॥६१॥

अक्षोटशालरुद्राक्षधूपाद्यैर्देवदारुभिः ।
आम्रचम्पकवृक्षैश्च सम्पन्नाः के ? यथा वयम् ॥६२॥

अस्य रम्यं लक्षणं च चन्द्रसूर्याङ्कितो ध्वजः ।
'विश्वं मेऽस्ति सुहृत् सर्व' इति देशोऽभिमानवान् ॥६३॥

समाधावपि संलग्नः क्वचिद् गर्वं करोम्यहम् ।
पाषाणान्वेषणे देवलब्धदेशस्थितोऽस्म्यहम् ॥६४॥

इतोऽप्यधिक आनन्दः को महान् भवतीत्यतः ।
सोऽहं नेपालपुत्रोऽस्मि नेपालो मेऽस्ति सुन्दरः ॥६५॥

मन्दं वहत हे नद्यः ! शनै कुरत हे नराः !
सौरभं किं न जानीथ कस्तूरीमृगनाभितः ॥६६॥

अविरलनदनद्यः कुर्वते मञ्जुगानं
परिचरगिरयस्ते सन्ति लक्षाऽधिकाश्च ।
शिवधनुसदृशीयं लम्बमाना धरास्ति
हृदयमिव सुमध्ये 'पोखरे'यं चकास्ति ॥६७॥

(इति प्रथमः सर्गः)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पोखरा

नेपाल नाम को टीकी पैरिन्छिन् जो वसुन्धरा ।
त्यै टीकी को पनिऽ टीकी हो यो सुन्दर पोखरा ॥१॥

प्रसिद्ध छन् यहाँ ताल शुक्ला गंगा र सुन्तला ।
कविता कल्पना को छ यहीं माधुर्य को कला ॥२॥

खेत बारी नदी नाला यहाँ का जति दृश्य छन् ।
हेर्दछन् हाँस्दछन् बोल्छन् सबैलाई भुलाउँछन् ॥३॥

राम्रो भै पनि यो छैन विश्व विख्यात राम्ररी ।
अमूल्य बुद्धि पाएका निर्धनी कविता सरी ॥४॥

धेरै कवि यहाँ जन्मे गरेनन् तर वर्णन ।
यी आँखा दुनियाँ देख्छन् देख्दैनन् नि स्वयं कन ॥५॥

अथवा कवि जस्ता ले अभिमानी सरी बनी ।
जननी जन्मभूमिऽ को के लेखून् ? दिव्य जीवनी ॥६॥

अहा ! भनून् भनी ठानी लिन्न यो पोखरा छवि ।
प्रसिद्धै हुन का निम्ति लेख्तैनन् कविता कवि ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पोखरा

नेपालस्य शिरोबिन्दुं या दधाति वसुन्धरा ।
तद्बिन्द्वन्तर्गतो बिन्दुर्नगरी भाति पोखरा ॥१॥

प्रसिद्धा दीर्घिकाश्चात्र नारङ्गाः शुक्लगण्डकी ।
कविताकल्पनार्थं तु माधुर्यं दृश्यतेऽद्भुतम् ॥२॥

क्षेत्रं वाटी नदा नद्यो दृश्यवस्तूनि यान्यपि ।
जनान् वदन्ति पश्यन्ति मुग्धयन्ति हसन्ति च ॥३॥

रम्या चेदपि नास्त्येषा प्रसिद्धा भूतले भृशम् ।
अमूल्यबुद्धिसम्पन्ना निर्धना कवितासमा ॥४॥

बहवः कवयो जाता नाऽकुर्वन् देशवर्णनम् ।
पश्यतो लोचने अन्यान् पश्यतो न स्वयं हि ते ॥५॥

अथवा कवयो भूत्वा गर्विता इव तेऽभवन् ।
जनन्या जन्मभूम्याश्च लिखेयुः किमु जीवनीम् ॥६॥

'वर्णयन्त्विति मां मत्वा न स्थलं दृश्यते स्वयम् ।
कवयो न लिखन्त्येव स्वकीयख्यातिहेतवे ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुन्दरीजन को ज्यादै गर्दा वर्णन प्रेम ले ।
घुमी यो पोखरा हेर्न पाएनन् कालिदास ले ॥८॥

नत्र यौटा महाकाव्य उहिल्यै लेखिने थियो ।
सारा संसार मा ख्याति पोखरा को हुने थियो ॥९॥

अथवा अति सौन्दर्य पाएर कवि को मन ।
देखनै मस्त भो नित्य कत्ति पाएन लेखन ॥१०॥

छ वटै ऋतु को वास यहाँ देखिन्छ सुन्दर ।
ऋतु को राजधानी यो विश्व मा छ मनोहर ॥११॥

छ भने पाउने इच्छा पुरुषार्थ चतुष्टय ।
आएर भइ निश्चिन्त पोखरा घुमने गर ॥१२॥

यहाँ का जलवायुऽ ले देहशक्ति बढाउँछ ।
धर्मार्थ, काम औ मोक्ष शक्तिशाली कमाउँछ ॥१३॥

आँखा ले पोखरा हेर पाउ ले पोखरा घुम ।
यो राम्रो पोखरा रच्ने को होला मन ले गुन ॥१४॥

शोभा काश्मीर कै यद्वा यद्वा नन्दनवाग को ।
यहाँ कुना कुना मा छ फ्याँकिएकै समान को ॥१५॥

हो यो दिव्य तपोभूमि मुनि कश्यप आदि को ।
धेरै स्वर्ग चढे पाई संग यै पुण्य भूमि को ॥१६॥

तपस्या गर्न जाँदै मा पोखरा दिन्छ यो वर ।
मन्द मन्द मिठो हावा मिठो पानी मिठो सर ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रेमाधिक्यात् सुन्दरीणां वर्णनादतिविस्तृतम् ।
भ्रमित्वा पोखरां द्रष्टुं कालिदासोऽपि नाप्तवान् ॥८॥

नो चेदन्यन्महाकाव्यमलेखिष्यत तत्तदा ।
अभविष्यन्महाख्यातिः पोखरायाः पुरैव हि ॥९॥

अथवाऽधिकसौन्दर्यं लब्ध्वाऽत्र हृदयं कवेः ।
द्रष्टुं नित्यं विमुग्धं स्यात् नापारयत लेखितुम् ॥१०॥

षडर्तूनामेव वासो दृश्यतेऽत्रैव सुन्दरः ।
ऋतूनां राजधान्यत्र संसारेऽस्ति मनोहरा ॥११॥

तवापि प्राप्तुमिच्छा चेत् पुरुषार्थचतुष्टयम् ।
निश्चिन्तः सन्निहागत्य पोखराभ्रमणं कुरु ॥१२॥

अत्रत्यो जलवायुश्च देहस्फूर्तिं विवर्द्धयेत् ।
धर्मार्थकाममोक्षाँश्च स्वयं देही समर्जयेत् ॥१३॥

अक्षिभ्यां पोखरां पश्य पादाभ्यां भ्रम पोखराम् ।
पोखरायाः सर्जकोऽपि हृदा चिन्तय को भवेत् ॥१४॥

शोभा विशुद्धा काश्मीरी दृश्यते नन्दनस्य वा ।
कोणे कोणे वर्ततेऽत्र प्रक्षिप्तेव हि सर्वतः ॥१५॥

"मुनीनां कश्यपादीनामियं दिव्या तपःक्षितिः ।"
बहवः स्वर्गमारूढाः पुण्यभूमौ सुसङ्गताः ॥१६॥

पोखरायां तपस्तप्तुं यो गच्छेद् वरमाप्नुयात् ।
पवनो मधुरो मन्दो जलं मधु सरो मधु ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कोइली को सुन्यो गीत हेर्‍यो प्रकृति को छवि ।
छहरा को पियो पानी ताप्यो निर्मल कौमुदी ॥१८॥

गायो लहड को गाना सुँघ्यो सौरभ पुष्प को ।
पायो स्वर्गीय आनन्द पोखरा मा जसै पुग्यो ॥१९॥

कतै ताल कतै साल कतै माल विचित्र का ।
देखदा देखने मान्छे स्वयं हुन्छन् विचित्र का ॥२०॥

शुक्ला को दृश्य उस्तै छ उस्तै दृश्य छ ताल को ।
हिम को दृश्य उस्तै छ अति सुन्दर चाल को ॥२१॥

कुन दृश्य कता हेर्नु कुन छोड्नु कसो गरी ।
विचरा हेरने मान्छे टोलिन्छन् बीच मा परी ॥२२॥

उता हिमाल चम्किन्छ तेता शुक्ला सुसाउँछिन् ।
एता यी पोखरा लक्ष्मी हाँसी हाँसी रमाउँछिन् ॥२३॥

शुक्ला को धुन अर्कै छ अर्कै धुन छ ताल को ।
कवि को धुन अर्कै छ पोखरा छ अचम्म को ॥२४॥

स्वच्छ हावा बहेको छ लिई सौरभ पुष्प को ।
पोखरा पोखरा हैन बगैंचा हो नि विश्व को ॥२५॥

बने पर्वत पर्खाल गण्डकी नै बनिन् कुलो ।
लता वृक्ष बने फूल ताल नै पोखरी भयो ॥२६॥

नर नारी मिली खेल्ने बने पाटन पाटन ।
पोखरा मा मिलेका छन् बगैंचा का सबै गुण ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शृणुयात् पिकगीतं चाऽपश्येच्च प्राकृतीं छविम्
पिबेत् पयो निर्झरस्याऽऽतपेन्निर्मलकौमुदीम् ॥१८॥

गायेद् यादृच्छिकं गीतमाजिघ्रेत् पुष्पसौरभम्
प्राप्नुयाद् दिव्यमानन्दं पोखरां यदि प्राप्नुयात् ॥१९॥

क्वचिद् विचित्रवस्तूनि क्वचित् शालान् क्वाचित् सरः ।
दृष्ट्वा तद्दर्शका लोकाश्चित्रीयन्ते तदा स्वयम् ॥२०॥

शुक्ला रम्या दृश्यतेऽत्र ता रम्या दीर्घिका अपि ।
हिमदृश्यं तथा रम्यं सर्वमस्ति मनोरमम् ॥२१॥

द्रष्टव्यं कुत्र किं दृश्यं त्याज्यं दृश्यं च किं कथम् ।
अतोऽपि दर्शका लोका मुह्यन्ते चान्तरस्थिताः ॥२२॥

हिमवान् दीप्यते तत्र शुक्ला स्वनति चात्रतः ।
रमते पोखरा लक्ष्मी हासं हासं सदैव हि ॥२३॥

शुक्लाध्वनिश्च भिन्नोऽस्ति सरसां ध्वनिरन्यथा ।
भिन्नमस्ति कवेर्ध्यानं पोखरा विस्मयावहा ॥२४॥

वातः स्वच्छो वहन्नस्ति गृहीत्वा पुष्पसौरभम् ।
'पोखरा' पोखरा नास्ति विश्वस्योपवनायिता ॥२५॥

अत्र कुल्यायिता शुक्ला गिरयो वरणायिताः ।
पुष्पायिता लतावृक्षाः पुष्करिण्यः सरायिताः ॥२६॥

क्रीडितुं नरनारीणां निकुञ्जा वाटिकायिता ।
आरामीयगुणाः सर्वे पोखरायां प्रकाशिताः ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पोखरा

जस्तो छ पोखरा तेस्तै भन्न खोज्ने भने पनि ।
सुन्ने का मन ले ठान्ला सुनियो कविता भनी ॥२८॥

एसको लेख्न पर्दैन काव्य या चित्र वास्तव ।
पोखरा छ स्वयं काव्य स्वयं अद्भुत चित्र छ ॥२९॥

कविता लेखने ढंग कवि लाई बताउँछ ।
चित्रकार स्वयं लाई चित्रतुल्य बनाउँछ ॥३०॥

तराई झैं छ मैदान ठण्डा लेक समान छ ।
अप्राप्य गुण पाएको पोखरा अभिराम छ ॥३१॥

यै दिव्य गुणमा रम्न यै दिव्य गुण पाउन ।
प्रिया प्रीतम चाहान्छन् पोखरामा रमाउन ॥३२॥

तेर्पे तेर्पे र तेर्पाएँ, भिरालो, सम्म, सम्थर ।
जता पुग्छन् उतै रम्छन् प्रिया, प्रीतम, दम्तर ॥३३॥

न ठाडो भीर उच्चाट, न उच्चाट समस्थल ।
न झर्ना, न झरी, ताप, न गंगाजल कल्कल ॥३४॥

गर्मी मा ह्यूँचुली छर्छन् चीसो हावा सिरी सिरी ।
जाडा मा सूर्य अर्पन्छन् बिहानै रापिलो छवि ॥३५॥

हावा चलिरहोस् छैन वातावरण धूमिल ।
पानी दर्किरहोस् छैन बाटो चउर पंकिल ॥३६॥

घाम चर्किरहोस् छैन चर्को उखुम चिर्चिर ।
यो न्यानो पोखरा कस्तो सधैं शीतल सिर्सिर ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

याथार्थ्यं पोखरायाश्च वदन्तोऽपि च सज्जनाः ।
'श्रुतः काव्यध्वनिरेष' श्रोतृणां मानसं वदेत् ॥२८॥

काव्यं वा वास्तवं चित्रमस्योल्लेख्यं भवेन्न हि ।
पोखरास्ति स्वयं काव्यं स्वयं चित्रं तथाद्भुतम् ॥२९॥

कवितारचनाशिल्पं प्रबोधयति सत्कविम् ।
पोखरा चित्रकारं हि चित्रतुल्यं करोत्यपि ॥३०॥

उपत्यकासमं चोष्णं शीतं चाधित्यकासमम् ।
अप्राप्यगुणसम्पन्ना पोखरास्ति मनोरमा ॥३१॥

इमान् दिव्यगुणान् प्राप्तुं रन्तुमेषु गुणेष्विह ।
पोखरायां कामयेते उभौ प्रियतमौ सदा ॥३२॥

मार्गे समे वा विषमे तिर्यक्-तिर्यक्-तिरोहिते ।
रमन्तौ दम्पती यातश्चलतौ तावितस्ततः ॥३३॥

न भयं भृगुकान्तारादुच्चाटो न समस्थलात् ।
न वृष्टिर्न झरास्तापा न गङ्गा वेगवाहिनी ॥३४॥

हिमशैला ग्रीष्मकाले किरन्ति शिशिरानिलान् ।
सूर्योऽपि शैशिरे काले प्रातरर्पयते छविम् ॥३५॥

वातु वायुः पोखरायां न वातावरणोऽधमः ।
जलं वर्षतु न स्तोऽत्र पङ्किलौ मार्गशाद्वलौ ॥३६॥

तपत्वनुदिनं घर्मः पोखरायां न चोष्णता ।
कोष्णा कवोष्णा मन्दोष्णा सौम्या प्राकृतपोखरा ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् यहाँ पदलालित्य उपमा अर्थ गौरव ।
पोखरा हेर्न जाने मा माघकाव्य समान छ ॥३८॥

कहीं हिमाल मात्रै छन् कहीं ता ताल मात्र छन् ।
कहीं पहाड मात्रै छन् कहीं मैदान मात्र छन् ॥३९॥

कहीं छन् छहरा मात्रै पहरा कहीं केवल ।
नदी मात्रै कहीं बग्छन् कहीं छन् खालि जंगल ॥४०॥

सम्पूर्ण दिव्य शोभा ले पूर्ण छन् त कहीं धरा ?
तर सम्पूर्ण शोभा ले परिपूर्ण छ पोखरा ॥४१॥

अहा एस्तो सधैं दिव्य धरती त कहाँ छ र ?
नसिँगार्दा पनिऽ राम्रो सिँगार्दा पनि सुन्दर ॥४२॥

दिउँसो पनि राम्रो छ राम्रो छ रात मा पनि ।
सुन्दरी युवती जस्तै जतिखेर जहाँ पनि ॥४३॥

सुगन्धी सून मा भर्न, उखु लाई फलाउन ।
श्रीखण्ड वृक्ष मा राम्रा राम्रा फूल फुलाउन ॥४४॥

बिर्सने सृष्टि-कर्ता ले पोखरा यो बनाउँदा ।
कुनै तत्त्व भुले जस्ता कहाँ खोजेर पाउँला ॥४५॥

नेपाल एशिया यद्वा यद्वा मानव मात्र को ।
गहना हैन यो भूमि हो अलंकार विश्व को ॥४६॥

पृथिवी का सबै छोरा एसका हकदार हुन् ।
जुनेली रात को शोभा सबैले हेर्न पाउँछन् ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्यन्ते पदलालित्योपमार्थगौरवाणि च ।
माघकाव्यसमा चैषा कुशला दर्शका यदि ॥३८॥

क्वचिद् हिमालया एव सरांस्येव क्वचित् क्वचित् ।
शैला एव क्वचित् सन्त्युपत्यका एव कुत्रचित् ॥३९॥

क्वचित्तु निर्झरा एव दृश्यन्ते प्रस्तराः क्वचित् ।
वहन्ति कुत्र चिन्नद्यो विपिनान्येव कुत्रचित् ॥४०॥

धरा पूर्णा क्वचिन्नास्ति पूर्णया दिव्यशोभया ।
पोखरा परिपूर्णास्ति किन्तु सम्पूर्णशोभया ॥४१॥

क्वैतादृशी धरा रम्या सुन्दरी पोखरा समा ?
अभूषितापि रम्यास्ति भूषिताऽप्यतिसुन्दरी ॥४२॥

दिवसेऽप्यतिरम्यास्ति रजन्यामपि सुन्दरी ।
यदा यत्राऽस्त्यभिमुखा सुन्दरी युवतीसमा ॥४३॥

इक्षुदण्डे फलयितुं भर्तुं कनकसौरभम्
विकासयितुं पुष्पाणि श्रीखण्डे सुन्दराण्यपि ॥४४॥

विस्मरन् सृष्टिकर्ता च पोखरां रचयँस्तदा ।
क्वचिन्नैवाऽस्खलदिति शङ्कामायाति वीक्षणे ॥४५॥

नेपालस्यैशियायाश्च मानुषाणां तथापि वा ।
पोखरा भूषणं नास्ति किन्तु विश्वस्य भूषणम् ॥४६॥

सर्वलोकात्मजा अस्या दायादाः सम्भवन्ति हि ।
ज्यौत्स्न्या रजन्याः शोभां तु पश्यन्ति सकला जनाः ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पोखरा

एसै नेपाल आमा को मुटु जस्तो छ पोखरा ।
उसैमा पनि नक्शा मा माझ्र मा पर्छ यो धरा ॥४८॥

राजधानी उता पर्छिन् एता यी दिव्य पोखरा ।
दुवैको दृश्य हेरेर मन हुन्छ हराभरा ॥४९॥

नेपाली राजधानी हुन् अलका अमरावती ।
वहिनी राजधानी की पोखरा पुष्करावती ॥५०॥

हिमाल, वन औ शुक्ला, ताल, पङ्कज, सुन्तला ।
इनै अंग मिली बन्छ अति सुन्दर पोखरा ॥५१॥

सेती को तट आयो कि गीत आँफै सुसाउँछ ।
हिमाल देख्न पायो कि भाव आँफै उदाउँछ ॥५२॥

ताल को छाल उर्ल्यो कि मन आँफै रमाउँछ ।
पोखरा आउनु पर्छ शान्ति आँफै पछ्याउँछ ॥५३॥

सम्पूर्ण विश्व का सामू घोषणा गर ए चरी !
'नेपाल मा लुकेकी छन् धरा सर्वांग सुन्दरी' ॥५४॥

जो छौ दूर कतै हेर्न सक्दैनौ यदि पोखरा ।
मँ शब्दचित्र कोर्दै छू कन्याङ्कुरुङ किर्मिर ॥५५॥

आऊ भावमयी भाषा लिई कोमल अक्षर ।
संगीत वन सारंगी सजाऊ कोकिल स्वर ॥५६॥

रंगीन कल्पना भर्दै इन्द्रेणी मन की उठ ।
नाच उन्मुक्त भै नृत्य मँ गर्छू सृष्टि उत्सव ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इयं नेपालमातुश्च पोखरा हृदयायिता ।
तत्रापि मानचित्रे च मध्ये वर्वर्ति पोखरा ॥४८॥

पूर्वतो राजधान्यस्ति चकास्ते पोखरा त्वितः ।
अनयोर्दृश्यमालोक्य मनो मे पल्लवायते ॥४९॥

नेपालीया राजधानी ह्यलका वामरावती ।
राजधानीभगिन्यस्ति पोखरा-पुष्करावती ॥५०॥

सरःपङ्कजनार्यङ्गाः शुक्लावनहिमाचलाः ।
मनोरमा पोखरेयमेभिरङ्गैर्विनिर्मिता ॥५१॥

शुक्लायास्तटमागत्य स्वतो गीतं स्फुरत्यहो ! ।
दृष्ट्वा हिमाचलं चापि स्वतो भाव उदेत्यहो ! ॥५२॥

उच्छलेच्चेत् सरोभङ्गो मानसं रमते स्वतः ।
शान्तिः स्वतः समायाति पोखराऽऽगमने सति ॥५३॥

अथातः सर्वसंसारे घोषयन्तु द्विजाः समे ।
'प्रच्छन्नाऽस्त्यत्र नेपाले धरा सर्वाङ्गसुन्दरी' ॥५४॥

अशक्ताः पोखरां द्रष्टुं वसतिर्दूरमस्ति चेत् ।
शब्दैश्चित्रितमस्माभिश्चित्रमेवंविधं न वा ॥५५॥

भाषे ! भावमयी भूत्वा समायाहि सुकोमलैः ।
अक्षरैर्ध्वनिसङ्गीतैर्भर कोकिलकाकलीम् ॥५६॥

एतु मे मानसी मेधा सानुरागा सुकल्पना ।
सृष्टिं सृजामि त्वमिह कुरु तौर्यत्रिकं प्रिये ! ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो लेखेर पनिऽ हुन्न दिव्य को रूपचित्रण ।
को सक्ला जलधिऽ लाई अञ्जुलिऽ मा उठाउन ॥५८॥

तर पातालगंगा यो सेती यो स्वर कल्कल ।
सुन्तला सूनकेस्रा यो ताल यो जल टल्पल ॥५९॥

यी सेता हरिया डाँडा मुक्तकण्ठ चरा, पशु ।
देख्यो कि मन उर्लन्छ न लेखी कसरी बसू ॥६०॥

एक एक गरी हेरौं इनका अंग सुन्दर ।
प्रत्येक अंग लाग्ने छन् अझै सर्वांग सुन्दर ॥६१॥

चञ्चले गाजलु आँखा हँसिलो मुख-मण्डल ।
उठेको पोटिलो छाती बारुले-कटि अञ्चल ॥६२॥

रसिलो ओँठ को लाली कसिलो वचनामृत ।
फिर्फिरे पातलो सारी जे हेर्‍यो उहि रम्य छ ॥६३॥

सेतो झल्कीरहेको हिमगिरि परिखा कल्प पैल्है मनै मा,
काखै मा यो हिमै का अतिशय हरिया घुम्न जाऊ वनै मा ।
शुक्ला, गंगा र फेवा कमल र गुलिया सुन्तला आदि सम्झ,
चाहिन्नन् काव्य कोही अनि त हृदय नै पोखरा काव्य बन्छ ॥६४॥

(इति द्वितीय सर्ग)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्रणं दिव्यरूपस्य विलिख्यापि न शक्यते ।
अञ्जलौ जलधिं कोऽपि स्थापयितुं न शक्नुयात् ॥५८॥

किन्तु पातालगङ्गेयं शुक्ला कलकलस्वनः ।
फलं स्वर्णतलञ्चैता दीर्घिका निर्मलं जलम् ॥५९॥

हिमप्रस्थान् शाद्वलाँश्च मुक्तकण्ठान् पशुद्विजान् ।
दृष्ट्वा मनस उद्वेलमायात्यस्माल्लिखाम्यहम् ॥६०॥

एकमेकात्मकं कृत्वा पश्यामो रम्यपोखराम् ।
भिन्नानवयवान् नव्यान् लगन्त्यधिकसुन्दरान् ॥६१॥

साञ्जला चञ्चलाक्षी च विहसन्मुखमण्डला ।
पुष्टवक्षोयुता चैषा कृशमध्यावगुण्ठिता ॥६२॥

रक्तोष्ठलेपा सरसा सघनवचनामृता ।
पारदर्शिसूक्ष्मशाटीयुक्ता रम्यात्मिका सदा ॥६३॥

श्वेतां दीप्तां चतुर्दिग् हिमगिरिपरिखां मानसे चिन्तय त्वम्
अङ्के तेषां हिमानां हरितवनभुवं याहि गच्छाम शीघ्रम् ।
शुक्लां गङ्गां सरो वा मधुफलकमले संस्मर त्वं वनेऽस्मिन्
किञ्चित् काव्यं न दृश्यं तव मनसि तदा 'पोखरा' पूर्णकाव्यम् ॥६४॥

(इति द्वितीयः सर्गः)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माछापुच्छ्रे

जस्तो सगरमाथा छ विश्व मै उच्च पर्वत ।
तेस्तै यो पोखरा भित्र माछापुच्छ्रे हिमाल छ ॥१॥

काख मा पोखरा राखी चोरेर कवि को मन ।
यो हिमाल बसेको छ छाता तुल्य बनी कन ॥२॥

नेपाल कै बनेको छ माला, किन्तु हिमालय ।
शोभा भिन्नै यहाँ मिल्छ दिव्य आनन्द चिन्मय ॥३॥

यो राम्रो पोखरा हेर्न आउँछन् जब दर्शक ।
गर्छ स्वागत हाँसेर माछापुच्छ्रे हिमालय ॥४॥

"आफ्नै हो घर यो साथी ! आउनूहोस् सरासर ।
कला ईश्वर का हेर्नोस् ! पढ्नोस् प्रकृति-अक्षर ॥५॥

लता-मण्डप मा बस्नोस् ! गंगा मा गै नुहाउनोस् ।
मीठा छन् सुन्तला खानोस् ! योग्य सेवा बताउनोस् ॥६॥

यी दूवा का गलैंचा छन् लेट्नुहोस् थाकनू भए ।
पिएर छहरे पानी मेट्नुहोस् प्यास क्यै भए ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मत्स्यपुच्छः

'स्वर्गमस्तक' नामास्ति विश्वेऽस्मिन्नुच्चपर्वतः ।
तथाऽस्यां पोखरायां हि मत्यपुच्छो हिमाचलः ॥१॥

पोखरां रक्षयन् क्रोडे चोरयित्वा कवेर्मनः ।
पोखरायाश्छत्रतुल्य उषितोऽयं हिमाचलः ॥२॥

नेपालस्य हि मालेव भूतः किन्तु हिमालयः ।
भिन्ना शोभाऽत्र मिलति दिव्य आनन्दचिन्मयः ॥३॥

मधुरां पोखरां द्रष्टुमायान्ति मानवा यदा ।
स्वागतं कुरुते स्मित्वा मत्स्यपुच्छो हिमाचलः ॥४॥

सहसैव समायाहि स्वकं गृहमिदं सखे !
ईश्वरीयां कलां पश्य प्रकृतेरक्षरं पठ ॥५॥

लताकुञ्जे वसाऽत्रैव स्नाहि गङ्गाजले त्विह ।
मिष्टं मधुफलं भुङ्क्ष्व योग्यसेवां निदेशय ॥६॥

दुर्वामयरल्लकेषु स्वपिहि गलितोऽसि चेत् ।
पीत्वा निर्झरपानीयं पिपासा चेन्निवारय ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुन्नुहोस् गान पन्छी को कति आनन्द भर्दछ ।
भन्ला झैं मुस्कुराएर आउने लाई हेर्दछ ॥८॥

एस्तै स्वागत पाएर डुबे हर्ष समुद्र मा ।
पाहुना जो जतिऽ आए हिम का दरबार मा ॥९॥

देखी मुसुक्क हाँसेर उभिएका हिमालय ।
को न भन्ला चिनाजानी थियो पैल्यै इनी सँग ॥१०॥

चुच्चो सलक्क को यौटै देखिन्छ तल वाट त ।
माथी उडेर गै हेर्दा माछापुच्छ्रे त नाम छ ॥११॥

यो मीठो दृश्य हेरेर आकर्षक हिमाल को ।
जुरायो जसले नाम त्यो व्यक्ति धन्य धन्य हो ॥१२॥

वामांग मा हिमानी का अर्ध चन्द्रकला सरी ।
सिकारु चित्रकारी ले लेखे जस्तो छ माधुरी ॥१३॥

सग्लँदै परलँदै बग्दै झल्कँदै टल्कँदै स्वतः ।
सिंगार्छ धरती लाई यो हिमालय पर्वत ॥१४॥

डग्दैन र छ यो 'सत्यम्' सुख दिन्छ 'शिवम्' छ यो ।
राम्रो छ 'सुन्दरम्' हो यो हाम्रो आदर्श यै त हो ॥१५॥

यो दिव्य पोखरा लाई जे पैह्रायो बिलाउँछ ।
माछापुच्छ्रे भने टोपी असाध्यै नै सुहाउँछ ॥१६॥

कर्के टोपी लगाएर नेपाली जब हाँस्दछ ।
माछापुच्छ्रे हिमालै को उपमा हुन पाउँछ ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शृणुष्व पक्षिणो गानमत्यानन्दप्रदायकम् ।
वदन्निव स्मयमान आगच्छन्तं स पश्यति ॥८॥

इत्थं हि स्वागतं प्राप्य निमग्ना हर्षसागरे ।
समायाता अतिथयो हिमप्रासादमण्डपे ॥९॥

दृष्ट्वा स्मेरमुखो मत्स्यपुच्छ एष हिमाचलः ।
तेन पूर्वः परिचय आसीदिति वदेन्न कः ॥१०॥

सरलं दृश्यते शृङ्गं नीचैरुपरि पश्यतः ।
उत्थायोपरि संपश्यन् मत्स्यपुच्छं वदेन्न कः ॥११॥

अभिरामस्य मालस्य रामं दृश्यं विलोक्य यत् ।
धन्या व्यक्तिः सैव यया प्रोक्तो नाम्ना हिमालयः ॥१२॥

हिमान्या अस्ति वामाङ्गे चार्धचन्द्रोदयो यथा ।
नवीनचित्रकारेण लिखितेवास्ति माधुरी ॥१३॥

घनेनापि द्रवेणापि दीप्त्या कान्त्यापि वा रसाम् ।
शृङ्गारं प्रकरोत्येष स्वमहिम्ना हिमालयः ॥१४॥

'सत्यं' न विचलत्येष 'शिव'मेष सुखप्रदः ।
'सुन्दरं' चाभिरम्योऽस्ति सदाऽऽदर्शोऽयमेव नः ॥१५॥

दिव्यायाः पोखरायास्तु परिधानं विलुप्यते ।
मत्स्यपुच्छः शिरस्त्राणमत्यन्तं हि सुशोभते ॥१६॥

वक्रीकृतशिरस्त्राणो नेपालीयो हसेद्यदा ।
मत्स्यपुच्छेन शैलेन स तदैवोपमीयते ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चुच्चे राष्ट्रिय झण्डा को टोपी पैह्रेर शोभन ।
माछापुच्छ्रे अहा हेर्छ गम्कँदै ताल दर्पण ॥१८॥

यो हिमालय मस्कन्छ देखेर आफनै छवि ।
पढेर कविता आफ्नै आँफै हाँस्छन् महाकवि ॥१९॥

झल्काई गहना दिव्य पैह्री सिन्दूर भाल मा ।
हाँस्दछन् षोडशी बाला जसरी मृदु चाल मा ॥२०॥

तेसरी सूर्य का राता पैह्रेर किरणावली ।
बिहानै हाँस्दछिन् शोभा माछापुच्छ्रे हिमाल की ॥२१॥

अथवा ताल को माछो माछापुच्छ्रे हिमाल यो ।
पोखरा हेर्न का निम्ति उफ्री पर्वत मा पुग्यो ॥२२॥

यो मीठो दृश्य देखेर कत्ति चाहेन फर्कन ।
गाड्यो मुख धरा तर्फ खोल्सा को जल खोजन ॥२३॥

प्यारो प्रकृति को भक्त आत्तियो प्यास ले भनी ।
निस्किइन् गण्डकी सेती छेडेरै पृथिवी पनि ॥२४॥

अथवा हैन यो माछो हो श्रीपेच हिमाल को ।
विना राजा कहाँ बाँच्थ्यो रत्न को परखाल यो ॥२५॥

"भयौ प्रकृति का राजा तिमी नै अजरामर ।
श्रीपेच पैह्र यो छैन विश्व मा यो बराबर" ॥२६॥

भनी निश्चय ब्रह्मा ले पैह्राए शिरपेच यो ।
नभए हिम को डाँडो कसरी गिरिराज भो ? ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राष्ट्रध्वजत्रिकोणस्य शिरस्त्रं प्राप्य शोभनम् ।
गर्वितो दीघिकादर्शं मत्स्यपुच्छोऽभिपश्यति ॥१८॥

छविं स्वकीयां संदृष्ट्वा स्मयते मत्स्यपुच्छकः ।
पठित्वा कवितां स्वीयां हसन्ति कवयः स्वयम् ॥१९॥

द्योतयन्ती दिव्यभूषां भाले सिन्दूरशोभिनी ।
मृदुच्छन्दे यथा बाला श्यामा हसति षोडशी ॥२०॥

सूर्यस्य तादृशीं रक्तां दधती किरणावलिम् ।
प्रातःशोभा विहसति मत्स्यपुच्छगिरेरिह ॥२१॥

अथवा दीर्घिकामत्स्यो मत्स्यपुच्छो हिमालयः ।
किमयं पोखरां द्रष्टुमुत्प्लुत्य पर्वतं गतः ॥२२॥

दृश्यं सुमधुरं दृष्ट्वा नैच्छदावर्तितु पुनः ।
उत्सुको जलमन्वेष्टुं वसुधाऽभिमुखोऽभवत् ॥२३॥

प्रियः प्रकृतिभक्तोऽयमातुरोऽस्ति पिपासया ।
पृथिव्या अपि तद् गण्डं भित्वा शुक्ला विनिर्गता ॥२४॥

मुकुटं पर्वतस्यास्ति मत्स्यो नास्त्यथवा क्वचित् ।
जीवेद्रत्नस्य परिखा विना राजानमत्र किम् ? ॥२५॥

राजासि प्रकृतेस्त्वं हि त्वमेव चाजरामरः ।
मुकुटं परिधेहीदं विश्वेऽस्मिन्नास्ति चेदृशम् ॥२६॥

इत्थं निश्चित्य धातापि मुकुटं पर्यधापयत् ।
नो चेत् तुहिनशैलोऽयं गिरिराजोऽभवत् कथम् ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिमाल ले छ यो देश अमूल्य माल पाइने ।
जहाँ हि-माल नै छैन त्यहाँ माल कहाँ हुने ? ॥२८॥

चीन भारत को चित्र एकै चोटि लिने सरी ।
हिमाल यो डटेको छ साह्रै अग्लो बनी वरी ॥२९॥

बिहानै नींद छोडेर हेर्छ उच्च हिमाल मा ।
आँफै पाउँछ नेपाली उच्च निर्मल भावना ॥३०॥

कसैको संग खाडी छ कसैको मरुभूमि छ ।
कसैको संग अर्के छ हाम्रो संग हिमाल छ ॥३१॥

जस्ता संगत मा जन्म्यो जस्ता संगत मा बढ्यो ।
उस्तै बन्दछ यो जीव संग नै मुख्य वस्तु हो ॥३२॥

एसैले सब नेपाली संग भै हिमपर्वत ।
स्वच्छ शान्त र गोरा छौं भावना पनि उच्च छ ॥३३॥

सहजै विजयी हुन्छौं हिम पर्वत उक्लँदा ।
हिमाल झैं डटेकै छौं आफ्नै संस्कृति मा सदा ॥३४॥

अग्ला शिखर मा उक्ली हामी हेर्छौं जगत् सब ।
जता हेर्‍यो उतै देख्छौं आफ्नै बान्धव मानव ॥३५॥

हाम्रा हृदय मा बग्छन् दया का छहराहरू ।
एसैले हिम झैं ठूलो संग छैन कुनै अरु ॥३६ ॥

त्यो हिमालय हाम्रो हो हाम्रो हो त्यो हिमाचल ।
त्यो रत्न गिरि हाम्रै हो भन्दै मा सुख मिल्दछ ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिमालयेन देशोऽयममूल्यवस्तुसाधकः ।
नामूल्यरत्नप्रभवो यत्र नास्ति हिमाचलः ॥२८॥

चीनभारतयोर्मानचित्रं सकृल्लिखन्निव ।
हिमवानुत्थितश्चैष संसारशिखरायितः ॥२९॥

विहाय निद्रामुषसि पश्यन्त्युच्चहिमालयम् ।
प्राप्नुवन्त्येव नैपाला अस्मादेवोच्चभावनाः ॥३०॥

केषाञ्चिद् वर्तते गर्तः केषाञ्चिन्मरुभूमयः ।
केषाञ्चिद् वर्तते चान्यदस्माकं तु हिमालयः ॥३१॥

यादृक् सङ्गे प्रजातोऽस्ति यादृक् सङ्गे प्रवर्द्धितः ।
तादृग् भवति जीवोऽयं मुख्यं वस्तु हि सङ्गतिः ॥३२॥

अतो हिमस्य सङ्गेन नैपालाः सर्व एव हि ।
स्वच्छाः शान्ताश्च गौराः स्मो भावना च समुन्नता ॥३३॥

स्वल्पायासैर्विजयिनो हिमशैलाधिरोहणे ।
वयं सदाऽऽत्मसंस्कारे हिमाचल इवोन्नताः ॥३४॥

तुङ्गं शिखरमारुह्य पश्यामः सकलं जगत् ।
बान्धवा मानवाः स्वीया दृश्यन्ते सर्वतः समे ॥३५॥

वहन्ति नित्यमस्माकमुरःसु करुणाभ्कराः ।
अतो महान् हिमसमः सङ्गोऽन्यो नास्ति कुत्रचित् ॥३६॥

असौ हिमालयोऽस्माकमस्माकं स हिमाचलः ।
रत्नशैलोऽयमस्माकमित्युक्तौ सुखिनो वयम् ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यहाँ भन्दा पनि ठूलो कुन भाग्य हुनु ऽ अहो !
तेत्रो हिमाल हाम्रो हो भनी जो लेख्न पाइयो ॥३८॥

धन्य तिम्रो कृपा एत्रो सकेछौ पर्वतै दिन ।
हे विधाता ! मँ चाहन्न यहाँ भन्दा धनी हुन ॥३९॥

ए मेरा देशवासी हो ! उठ ए ! गर्व ले उठ ।
हाम्रो सगरमाथा हो यो खुशी मन ले लुट ॥४०॥

अथवा हिम को काख जसको दरबार छ ।
तेस्ता नेपालवासी को महिमा नै अपार छ ॥४१॥

यो विचित्र खडा सेतो के होला हिम पर्वत ?
बन्यो हो कसरी कैले मन ले तर्क गर्दछ ? ॥४२॥

अलङ्कार स्वयं बन्छन् रस आँफै उदाउँछ ।
अनेकौं कल्पना उठ्छन् कविता फुरिआउँछ ॥४३॥

यहीं पूज्य जगन्माता जन्मिइन् पार्वती उमा ।
सम्झ्यो कि मन मा उठ्छ देश गौरव भावना ॥४४॥

अहो ती दिन ! गौरी ले पवित्र बाल्यभाव मा ।
जब नाचेर खेली हुन् गौर पर्वत काख मा ॥४५॥

कति मुग्ध बनी हेर्दै हाँसे हुन् पर्वतेश्वर ।
खुले हुन् कति शोभा ले टाकुरा हिमशेखर ॥४६॥

सेता महल मा दौडी हाँसिहुन् जब पार्वती ।
देखाई गिरि हाँसे हुन् सेतै दाँत अलीकति ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इतो महत्तरं तावत् किन्तु भाग्यं भवेदहो !
तावान् हिमाचलोऽस्माकमिति लेखितुमाप्यते ॥३८॥

धातस्तव कृपा धन्या दत्तो गिरिरियाँस्त्वया ।
धनिको भवितुं चाहं न वाञ्छामि किमप्यतः ॥३९॥

समुत्तिष्ठत गर्वेण यूयं मद्देशवासिनः ।
गृह्णीत मनसा हर्षमस्माकं स्वर्गमस्तकः ॥४०॥

अथवा हिमवत्क्रोडो येषां वासो भवेदिह ।
अपारो महिमाऽस्त्येव तेषां नेपालवासिनाम् ॥४१॥

विचित्र उत्थितः श्वेतः को भवेद् हिमपर्वतः ।
इत्थं मनस्तर्कयति निर्मितोऽयं कदा कथम् ? ॥४२॥

स्वयं भवन्त्यलङ्कारा: समुद्यन्ति रसाः स्वयम् ।
उद्यन्ति कल्पना बह्व्यः कविता विकसन्ति च ॥४३॥

अत्र पूज्या जगन्माता सम्भूता पार्वती पुरा ।
संस्मृत्योदेति मनसि देशस्यातीवगौरवम् ॥४४॥

बाल्यभावस्थिता गौरी दिवसेष्वपि तेषु किम् ? ।
गौरपर्वतमध्यस्थाप्यखेलन्नर्तनेन किम् ॥४५॥

जहास कति मुग्धः सन् सम्पश्यन् पर्वतेश्वरः ।
जहसुर्गिरिकूटानि कति निर्मलशोभया ॥४६॥

यदा जहास धावन्ती प्रासादोपरि सा पितुः ।
गिरिराजोऽहसत् श्वेतान् दन्तानत्र प्रदर्शयन् ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोरी पर्वत कन्या को बाबा पर्वतराज को ।
उज्यालो मुक्त हाँसो मा मानूँ देशै उजेलियो ॥४८॥

त्यै उज्यालो सँगालेर बसे झैं गिरि दुर्गम ।
अँध्यारा रातमा राम्रा देखिन्छन् आज सम्मन ॥४९॥

पार्वती खेलने भूमि बनाएर हिमाल ले ।
सजाएछन् कि यो देश सून का परखाल ले ॥५०॥

चाँदी को भित्र खानी छ चिन्न सक्दैन मानिस ।
भनी पोतिन् कि धर्ती ले हिउँ को दिव्य पालिश ॥५१॥

कि त यो विश्वकर्मा को पछिल्लो शिल्प हो यहीं ।
पोखे सौन्दर्य सम्पूर्ण देखून् मानव ले भनी ॥५२॥

कि त नेपाल आमा को हो यो श्रीपेच सुन्दर ।
गम्केर विश्व मा भन्छ यहाँ के को कमी छ र ! ॥५३॥

बनाई ईंट चाँदी का सिमण्टी सून को गरी ।
चिनेछन् कि विधाता ले यो रत्नै रत्न को गिरि ॥५४॥

कि चन्द्रमा सिंगारेर रहेको अवशेषले ।
हिमपर्वतको भित्ति सजाए परमेशले ॥५५॥

जे होस् न सकिएको छ एसमा धन विश्व को ।
जतातत्तै गडेको छ सम्पत्ति परमेश को ॥५६॥

एति सस्तो छ सम्पत्ति यदि तिम्रो महेश्वर ।
काव्य प्रचार का लागी पनि केहि दिने गर ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुत्र्याः पर्वतकन्यायाः पत्युर्हिमगिरेः पितुः ।
उन्मुक्ते शुक्लहासेऽस्मिन् किमु देशः समुज्ज्वलः ॥४८॥

तद्धासनिचयं धृत्वा संस्थिताः किं शिलोच्चयाः ।
निशास्वप्यद्यपर्यन्तं देदीप्यन्ते विराजिताः ॥४९॥

क्रीडाभूमिं स्वपुत्र्यर्थं रचयित्वा हिमाचलः ।
अशोभयत देशं हि प्राकारैः कनकैरिमम् ॥५०॥

रजतस्याकरोऽस्त्यन्तः परिचिन्वन्ति नो जनाः ।
विचार्येत्थं श्वेतलेपो धरित्र्या विहितोऽस्ति किम् ? ॥५१॥

किमिदं चान्तिमं शिल्पमथवा विश्वकर्मणः ।
सर्वं सौन्दर्यमेकत्र कृत्वा लोकमदर्शयत् ॥५२॥

अयं मनोहरः शैलो नेपालमुकुटं किमु ।
गर्वितो वक्ति विश्वेऽस्मिन् नेपाले न्यूनतास्ति का ॥५३॥

रजतस्येष्टिकां धृत्वा चूर्णं कृत्वा हिरण्मयम् ।
निर्मितोऽयं विधात्रा किं पूर्णो रत्नमयो गिरिः ॥५४॥

शृङ्गारितविधुर्लेपैर्विविधैरवशेषितैः ।
परमेश इमां भित्तिमलञ्चक्रे नगस्य किम् ? ॥५५॥

यत्तदस्त्विह संलग्नं वित्तं विश्वस्य चाधिकम् ।
सम्पत्तिः परमेशस्य निखाता किमितस्ततः ॥५६॥

इयत् प्रभूतं वित्तं चेत्तव हे परमेश्वर ।
प्रकाशनार्थं काव्यस्य कवेरत्र दयस्व नः ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लुकेको जति सम्पत्ति कवि का हात मा भए ।
अनेकौं वाल्मीकि व्यास राष्ट्र मा देखिने थिए ॥५८॥

विधाता अनि ता तिम्रै कीर्ति बढ्थ्यो जगत् भरी ।
पाएनछौ नि यो होश बिगार्‍यौ काम बेसरी ॥५९॥

दिएनौ रति सम्पत्ति बनायौ निर्धनी तर ।
लेख्दछन् महिमा तिम्रै धन्य हुन् कवि ईश्वर ॥६०॥

विना पैसा पनिऽ काम चल्न सक्ने भए पछि ।
खर्चन्थ्यौ किन सम्पत्ति ? बाठा छौ मन का अति ॥६१॥

अथवा तिमी ले सोच्यौ धन धेरै दिउँ भने ।
बनलान् धन मै मस्त छोडलान् काम लेखने ॥६२॥

यदि यै हो भने भै गो ठीकै हो परमेश्वर !
दुःख, शोक विना भित्री कविता कुन लेख्छ र ? ॥६३॥

फुट्दछन् मन का भाव दुःख ले आत्तिए पछि ।
कि मान्छे हुन्छ पग्लाहा कि हुन्छ बढिया कवि ॥६४॥

पग्लाहा मुख ले बोल्छ अलौकिक कुराहरू ।
कवि लेखी उही भन्छ अझै थप्छ कुरा अरू ॥६५॥

देखेर छहरा हाँस्नु नाच्नु देखी हिमालय ।
गाउनु पन्छी का साथै नमानी लोक को भय ॥६६॥

अन्याय मा रुनू आफै चिच्याउनु समाज मा ।
धेरै एकान्त मा बस्नु हिँड्नु सन्मार्ग खोज मा ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निखातलुप्ता सम्पत्तिः कवेर्हस्ते भवेद्यदि ।
वाल्मीकि-व्यासतुल्याश्च दृश्येरन् बहवो बुधाः ॥५८॥

यदि तत् स्याद् विधाता हे ! कीर्तिर्वर्द्धेत ते भुवि ।
चेतयित्वा त्वया नेयत् कृतः कार्यव्यतिक्रमः ॥५९॥

न दत्ताल्पापि सम्पत्तिर्निर्मिता निर्धना वयम् ।
महिमानं ते लिखन्ति धन्यास्ते कवयः प्रभो ॥६०॥

धनं विनापि कार्याणि चलन्ति यदि चेद् भवान् ।
मनसश्चतुरोऽतीव कथं कुर्याद् धनव्ययम् ॥६१॥

अथवा त्वमशोचः किं- 'दीयते चेद् धनं बहु ।
भवेयुर्धनमुग्धास्ते त्यजेयुः कविकर्म किम्' ॥६२॥

एतदेवास्ति चेदस्तु तथैवं परमेश्वर !
दुःखशोकौ विनाऽन्तःस्थां कवितां को लिखेदिह ॥६३॥

प्रस्फुटन्ति मनोभावा दुःखैरुद्विग्नचेतसि ।
सत्कविः स भवेत् किंवा विक्षिप्तो वा भवेज्जनः ॥६४॥

मुखेनालौकिकीं वार्तां विक्षिप्तः कुरुतेऽधिकाम् ।
तल्लिखित्वा कविर्वक्ति प्रक्षिप्तं कुरुतेऽधिकम् ॥६५॥

हसनं निर्झरान् दृष्ट्वा नर्तनं च हिमाचलम् ।
गानं च शकुनैः सार्धं न मत्वा जगतो भयम् ॥६६॥

स्वयं रोदिति चान्याये समाजे क्रन्दति स्वयम् ।
विजने बहु वासश्च यानं सन्मार्गमार्गणे ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुवै को एत्ति हो काम कवि पागल को तर ।
एउटा कविजी वन्छ एउटा बन्छ पागल ॥६८॥

भै गयो विधि को चल्ती को हटाउन सक्छ र ।
यो हिमाल विना एस्तो कविता पनि उठ्छ र ? ॥६९॥

थाक्ने छैन नि नेपाली पोखेर भावना अनि ।
टल्केको हिम देखेर लेखेर कविता पनि ॥७०॥

पाएर हिम को साह्रै उज्यालो मोहिनी छवि ।
चित्रलेखा कतिऽ जन्मे कति लाटा भए कवि ॥७१॥

पोखरा को नियालेर शोभा स्वच्छ र सुन्दर ।
पग्लने हृदयी जस्तै पग्ली राख्छ हिमालय ॥७२॥

पहिल्यै सूर्य को कान्ति पर्छ स्वच्छ हिमाल मा ।
अध्यात्मवाद झुल्के झैं शिव को नयपाल मा ॥७३॥

टल्किन्छन् हिम का राशि सूर्य का किरणै परी ।
हीरा मणि जडाएको राजन्य मुकुटै सरी ॥७४॥

चन्द्रकान्ति परी जस्तै चन्द्रकान्त रसाउँछ ।
सूर्यकान्ति परी तेस्तै गिरि यो टल्पलाउँछ ॥७५॥

अथवा सूर्य का रश्मि स्वच्छ पर्वत मा परी ।
देखिन्छ धर्म संयुक्त राजनीतिकला सरी ॥७६॥

कि हुन्छ हिम को कान्ति सूर्य का कान्ति ले गरी ।
सून चाँदी पगालेर एकै ठाउँ मिसे सरी ॥७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वयोरेवंविधं कर्म विक्षिप्तस्य कवेरपि ।
कविरेको भवत्यत्र विक्षिप्तोऽन्यो भवेदिह ॥६८॥

अस्त्विदं चलनं धातू रोद्धुं कः शक्नुयादिह ।
विना हिमाचलं को ही कवितां लिखतीदृशीम् ! ॥६९॥

न श्रमिष्यति नैपाल उद्गिरन्निह भावनाः ।
दीप्तं हिमाचलं दृष्ट्वा लिखित्वा कवितामपि ॥७०॥

संप्राप्य मोहिनीं दिव्यां हिमस्याऽत्युज्वलां छविम् ।
कियन्तश्चित्रलेखा वा मूकाश्च कवयोऽभवन् ॥७१॥

सपश्यन् पोखराशोभां स्वच्छां परमशोभनाम् ।
हृदयीव द्रवीभूतो दृश्यतेऽत्र हिमालयः ॥७२॥

सूर्यस्य छविरायाति पूर्वमत्र हिमालये ।
अध्यात्मवादो नेपाले शिवदेशे यथोदितः ॥७३॥

समायाते सूर्यकरे दीप्यन्ते हिमराशयः ।
हीरामणिभ्यां जटितं भूपतेर्मुकुटं यथा ॥७४॥

चन्द्रकान्तमणिर्यद्वच्चन्द्रकान्त्या रसायते ।
हिमशैलस्तथैवायं सूर्यकान्त्या प्रदीप्यते ॥७५॥

अथवा पर्वते स्वच्छ आयान्ति सूर्यरश्मयः ।
दृश्यन्ते धर्मसापेक्षा राजनीतिकला इव ॥७६॥

भवेत् किं हिमकान्तिश्च सूर्यकान्त्या सहाथवा ।
द्रावितं स्वर्णरजतं भात्येकत्रं विमिश्रितम् ॥७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कि हिमालय को स्वर्णज्योति टल्की प्रभाकर ।
बिहानै देखिने गर्छन् रक्त स्वर्णिम सुन्दर ॥७८॥

एस्तो लाग्छ कि आगा का फिलिंगा धप्प धप्प छन् ।
पग्लँदा सून का थोपा झरेका तप्प तप्प छन् ॥७९॥

अथवा हिउँ मा आगो बाल्दछन् देवता-गण ।
बिहानै शीत मा डुल्ने बालसूर्य तताउन ॥८०॥

नत्र नित्य चिसो खाँदै झुल्कने यी प्रभाकर
कसरी दिन सक्थे र तातो राप सबै तिर ॥८१॥

अहा ! प्रभात वेला को यो हिमालय को छवि ।
यथार्थ रूप ले हेर्ने जन्मलान् कि कुनै कवि ॥८२॥

एस्तो लाग्छ कि यै नै हो मुस्कान दिव्य सृष्टि को ।
यै नै संसारस्रष्टा को माधुर्यमय दृष्टि हो ॥८३॥

एसैले हिउँ देखिन्छ पग्लेको स्वर्ण राश झैं ।
देखिन्छिन् पोखरा भूमि सिर्जना को विलास झैं ॥८४॥

पग्लेको सून मा पानी छर्कंदा स्वर्णकार ले ।
जसरी पातलो बाफ निस्कन्छ उहि चाल ले ॥८५॥

हिउँ स्वर्ण फिलिंगा मा बिहानै बाफ छुट्दछन् ।
तेहि बाफ भुवा भित्र बालसूर्य हराउँछन् ॥८६॥

लज्जावनत गौराङ्गी स्वर्णमण्डित किन्नरी ।
पारदर्शी पछ्यौरी मा देखिन्छिन् जति सुन्दरी ॥८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यद्वा हिमालयात् स्वर्णज्योतिषां किरणावलौ ।
उदेति रक्तपीताभः प्रातरेव प्रभाकरः ॥७८॥

एवं लगति किं वह्नेः स्फुलिङ्गा झर्झरायिता ।
द्रुते सति सुवर्णे हि विन्दवः स्यन्दिताः किमु ? ॥७९॥

हिमेऽप्यग्निं ज्वालयन्ति यद्वा ते देवतागणाः ।
प्रातस्तापयितुं शीते चरन्तं बाल-भास्करम् ॥८०॥

अन्यथा चेत् कथं नित्यं समुदेति प्रभाकरः ।
निशान्ते शीतबेलायां कवोष्णकिरणान् किरन् ॥८१॥

अहो ! प्रभातवेलायां हिमशैलमयीं छविम् ।
द्रष्टा यथार्थरूपेण कविर्जायेत किं न वा ? ॥८२॥

लगत्यहो ! दिव्यसृष्टेः सुषमा सुस्मिता किमु ?
सैषा जगत्स्रष्टुरेव माधुर्यमयदर्शनम् ॥८३॥

हिमानी दृश्यते तत्र द्रुतसुवर्णराशिवत् ।
दृश्यते पोखराभूमिः स्रष्टुरेषा विलासवत् ॥८४॥

जलं सिञ्चन् स्वर्णकारो द्राविते कनके यथा ।
तथा वाष्पायितो भूत्वा निःसरत्येव वाष्पकम् ॥८५॥

हिमाग्निविस्फुलिङ्गेऽपि वाष्पमायाति तादृशम् ।
तत्रैव वाष्पकार्पासे प्रच्छन्नो बालभास्करः ॥८६॥

सलज्जाऽवनता गौरी-किन्नरी स्वर्णमण्डिता ।
पारदर्शिन्यूत्तरीये दृश्यते सुन्दरी यथा ॥८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो भन्दा दिव्य देखिन्छ अरुणोदय मण्डित ।
बालसूर्य उदाएको हिमशैल अखण्डित ॥८८॥

जानू सगरमाथा मा देख्न उच्च हिमालय ।
बिहानै पोखरा जानू देख्न स्वच्छ हिमालय ॥८९॥

गण्डकी छन् सबै ठाउँ एउटै जल हो तर ।
श्री मुक्तिनाथ मा जस्तो अन्त माहात्म्य मिल्छ र ? ॥९०॥

हिमपर्वत चम्कन्छ अरुणोदय ले गरी ।
पोखरा नगरी भन्छ मँ भएँ सून को पुरी ॥९१॥

साँच्चै नै सून को ज्योति के तेस्तो हुन पाउला ?
टल्केका हिम का सामू उपमा कुन आउला ? ॥९२॥

अरुणोदय को शोभा यै हिमालय पाउँछ ।
अलङ्कार लगाएको युवती मै सुहाउँछ ॥९३॥

पूर्वी आकाश रातिन्छ पहेंलिन्छ हिमालय ।
सेतिन्छन् शीत का दाना पाएर अरुणोदय ॥९४॥

बिहानी सूर्य को ज्योति जब नाच्छ हिमाल मा ।
कवि को कल्पना पुग्छ दौडेर चलचित्र मा ॥९५॥

चलने चित्र को ज्योति पर्दा मा झल्किए सरी ।
सूर्य का हिम मा पर्छन् चन्चले किरणावली ॥९६॥

पर्दा हिमाल टाँगेर सूर्य को बिजुली गरी ।
सूत्रधार विधाता ले खेल झिक्छ थरीथरी ॥९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ततोऽपि दिव्या दृश्यन्ते ह्यरुणोदयमण्डिताः ।
उदिते बालसूर्ये तु हिमशैला अखण्डिताः ॥८८॥

उच्चैर्हिमालयं द्रष्टुं गच्छेयुः स्वर्गमस्तकम् ।
गच्छेयुः पोखरां प्रातर्द्रष्टुं स्वच्छं हिमाचलम् ॥८९॥

गण्डकी त्वस्ति सर्वत्र जलमस्त्येकमेव हि ।
मिलेदन्यत्र माहात्म्यं मुक्तिक्षेत्रसमं क्व नु ? ॥९०॥

हिमशैलो दीप्यतेऽत्राप्युषःकालेऽरुणोदयात् ।
पोखरा नगरी वक्ति चाभूवं स्वर्णपूरहम् ॥९१॥

सुवर्णज्योतिः सदृशं किमन्यत्तादृशं भवेत् ।
प्रदीप्तस्य हिमस्याग्रे किमन्यदुपमीयते ॥९२॥

अरुणोदयशोभां हि संप्राप्नोति हिमाचलः ।
परिधानं भूषणस्य युवत्यां हि सुशोभते ॥९३॥

अरुणोदयवेलायां पूर्वाकाशोऽनुरज्यते ।
श्वेतायते शीतबिन्दुः पीतायन्ते हिमाचलाः ॥९४॥

प्रातः सूर्यस्य ज्योतींषि यदा नृत्यन्ति पर्वते ।
प्राप्नोति चलचित्रं हि धावन्ती कविकल्पना ॥९५॥

भ्राजते चलचित्रस्य ज्योतिर्जवनिकोपरि ।
तथार्कस्य हिमे यान्ति चलत्किरणपङ्क्तयः ॥९६॥

तडिल्लेखेव सूर्यस्य हिमाल-जवनीतले ।
सूत्रधारो विधातात्र नानाखेलं च खेलति ॥९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घरी नेपालवासी को वीरता चित्र झिक्तछ ।
घरी नेपाल को मीठो दृश्य चित्र घुमाउँछ ॥९८॥

घरी नेपाल को सीमा भन्छ एस्तो छ दुर्गम ।
घरी लौ कवि हो ! भन्छ वढिया कविता गम ॥९९॥

घरी देखाउँदै राम्रो अन्नपूर्णा हिमालय ।
भन्छ नेपाल का निम्ति छैन है अन्न को भय ॥१००॥

घरी भन्दछ संसार जता जाओस् तिमी भने ।
नेपाली हो ! सधैं एस्तै एउटै रूप का बने ॥१०१॥

आफ्नो रूप न छोडेर जस्तै मान्य हिमाल छ ।
आफ्नै अस्तित्व मा बस्दा तिम्रो व्यक्तित्व बढ्दछ ॥१०२॥

यै रहस्य हुनुऽपर्छ नभए भगवान् रवि ।
किन छर्थे सधैं यौटै रातो सिन्दूर को छवि ? ॥१०३॥

नेपाली रमणी लाई यो दिव्य चलचित्र को ।
शोभा देखाउने नीति होला कि परमेश को ॥१०४॥

सीता, तारा, सती, गार्गी, गौतमी, पार्वतीहरू ।
जन्मेका देश मा साँच्चै किन चित्र चलून् अरु ॥१०५॥

उस्ता उस्ता महादेवी जन्मेको देश हो भनी ।
उस्तै आदर्श खोज्दा हुन् विधाता कलि मा पनि ॥१०६॥

तर अर्कै चल्यो चल्ती विश्व मा परमेश्वर !
नेपाली पनि मान्छे हुन् कति आदर्श चल्छ र ? ॥१०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दर्श्यते वीरताचित्रं क्षणे नेपालवासिनाम् ।
नैपालकं दृश्यचित्रं क्षणे मधु प्रदर्श्यते ॥९८॥

क्षणे नेपालस्य सीमा दुर्गमास्तीति वक्ति च ।
वक्ति क्षणे- 'हे कवयो लिख्यन्तां कविता नवाः' ॥९९॥

क्षणे प्रदर्शयन् रम्यमन्नपूर्णाहिमालयम् ।
वक्ति नेपालदेशार्थं भयं नान्नस्य किञ्चन ॥१००॥

क्षणे वदति संसारो यत्र गच्छेत् तथापि भो !
यूयं नेपालवास्तव्या भवतैवंविधाः सदा ॥१०१॥

हिमाचलो यथा मान्यो स्वं रूपमपरित्यजन् ।
व्यक्तित्वं वर्द्धते स्वीये चास्तित्वे वसतस्तव ॥१०२॥

एवं भवेद् रहस्यं किं नो चेत् स भगवान् रविः ।
सिन्दूरस्य प्रभामेकां कथं किरति सर्वदा ॥१०३॥

दिव्यस्य चलचित्रस्य नैपालरमणीकृते ।
शोभाप्रदर्शिनी नीतिर्भवेत् किं पारमेश्वरी ॥१०४॥

सीता-तारा-सती-गार्गी-गौतमी-पार्वतीत्यमूः ।
यस्मिन् देशेऽभ्यजायन्त सन्तु चित्रान्तराणि किम् ? ॥१०५॥

एतादृशमहादेवीजन्मभूमिरियं त्विति ।
तादृगादर्शमन्विष्येत् विधातास्मिन् कलावपि ॥१०६॥

परिपाट्यचलच्चान्याऽधुना विश्वे महेश्वर ।
मानवा एव नैपालाः कियानादर्श आचलेत् ॥१०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिमाल हेर्न छोडेर विदेशी फिल्म खोजलान् ।
तिम्रो कीर्तन छोडेर फिल्म का गीत रोजलान् ॥१०८॥

तिमी लाई पनिऽ भन्लान् छँदै छैनौ महेश्वर ।
तर के करुणा तिम्रो कहीं खण्डित बन्छ र ? ॥१०९॥

अथवा जे गरोस् विश्व हेरोस् चिम्लोस् तिमी कन ।
क्यै छैन तेसको खाँचो रच्दछौ सब खेलन ॥११०॥

तर गाम्भीर्य ले हेर्दा अर्कै उठ्छ यहाँ गम ।
कहाँ सूर्य कहाँ चित्र कहाँ पर्दा कहाँ हिम ॥१११॥

कालो बादल आएर जब धुम्मिन्छ बेतुक ।
अँध्यारो झैं मलीनो झैं लाग्छ यो हिउँ को मुख ॥११२॥

यो सेतो हिम कै ज्योति लिन पो धुम्मियो कि ? न ।
नत्र त्यो गर्जिंदा साथै विद्युत् चम्काउँथ्यो किन ? ॥११३॥

यहाँ राधा सरी राम्री पोखरा छन् भनी कन ।
पोखरा हेर्नकै निम्ति चम्कायो विजुली कि ? न ॥११४॥

राखी वरिपरिऽ नाती-नातिना टुहुरा शय ।
सेतै दारी फुले जस्ता बूढा बाबा हिमालय ॥११५॥

जब बादल को घुम्टो ओढेर मुख छोप्दछन् ।
स्वर्गीय पुत्र सम्झेर रोए झैं लाग्न थाल्दछन् ॥११६॥

सधैं हिमाल राम्रै छ तैपनि दिउँसो तिर ।
बिहान जत्तिको राम्रो देखिन्न हिम को शिर ॥११७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्रं मृग्येत वैदेशं द्रष्टुं त्यक्त्वा हिमाचलम् ।
त्वत्कीर्तनं विहायात्र गायेयुश्चित्रगीतिकाः ॥१०८॥

केचिदतिवदन्तस्तेऽस्तित्वमत्र महेश्वर !
तथापि तेषु तेऽजस्रं करुणा खण्डिता किमु ? ॥१०९॥

यत् कुर्यादथवा पश्येत् त्वां निमीलेत् जनोऽधुना ।
का वर्तते तस्य चिन्ता करोषि सृष्टि-खेलनम् ॥११०॥

समुदेति विचारोऽन्यस्तत्र गाम्भीर्यदृष्टितः ।
कुतः सूर्यः कुतश्चित्रं कुतो जवनिका हिमे ॥१११॥

राधाकान्तेन मेघेन हिमान्यां स्थीयते यदा ।
कृष्णेन तेन राधेव हिमानी मलिनायते ॥११२॥

यद्वा हिमालयाज्जयोतिरानेतुं सुस्थितः किमु ?
अन्यथा गर्जनान्तेऽपि तडित्वान् स भवेत् कुतः ॥११३॥

किमु काञ्चनवर्णाभा राधेवास्तीह पोखरा
तां प्रियां द्रष्टुकामेन विद्युल्लेखा चकासिता ॥११४॥

स्थिताः स्वं परितः पौत्राः पौत्र्योऽपि गतपितृकाः ।
हिमाचलो दृश्यतेऽत्र बलीपलितवृद्धवत् ॥११५॥

मेघावगुण्ठनं कृत्वा मुखमाच्छाद्यते यदा ।
स्मारं स्मारं मृतं पुत्रं रुदन्निव विलोक्यते ॥११६॥

सदा हिमालयो रम्यः प्रवदन्तीह दर्शकाः ।
प्रातर्यथा शोभनोऽस्ति न तथा दृश्यते दिवा ॥११७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घाम चम्किन्छ मध्यान्ह संसारै बल्न थाल्दछ ।
मलीनो मुख लाएर ह्यूँचुली गल्न थाल्दछ ॥११८॥

कि घाम चर्किए जस्तै मैं पनि चर्किएँ भने ।
हिउँ पग्लेर जाला कि भन्ने सोच्यो हिमाल ले ॥११९॥

कि हिमालय का सामू छ समस्या उपस्थित ।
नपग्लूँ धरती तात्छिन् पग्लूँ त शिर झुक्दछ ॥१२०॥

यदि झुक्छ भने अग्लो हिमकल्प महातरु ।
नपग्ल हिम का राश गर्मी मैं सहुँला बरु ॥१२१॥

उनै सूर्य उही देश उनै दिव्य हिमालय ।
देखिने दिउँसो बेग्लै कस्तो छ विधि को नय ॥१२२॥

तर गौरत्व ले गर्दा गौरांग हिमराशि को ।
दुःख मा पनि देखिन्न मलिनो गिरिराज यो ॥१२३॥

जस्तो बिहान मा लाग्छ सुनौला हिम पर्वत ।
जुनेली रात मा तेस्तै रुपौला रूप झिक्दछ ॥१२४॥

कहिले छ कुनै रंग कहिले छ कुनै अनि ।
एस्तै छ कसरी भन्नू ? शंका लाग्ने कुरा पनि ॥१२५॥

हिउँ मै सूर्य झुल्कन्छन् हिउँ मै सूर्य डुब्दछन् ।
त्यो हेरी हिउँ का राश आँफै मा मन्त्रमुग्ध छन् ॥१२६॥

कल्पना जति मीठो छ जति मीठो छ वर्णन ।
त्यो भन्दा पनि मीठो छ हिम दृश्यावलोकन ॥१२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मध्याह्ने सूर्यतापेन संसारो ज्वलयत्यपि ।
हिमाचलः क्लेदयति मलिनीकृत्य स्वं मुखम् ॥११८॥

यद्वाऽभविष्यं सूर्येण कठोरोऽहमपीह चेत् ।
तदा सर्वं हिमक्लेदमभविष्यद् विनिश्चितम् ॥११९॥

हिमालयसमक्षेऽपि समस्येयमुपस्थिता ।
तपेद्धराक्लेदनेन तपेयं क्लेदने स्वयम् ॥१२०॥

यदि नम्रो भवत्यत्र हिमकल्पतरुर्महान् ।
सहेयमातपं सर्वं क्लिन्नो मा भूर्हिमाचल ॥१२१॥

स एवार्कः सैष देशः स हि दिव्यो हिमालयः ।
दिवसे दृश्यते चान्यः प्रातरन्यो विधेर्नयः ॥१२२॥

महीध्रो हिमगौरत्वाद गौराङ्गोऽयं हिमाकरः ।
द्रवितेऽपि हिमे दुःखे मलिनो न विभात्ययम् ॥१२३॥

यथा प्रातः स्वर्णमयो दृश्यते हिमपर्वतः ।
ज्योत्स्नामयरजन्यां तु तद्रूपं रजतायते ॥१२४॥

कदाचिदपरो रागः कदाचिद्रागमिश्रितम् ।
इदृशं हि कथं ब्रूयां वस्त्वैतत् संशयाऽऽस्पदम् ॥१२५॥

हिमान्यां जायते सूर्यो हिमान्यामस्तमेति च ।
मन्त्रमुग्धा स्वयं जाता तद् दृष्ट्वा हिमसंहतिः ॥१२६॥

कल्पना यादृशी मिष्टा वर्णनं मधुरं यथा ।
ततोऽधिकतमं रम्यं हिमदृश्यावलोकनम् ॥१२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सेता भेडा कतै चर्छन् सेतै छ कुहिरो कतै ।
कतै छन् हिउँ सेताम्य कस्तो सेतो जतातत‌ै ॥१२८॥

मानूँ यै श्वेतिमा लाई सर्वांग सुम्पिए सरी ।
देखिन्छन् हिमगौराङ्गी नेपाली हिमसुन्दरी ॥१२९॥

हामी यै हिउँमा रम्छौं हामी यै हिउँ हेर्दछौं ।
हामी त हिउँ का थोपा विश्व मै शान्ति छर्दछौं ॥१३०॥

चुच्चे रंग विरंगै को उज्यालो अनि शीतल ।
हाम्रो टोपी बन्यो होला देखी यै हिम पर्वत ॥१३१॥

एस्तै राष्ट्रिय झण्डा यो माछापुच्छ्रे हिमाल का ।
दिव्य दर्शन ले जन्म्यो दुई चुच्चे बनी अहा ! ॥१३२॥

काश्की का उच्च डाँडा मा राजधानी गरी कन ।
हाम्रा पूर्वज ले हेर्थे माछापुच्छ्रे प्रतिक्षण ॥१३३॥

उसैबाट सिके होलान् एस्तो झण्डा बनाउन ।
नेपाली हिम को चेलो तेसै के सक्छ कल्पन? ॥१३४॥

जब बादल का टुक्रा हिउँ छोपेर भाग्दछन् ।
हिमाली चुचुरा पैले भन्दा सुन्दर लाग्दछन् ॥१३५॥

मानू बादल ले पुच्छन् विधाता हिम सुन्दर ।
जसरी गृहिणी पुच्छिन् सिंगमर्मर को घर ॥१३६॥

त्यो वेला मेघ देखिन्छ गृहिणी न्यूरिए सरी ।
सेतो मखमली कूचो लगाउँदै हिंडे सरी ॥१३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्वेताविकाश्च नीहाराश्चरन्ति प्रचरन्ति च ।
श्वेतास्ता हिमसंहत्यः सर्वं श्वेतं विभात्यहो ! ॥१२८॥

किमेनां श्वेततामेव सर्वांशेन समर्पिता ।
दृश्यते हिमगौराङ्गी नैपाली हिमसुन्दरी ॥१२९॥

इमं हिमं विपश्यामो हिमेऽत्रैव रमामहे ।
शान्तिं किरामो विश्वेऽस्मिन् हिमानां विन्दवो वयम् ॥१३०॥

शृङ्गायितं रागमिश्रं शीतलं च समुज्वलम् ।
अस्माकं स्यात् शिरस्त्राणं हिमं दृष्ट्वा विनिर्मितम् ॥१३१॥

तथा राष्ट्रध्वजोऽस्माकं मत्स्यपुच्छस्य दर्शनात् ।
दृष्ट्वा भागद्वये भक्तः शृङ्गद्वययुतोऽप्ययम् ॥१३२॥

राजधानी विधायात्र कास्कीपर्वतमस्तके ।
अस्माकं पूर्वपुरुषा अपश्यन् मत्स्यपुच्छकम् ॥१३३॥

इत्थं राष्ट्रध्वजं कर्तुं शिक्षितास्तत एव किम् ।
हिमशिष्या हि नैपालाः कल्पयन्ति कथं न तत् ॥१३४॥

कादम्बिन्यः पलायन्ते हिममाच्छाद्य तत्र वै ।
पूर्वतोऽधिकरम्याणि हिमशृङ्गाणि भान्त्यहो ! ॥१३५॥

मेघमाला मार्जयति तथा किं हिममन्दिरम् ।
गृहलक्ष्मी मार्जयति यथा स्वोपलमन्दिरम् ॥१३६॥

तथा मेघो दृश्यतेऽत्र विनीता गृहिणी यथा ।
काशसंमार्जनीहस्ता चलन्तीव गृहाङ्गणे ॥१३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुछी बादल ले धोई छहरा ले सवैतिर ।
स्वयं निर्मल यो बन्छ अझै स्वच्छ र निर्मल ॥१३८॥

माछापुच्छ्रे बनी उच्च माझ मा अलमस्त छन् ।
छेउ मा अन्नपूर्णा र धवलागिरि वस्तछन् ॥१३९॥

दायाँ-बायाँ गरी वस्ने ई राम्रा दुइटा गिरि ।
कहिले लाग्दछन् मन्त्री कहिले लाग्दछन् परी ॥१४०॥

जसै हिमाल को हावा दूत झैं वनि आउँछ ।
को को हुन् ई चिनाएर एसरी भन्न थाल्दछ ॥१४१॥

माछापुच्छ्रे त राजा हुन् स्वयं श्रीपेच मण्डित ।
धवलागिरि हुन् मन्त्री राज्य का उच्च पण्डित ॥१४२॥

पोखरा राजधानी हो अरु डाँडा सिपाहि हुन् ।
राज्य का ढुकुटी ठूला अन्नपूर्णा हिमाल हुन् ॥१४३॥

धवलागिरि को शोभा शारदा को प्रसाद हो ।
अन्नपूर्णा जगन्माता लक्ष्मी को प्रियवास हो ॥१४४॥

धवलागिरि मा बग्ने छहरा छन्द गान हुन् ।
झिल्झिली हिमका झिल्का अलङ्कार प्रतान हुन् ॥१४५॥

यहाँ का रसिला दृश्य काव्य का रस भेद हुन् ।
सेता काला दुवै मेघ काव्य का गुण दोष हुन् ॥१४६॥

अभिधा लक्षणा व्यङ्ग्य रीति वृत्ति विचारने ।
खण्डकाव्य, महाकाव्य, कोशकाव्य यहीँ बने ॥१४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संशोध्य वारिवाहैश्च संप्रक्षाल्य सुनिर्झरैः ।
स्वयं विनिर्मलीभूतो नगः स्वच्छः सुनिर्मलः ॥१३८॥

उच्चैर्हसन् द्वयोर्मध्ये मत्स्यपुच्छो विराजते ।
इतस्ततोऽन्नपूर्णेवं वसतो धवलागिरिः ॥१३९॥

रम्यं गिरिद्वयं चैतद् वामदक्षिणयोः स्थितम् ।
अन्नपूर्णाऽप्सरस्तुल्या मन्त्री च धवलो गिरिः ॥१४०॥

राजदूत इवाऽऽयाति यदा हैमवतोऽनिलः ।
इमे के केऽत्र वर्तन्ते परिचाय्य ब्रवीति तान् ॥१४१॥

मत्स्यपुच्छः स्वयं राजा शैलानां मुकुटायितः ।
महिमामण्डितो राज्ये मन्त्रीव धवलागिरिः ॥१४२॥

राजधानी पोखराऽस्ति सानवः सैनिका इव ।
अन्नपूर्णान्नपूर्णेव राज्यकोषस्वरूपिणी ॥१४३॥

शारदायाः प्रसादोऽस्ति शोभा तु धवलागिरेः ।
अन्नपूर्णा जगन्मातुर्लक्ष्म्या वासः प्रियङ्करः ॥१४४॥

निर्झरा वृत्तगीतानि धवलागिरिवाहिनः ।
ज्योतींषीव सुप्रदीप्ता अलङ्कारप्रतानकाः ॥१४५॥

अत्रत्याः सरसा दृश्याः सन्ति काव्यरसा इव ।
श्वेतकृष्णावुभौ मेघौ काव्यस्य गुणदोषवत् ॥१४६॥

अभिधा-लक्षणा-व्यङ्ग्य-रीति-वृत्तिसमन्वितम् ।
खण्डकाव्यमहाकाव्यकोशकाव्यमिहार्जितम् ॥१४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिजो आज यहीँ फेरि छहरा यी स्वतन्त्र छन् ।
जति ताने पनिऽ मिल्ने गद्य-गीत बनाउँछन् ॥१४८॥

बिहानै जब देखिन्छन् अन्नपूर्णा हिमालय ।
स्वयं बन्दछ नेपाली अन्न का निम्ति निर्भय ॥१४९॥

प्रवाहित गरी गङ्गा दिई शीतल निर्झर ।
पार्छिन् यी अन्नपूर्णा ले धरती लाई उर्वर ॥१५०॥

वर्षन्छन् अन्नदाना झैं हिउँ बुर्बुर बुर्बुर ।
उड्छन् क्रौञ्च मलेवा झैं मेघ चिर्बिर चुर्बुर ॥१५१॥

नाच्दछन् भोक लागेका असंख्य बालबालिका ।
अन्नपूर्णा नियालेर बनाई अन्न तालिका ॥१५२॥

ती हुन् रे अन्न का राश थुप्रिएका बडा बडा
अनिकाल परे देखि बाँडिन्छन् रे यताउता ॥१५३॥

त्यो मकै को र कोदा को त्यो चाहिँ गहुँ धान को ।
त्यो जौ र तिल को हो रे ! त्यो चना र बदाम को ॥१५४॥

भनेर जब उफ्रन्छन् केटा-केटी खुशी भई ।
होला रहस्य झैं लाग्छ कुरा लाग्छन् सबै सही ॥१५५॥

गौरी का गाथ मा सेता कुन्दमाला झुले सरी ।
सेता हिमाल मा सेता छहरा को छ माधुरी ॥१५६॥

कहिले कहिले फेरि हिमपर्वत को छवि ।
छोपेर कुहिरो लाग्छ आत्तिन्छन् मन मा कवि ॥१५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अद्यत्वेऽपीह दृश्यन्ते स्वतन्त्रा निर्भरा अपि ।
लयतानानुसार्येतैर्गद्यगीतं विनिर्मितम् ॥१४८॥

प्रातरेव यदा दृश्यश्चान्नपूर्णाहिमालयः ।
स्वयं भवन्ति नैपाला अन्नार्थमतिनिर्भयाः ॥१४९॥

गङ्गा प्रवाहिताऽनेन शीतला निर्भरा अपि ।
अन्नपूर्णार्थमेवेयं धरित्री चोर्वरायिता ॥१५०॥

हिमं प्रवर्षतीत्यत्र मार्गशीर्षखलेऽन्नवत् ।
उड्डीयन्ते वारिवाहाः क्रौञ्चाः पारावता यथा ॥१५१॥

बुभुक्षिता वालबाला नृत्यन्ति वहुशस्तथा ।
यथाऽन्नराशिं पश्यन्तो ह्यन्नपूर्णां तदीप्सवः ॥१५२॥

सञ्चिता बहवः सन्ति तेऽन्नानामिह राशयः ।
यदा दुर्भिक्षमायाति विभज्यन्त इतस्ततः ॥१५३॥

लङ्गान्नकोद्रवधान्यगोधूमानां स पुञ्जकः ।
यवस्य च तिलस्यापि माण्डव्याश्चणकस्य च ॥१५४॥

उत्प्लवन्ते त इत्युक्त्वा बालका हृष्टमानसाः ।
भान्ति सत्यानि वस्तूनि रहस्यमिव तद्भवेत् ॥१५५॥

गौरीवक्षसि सुश्वेता कुन्दमालेव शोभना ।
श्वेते हिमालये हृष्टा श्वेतनिर्भरमाधुरी ॥१५६॥

यदा कदाचित् काले तु हिमाद्रेर्निर्मलां छविम् ।
समावृणोति नीहारश्चेतसोद्विजते कविः ॥१५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

झार ले छोपिने ताल हुस्सू ले छोपिने हिम ।
शंका ले छोपिने प्रेम बनायो विधि ले किन ? ॥१५८॥

छाँट-काँट मिलाएर आडम्बर बडो धरी ।
विज्ञ दर्शक झैं घुम्छ जब हुस्सू वरीपरी ॥१५९॥

तेसको भाग्य देखेर फूर्ति देखेर तेसको ।
ईर्ष्याविमूढ भै जल्छ मनुष्य हिमदेश को ॥१६०॥

न लेख्छ कविता राम्रो न हो भावुक दर्शक ।
हिम मा तेसरी घुम्न तेसले किन पर्दछ ? ॥१६१॥

हुस्सू भने गई घुम्ने अति राम्रा हिमाल मा ।
हामी बाठा भने बस्ने यो मैदाने कपाल मा ॥१६२॥

विधाता तिमि मा छैन सृष्टि को सुन्दर-क्रम ।
उल्टो-पाल्टो सकेकै छौ धन्न काम चलाउन ॥१६३॥

आँखा को कुहिरो फेरि बुद्धि को पनि हुस्सु हो ।
के देखेर विचार्दो हो रहस्य गिरि मा अहो ! ॥१६४॥

सबै समुद्र मा जान्छन् पानी ल्याउन खातिर ।
हुस्सू हिमाल मा जान्छ, हुस्सू हो किन सोच्छ र ? ॥१६५॥

अग्ला शिखर मा घुम्छन् बुद्धिमान् दर्शकैहरू ।
खोल्सा-खाल्सी कुना-काप्ची खोज्छ हुस्सू अझै अरु ॥१६६॥

खोल्सा मा धुम्मिना लाई किन जानू हिमाल मा ?
साना विषय का लागी के गर्नू हरि चिन्तना ? ॥१६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरोजलं तृणाच्छन्नं नीहाराच्छादितं हिमम् ।
शङ्गाच्छन्नामिमां प्रीतिं किमर्थमसृजद् विधिः ॥१५८॥

अम्बराऽऽडम्बरं कुर्वन् स्वच्छन्दं छन्दयन् स्वकम् ।
परिभ्रमति नीहारो वैदेश इव दर्शकः ॥१५९॥

तस्य भाग्यमथोत्साहं दृष्ट्वा सम्यग् जनाः कति ।
ज्वलन्तीर्ष्याविमूढास्ते मनुष्या हिमदेशिनः ॥१६०॥

कवितां नैव लिखति भावुको दर्शकः स न ।
हिमभ्रमणमत्यर्थं किं नीहारप्रयोजनम् ॥१६१॥

नित्यं भ्रमति नीहारः सुरम्ये हिमपर्वते ।
वयमत्रोपत्यकायां वसामश्चतुराः कथम् ॥१६२॥

विधातस्त्वयि नास्त्येव सुसृष्टेः सुन्दरक्रमः ।
शक्यते कार्यनिर्वाहस्त्वया कर्तुं विपर्यतः ॥१६३॥

लोचनार्थे स नीहारो बुद्धचर्थे स हि वाष्पकः ।
गत्वा हिमाचलं तेन किं दृष्टं किं विचारितम् ॥१६४॥

जलानयनकार्यार्थे सर्वे गच्छन्ति सागरम् ।
हिमाद्रिं याति नीहारो विमूढः किं स चिन्तयेत् ? ॥१६५॥

बुद्धिमन्तो दर्शकास्तु भ्रमन्ति शृङ्गमुन्नतम् ।
कुनदीगर्तगुप्तासु कुल्यासु याति वाष्पकः ॥१६६॥

अहो तादृक्स्थले रोद्धुं स किमर्थं हिमाचलम् ।
यात्यल्पविषयार्थेऽपि कः कुर्याद् हरिचिन्तनम् ॥१६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोपिई कुहिरा द्वारा जब लुक्छ हिमालय ।
शून्य देखिन्छ नेपाल नेपाली मान्दछन् भय ॥१६८॥

हिमाल न भएको त्यो दिशा उत्तर हो भनी ।
स्वीकार कसरी गर्नु ? पृथिवी पल्टिए पनि ॥१६९॥

हे संसार विनिर्माता अरु जे गर जे गर !
हामीलाई नराखी द्यौ यो हिमालय वेगर ॥१७०॥

मानू यै पीर जानेर वीर हावा उदाउँछ ।
उडाई कुहिरो लाई हिम बाट धपाउँछ ॥१७१॥

एतिखेर त यो हुस्सू शोभा पाउँछ बेसरी ।
भेडिया गोठ का भेडा चर्न बेंसी झरे सरी ॥१७२॥

हिमपर्वत को शोभा कि बढ्छ सूर्य ज्योति ले ।
कि बढ्छ पौरखी छोरा नेपाली कोटि कोटि ले ॥१७३॥

शोभा दिव्य हिमाल को जति-जतिऽ हेर्‍यो उतिऽ बढ्दछ,
चोखो कत्ति न छोड्ने मृदु नशा झन् चित्त मा चढ्दछ ।
उठ्छन् सुन्दर कल्पना नसकिने यो स्वर्ण छाया मनि,
भो हेरौं अब छन् अगाडि रसिला पाखा पखेरा पनि ॥१७४॥

(इति तृतीय सर्ग)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदा नीहारच्छत्रेण प्रच्छन्नोऽस्ति हिमालयः ।
नेपालो दृश्यते शून्यो नैपाला भयकातराः ॥१६८॥

हिमालयेन रहिता दिगुदीचीयमित्यपि ।
धराया वैपरीत्येऽपि प्रत्ययो मन्यते कथम् ? ॥१६९॥

हे संसारविनिर्मातर् यत् करोषि कुरुष्व तत् ।
हिमालयं विना क्वापि नास्मान् रक्ष शिवं कुरु ॥१७०॥

कवेः पीडामिमां ज्ञात्वा वीरो वायुरुदीयते ।
नीहारं शीघ्रमुत्पात्य हिमशैलात् क्षिपत्यपि ॥१७१॥

नीहारोऽयमिदानीं तु शोभतेऽधिकमित्यहो ! ।
यथा गड्डुलिकापङ्क्तिर्ह्यधस्ताच्चरितुं गता ॥१७२॥

शोभन्ते सूर्यकिरणा हिमशैलोपरि स्थिताः ।
वर्द्धते पौरुषः पुत्रो नैपालैः कोटिभिर्युतः ॥१७३॥

शोभा दिव्यहिमालयस्य महती दृष्ट्वाधिकं वर्द्धते ।
शुद्धो मादकवस्तुवन्मृदुमदो चित्तेषु संमोहितः ॥
कल्प्यन्ते मृदुकल्पना बहुविधा तत् स्वर्णशैलान्तिके ।
मैवं भोः सकलाः प्रपश्यत पुरो रम्यं वनं दृश्यते ॥१७४॥

(इति तृतीयः सर्गः)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाखापखेरा

जस्तो हिमाल राम्रो छ रूपौला हिम ले गरी ।
तल तेस्तै डटेका छन् हरिया वन ले गिरि ॥१॥

सर्वत्र हरियाली छ मनमोहक दृश्य छन् ।
हिम का काख का डाँडा अर्कै वैशिष्ट्य राख्दछन् ॥२॥

नेपाल मा कहीं छैन हरिया वन को कमी ।
विशेष पोखरा मा छ शोभा त्यै वन को पनि ॥३॥

तल नीलाम्य छन् पाखा माथी सेताम्य छन् हिउँ ।
दुवै अद्भुत छन् राम्रा उपमा कसको दिउँ ॥४॥

भनूँ कि कृष्ण राधा को गौर-श्यामल आकृति ।
एकै ठाउँ बसे जस्तो छ यो वन-हिमद्युति ॥५॥

राधा का काख मा कृष्ण जति सुन्दर लाग्दछन् ।
हिम का काख मा तेस्तै भनूँ कि वन जाग्दछन् ॥६॥

राधा सौन्दर्य की खानी कृष्ण सौन्दर्य का घर ।
इनैबाट भयो होला सृष्टि यो दिव्य सुन्दर ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर्वतप्रदेशः

यथा हिमालयो रम्यो रूपवद्धिमसंयुतः ।
अधस्तादुत्थिताः सन्ति गिरयो हरितैर्वनैः ॥१॥

शाद्वलोऽप्यस्ति सर्वत्र दृश्याश्च मनमोहकाः ।
वैशिष्ट्यं रक्षयन्त्यन्यं हिमकुक्षिस्थसानवः ॥२॥

नेपाले नास्ति कुत्रापि हरिद्वनस्य न्यूनता ।
पोखरा तु विशिष्टाऽस्ति विशेषवनशोभया ॥३॥

अधोदेशा नीलिमान उच्चैःस्थाः स्वेतसानवः ।
काभ्यां तावुपमीयेते द्वौ रम्यावद्भुताविह ॥४॥

श्यामगौराकृती यद्वा किम्वुक्तं कृष्णराधयोः ।
एकीभूताविव स्यात् किमिमे वनहिमद्युती ॥५॥

राधाकुक्षिस्थितः कृष्णः शोभते सुन्दरो यथा ।
तथैव हिमकुक्षिस्थाः शोभन्ते वनभूमयः ॥६॥

राधास्ति सौन्दर्यखनिः कृष्णः सौन्दर्यमन्दिरम् ।
सृष्टिरेषापि दिव्यास्ति-एतयोरभवद् ध्रुवम् ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिम ले हरियो राम्रो हिमाल हरियाली ले ।
साँच्चै नै विश्व चम्कन्छ तेजिला दुइटा मिले ॥८॥

पहिल्यै हरिया डाँडा अनि सेतो हिमालय ।
अनि नीलो महाकाश क्या राम्रो विधि-वैभव ॥९॥

हिम-प्रकृति वाला को मुख चन्द्र समान छ ।
सारी झैं तल का डाँडा पछ्यौरी सरि व्योम छ ॥१०॥

इनै पाखा-पखेरा मा माला तुल्य बनी कन ।
झर्दछन् झरना नित्य हर्दछन् कवि को मन ॥११॥

पैह्रर हरियो चोली उभिने युवती सरी ।
देखिन्छन् हरिया डाँडा झल्किन्छन् जब निर्झरी ॥१२॥

चुच्चे पर्वत ती लाग्छन् बाला का स्तन कै सरी ।
पुष्पहार सरी लाग्छन् खोल्सा का जल निर्झरी ॥१३॥

सिर्सिरी जब हावा का चल्दछन् वेग सुन्दर ।
हल्लन्छन् छहरी चल्छन् लहरी जल का तल ॥१४॥

जब ती लहरी चल्छन् हावा का वेग ले गरी ।
बाला का वक्ष मा खेल्ने लाग्छन् तिलहरी सरी ॥१५॥

चाँदी का टुकुरा जस्ता शिला मा वग्रँदा जल ।
चिन्ता मानिस को हर्ने, हुन थाल्दछ कल्कल ॥१६॥

फोन बाजा बजे भन्दा मीठो त्यो लाग्छ कल्कल ।
आत्मानुभूति का निम्ति यो भन्दा अरु के छ र ? ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिमेन शाद्वलो रम्यः शाद्वलेन हिमं तथा ।
वस्तुतः शोभते विश्वं तेजस्विद्वयमेलने ॥८॥

हरिताः सानवः पूर्वं ततः श्वेता हिमाचलाः ।
ततो नीलं महाकाशं सुरम्यं विधिवैभवम् ॥९॥

हिमप्रकृतिवालाया मुखं चन्द्रसमं त्विह ।
शाटी व सानवोऽधःस्था दुकूलमिव पुष्करम् ॥१०॥

एषु शैलप्रदेशेषु मालिका इव निर्मिताः ।
झरन्ति निर्झरा नित्यं हरन्ति कविमानसम् ॥११॥

हरितं कञ्चुकं धृत्वा सूत्थिता बालिका इव ।
हरिताः पर्वताश्चापि दृश्यन्ते निर्झरीमुखाः ॥१२॥

बालायाः स्तनयोस्तुल्यौ कुक्षिस्थौ पर्वतावुभौ ।
पुष्पहारसमा भान्ति निम्नगाः सर्वनिर्झराः ॥१३॥

यदा वेगाद् वायुवेगाश्चलन्तीह सुशीतलाः ।
निर्झराः कम्पयन्तेऽतो लहर्यः प्रचलन्त्यधः ॥१४॥

लहर्यो वायुवेगेन प्रचलन्ति यदा च ताः ।
बालावक्षसि नृत्यन्ती ललन्तिका समास्तदा ॥१५॥

रजतखण्डतुल्याषु शिलासु पतिते जले ।
पश्यतो मनुजस्य स्यात् मनः पानार्थमुत्सुकम् ॥१६॥

मधुरः कल्कलः शब्दः फोनवाद्यध्वनेरपि ।
आत्मानुभूतौ भवति तत्परञ्चान्यदस्ति किम् ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रुने का साथ मा रुन्छ हाँस्ने का साथ हाँस्दछ ।
छहरा को मिठो गाना जे सोच्यो अर्थ लाग्दछ ॥१८॥

जब ई वन मा घुम्दै गाउँले प्रमदाजन ।
गाउँछन् मधुरा गीत वन लाग्दछ घन्कन ॥१९॥

छहरा तबला ठोक्छन् चाल्छन् कोकिल हार्विन ।
गाउँछन् किन्नरी लाई होच्याई प्रमदा-जन ॥२०॥

संगीत को सफा ताना पाइन्छ वन भित्र मा ।
साँच्चै को ब्रह्म आनन्द पाइन्छ मन भित्र मा ॥२१॥

ती सेता छहरा सम्झ्यो, सम्झ्यो त्यो कललध्वनि ।
सकिन्न कविता कोर्नै मन मा लाग्छ मोहनी ॥२२॥

हरिया फूल का कुञ्ज हरिया तरु-पल्लव ।
हरिया पहरा मा छन् फोहरा सरि निर्भर ॥२३॥

झर्झरी झरदै झार हल्लाई हलली अलि ।
झरना 'झरना' नाम सार्थ पार्छन् ढली ढली ॥२४॥

छ हार फूल को माथी छ हार जल को तल ।
छ हरा र भरा दृश्य छहरा को छ कल्कल ॥२५॥

वन का हरियाली को अझै कान्ति बढाउन ।
छर्दछन् छहरा पानी माली तुल्य बनी कन ॥२६॥

छहरा जल का बिन्दु वृक्ष लाई चढाउँछन् ।
वृक्ष ले फूल का इन्दु छहरा मा बगाउँछन् ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रुदता सह रोदिति हसता हसति सदा ।
मधुगीतं निर्झरस्य तदर्थः स्वानुकूलितः॥१८॥

वनेष्वेतेषु ग्रामीणा भ्रमन्तः प्रमदाजनाः ।
गायन्ति मधुरं गीतं ध्वन्यते तद् वनं तदा ॥१९॥

निर्झरास्तबलावाद्यं कोकिला हार्मिनस्वरम् ।
विजित्य किन्नरीमत्र गायन्ति प्रमदाजनाः ॥२०॥

सङ्गीतस्य सुरं तानं वनमध्येऽपि लभ्यते ।
ब्रह्मानन्दः सत्यमेव प्राप्यते चित्तमन्दिरे ॥२१॥

स्मारं स्मारं निर्झराँस्तान् श्वेताँस्तत्कललध्वनिम् ।
न शक्यते रचयितुं कविता मुह्यते मनः ॥२२॥

हरिताः पुष्पकुञ्जास्ते हरितास्तरुपल्लवाः ।
हरिच्छिलासु ते सन्ति निर्यान्तो निर्झरा इव ॥२३॥

कुर्वन्तो झर्झरान् शब्दान् कम्पयन्तस्तृणादिकान् ।
स्वनाम सार्थं कुर्वन्तो निर्झराः प्रपतन्त्यधः ॥२४॥

निर्झरोपरि पुष्पाणि निर्झराधो जलान्यपि ।
सहारं हरितं दृश्यं मध्ये वर्षन्ति निर्झराः ॥२५॥

वनानां हरितां शोभां प्रवर्द्धयितुमुत्सुकाः ।
मालाकारसमा भूत्वा जलं सिञ्चन्ति निर्झराः ॥२६॥

समर्पयन्ति वृक्षेभ्यो बिन्दुपुष्पाणि निर्झराः ।
समर्पयन्ति पुष्पाणि ते वृक्षा निर्झरोपरि ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखेर दुइ को चाल मन मा प्रेम जाग्दछ ।
गोपी र कृष्ण ले होली खेलेकै हो कि ? लाग्दछ ॥२८॥

गोपी र कृष्ण को दृश्य मिलेको त्यो अहा कति ।
श्याम छन् ती लता वृक्ष गोरा छन् छहरा जति ॥२९॥

लागेर मधुरो हावा पीं पीं पीं पीं गरी गरी ।
बज्दछन् बाँसुरी बाँस श्रीवृन्दावन मा सरी ॥३०॥

सधैं का चन्द्र मा जस्ता चम्कन्छन् हिम पर्वत ।
वन भित्र विधाता को रास मा मन चल्दछ ॥३१॥

अत्यन्त मधुरो गाना वन की कोइली पनि ।
मौकै मा गाउँछिन् नौली रास की गोपिनी बनी ॥३२॥

गोपी विरह को गीत चखेवीहरू गाउँछन् ।
महारास रची खेल्न कृष्णचन्द्र उदाउँछन् ॥३३॥

विटपी ले लता राम्रा विटपी हरियालि ले ।
हरियाली छ चम्केको छहरा र हिमाल ले ॥३४॥

छर्केर मोति का दाना फर्केर पोखरा तिर ।
सर्केर बेग ले गर्छन् छहरा मधुर स्वर ॥३५॥

वन का फूलबारी मा एसरी जल छर्कन ।
कस्सिन्छन् छहरा पो र बाँचेका छन् सबै वन ॥३६॥

कालिदास कथा द्वारा पाएका पूर्ण वर्णन ।
कि शाकुन्तल गाथा का दृश्य हुन् ई महावन ? ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृष्ट्वोभयस्य चरितं जागर्ति प्रणयो हृदि ।
गोपीकृष्णावुभौ होलिं क्रीडतो मनुते मनः ॥२८॥

गोपीकृष्णसमं दृश्यं मिलितं तदहो ! कियत् ।
श्यामाः सन्ति लतावृक्षा गौरास्ते निर्झरा अपि ॥२९॥

मधुरेण समीरेण चलता मधुरस्वरैः ।
रणन्ति वंशा वंशीव यथा वृन्दावने तथा ॥३०॥

सर्वकाले चन्द्रतुल्याः प्रदीप्यन्ते हिमाचलाः ।
विधातुर्वनमध्येऽपि रासवद् रमते मनः ॥३१॥

अतीव मधुरं गीतं वनस्थाः कोकिला अपि ।
वेलायामेव गायन्ति रासे गोप्यो यथाऽभवन् ॥३२॥

गोपीविरहगीतानि गायन्तीह चकोरिकाः ।
चिक्रीडिषुर्महारासे कृष्णचन्द्र उदेत्यहो ! ॥३३॥

लता रम्या विटपिना विटपी शाद्वलेन हि ।
शाद्वलश्च प्रफुल्लोऽस्ति निर्झरैश्च हिमाचलैः ॥३४॥

विकीर्य मौक्तिकफलं निवर्त्य पोखरां प्रति ।
सरन्तो निर्झरा वेगात् कुर्वन्ति मधुरं स्वरम् ॥३५॥

एवं जलानि सिञ्चन्तो वनस्योपवनेषु च ।
निर्झराः सन्ति सन्नद्धा जीवितानि वनानि च ॥३६॥

कालिदासस्य कथया प्राप्तानि पूर्णवर्णनम् ।
किं शाकुन्तलगाथाया दृश्यानीव वनान्यहो ! ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हृदयीहरू का लागी यहाँ की छवि मोहिनी ।
छैनन् शकुन्तला भन्दा क्यै कुरा मा पनि कमी ॥३८॥

अडचाई मन का घोडा छोडी संसार को रथ ।
हेर्दछन् कवि दुष्यन्त यहाँ को रूप निश्छल ॥३९॥

छहरा को घडा बोकी यहाँ की प्रकृति प्रिया ।
नानी शकुन्तला बन्दै पानी छर्छिन् यता उता ॥४०॥

यहाँ प्रियंवदा हाँस्छिन् शुगी का मधुगान मा ।
अनसूया छ सर्वत्र शान्ति का प्रिय तान मा ॥४१॥

सम्झिन्छन् बाबियो चल्दा सवै कुटिलकुन्तला ।
शकुन्त लाई देखे मा संझिइन्छिन् शकुन्तला ॥४२॥

पुष्प शकुन्तला माथी भमरा जाइलाग्दछन् ।
शाखा हल्लाउँदै वृक्ष त्यो हटाउन खोज्दछन् ॥४३॥

त्यो देखि कवि-दुष्यन्त ईर्ष्यालु भाव झिक्दछन् ।
बजारिया कुमारी को नखरा पुष्प सिक्दछन् ॥४४॥

बिर्सी संसार को राज्य कवि मोहित बन्दछ ।
लुकाई महिमा आफ्नो डुलाहा हूँ मँ भन्दछ ॥४५॥

संसारी भावना रूपी मत्ता हात्ती उसै घरी ।
आउँछन् कवि दुष्यन्त चल्दछन् कर मा परी ॥४६॥

हरियो फरिया पैह्री वनलक्ष्मी शकुन्तला ।
कुञ्ज का पुष्प शय्या मा बन्दछिन् काम विह्वला ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कवीनां सुहृदां दृष्टावत्रत्या छविमोहिनी ।
शकुन्तलाया अपि तु किं न्यूनाऽस्ति कुतः क्वचित् ॥३८॥

मनस्तुरङ्गान् संरुध्य प्रविहाय जगद्रथम् ।
प्राकृतं निश्छलं रूपं कविर्दुष्यन्त ईक्षते ॥३९॥

निर्झराणां घटान् धृत्वा चात्रत्या प्रकृति-प्रिया ।
बाला-शकुन्तला भूत्वा करोति जलसिञ्चनम् ॥४०॥

शुकीनां मधुगानेऽपि हसतीह प्रियम्वदा ।
अनसूयाऽस्ति सर्वत्र शान्तेः सुमधुरस्वरे ॥४१॥

स्मर्यन्ते तृणचलने सर्वाः कुटिलकुन्तलाः ।
शकुन्तेष्वपि दृष्टेषु स्मर्यतेऽत्र शकुन्तला ॥४२॥

भ्रमराश्चाभिगच्छन्ति पुष्प-शकुन्तलोपरि ।
वृक्षाः शाखाः कम्पयन्तस्तद् वाञ्छन्ति निवर्तितुम् ॥४३॥

तद् दृष्ट्वा कविदुष्यन्त ईर्ष्याभावं करोत्यहो !
हावं नागरनारीणां शिक्षन्ते कुसुमान्यहो ! ॥४४॥

संसारराज्यं विस्मृत्य कविर्भवति मोहितः ।
विलोप्य महिमानं स्वं वदति भ्रमरोऽस्म्यहम् ॥४५॥

संसारिभावनारूपो मत्तो हस्ती तदैव हि ।
आयाति कविदुष्यन्तश्चलत्यन्यवशं गतः ॥४६॥

हरितां शाटिकां धृत्वा वनलक्ष्मीः शकुन्तला ।
कुञ्जस्य पुष्पशय्यायां जायते कामविह्वला ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जघनस्थल झैं गोरा कदलीस्तम्भ का मनि ।
एकान्त कान्त झैं मुग्ध वन्दछन् हृदयी पनि ॥४८॥

लज्जा, माधुर्य, आनन्द, प्रेम आँखा भरी भरी ।
दुवै ले दुइटै लाई हेर्दछन् एउटै भई ॥४९॥

अनि के हुन्छ के हुन्छ ? अर्कै हुन्छ जगत् सब ।
विश्व-विस्मृति को शुद्ध ब्रह्मानन्द उदाउँछ ॥५०॥

तर हा ! दैव ले गर्दा क्यै दिनै मा रुँदै रुँदै ।
दुवै ले छुट्टिनु‌ऽ पर्छ मन ले नअघाउँदै ॥५१॥

छोडेर वन की लक्ष्मी शहरी वाग मा गई ।
दुष्यन्त ले सरी भुल्छन् प्रेम उन्को हरे ! कवि ॥५२॥

आउन्नन् कवि दुष्यन्त आत्तिन्छिन् प्रकृति प्रिया ।
बनेर छहरा लिन्छिन् आँसु झार्दै अनिऽ विदा ॥५३॥

विदा शकुन्तला लाई दिन आँटे सरी गरी ।
अर्पन्छन् वन का वृक्ष पुष्प भूषण बर्बरी ॥५४॥

पिता पर्वत को काख छोडेर सलली बही ।
छहरा घर मा जान्छन् हिन्दू बाला सरी भई ॥५५॥

पिता को काख छोडेर हिँडेका पति का घर ।
छहरा भन्दछन् मानू छोरी को कर्म के छ र ? ॥५६॥

छोरी झै कल्कलाएर बढेका छहरा कन ।
बिदा गरी अहो बस्छन् धन्य पाषाण को मन ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जघनस्थलगौरं तत् कदलीस्तम्भमन्तरा ।
एकान्ते कान्तवन्मुग्धो जायते हृदयी कविः ॥४८॥

लज्जाऽऽनन्दं च माधुर्यं प्रेम नेत्रेषु पूरयन्
तावुभौ पश्यतो नित्यमेकीभूतौ परस्परम् ॥४९॥

अथ किं स्यात् ततः किं स्यात् सर्वमन्यदिदं जगत् ।
विश्वविस्मृतिसंशुद्धो ब्रह्मानन्द उदेत्यहो ! ॥५०॥

परन्तु दैवसंयोगाद् रुदित्वाऽहानि कानिचित् ।
उभयोर्विप्रयोगः स्यान्मनस्तृप्तिं विनाऽप्यहो ! ॥५१॥

त्यक्त्वा विपिनलक्ष्मीं तां गत्वा नगरवाटिकाम् ।
दुष्यन्तवद् विस्मरति तस्याः स्नेहमहो कविः ॥५२॥

नायाति कविदुष्यन्तः कातरा प्रकृति-प्रिया ।
अश्रूणि वहमाना सा वियुक्ता निर्झरायिता ॥५३॥

शकुन्तलाविप्रयोगेऽन्यमनस्का इव द्रुमाः ।
समर्पयन्ति कवये पुष्पाणां भूषणनि च ॥५४॥

स्वपितुः पर्वतस्याङ्कं सन्त्यज्य वहती नदी ।
सागराऽभिमुखी याति हिन्दु-बालेव पर्वतात् ॥५५॥

पितुरङ्कं विहायाद्य गच्छन्त्यः स्वपतेर्गृहम् ।
झरयः कथयन्त्यत्र चेत्थं कुरुत भो सुताः ॥५६॥

सुता इव सुसम्पन्ना समृद्धान्निर्झरानिह ।
सम्प्रेष्यापि वसन्त्यत्र पाषाणहृदयाः कथम् ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नजाऊ बहिनी ! भन्दै वनपात सुसाउँछन् ।
पनेलो पातलो सारी मृग मुन्ना समाउँछन् ॥५८॥

तेसैमा जन्मिए वृक्ष तेसैमा छहरा तर ।
के गर्नु विधि को लेखा ? छहरा यी गए पर ॥५९॥

कस्तो विछोड वोकेर बाँच्छन् यी वृक्षवल्लरी ।
कैल्यै नफर्कने बाटो लाग्दा सन्तान निर्झरी ॥६०॥

फर्कन्न वन छोडेर कहिल्यै दुःखिया मन ।
दैव ले दुःखी कै निम्ति रचेछन् हरियो वन ॥६१॥

न राम्रा फूल फूल्दैनन् चरा हुन्नन् असुन्दर ।
नमीठो वासना हुन्न हुन्नन् शब्द असुन्दर ॥६२॥

हुँदैनन् ननिका प्राणी छैन सिर्जन पामर ।
हामी जाग्न सके सृष्टि दिव्य सुन्दर सुन्दर ॥६३॥

यी राम्रा वन-पाखा मा जे हेर्‍यो ज्ञान आउँछ ।
वृक्षै पिच्छे लतै पिच्छे नीति शास्त्र उदाउँछ ॥६४॥

नबोल्ने वन को छायाँ हामी लाई सिकाउँछ ।
सुन्ने मान्छे जहाँ छैनन् चूप लागनु बेश छ ॥६५॥

काँढा माथी पनि ढुक्क फक्रने फूल भन्दछन् ।
विद्वान् व्यक्तिहरू ठूला दुःख मा पनि हाँस्दछन् ॥६६॥

जता हावा उतै कावा खाने पात र पत्कर ।
दिन्छन् सन्देश छोटा को कहाँ हुन्छ मन स्थिर ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'न याहि भगिनि ! त्वं भो' चेत्युक्त्वा मार्गरोधकाः ।
घासाः सन्तिः मृगाा गत्वा प्रगृह्णन्त्येव शाटिकाम् ॥५८॥

तत्रोत्पन्ना लता वृक्षास्तत्रैव झरयोऽपि च ।
झरयो विगता दूरं धन्या हि विधिकल्पना ॥५९॥

कीदृशेन वियोगेन लतावृक्षादिजीवनम् ।
अनिवर्तनमार्गेण गते सन्ताननिर्झरे ॥६०॥

न निवृत्तं वनं त्यक्त्वा कदापि दुःखितं मनः ।
दुःखिनां निर्मितं चैतद् दैवेन हरितं वनम् ॥६१॥

नासुन्दराणि पुष्पाणि नामनोज्ञाः पतत्त्रिणः ।
सुगन्धो नासमाकर्षी नैव शब्दा असुन्दराः ॥६२॥

अयोग्याः प्राणिनो नैव सर्जनं निष्फलं न हि ।
जागृयामो यदि वयं सर्जनं सुन्दरं भवेत् ॥६३॥

एतद् वनप्रदेशानां ज्ञानमायाति दर्शनात् ।
प्रतिवृक्षं प्रतिलतं नीतिशास्त्रमुदेत्यहो ! ॥६४॥

मौनं याता वनच्छाया मौनित्वमिह शिक्षते ।
श्रोतारो यत्र नो सन्ति मौनमाचरणं वरम् ॥६५॥

कण्टके प्रस्फुरन्तस्ते कुसुमस्तवका अपि ।
वदन्तीह महादुःखे विद्वांसो विहसन्त्यहो ॥६६॥

सदागत्यनुसारीणि शुष्कपर्णतृणानि च ।
सन्देशं प्रदिशन्तीह लघूनां क्व मनःस्थिरम् ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अरण्य मै रमाएका मृग शाव सिकाउँछन् ।
जन्मभूमि सरी दिव्य धरती कुन ठाउँ छन् ? ॥६८॥

हावा लागेर हल्लेका हाँगा ले हृदयी कन ।
डाकेका हुन् कि भ्कैं गर्छन् कुराकानी मिलाउन ॥६९॥

आऊ प्रकृति का चेला ! सिक विद्या थरी थरी ।
नठान मन मा कत्ति हामी छौं अरु का अगि ॥७०॥

देखेर पुतली राम्रा सिक्यौ रंग मिसाउन ।
नाचेका लहरा देखी जान्यौ नाच्न नचाउन ॥७१॥

देखेर माकुरा जान्यौ बुन्न रेशम का लुगा ।
मैना र कोइली बाट पायौ संगीत को सुधा ॥७२॥

चोलो, सारी, पछ्यौरी मा फूल हेरी कला भऱ्यौ ।
देख्यौ प्रकृति का दृश्य रसिला कविता गऱ्यौ ॥७३॥

चरा को नै इशारा ले बन्यौ मानव खेचर ।
प्रेरणा मृग को पाई बनायौ रथ-मोटर ॥७४॥

वन का कुञ्ज मा घुम्दा एस्तो आवाज गुँज्दछ ।
तर यो कान ले हैन मन ले मात्र सुन्दछ ॥७५॥

अभ्कै पनि सिके सिक्ने विद्या प्रकृति भित्र छन् ।
जे हेर अडिई हेर सृष्टि साह्रै विचित्र छन् ॥७६॥

मान्छे सर्वज्ञ हूँ ठान्छ प्रकृति अभ्क दिव्य छन् ।
अनन्त कोटि विज्ञान इनका गर्भ भित्र छन् ॥७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अरण्ये संप्रसीदन्तः शिक्षन्ते मृगशावकाः ।
जन्मभूमिसमा दिव्या धरित्री क्व विलोक्यते ॥६८॥

कम्पमानाः समीरेण शाखाश्च हृदयिनृणाम् ।
आह्वानमिव कुर्वन्ति वार्तालापसमुत्सुकाः ॥६९॥

आयाहि प्राकृतच्छात्र ! विद्यां नानाविधां पठ ।
हृदये न मनुष्व त्वं वयमग्रे स्थिता नृणाम् ॥७०॥

रम्यान् पतङ्गान् दृष्ट्वैव शिक्षितं रागमिश्रणम् ।
लताश्च नर्तिता दृष्ट्वा ज्ञातं नृत्यं च नर्तनम् ॥७१॥

दृष्ट्वा लूताकृमिं ज्ञातं वातुं कौशेयवस्त्रकम् ।
सारिकां कोकिलं दृष्ट्वा प्राप्ता सङ्गीतिकासुधा ॥७२॥

चोली शाट्युत्तरीयाणि रञ्जितानि सुमेक्षणात् ।
दृष्ट्वा प्राकृतिकं दृश्यं सरसाः कविताः कृताः ॥७३॥

शकुन्तानां गतिं दृष्ट्वा जातो मानवखेचरः ।
मृगाणां प्रेरणां प्राप्य रथयानं च निर्मितम् ॥७४॥

भ्रमद्भिर्वनकुञ्जेषु श्रूयते कल्कलो ध्वनिः ।
किन्त्वयं नैव कर्णाभ्यां मनसैव विचार्यते ॥७५॥

इतोऽपि शिक्षसे त्वं चेत् विद्याः प्रकृतिषु स्थिताः ।
प्रपश्य सुविचार्यैव विचित्राः सन्ति सृष्टयः ॥७६॥

सर्वज्ञं मन्यते स्वं ना दिव्यायाः प्रकृतेः पुरः ।
अनन्तकोटिविज्ञानमस्या गर्भे विराजते ॥७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जब संसार नै सिक्छ सुखदुःख परस्पर ।
बुझ्ने मानिस ले मै हूँ सर्वज्ञ भन्न मिल्छ र ? ॥७८॥

हात्ती झैं भूमि ढाकेर बसेका शान्त पर्वत ।
चुप चाप बुझी राख्छन् मान्छे जे जति गर्दछ ॥७९॥

कसै ले पहरा फोरे सून चाँदी लिई गए ।
कसै ले हात का ठेला छामी सास लिई गए ॥८०॥

यौटा ले कविता लेख्यो अर्का लाई सुनाउन ।
अर्का ले कविता लेख्यो आफै लाई भुलाउन ॥८१॥

दुइटा विरही आई यहीं हाँसेर भेटिए ।
दुईटा विरही आई यहीं रोएर मेटिए ॥८२॥

मृग मार्न कुनै आए क्वै आए फूल टीपन ।
हाँस्न आए कुनै याहीं क्वै आए आँसू पूछन ॥८३॥

क्वै गए दिन काटेर रात काटेर क्वै गए ।
क्वै गए घाँस काटेर हात काटेर क्वै गए ॥८४॥

रोकेनन् वन, पाखा ले जो सुकै जे सुकै गरुन् ।
कोहि हाँसून् कि रोऊन् कि कोहि काटून् कि काटियून् ॥८५॥

काँध मा बञ्चरो बोकी दाउरे जब आउँछन् ।
विचरा वन का वृक्ष मन मा अन्कनाउँछन् ॥८६॥

रिसाउन् त बरा भोको दाउरे परिवार छ ।
हाँसून् त कसरी हाँसून् जीवनै बरवाद छ ॥८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदाऽन्योन्यं सुखं दुःखं संसार एव शिक्षते ।
तदाऽर्थज्ञो नरः 'सोऽहं सर्वज्ञो' वक्तुमर्हति ? ॥७८॥

गजा इव भुवं व्याप्योषिताः शान्ताः शिलोच्चयाः ।
मौनमाश्रित्य जानन्ति यत्कुर्वन्तीह मानवाः ॥७९॥

विभिद्य केचित्पाषाणं स्वर्णरौप्ये समानयन् ।
केचित् करव्रणकिणान् संस्पृश्य जीविता गताः ॥८०॥

कवितां व्यलिखच्चैकः परान् श्रावयितुं त्विह ।
कवितां व्यलिखच्चान्यः स्वात्मानमपि मोहितुम् ॥८१॥

हसन्तौ मिलितौ चात्र द्वावागत्य वियोगिनौ ।
अन्यौ विरहिणौ चैवं रुदन्तौ चलितौ गतौ ॥८२॥

केचित् पुष्पाणि सञ्चेतुं केचिद् हन्तुं मृगानपि ।
हसितुं चागताः केचिदितरे चाश्रु प्रोञ्छितुम् ॥८३॥

केचित् दारूणि संछिद्य घासं छित्वा गताः कति ।
केचिद् दिनं यापयित्वा हस्तं छित्वा गताः कति ॥८४॥

नावरुद्धो वनैः कश्चिद् यत्करोति करोतु तत् ।
छिन्दन्तु केचित् छिन्द्येरन् क्रन्दन्तु विहसन्तु वा ॥८५॥

दारुवाहा वनं यान्ति स्कन्धे पर्शुं निधाय च ।
ते ही वनभवा वृक्षा व्यथन्तेऽन्तर्मनःसु च ॥८६॥

क्षुभ्येयुश्चेद् वराकास्ते दारुवाहा बुभुक्षिताः ।
हसेयुश्चेत् कथं तत्स्याज्जीवनं संशयास्पदम् ॥८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोपी कृष्ण पुकारेर गोपी कृष्ण सरी बनी ।
घुमेका छन् सबै तर्फ शुक, मैना हरू पनि ॥८८॥

हरिया वन का भित्र हरिया ती चरा चरी ।
देखदा भित्र वर्षन्छन् भाव का आँसु बर्बरी ॥८९॥

तेसै मा हरियो सारी पैरेका युवतीहरू ।
गाउँछन् जब रोएर मन भन्छ कसो गरुँ ॥९०॥

वन मा नेत्र का निम्ति हरियाली तमाम छ ।
ई लोभी कान का निम्ति चरा को प्रियगान छ ॥९१॥

वन भित्र जसै पस्छौ वसन्त ऋतु मा तिमी ।
को हो को हो ? भनी सोध्छन् तेहाँ का कोइली पनि ॥९२॥

धेरै चराचरी बोल्छन् हाम्रो बोली सरासर ।
पढायो कसले ? कैल्है ? एसको छैन उत्तर ॥९३॥

कोहि दिंदैन क्यै किन्तु चरो छोड्दैन गाउन ।
"कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन" ॥९४॥

कर्म ले वन मा जन्म पाएका भै पनिऽ चरा ।
सुनून् कि नसुनून् कोहि जानेको गाउँछन् बरा ॥९५॥

वन मा गीत गाएर रुने विरहिणी सँग ।
चरा ले करुणा गाना कति राम्रो मिलाउँछ ॥९६॥

माइती लाई सम्झ्यौ कि प्यारा टाढा भए कि त ?
कसैले मन मा तिम्रा चोट पारिदिए कि त ? ॥९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोपी-कृष्णसमा भूत्वा 'गोपी-कृष्णं' वदन्त्यपि ।
भ्रमन्ति परितो नित्यं सशुकाः सारिका इह ॥८८॥

हरितेषु वनान्तेषु हरिताँस्तान् शुकादिकान् ।
दृष्ट्वा वर्षन्ति मनसि भावाश्रूणि निरन्तरम् ॥८९॥

तत्रैव हरिताः शाटीर्धरन्त्यो महिला अपि ।
यदा गायन्ति हृदयं रौति 'किं करवाण्यहम्' ॥९०॥

नेत्रार्थं हरितं दृश्यं वनेऽत्यन्तं विराजितम् ।
मधुरं लुब्धकर्णार्थं गानमस्ति पतत्त्रिणाम् ॥९१॥

यदारण्यं प्रविशति वसन्तर्तौ भवानिह ।
'कोऽसि कोऽसी'ति शब्देन पृच्छेयुः कोकिला अपि ॥९२॥

द्विजा वदन्ति बहुशोऽस्माकं भाषां निरन्तरम् ।
शिक्षितास्ते कदा ? केन ? प्रश्नयोरिह नोत्तरम् ॥९३॥

कश्चिद् ददाति नो किञ्चिद् गानं न त्यजति द्विजः ।
'कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन' ॥९४॥

कर्मणा जन्म संप्राप्ता वनेस्वेते पतत्त्रिणः ।
ज्ञातं वराका गायन्ति केचित् शृण्वन्तु वा न वा ॥९५॥

वने गीतं प्रगायैव रुदत्या विप्रलब्धया ।
द्विजो हि करुणं गानमत्यर्थं मेलयत्यहो ! ॥९६॥

स्मृतो मात्रालयः किं वा दूरः प्रियतमोऽथवा ।
मनः केनापि वा भग्नं कथं दृष्टाऽतिदुःखिता ॥९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गाउँले का कुरा द्वारा प्यारा खिन्न भए कि त ?
सासू र ससुरा बाट क्यै रिसानी भयो कि त ? ॥९८॥

जाँदा माइत मा केहि भाउजू ले भनिन् कि त ?
चाडबाड महाँ बिर्से माइतीहरू ले कि त ? ॥९९॥

तिमी बाट भयो आज ठूलो भूल कतै कि त ?
नराम्रो सपना देख्यौ रात मा तिमिले कि त ? ॥१००॥

अर्को विवाह को चर्चा कतै उन्को चल्यो कि त ?
के पऱ्यो मन मा चिन्ता ? दिदी आउ बताउ त ॥१०१॥

भन्लान् जस्तो गरी आई ती चरा गीत गाउँछन् ।
के बोलून् विचरा नारी खालि आँसू बगाउँछन् ॥१०२॥

आमा माइत मा छैनन् परदेश गए पति ।
काख मा छैन सन्तान नारी को अनि के गति ॥१०३॥

लहरा हरियाली ले पहिल्यै अलमस्त छन् ।
उसै मा फक्रँदा फूल असाध्यै मन हर्दछन् ॥१०४॥

हो यो पुष्पवती भन्ने न सोची भमरा सब ।
लता समीप मा जान्छन् कामी ले पनि सोच्छ र ? ॥१०५॥

हुन्छन् पुष्पवती पैल्हे डाक्दछन् भमरा अनि ।
फल जन्माउँछन् फेरि लता को क्या छ जीवनी ! ॥१०६॥

कतै फूल कतै मूल कतै कुञ्ज थरी थरी ।
अलपत्र परेका छन् कवि का कविता सरी ॥१०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्राम्यैः कुटिलवार्ताभिः प्रियस्ते दुःखितः किमु ?
पत्युश्च मातापितरौ तुभ्यं वा कुपितौ किमु ? ॥९८॥

मात्रालयं गता वा त्वं भर्त्सिता भ्रातृजायया ।
अथवा पर्वकाले किं मातृभिर्विस्मृताऽसि वा ॥९९॥

स्खलितं वा त्वयात्यर्थं कार्यमद्य कुतोऽपि किम् ?
दुःस्वप्नं किं त्वया दृष्टं रात्रावद्याथवाऽपि किम् ? ॥१००॥

पुनर्विवाहचर्चाऽभूद् यद्वा प्रियतमस्य किम् ?
कथमुद्वेलिताऽसि त्वमागत्य कथयस्व नः ॥१०१॥

इत्थं वदेयुरिव ते गीतं गायन्ति पक्षिणः ।
दीना नार्यो वदेयुः किं स्रावयन्त्यश्रु केवलम् ॥१०२॥

माता मातृगृहे नास्ति प्रवासे पतिरस्ति चेत् ।
क्रोडे च नास्ति सन्तानो नारीणां का गतिर्भवेत् ? ॥१०३॥

वल्लर्यो हरितेनेह विमुग्धा इव दर्शिताः ।
पुष्पिताश्चेद्यदा ता हि हरन्ति प्रसभं मनः ॥१०४॥

पुष्पितेयं लता दृष्टेत्यविचार्यालयः समे ।
लतामभ्युपगच्छन्ति चिन्तयेत् किं स्मरातुरः ? ॥१०५॥

पुष्पवत्यो भवन्त्यग्रे द्विरेफानाह्वयन्त्यनु ।
ततो भवन्ति सफलास्तासां धन्यं सुजीवनम् ॥१०६॥

क्वचित् पुष्पाणि मूलानि क्वचित् कुञ्जा विभिन्नकाः ।
अस्तव्यस्तानि दृष्टानि यथा पद्यानि सत्कवेः ॥१०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कलिका मा छ के बेर हुन पुष्पवती पन ?
कलि का मा छ के बेर हुन पुष्पवती पन ? ॥१०८॥

घरी पक्क घरी छक्क घरी टक्क गरी गरी ।
घुम्दछन् वन मा सोझा चित्रकार तथा कवि ॥१०९॥

झपक्कै फूल फुल्नाले धपक्कै वन बल्दछ ।
टपक्कै मृग छोपेर काख मा लिउँ लाग्दछ ॥११०॥

क्वै पीताम्बर छन् फूल अनि क्वै नीलकण्ठ छन् ।
क्वै चतुर्मुख छन् आँफै सृष्टि आदि चलाउँछन् ॥१११॥

हावा ले गर्छ सिम्सिम्सिम् पानी ले गर्छ कल्कल ।
बैग्लै छ दुई को भाषा चल्छ तै पनि छल्फल ॥११२॥

कि हावा सिमसिम् भन्दै हिमसन्देश ल्याउँछ ।
शीत त्यो हिमसन्देश धरती मा भिजाउँछ ॥११३॥

शीत ले धरती भिज्छ धरती बन्छ उर्वर ।
उर्वरा धरती छाम्दै हावा चल्दछ सर्सर ॥११४॥

त्यै हावा मा अडेको छ प्राणी को दिव्य जीवन ।
नत्र संसार को आयु के टिक्थ्यो आज सम्मन ? ॥११५॥

गाएर वन का घाँसी हाँसी पुण्य कमाउँछन् ।
भानुभक्त सरी धेरै जनता होश पाउँछन् ॥११६॥

भन्न खोज्दछ आत्माले यो संगीत बजीरहोस् ।
घाँसी गाइरहून् हाँसी भानुभाषा सजीरहोस् ॥११७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कलिकासु कथं भूयाद् विलम्बः पुष्पसम्भवे ।
कलिकन्यासु किं भूयाद् विलम्बः पुष्पसम्भवे ॥१०८॥

विमुग्धा इव साश्चर्या मोहिताश्चित्रलेखकाः ।
दर्शं दर्शं वने नित्यं भ्रमन्ति कवयस्तथा ॥१०९॥

विकसत्कुसुमैर्दृष्टं तद्वनं गौरवान्वितम् ।
'स्वाङ्के रक्षाणी'ति भावान्मृगं कामयते मनः ॥११०॥

पीताम्बराणि पुष्पाणि नीलकण्ठानि कानिचित् ।
चतुर्मुखानि दृष्टानि सृष्ट्यादींश्चालयन्त्यपि ॥१११॥

पवनः कुरुते सिं सिं कल्कलं कुरुते जलम् ।
भिन्ना भाषा द्वयोः किन्तु चौभौ विवदतो भृशम् ॥११२॥

सिम् सिम् प्रोच्य समीरश्च हिमसन्देशमानयेत् ।
शीतस्तं हिमसन्देशं धरायां क्लेदयेत् पुनः ॥११३॥

शीतेन वसुधा क्लिन्ना सा धराप्युर्वरायते ।
तामुर्वरां धरां स्पृष्ट्वा समीरः सर्सरायते ॥११४॥

तत्समीराश्रितं नित्यं प्राणिनां दिव्यजीवनम् ।
नो चेत् संसारिणामायुरद्यावधि चलेत् कथम् ? ॥११५॥

अर्जयन्तेऽधिकं पुण्यं घासिनो गीतगायकाः ।
भानुभक्तः कविरिव चेतयन्ते नरा इह ॥११६॥

नदत्विदं सुसङ्गीतमित्यात्मा मम वाञ्छति ।
गायन्तु घासिनो हृष्टा भानुभाषा सुसज्जताम् ॥११७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अझै गाऊ अझै गाऊ हे घाँसी वन मा पसी ।
मँ जस्ता को पनिऽ आत्मा कतै पग्लन सक्छ कि ? ॥११८॥

सेता कुसुम को फेटा शिर माथी गुथी वरी ।
वृक्ष क्या छन् नि गम्केका भर्खर् का दुलहा सरी ॥११९॥

फूल का गहना पैह्री पछ्यौरी पालुवा गरी ।
लहरा निहुरेका छन् भर्खर् की दुलही सरी ॥१२०॥

नबोली लाज मानेर उभ्भिएका इनी दुवै ।
लावा होमन लागेका जस्ता लाग्छन् सँगै सँगै ॥१२१॥

सँगै हाँस्छन् सँगै रुन्छन् सँगै सुत्छन् र उठ्दछन् ।
नर-दम्पति का लेखा वृक्ष दम्पति उच्च छन् ॥१२२॥

कुनै वृक्ष गलेका छन् जेलिँदा लहरा अति ।
धेरै बिहा गरेका ले भोगे तुल्य अधो गति ॥१२३॥

कस्तै हावा चलोस् किन्तु न नुही स्थिरता धरी ।
कुनै वृक्ष डटेका छन् गोर्खाली वीर कै सरी ॥१२४॥

हाँगा, पात, जरा, राम्रा राम्रै पुष्प हुँदा पनि ।
बाँझी नारी सरी कोहि हुँदैनन् फल का धनी ॥१२५॥

यहाँ का वन का राजा परिवार नियोजन ।
गर्दछन् देश को कार्य सुविधा ले चलाउन ॥१२६॥

माकुरा का पनिऽ जाल यहाँ कानून तुल्य छन् ।
अल्भिँदैनन् जहाँ ठूला साना बल्झेर मर्दछन् ॥१२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गायतां गायतां गीतमितोऽपि घासिनः पुनः ।
कथञ्चिन्मादृशामात्मा द्रवीभवति वा न वा ॥११८॥

सुश्वेतैः कुसुमै रम्यैश्चोष्णीषाणीव मूर्द्धसु ।
दृष्टाः सुगुम्फिता वृक्षा यथैवाऽभिनवा वराः ॥११९॥

पल्लवैरुत्तरीयैश्च विधृतैः पुष्पभूषणैः ।
लताः काश्चिन्नताः सन्ति वधूट्योऽभिनवा यथा ॥१२०॥

सलज्जा मौनमाश्रित्य चोत्थिताः सह संगताः ।
पाणिग्रहे यथा दृष्टा लाजाहवनकर्मणि ॥१२१॥

हसन्ति विलपन्त्येवोत्तिष्ठन्ते सह शेरते ।
दृश्यन्ते नरयुग्मेभ्यो वृक्षयुग्माः समुन्नताः ॥१२२॥

लताभिर्वेष्टिताः केचिद् दुर्बलाः सन्ति पादपाः ।
इत्थमेवं दशा भोग्या बहुपत्नीयुतैर्नरैः ॥१२३॥

चलेत् प्रकम्पनः किन्तु धरन्तः स्थिरतां दृढाम् ।
दृश्यन्ते पादपाः केचिद् गोरक्षवीरतुल्यकाः ॥१२४॥

मूलैः पत्रैश्च शाखाभिः सुरम्यैः कुसुमैरपि ।
पादपाः केचिदत्रापि वन्ध्या नार्य इवाफलाः ॥१२५॥

अत्रत्यो वनराजोऽपि परिवारनियोजनम् ।
करोति देशकार्यं च सौविध्येन प्रचालनम् ॥१२६॥

लूतानामिह दृश्यन्ते जालानि नियमा इव ।
गुरवो न पतन्त्यत्र लघवो निपतन्ति हि ॥१२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाखौं युवति आएर आलिंगन गरे पनि ।
भुक्दैनन् वन का वृक्ष साँच्चै का छन् तपोधनी ॥१२८॥

अथवा जंगली लाई थाहा के रस को छ र ?
पाएर सुन्दरी लाई गर्न जानून् समादर ॥१२९॥

सुगन्धि छ कहीं धेरै कहीं छैन रतिऽभर ।
धनी गरीब को संख्या कुन ठाउँ कमी छ र ? ॥१३०॥

रुस भैं वायु चाहन्छ साम्यवाद सरासर ।
अमेरिका सरी लिन्छ पूँजीवाद धरातल ॥१३१॥

सुनिन्छन् द्विज का वाणी छर्किन्छन् जल औषध ।
अनौठा फल पाइन्छन् वन यज्ञ समान छ ॥१३२॥

कुहू कुहू भनी क्वैली चन्द्रमा कन डाक्दछ ।
कुहू हो औंशि को नाम भन्ने जान्दैन भुल्दछ ॥१३३॥

बुझिन्छ एसले विद्वान् छैन यो कोइली तर ।
गाउने कण्ठ ले धेरै पढेको हुनु पर्छ र ? ॥१३४॥

दिव्य भावार्थ का सामू शब्दार्थ टिकिराख्छ र ?
कृष्ण को मुरली भन्दा विद्या उत्तम हुन्छ र ? ॥१३५॥

अहा यी वन की शोभा कसरी मन हर्दछिन्
कसरी हृदयी लाई एकान्त भाव भर्दछिन् ॥१३६॥

पोतेर हिम ले कोठी बत्ती बालेर जून को ।
झल्कने गहना पैह्री सुन्तलामय सून को ॥१३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परोलक्षयुवतिभिर्वेष्टितालिङ्गितेऽपि च ।
न नमन्ति वने वृक्षाः सत्यं ते हि तपोधनाः ॥१२८॥

एतेषां खलु वन्यानां रसाऽऽस्वादो भवेत् कथम् ।
सुन्दरीमभिलभ्यापि न च सम्मानयन्ति ते ॥१२९॥

क्वचिद् वाति सुगन्धोऽपि गुञ्जामात्रं क्वचिन्न हि ।
सधनाधनयोः संख्या न्यूना कुत्र नु वर्तते ? ॥१३०॥

आकांक्षति साम्यवादं रुस इव समीरणः ।
अमेरिकेव गृह्णाति पुञ्जवादं धरातलम् ॥१३१॥

वाचो द्विजानां श्रूयन्ते सिञ्चन्त्यपस्तथौषधम् ।
वनं यज्ञसमं चास्ति प्राप्यते चाद्भुतं फलम् ॥१३२॥

'कुहू' कृत्वा पिकश्चन्द्रं समाह्वयति सादरम् ।
अमावास्या नाम कुहूर्नैतज्जानाति मन्दधीः ॥१३३॥

अनेन कोकिलो विद्वान् ज्ञायते न तथाप्यहो ।
गायका मधुरैः कण्ठैर्गायन्ति न तु विद्यया ॥१३४॥

दिव्यभावार्थयोरग्रे शब्दार्थाः सुस्थिराः किमु ? ।
कृष्णवंशीनिनादेभ्यः का विद्या ह्युत्तमा भवेत् ॥१३५॥

वन्या शोभा कथमहो ! मनो हरति नः सदा ।
एकान्तभावं भरति सा कथं हृदयीजनम् ॥१३६॥

कोष्ठं तुषारेण लिप्त्वा ज्योत्स्ना दीपोज्ज्वलेन च ।
चकाशद् भूषणं धृत्वा नारङ्गकनकायितम् ॥१३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गाएर कोइली द्वारा फूल-माला लिई कन ।
डाक्तछिन् वन की रानी गर्न एकान्त चुम्बन ॥१३८॥

अँधेरी रात लागे कि वन को बत्ति निभ्दछ ।
शान्त एकान्त मा खालि मीठो निःश्वास चल्दछ ॥१३९॥

तारा का दिव्य सीतारा जडेको व्योम च्यादर ।
ओढाई काख मा लिन्छिन् वनबाला चराचर ॥१४०॥

हिमाली ई राम्रा गहन वन मा आइ घुमियो,
नफक्रेका जस्तो कवि-हृदय का फूल सुँघियो ।
अगाडी झन् राम्री विमल जल की नित्य सुकिली,
बगेकी छन् शुक्ला सहृदय ! गरौं आचमन कि ? ॥१४१॥

(इति चतुर्थ सर्ग)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीतं पिकमुखैर्गीत्वा गृहीत्वा पुष्पमालिकाम् ।
वनबालाऽऽह्वयति किं कर्तुमेकान्तचुम्बनम् ॥१३८॥

तमिस्रासु प्रवृत्तासु ज्योत्स्नादीपः प्रशाम्यति ।
मधुरं शान्त एकान्ते निश्वासयति केवलम् ॥१३९॥

तारकाभिश्च दिव्याभिर्युक्तं व्योमोत्तरीयकम् ।
आच्छाद्याङ्गे प्रगृह्णाति वनबाला चराचरम् ॥१४०॥

हिमाच्छन्नं रम्यं गहनविपिनं प्राप्य चरितम्
कवेर्हृद्या वाचोऽस्फुटकुसुममाघ्रातमधुना ।
पुरस्था शुक्लैषा विमलजलयुक्ता सुमधुरा
वहन्ती द्रष्टव्या सपदि करवामाचमनकम् ॥१४१॥

(इति चतुर्थः सर्गः)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुक्ला गण्डकी

बीच मा वेग ले बग्दै मोती-माला झुले सरी ।
झुलेकी छन् अहा ! शुक्ला झल्काई पूर्ण माधुरी ॥१॥

देखेर इनको शोभा अडिएर क्षणै भर ।
न पग्लने त को होला ? देव, दानव, किन्नर ॥२॥

नाम हो इनको सेती सेतै छ इनको जल ।
नेपाली जनता राख्छन् काम ले नाम गौरव ॥३॥

दूध की विश्व मा यौटी नदी को सिर्जना गरी ।
पाए आशिक ब्रह्मा ले बाँचिराख्ने जुगौं भरी ॥४॥

जे जे अचम्म को काम गर्ने लहड चल्दछ ।
यहीं गर्छौ जगत्स्रष्टा ! तिमी मा धन्यवाद छ ॥५॥

हरिया वन ले सेतो टल्केका हिम ले गरी ।
आँफै भइ गएको थ्यो पोखरा सून को चरी ॥६॥

उसमा दूध की गङ्गा किन पर्थ्यो बनाउन ?
विचित्र लहडी रैछौ विधाता तिमि मन्मन ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुक्लागण्डकी

मध्ये वहति वेगेन मुक्ताहारायिता नदी ।
शुक्लगङ्गाऽभवत् शुक्ला पोखरा पूर्णिमायिता ॥१॥

अस्याः शोभां समालोक्य क्षणमात्रं स्थितोऽपि सन् ।
भावुको न भवेत् को नु देवो वा किन्नरोऽसुरः ॥२॥

आस्या नामापि शुक्लाऽस्ति शुक्लं च विमलं जलम् ।
नैपालाः कर्मणा स्वस्य रक्षन्ति नामगौरवम् ॥३॥

एकां संसृज्य संसारे सदुग्धां विमलां नदीम् ।
द्विपरार्धसमं चायुर्विधाता लब्धवान् किमु ? ॥४॥

आश्चर्यजनकं यद् यत् कर्म कर्तुं त्वमिच्छसि ।
करोष्यत्र जगत्स्रष्टर् ! धन्यवादः समर्प्यते ॥५॥

हरिद्वनेन च पुनः शुभ्रेण च हिमेन च ।
स्वर्णपक्षिसमैवासीत् पोखरानगरी स्वयम् ॥६॥

दुग्धगङ्गा तदुपरि किमर्थं रचिता त्वया ।
विचित्रो विस्मयीवासि साश्चर्यं हृदयं तव ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सधैं सेतै बगेकी छन् सङ्लिइन्नन् कुनै दिन ।
पुगेकै छ सधैं सेतो सकिन्थ्यो विधि को किन ? ॥ ८ ॥

सङ्ला को महिमा गर्छन् विश्व भित्र सबै जन ।
धमीलिँदा पनि हर्छिन् यी शुक्ला सब को मन ॥ ९ ॥

हिन्दुस्थान भरी धूलो धूवाँ बढ्दै गयो भनी ।
आई नेपाल मा बग्ने हुन् कि भागीरथी इनी ॥१०॥

अथवा विष्णु अंशी को राज्य हो यो हिम क्षिति ।
ठानी अंश लिई आए आफै क्षीर समुद्र जी ॥११॥

कि त विश्रान्ति शय्या मा सुत्छन् भीष्म हिमालय ।
फुट्छिन् अर्जुनधारा झैं सेती गंगा जलाम्मय ॥१२॥

कि विधाता सधैं पोत्छन् कमेरा ले हिमांलय ।
पोत्दा पोखिन्छ क्यै पानी सोहि बग्छ यहाँ तल ॥१३॥

कि हिमाल भयो सेतो गौरी भन्दा भनी शिव ।
पखाल्छन् दिनहूँ सेतो सोहि बग्छ यहाँ तल ॥१४॥

गौरीशङ्कर को स्नान गराई कामधेनु ले ।
कि झार्दछिन् पयोधारा हाम्रा पोषणहेतु ले ॥१५॥

गणेश ले पगारेर छोडेको पार्वती पय ।
बग्यो कि अथवा पानी मिस्सिएर तलै तल ॥१६॥

अथवा पार्वती आमा हामी पुत्रहरू कन ।
बगाई दूध का धारा गर्दछिन् नित्य पालन ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रस्यन्दिता सदा शुक्ला निर्मला न कदापि सा ।
पर्याप्तं सर्वदा श्वेतं विधेस्तन्न समाप्यते ॥८॥

निर्मलां हि प्रशंसन्ति संसारे सकला जनाः ।
दधितुल्यापि हरति शुक्लैषा प्राणिनां मनः ॥९॥

धूलिधूमैर्धराक्रान्ता हिन्दूस्थाने समन्ततः ।
एवं विचार्य नैपाले स्यन्दिता जाह्नवी किमु ? ॥१०॥

यद्वा नारायणांशस्य राज्यमेषा हिमक्षितिः ।
एवं विचार्य स्वांशेनाऽऽगतवान् क्षीरसागरः ॥११॥

यद्वा विश्रान्तिशय्यायां शेते भीष्महिमालयः ।
तत्रैवार्जुनधारेव शुक्लेयं स्रविता किमु ? ॥१२॥

यद्वा किं विधिना श्वेतमृत्तिकालेपने सदा ।
विहिते सलिलाधिक्यात् वहतीयं निरन्तरम् ॥१३॥

यद्वा हिमाचलः श्वेतोऽभवद् गौर्या इतीश्वरः ।
प्रक्षालयति यच्छ्वेतं नीचैस्तद् वहतेऽन्वहम् ॥१४॥

गौरीशङ्करयोः स्नानं कारयन्तीव कामधुक् ।
अवाहयत् पयोधारामस्मत्पोषणहेतवे ॥१५॥

गणेशभुक्तमुच्छिष्टं तच्छेशं पार्वतीपयः ।
प्रावहत् किमु चाधोऽधस्तदेतज्जलमिश्रितम् ॥१६॥

अथवा पार्वतीमाता चास्मत्पोषणहेतवे ।
पालनं कुरुते नित्यं सा प्रस्नुतपयोधरा ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कि आमा भूमि को छाती हो यो नेपाल सुन्दर ।
छाती माथी उठेका यी दुद हुन् हिमपर्वत ॥१८॥

हाँ हाँ गर्ने सधैं भोका छोरा छोरी मनुष्य हुन् ।
सेती हुन् दूध की धारा सधैं पग्रेर बग्दछिन् ॥१९॥

इत्यादि कल्पना उठ्छन् देख्दा यी गण्डकी कन ।
साह्रै रमाइलो मान्छ शुक्ला का तट मा मन ॥२०॥

कतै छन् दूध की गङ्गा कतै छन् दूधपोखरी ।
नत्र हे धरतीमाता हामी बाँच्थ्यौं कसो गरी ॥२१॥

यी शुक्ला जति शुक्ला छन् तेति होलिन् भनी कन ।
पढी यी कविता मात्रै पत्याउन्नन् कुनै जन ॥२२॥

नीली छन् जमुना भन्दा श्रीकृष्णा गण्डकी भनी ।
सेती भागीरथी भन्दा बन्ने को हुन् अहा ! इनी ॥२३॥

दह मा पनि छन् सेतै सेतै छन् भेल मा पनि ।
पक्षपात कहाँ गर्थिन् हिमपर्वत-वाहिनी ? ॥२४॥

इनैका छवि ले मानू स्वर्ग का अप्सरा पनि ।
लाज मानी हराएछन् देखिँदैनन् यहाँ कहीं ॥२५॥

उठ्दो होला नि है रीस इन्द्र का मन मा पनि ।
स्वर्ग रानी शची भन्दा शुक्ला गोरी भइन् भनी ॥२६॥

एसैले हो कि सालिन्दा धमिल्याऊँ भनी कन ।
जल वर्षाउँदै इन्द्र भल हुल्छन् टनाटन ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मातृभूमेरिदं वक्षः किमिदं भाति सुन्दरम् ।
तद्वक्षोऽधि प्रदृश्येते पयःकुम्भौ हिमाचलौ ॥१८॥

बुभुक्षिता व्यात्तमुखाः सन्तानाः सर्वमानवाः ।
प्रस्यन्दिता वहति सा शुक्लेयं पयसान्विता ॥१९॥

उद्यन्ति कल्पना एता दृष्ट्वेमां गण्डकीं सदा ।
शुक्लारोधसि मे चित्तमत्यन्तं रमतेऽन्वहम् ॥२०॥

दुग्धायिता नदी क्वापि पयः पुष्करिणी क्वचित् ।
हे धरित्रि ! तव क्रोडे जीवेम कथमन्यथा ॥२१॥

इयं शुक्ला यथा शुक्ला किं तथा सा भवेन्न वा ।
पठित्वा कवितामेतां प्रतियन्ति न केचन ॥२२॥

यमुनाया नीलतरा विद्यते कृष्णगण्डकी ।
भागीरथ्याः श्वेततरा भवित्री सेयमद्य का ॥२३॥

ह्रदे शुक्ला दृश्यते सा प्रवाहेऽप्यस्ति सा सिता ।
कथं कुर्यात् पक्षपातं सैषा हिमकुलोद्भवा ॥२४॥

शुक्लायाः प्रभया किं वा स्वर्गीयोऽप्सरसां गणः ।
न दृश्यते लज्जमानः पोखरायामितस्ततः ॥२५॥

मत्सरस्य सुरेन्द्रस्य मानसे क्रोध उत्थितः ।
शच्या अपीह शुक्लाया गौरवर्णस्य हेतुना ॥२६॥

हेतुना किमनेनैव कुर्वीय मलिनामिति ।
जलं प्रवर्षन्निन्द्रोऽपि शुक्लायामाविलायते ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जानेर इन्द्र को भाव मानूँ सेती रिसाउँछिन् ।
काली र धमिली वन्दै इन्द्र लाई गिज्याउँछिन् ॥२८॥

गर्जन्छन् इन्द्र का मेघ गर्जन्छिन् भूमि मा इनी ।
वर्षन्छन् मेघ का धारा उर्लन्छिन् क्रोध ले इनी ॥२९॥

वर्षा मा इन्द्र का साथ गृह युद्ध चले सरी ।
गड्किन्छ ध्वनि गङ्गा को चड्कँदा वेग ले गरी ॥३०॥

पाई यो जल को वर्षा उर्वरा हर्ष मान्दछिन् ।
लिएर इन्द्र को पक्ष ठूलो स्वागत गर्दछिन् ॥३१॥

भूमि को चाल देखेर शुक्ला चुरमुराउँछिन् ।
भत्काई दुइटै पाखा पानी द्वारा बगाउँछिन् ॥३२॥

गड्याङ् आकाश मा हुन्छ गुडुङ् हुन्छ नदी महाँ ।
गडयाङ् गुडुङ् दुवै हुन्छन् मान्छे का मन मा यहाँ ॥३३॥

शुक्ला का तीर मा हिंड्दा वर्षा मा मन गल्दछ ।
अनेकौं पहिरा खस्छन् ठूलो भूकम्प चल्दछ ॥३४॥

फोर्दछिन् पहरा ठेकी कमेरो दहि पोख्दछिन् ।
कृष्णावतार को लीला शुक्ला भै पनि गर्दछिन् ॥३५॥

त्राहि त्राहि परी हाल्छ शुक्ला का वृद्धि ले गरी ।
विज्ञान-वृद्धि ले गर्दा हिजो आज भए सरी ॥३६॥

भन्दिनन् वृक्ष यो ठूलो यो ठूलो पहरो पनि ।
भत्काई चल्दछिन् सारा रणचण्डी सरी बनी ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इन्द्रभावं परिज्ञाय शुक्लात्यन्तं प्रकुप्यति ।
सैषोपहसतीन्द्रं तु भूत्वा कृष्णा तथाऽऽविला ॥२८॥

गर्जन्ति वज्रिणो मेघा भूमौ शुक्ला प्रगर्जति ।
मेघधाराः प्रवर्षन्ति सैषा वेगेन धावति ॥२९॥

इन्द्रेण सह वर्षासु युध्यमानो भृशं किमु ।
मेघसंगर्जने चात्र शुक्लाया ध्वनति ध्वनिः ॥३०॥

जलवृष्टिमिमां प्राप्य वसुधा किमु हृष्यति,
इन्द्रस्य पक्षे तिष्ठन्ती स्वागतं कुरुतेऽधिकम् ॥३१॥

दृष्ट्वा भूमेश्चालमेवं शुक्ला समधिकुप्यति ।
प्रवाहयति वेगेन प्रविदार्य तटद्वयम् ॥३२॥

निनदः श्रूयते नद्यां निर्घोषो गगने तथा ।
जनानां मानसे चात्र निर्घोषनिनदावुभौ ॥३३॥

मनो द्रवति वर्षासु शुक्लारोधसि हिण्डने ।
स्खलन्त्या बहुधा भूमेर्भूकम्पो जायते महान् ॥३४॥

पाषाण-दधिपात्राणि भित्वा वहति मृद्दधि ।
लीलां कृष्णावतारस्य शुक्लापि कुरुतेऽधिकम् ॥३५॥

त्राहीति भयमायाति शुक्लासंवेगवर्धनात् ।
विज्ञानवृद्धया सर्वत्र चाद्यत्वे भयवृद्धिवत् ॥३६॥

गणयन्ती न पाषाणं महान्तं न तथा द्रुमम् ।
विदार्य सर्वं चलति रणचण्डीव गण्डकी ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थाकेर मेघ गर्जन्नन् जल वर्षन छोड्दछ ।
शुक्ला का वेग मा किन्तु एस्तै चड्कन चल्दछ ॥३८॥

कुहिरो तल ओर्लेर लत्री पाउ समाउँछ ।
हे गङ्गे ! यो क्षमा पाऊँ भन्दै विन्ति बिसाउँछ ॥३९॥

सुन्दिनन् उसको विन्ती अत्यन्तै क्रोध ले गरी ।
देवता ले पुकारेका नृसिंह भगवान् सरी ॥४०॥

पिता हिमाल हुन् छोरी लक्ष्मी हुन् पति सागर ।
ज्वाइँ विष्णु भनी होला शुक्ला को एति जाँगर ॥४१॥

अथवा माइती जस्को नेपाली वीर जाति छ ।
कुहिराहरू को तेस्ले कहिले डर मान्दछ ॥४२॥

भक्त प्रह्लाद झैँ जैह्ले शरद् को ऋतु आउँछ ।
लोक ले तब गङ्गा को शान्त आवाज पाउँछ ॥४३॥

एस्ता वर्षा कतिऽ आए सेती नै छन् अहा इनी ।
जति खाऱ्यो उतिऽ राम्रा बन्दछन् गुण का धनीं ॥४४॥

मानूँ शरद कै शोभा बढाएर प्रभा छरी ।
बन्छिन् शरद मा शुक्ला कोटिचन्द्र कला सरी ॥४५॥

अहा ! शरद की शुक्ला अहा ! शरद को नभ ।
अहा ! शरद का फूल सृष्टि कस्तो विचित्र छ ? ॥४६॥

उता त्यो शारदी ज्योत्स्ना तेता ती नव पङ्कज ।
एता ई धवला गङ्गा शरद् क्या रम्य बन्दछ ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्लान्ता मेघा न गर्जन्ति जलं त्यजति वर्षितुम् ।
अश्रान्तवेगशुक्लायास्तादृक् चलति गर्जनम् ॥३८॥

नीचैरागत्य नीहारो गृह्णाति चरणौ नतः ।
ब्रूते स विनयेनैव- 'हे गङ्गे ! मां क्षमापय' ॥३९॥

अतिक्रोधेन सा तस्य विनतिं न शृणोति हि ।
संप्रार्थितः सुरवरैर्नृसिंहो भगवानिव ॥४०॥

पिता हिमाचलः पुत्री लक्ष्मीर्भर्ताऽस्ति सागरः ।
जामांता विष्णुरिति किं शुक्लातीव प्रजागरा ॥४१॥

यद्वा मात्रालयजना नैपाला वीरमानवाः ।
नीहाराणामपि कथं कदा सा मनुते दरम् ॥४२॥

शरदृतुर्यदाऽऽयाति प्रह्लाद इव भक्तिमान् ।
तदा लोकोऽपि गङ्गाया लभते शान्तमारवम् ॥४३॥

वर्षाः कियत्य आयाता शुक्लैवाहो ! इयं सदा ।
निकषैर्बहुसंयोगाच्छुद्ध्यन्ति गुणिनोऽत्र हि ॥४४॥

अभिभूय शरज्ज्योत्स्नां प्रविकीर्य स्वकां प्रभाम् ।
कोटिचन्द्रकलातुल्या शुक्ला शरदि जायते ॥४५॥

कीदृश्यहो ! शरच्छुक्ला कीदृशं तच्छरन्नभः ।
शरत्पुष्पविचित्राणि कीदृशं सृष्टिविस्तरम् ॥४६॥

ततश्च शारदी ज्योत्स्ना पङ्कजानि सरांसि च ।
इतश्च धवला गङ्गा शरद्रम्या समन्ततः ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्षा गए पछि्ऽ गङ्गा गर्दिनन् उति खल्बल ।
तताए पनि आगा ले चीसै वन्छ पछि्ऽ जल ॥४८॥

तर नित्य चलेकै छ मीठो गर्जन तर्जन ।
शुक्ला हुन् गण्डकी-श्रेष्ठा अरू जस्तै रहून् किन ? ॥४९॥

हर्दछिन् पाप को सातो गर्जिएर निरन्तर ।
नेपाली जनता लाई पाप ले किन छुन्छ र ? ॥५०॥

अथवा वीर भूमि हो देश यो विश्व मा भनी ।
कड्किएर हिँडेकी छन् वीर माता स्वयं बनी ॥५१॥

कि आफ्नो महिमा भन्ने निस्केनन् पण्डितै भनी ।
आँफै फलाक्दछिन् कीर्ति नौली पण्डितिनी बनी ॥५२॥

या त काली दिदी लाई भेट्टाउन भनी कन ।
चर्को आवाज मा भन्छिन् ए दिदी ! अब पर्खन ॥५३॥

अथवा जल वेगै मा नाची ताली दिई कन ।
कलि लाग्यो भनी शुक्ला गर्दछिन् हरिकीर्तन ॥५४॥

अथवा विश्व मा जागे सारा उन्नति मा बढे ।
'नेपाली हो ! जाग ! उठ ! भन्दछिन् उच्च शव्द ले ॥५५॥

प्राचीन ऋषि को सम्झी कि मन्त्रध्वनि पावन ।
एक्लै लहड मा गर्छिन् उसैको पनि गायन ॥५६॥

जे जे होस् गहिरो तत्त्व शुक्ला का शव्द भित्र छ ।
तट मा बसने मान्छे शान्ति ऐश्वर्य पाउँछ ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्षर्तौ विगते गङ्गा मत्ताऽतीव न दृश्यते ।
सुतप्तं चाग्निना पश्चाज्जलं भवति शीतलम् ॥४८॥

किन्तु नित्यं प्रचलिते मधु गर्जनतर्जने ।
शुक्लेयं गण्डकी श्रेष्ठा कथमन्यसमा भवेत् ॥४९॥

निरन्तरं प्रगर्ज्यैषा पापं हरति सन्ततम् ।
नेपालीयाञ्जनानेवं कथं स्पृशति दुष्कृतम् ? ॥५०॥

संसारे वीरभूरेषा देशो नेपाल इत्यपि ।
विचार्यैवं वीरमाता गर्जन्ती हिण्डते सदा ॥५१॥

यद्वा स्वं महिमानं च प्रवदन्नास्ति पण्डितः ।
इति प्रवक्ति स्वां कीर्तिं भूत्वाऽभिनवपण्डिता ॥५२॥

यद्वा कृष्णामग्रजां स्वामनुसर्तुं प्रधावती ।
क्रोशमाना वदत्येवं प्रतीक्षस्वाग्रजेऽधुना ॥५३॥

यद्वा जलानां वेगेऽपि नृत्यन्ती तालयन्त्यपि ।
कलिरागत इत्येषा करोति हरिकीर्तनम् ॥५४॥

यद्वा सर्वे जागरिता उन्नतौ चाग्रगा अहो !
'अप्युत्तिष्ठत नैपाला' वदत्युच्चस्वरेण सा ॥५५॥

स्मृत्वा मुनीनां प्रत्नानां मन्त्राणां पावनं ध्वनिम् ।
ब्रह्मानन्दे वहन्ती सा जपन्ती शब्दिताऽथवा ॥५६॥

यद्यच्च तत्त्वं गम्भीरं शुक्लाशब्दान्तरे भवेत् ।
तटे वसन् जनः शान्तिमैश्वर्यं लभते तथा ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धन्य छन् पोखरावासी शुक्ला का तट ले गरी ।
मर्नाको हुन्न है चिन्ता पोखरा मा कुनै घरी ॥५८॥

मरे मा पनि गंगा मा बग्न पाइन्छ सल्सली ।
बाँचे मा पनि गंगा को पानी पिइन्छ कल्कली ॥५९॥

सङ्ला नीला नदी नाला शुक्ला भित्र पसी पसी ।
शुक्ला को शुक्लता हर्न बल गर्छन् सधैं अति ॥६०॥

तर यी गण्डकीजी को रंग बिग्रन्न क्यै गरी ।
आफ्नै सिद्धान्त मा मस्त नेता को भावना सरी ॥६१॥

अथवा ई नदी मिल्छन् शुक्ला मा प्रेम ले गरी ।
आनन्द ब्रह्म मा मिल्ने विशुद्ध ज्ञानवान् सरी ॥६२॥

शुक्ला मा नपुगे सम्म अरू को पनि नाम छ ।
ज्ञान मा नपुगे सम्म कर्म को पनि काम छ ॥६३॥

मेटिन्छन् जसरी कर्म शुद्ध ज्ञानी भए पछि ।
मेटिन्छन् तेसरी खोला शुक्ला भित्र गए पछि ॥६४॥

कुने काप्चे नदी नाला शुक्ला मा पस्दछन् जब ।
पवित्र तीर्थ को मान पाउँछन् तिनले तब ॥६५॥

अघि सम्म थिए सोता पोल्न काम नलागने ।
तिनै तीर्थ बने हेर संग ले छैन के हुने ? ॥६६॥

शुक्ला का जल को स्पर्श हर्ष वर्षा गराउँछ ।
अङ्ग मा पाप को स्पर्श वर्ष वर्ष हराउँछ ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुक्लातटेन ते धन्याः पोखरावासिनो जनाः ।
संस्थितौ न भवेच्चिन्ता पोखरायां कदाचन ॥५८॥

प्रमीतौ चापि गङ्गायां वहमानेन भूयते ।
जीविते चापि गङ्गायाः पानीयमभिपीयते ॥५९॥

स्वच्छा नीला नदा नद्यः शुक्लान्तर्जलमागताः ।
शुक्लायाः शुक्लतां हर्तु कुर्वते चाधिकं बलम् ॥६०॥

किन्त्वस्या गण्डकीनद्या रागो विकुरुते न हि ।
वसतः स्वस्य सिद्धान्ते नेतुर्भावो यथैव सः ॥६१॥

मिलन्तीमे नदा नद्यः शुक्लायां प्रेमविह्वलाः ।
ब्रह्मानन्देऽभिसंलीना विशुद्धा ज्ञानिनो यथा ॥६२॥

न गच्छेयुर्यदा शुक्लामन्यासां नाम विद्यते ।
न प्राप्यते यदा ज्ञानं कर्मणोऽस्ति प्रयोजनम् ॥६३॥

इह कर्माणि लुम्पन्ति शुद्धात्मज्ञानिनो यथा ।
क्षुद्रा नद्योऽपि लुम्पन्ति शुक्लान्तर्जलसङ्गताः ॥६४॥

क्षुद्रा नद्योऽपि शुक्लायां प्रविशन्ति तदैव ताः ।
पवित्रतीर्थसम्मानं प्राप्नुवन्त्येव निश्चितम् ॥६५॥

वर्षावेगेन पतिता लेपनार्थेऽप्यपूरिताः ।
तीर्थीभूताश्च ता धारा सत्सङ्गेन भवेन्न किम् ॥६६॥

शुक्लाया जलसंस्पर्शः प्रमोदमभिवर्षति ।
स्वाङ्गे च पापसंस्पर्शं प्रतिवर्षं व्यपोहति ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुक्ला को सात्विकी दृश्य पाप लाई धपाउँछ ।
आत्मा यो तत्त्व पाए झैं तेसैमा टक लाउँछ ॥६८॥

पाई सुगन्ध शुक्ला को सुख पाइन्छ वेसरी ।
तुलसीदल संयुक्त पञ्चामृत सुँघे सरी ॥६९॥

चीसा शिशिर हेमन्त जसै आई रमाउँछन् ।
तुषारा सँग शुक्ला का उपमा मिल्न पाउँछन् ॥७०॥

वसन्त मा अहा ! शुक्ला सन्त झैं शान्त बन्दछिन् ।
अनन्त भक्त ले अन्त जान पर्दैन भन्दछिन् ॥७१॥

पानी लेतो सरी हुन्छ गर्मी मा हिम ले गरीं ।
ठेकी वाट ढिलो खस्ने जाडा का मोहि कै सरी ॥७२॥

तीर मा काँस फुल्दा त वारी पारी दुवै तिर ।
सीमा पाउन पानी को परिहाल्दछ मुश्किल ॥७३॥

काँसै सेतो जलै सेतो सेतै ढुंगा पनिऽ हुँदा ।
गएरै छामनुऽ पर्छ गङ्गा पत्ता लगाउँदा ॥७४॥

एत्ति होइन शुक्ला को दृश्य विस्मयकारक ।
बगाई मा पनिऽ ज्यादै इनको छाँट काँट छ ॥७५॥

वार को पार देखिन्तन् कहीं चाक्ली हुँदा अति ।
एक वित्ता पनिऽ छैनन् साँगुरी भै कहीं अति ॥७६॥

कहीं त भास्सिएकी छन् कहीं ता माथि माथि छन् ।
कहीं पूरै लुकेकी छन् शुक्ला एस्ती विचित्र छन् ॥७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुक्लायाः सात्विकं दृश्यं पापं नाशयति क्षणात् ।
आत्मा तत्त्वमिदं प्राप्य तदेव संप्रपश्यति ॥६८॥

सुगन्धं प्राप्य शुक्लाया निर्भरं सुखमाप्यते ।
तुलसीदलसंमिश्रं घ्रात्वा पञ्चामृतं यथा ॥६९॥

शीतौ शिशिरहेमन्तौ रमेते आगतौ यदा ।
तुषारेण हि शुक्लाया उपमां संगतौ तदा ॥७०॥

वसन्ते किमहो ! शुक्ला शान्ता भवति साधुवत् ।
अनन्तभक्ता अन्यत्र गन्तुं नार्हन्ति वक्ति किम् ॥७१॥

जलं घनत्वमापन्नं ग्रीष्मर्तौ तुहिनद्रवात् ।
दधिभाण्डात् पतन्मन्दं दृष्टं हैमन्ततक्रवत् ॥७२॥

प्रफुल्लकाशसंदृष्टे सव्यदक्षिणकूलयोः ।
शुक्लापानीयसीमान्तं निश्चेतुं नैव शक्यते ॥७३॥

काशाः श्वेता जलं श्वेतं शिलाः श्वेताश्च सन्त्यतः ।
तत्र गत्वाऽभिसंस्पृश्या गङ्गा क्वास्तीति निश्चये ॥७४॥

इयदेव न शुक्लाया दृश्यं विस्मयकारकम् ।
अस्याः प्रवहणे चापि भिन्नं छन्दोऽभिदृश्यते ॥७५॥

क्वचिद् विशालाऽतिजलात् पारावारं न दृश्यते ।
क्वचित् सङ्कुचिताऽतीव हस्तमात्रं न वर्तते ॥७६॥

क्वचित् प्रच्छन्नसलिला क्वचित् शुक्ला जलोन्नता
क्वचित् संम्पूर्णगुप्ताऽपि शुक्ला चास्त्येवमद्भुता ॥७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिजो आज अझै शुक्ला धँसेकी छन् तलै तल ।
पुराना भाव का व्यक्ति सहन्नन् कलि को बल ॥७८॥

प्रवाह देखिनू छैन खालि गर्जन मात्र छ ।
लुकेकी छन् जहाँ गंगा साह्रै आश्चर्य मान्नु छ ॥७९॥

कल्कल् कल्कल् ककल् कल्कल् गर्दै स्वर्गीय गुञ्जन ।
शुक्ला तरंग मा हुन्छ अनौठो नृत्य नर्तन ॥८०॥

कलि लाग्यो बढ्यो पाप देखिसक्नुभएन नि ।
भनी होला कि यी शुक्ला लुकेकी पृथिवी मुनि ॥८१॥

रेशमी सारि पैह्रेर गुप्तवास वसी कन ।
तपस्या हरि को गर्ने झिकेकी हुन् कि लक्षण ? ॥८२॥

ई एस्ता कल्पना हामी गर्ने औसर पाउँछौं ।
शुक्ला को भेद अर्के छ जानी जानी लुकाउँछौं ॥८३॥

तीज मा गण्डकी मा र नेपाली रमणी महाँ ।
असाध्यै तुल्यता पर्छ दाँजेरै हेरदा यहाँ ॥८४॥

पवित्र घाट मा घुम्दै गाउँदै उफ्रँदै अनि ।
नचरी लाउँदै हिंड्छिन् श्रीशुक्ला गण्डकी पनि ॥८५॥

पवित्र घाट मा घुम्दै गाउँदै उफ्रँदै अनि ।
नचरी लाउँदै हिंड्छन् तीज का रमणी पनि ॥८६॥

कवरी जल कै बाटी धोएर जल ले मुख ।
पैह्रिई जल कै सारी शुक्ला को गति चल्दछ ॥८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अद्यत्वे चाधिकं शुक्ला याति संकुच्य निम्नगा ।
पुराणभावा व्यक्तिस्तु सहते न कलेर्वलम् ॥७८॥

दृश्यते गण्डकी नैव श्रूयते गर्जनाधिकम् ।
यत्र गङ्गा विलुप्ताऽस्ति मन्यतेऽधिकमद्भुतम् ॥७९॥

कल्कल् कल्कल् क-कल् कल्कल् कृत्वा स्वर्गीयगुञ्जनम् ।
शुक्ला-तरङ्गे भवति साश्चर्यं नृत्य-नर्तनम् ॥८०॥

पापं वृद्धं कलिर्लग्नो द्रष्टुं तन्नैव शक्यते ।
विचार्यैवं भवेत् शुक्ला वसुधान्तर्गता किमु ? ॥८१॥

कौशेयीं शाटिकां धृत्वा गुप्तवासा किमद्य सा ।
तपस्तप्तुं हरेरेवादर्शयत् किमु लक्षणम् ॥८२॥

ईदृश्यः कल्पनाः कर्तुं प्राप्नुमोऽवसरं वयम् ।
भेदोऽपरोऽस्ति शुक्लायास्तं ज्ञात्वा गोपयामहे ॥८३॥

तृतीयायां हि गण्डक्यां नैपालरमणीषु च ।
अत्यन्तं तुल्यता दृष्टा दर्शने तुलनात्मके ॥८४॥

गायन्ती सा भ्रमन्ती सा मेध्यघट्टे विराजिता ।
नृत्यन्तीव सञ्चरति श्रीशुक्ला गण्डकी तथा ॥८५॥

गायन्त्यस्ता भ्रमन्त्यस्ताः शुद्धघट्टे समागताः ।
सञ्चरन्तीह नृत्यन्त्यस्ता हरितालिकाव्रते ॥८६॥

जलबद्धालका लोला जलधौतमुखाम्बुजा ।
धरन्ती जलशाटीं सा शुक्ला धावति सन्ततम् ॥८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोरा राम्रा ठूला साना एता छन् जल का छिटा ।
गोरा राम्रा ठूला साना उता छन् प्रमदा छिटा ॥८८॥

शुक्ला मा एउटा शक्ति दिएछन् परमेश ले ।
शुक्ला तरन आँटचो कि तऱ्यो संसार तेसले ॥८९॥

ठोकिँदै पहरा पाखा घोटिँदै नविसाउँदै ।
जसरी गण्डकी बग्छिन् कतै टाढा उँधै उँधै ॥९०॥

ठिक्क तेसै गरी नारी लाखौं ठक्कर पाउँदै ।
घर माइत गर्दैछन् हाँसे जस्तो गरी रुँदै ॥९१॥

भुमरी चल्दछन् लाखौं करोडौं भेल बग्दछन् ।
भसक्कै उठ्दछन् भुल्का धेरै बिन्दु फराल्दछन् ॥९२॥

प्रवाह जल को धेरै रूप को पनि राश यो ।
गम्केको गर्जना तेस्तो शुक्ला गङ्गा अपार हो ॥९३॥

अपार जल पाएर एति सौन्दर्य पाउनु ।
शुक्ला अर्को कहीं छैन उपमा कसको दिनु ॥९४॥

सानो छ एउटा दोष शुक्ला का तट मा कहीं ।
शोभा कमल को छैन सफा छन् यी जहाँ तहीँ ॥९५॥

करोडौं पद्म को शोभा हर्दछिन् एक बिन्दु ले ।
शुक्ला का तट मा व्यर्थै पद्म पो किन चाहिए ? ॥९६॥

कवि का काव्य मा मात्रै राम्रो हो पद्म को वन ।
झचाउ ले काउली पर्छ राम्रो लाग्दैन हेरन ॥९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुरवो लघवो गौरा रम्या इतोऽम्बुबिन्दवः ।
गुरवो लघवो गौरा रम्या योषिज्जनास्ततः ॥८८॥

शुक्लायां शक्तिरेकास्ति परमेशसमर्पिता ।
ततुं वाञ्छति यः शुक्लां संसारं स तरेत् किमु ? ॥८९॥

समुच्छलन्ती पाषाणे संघर्षन्त्यनिशं सदा ।
यथा शुक्ला प्रचलति दूरं दूरमधो ह्यधः ॥९०॥

तथैव महिलाः सर्वाः कुर्वत्यो लक्षघर्षणम् ।
पति-मातृगृहे गत्वा हसन्ति विलपन्ति च ॥९१॥

भ्रमाः सन्ति परोलक्षा वेगा वहन्ति कोटिशः ।
उद्गच्छन्ति शताऽऽवर्ताः प्लवन्ते वहुविन्दवः ॥९२॥

जलप्रवाहोऽस्ति बहू रूपस्यापि स राशिकः ।
मानीवगर्जनं तादृगतः शुक्लास्ति दुर्गमा ॥९३॥

अपारजलसंप्राप्त्या तावत् सौन्दर्यसङ्गमः ।
अन्या शुक्ला न कुत्रापि कस्यौपम्यं प्रदीयते ॥९४॥

लघुरेको हि दोषोऽस्ति शुक्लारोधसि कुत्रचित् ।
पद्मशोभा नैव दृष्टा स्वच्छमस्ति तटद्वयम् ॥९५॥

परस्कोटिपद्मशोभां हरत्येकेन बिन्दुना ।
अतः शुक्लातटे व्यर्थं कमलानां प्रयोजनम् ॥९६॥

केवलं कविकाव्येषु रम्यं पद्मवनं भवेत् ।
जलनीलिदोषयुक्तं रमणीयं न दृश्यते ॥९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एस्ता निर्मल गंगा मा वनाई पद्मसंहति ।
कोरा आदर्श का नेता किन बन्थे स्वयं विधि ? ॥९८॥

सोझी छन् तर छन् ज्यादै बलिई गण्डकी इनी ।
सोझा भै वलिया हुन्छन् नेपाली जनता पनि ॥९९॥

माटै मा खेल्दछन् माटै बोक्छन् माटै चलाउँछन् ।
गण्डकी-रमणी हाम्रा तैपनि हिमगौर छन् ॥१००॥

जोशिलो दरिलो लाग्छ शुक्ला का भेल को छवि ।
राणा विरुद्ध उफ्रेका जन को जुलुसै सरी ॥१०१॥

मनुष्य-जल ले पूर्ण जनता नाम सागर ।
यदि उर्लन्छ आँटेर कसको खूबि चल्छ र ? ॥१०२॥

ठूलो सम्मान पाएकी दीदी हुन् कृष्ण-गण्डकी ।
दिदी भन्दा मँ गोरी छू दिदी भन्दा मँ छू छिटी ॥१०३॥

दिदी छन् गहिरी किन्तु सबै ले पार पाउँछन् ।
मँ उस्ती गहिरी छैन तर सप्पै डराउँछन् ॥१०४॥

दिदी काली पनिऽ राम्री मँ सेती पनि सुन्दरी ।
रंग के हो र क्यै हैन गुणै हो रूपमाधुरी ॥१०५॥

हामी भारत मा बग्छौं गङ्गा र जमुना बनी ।
यहाँ सेती र काली छौं कम्ता छैनौं कुनै पनि ॥१०६॥

भनेको हो कि झैं लाग्छ शुक्ला का मृदु गान ले ।
तर यो तथ्य हो हैन ? भनेको अनुमान ले ॥१०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं निर्मलगङ्गायां विधाय पद्मसंहतिम् ।
स्वयं विधिः कथं भूयात् केवलादर्शनायकः ॥९८॥

सरला प्रवला चैषा गण्डकी चेह विद्यते ।
सरलाः प्रवलाः सन्ति नैपालकजना अपि ॥९९॥

खेलन्ति मृत्तिकायां ता वहन्ति चालयन्ति ताम् ।
तथापि हिमगौरा नो गण्डक्यो रमणीसमाः ॥१००॥

शुक्लाया जलवेगस्य सजवा सवला छविः ।
राणाविरोधसंलग्नजनवेगेन तुल्यते ॥१०१॥

मनुष्यजलसम्पूर्णो जनतानाम सागरः ।
यद्युदेतीह सहसा कः स्यात् पारयितुं क्षमः ? ॥१०२॥

जनैः संमानितास्तीह मेऽग्रजा कृष्णगण्डकी ।
तस्या अप्यस्मि गौराऽहं तथाऽस्मि शीघ्रगामिनी ॥१०३॥

गभीरा साऽग्रजा किन्तु सर्वे पारं व्रजन्ति च ।
गभीरा तादृशी नाऽहं परं सर्वेऽपि बिभ्यति ॥१०४॥

सा कृष्णा मेऽग्रजा रामाभिरामास्म्यनुजाप्यहम् ।
को भेदोऽस्तीह वर्णेन मधुरा गुणिनां गुणाः ॥१०५॥

गङ्गाऽथ यमुना भूत्वा वहावो भारते पुनः ।
शुक्ला कृष्णा च भूत्वेहाऽऽवां वहाव इतस्ततः ॥१०६॥

उक्तमिव लगत्यत्र शुक्लाया मृदुगायनम् ।
तथ्यमेतन्न वा किं स्यादनुमानेन कथ्यते ॥१०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकाकीपन को गाना सेती गंगा सुसाउँछ ।
त्यो गाना को मिठो अर्थ बटुवा ले वुझाउँछ ॥१०८॥

पुण्डरीक कहीं छैनन् कैलाशादि समीप छन् ।
श्री शुक्ला एसले गर्दा महाश्वेता समान छन् ॥१०९॥

हावा को सिर्सिरी शब्द मानू भन्छ सधैं यहि ।
पुण्डरीक न पाएर रुनु पर्दैन गण्डकी ॥११०॥

आगो निभाउने तत्व पानी हो भन्दछन् तर ।
गंगा जल भने बाल्छ मान्छे को विरहानल ॥१११॥

आफ्नो मार्ग नछोडेर जुगौं देखि यसै गरी ।
बगेकी छन् अहा ! शुक्ला नेपाली नीति कै सरी ॥११२॥

शुक्ला को महिमा लेखी सिंगै काव्य बनाउन ।
पाएमा पनि शोभा को पूरा वन्दैन वर्णन ॥११३॥

चाहिन्नन् पोखरा लाई अरु दृश्य कुनै पनि ।
तेसै अद्भुत हुन्थ्यो यो शुक्ला मात्र भए पनि ॥११४॥

शुक्ला का तट का सेता शिला माथी चढी कन ।
उभिँदा अधुरो लाग्छ शुक्ला को सब वर्णन ॥११५॥

यी गंगा स्वर्गगंगा हुन् वन नन्दन बाग हो ।
सुमेरु हो सगर्माथा नेपाल स्वर्गभूमि हो ॥११६॥

ढल्की ढल्की हिमशिखर का काख मा हुर्किएकी
आफ्नै पानी, परिचय, कला, वेग ले उर्लिएकी ।
डाँडा काँडा चउर पथ मा शीतलो छर्किएकी
हेर्‍यौं सेती ! अब त नजिकै ताल छेउऽ पुगौं कि ? ॥११७॥

(इति पञ्चम सर्ग)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुक्ला गङ्गा स्वनत्येव गीतमेकलगायनम् ।
पथिको बोधयत्यत्र तद्गीतमधुरार्थकम् ॥१०८॥

न सन्ति पुण्डरीकाणि सन्ति कैलाशपर्वताः ।
अत एव महाश्वेतासमा शुक्ला सुशोभते ॥१०९॥

वक्तीव सर्वदा चैवं पवनसिर्सिरध्वनिः ।
'पुण्डरीकाण्यसंप्राप्य मा रोदीः शुक्लगण्डकि ! ॥११०॥

वदन्ति-जलतत्वं हि वह्नितत्त्वप्रशामकम् ।
शुक्लाजलं ज्वालयति नाराणां विरहानलम् ॥१११॥

वहमाना पुराकालात् स्वमार्गं नैव मुञ्चति ।
एवं प्रकारेण शुक्ला दृष्टा नैपालनीतिवत् ॥११२॥

महिमानं विलिख्यैवं 'शुक्ला-काव्यं' भवेदपि ।
तथापि तस्याः शोभां तु प्रस्तोतुं नैव शक्यते ॥११३॥

नावश्यकं पोखरायामन्यद् दृश्यस्य दर्शनम् ।
अदभुतं मन्यते चैकं शुक्लाया दृश्यमेकलम् ॥११४॥

शुक्लातटस्थितां श्वेतां समारुह्य शिलामथ ।
समुत्थाने भवेच्छून्यं शुक्लायाः सर्ववर्णनम् ॥११५॥

शुक्ला चैषाऽस्ति स्वर्गङ्गा नन्दनोपवनं वनम् ।
सुमेरुस्वर्गमस्तोऽस्ति नेपालः स्वर्गभूरिह ॥११६॥

नामं नामं हिमगिरितटे संभवा वर्द्धिता च
स्वीयां शक्तिं परिचयकलां दर्शयन्ती समुत्था ।
वन्ये भूमौ पथि परिसरे शीतलं सेचयन्ती
दृष्टा शुक्ला तदथ निकटे दीर्घिकां प्राप्नुयां किम् ॥११७॥

(इति पञ्चमः सर्गः)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरोवर

अझै राम्रो अझै शान्त अझै नै मनमोहन ।
फेवा नाम लिई ख्यात यहाँ ताल छ शोभन ॥१॥

बगी ती गण्डकी शुक्ला सिँगार्छिन् एक तर्फ त ।
टिप्पिली तालिई ताल अर्का तर्फ सिँगार्दछ ॥२॥

श्री शुक्ला गण्डकी भन्दा पनि राम्रो र अद्भुत ।
छ भने विश्व मा केहि एहि वाराह ताल छ ॥३॥

न लिई हिम को सेतो न दौडी गण्डकी सरी ।
देखाई पृथगस्तित्व ताल गम्कन्छ बेसरी ॥४॥

जस्तो भए पनि मिल्छ देख्न अन्त हिमालय ।
यी राम्रा ताल का निम्ति पोखरै पुग्नु पर्दछ ॥५॥

नेपालै विश्व मा राम्रो उसमा पोखरा अति ।
उसमा पनि यो ताल राम्रो भन्छन् कुनै कवि ॥६॥

मँ भने जे जता देख्छू उतै मोहित बन्दछू ।
त्यो भन्दा छैन क्यै ठूलो भन्ने विश्वास गर्दछू ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरोवरः

ततो रम्यं ततः शान्तं ततोऽपि चित्तमोहनम् ।
'फेवा' नाम्ना सुविख्यातमिहास्ति शोभनं सरः ॥१॥

शुक्ला प्रवहमाणैषा सुशोभयति पोखराम् ।
सरो भूत्वाऽन्यभागं च शोभयन्ते सरोवराः ॥२॥

यदि चेदस्ति शुक्लाया अपि रम्यं तथाद्भुतम् ।
विश्वस्मिन्नियमेवास्ति रम्या वाराहदीर्घिका ॥३॥

शुक्लेव नैव धावन्ती हैमं श्वैत्यं न गृह्णती ।
रक्षन्ती पृथगस्तित्वं शोभतेऽतिशयं सरः ॥४॥

अन्यत्रापि मिलत्येव द्रष्टुमेनं हिमालयम् ।
किन्तु रम्य् सरो द्रष्टुं गन्तव्या पोखरास्थली ॥५॥

विश्वे रम्योऽस्ति नेपालस्तत्र रम्याऽस्ति पोखरा ।
तत्रापीदं सरो रम्यं कविः क्ऱिश्चद् वदत्यहो ! ॥६॥

पश्याम्यहन्तु यद्यत्र मुह्याम्येव ततस्ततः ।
ततः किञ्चिन्महन्नास्ति विश्वसिमीह सर्वदा ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुक्ला हिमाल औ ताल भिन्न छन् रूप ले गरी ।
सुख दिन्छन् सबै एक ब्रह्मा, विष्णु, शिवै सरी ॥८॥

शिशु का मन झैं सङ्लो गहिरो कवि-भाव झैं ।
स्वच्छ स्फटिक झैं राम्रो जब देखिन्छ यो सधैं ॥९॥

तब यै ताल हेरेर एसैका जल मा डुबी ।
पिएर एसकै पानी सकौं लाग्दछ जिन्दगी ॥१०॥

रहस्यपूर्ण देखिन्छ ताल को दिव्य माधुरी ।
प्रच्छन्न रूप मा बस्ने नेपाल धरती सरी ॥११॥

गम्भीरत्व अनुष्णत्व मधुरत्व सबै गुण ।
उत्कृष्ट काव्य मा झैं छन् ताल भित्र गमागम ॥१२॥

वेद मा लहरी छुट्छन् जस्तै अध्यात्म वाद का ।
ताल मा लहरी छुट्छन् तेस्तै नेपालवाद का ॥१३॥

प्यारी नेपाल आमा का करुणामृत ले सरी ।
नेपाली छहरा द्वारा यो भरिन्छ नि बेसरी ॥१४॥

एकातर्फ छ मैदान एकातर्फ पहाड छ ।
दुवै प्रकृति को दृश्य ताल लाई सुहाउँछ ॥१५॥

एकातर्फ छ है चीन अर्कातर्फ छ भारत ।
दुवै का साथ को मैत्री हामी लाई सुहाउँछ ॥१६॥

राम्रा उन्नत भूभाग ताल का दुइ तर्फ का ।
चीन भारत झैं लाग्छन् मित्र राष्ट्र अनादि का ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपैस्तु भिन्ना दृश्यन्ते सरः शुक्ला हिमालयाः ।
सुखमेकं प्रयच्छन्ति ब्रह्मविष्णुशिवा इव ॥८॥

स्वच्छस्फटिकवद्रम्यं शिशुमानसनिर्मलम् ।
दृश्यते परितश्चैकं गम्भीरं कविभाववत् ॥९॥

अत एतत् सरो दृष्ट्वा मज्जन्तोऽत्र जले वयम् ।
पिबन्तो जलमस्यैव जीवनं स्वं क्षयेमहि ॥१०॥

सरहस्यो दृश्यतेऽत्र गाम्भीर्येण सरोवरः ।
वसन्ती गुप्तरूपेण हास्मन्नेपालचित्रिता ॥११॥

गम्भीरत्वमनुष्णत्वं मधुरत्वमिमे गुणाः ।
सरोवरे मिलन्त्यत्र महाभारतकाव्यवत् ! ॥१२॥

लहर्योऽध्यात्मवादस्य दृश्यन्ते निगमे यथा ।
तथा नेपालवादस्य दीर्घिकायां मिलन्त्यहो ! ॥१३॥

प्रियनेपालमातुश्च यथैव करुणामृतैः ।
नेपालनिर्झरैरेतत् सरः संपूर्यते तथा ॥१४॥

समस्थली चैकतोऽस्ति चान्यतो विषमस्थली ।
उभयोः प्राकृतं दृश्यं दीर्घिकायां सुशोभते ॥१५॥

उत्तरे चीनदेशोऽस्ति ह्यन्यतो भारतो महान् ।
उभाभ्यां सह मैत्री चेदस्माकं शोभना भवेत् ॥१६॥

दीर्घिकापार्श्वयो रम्यावुन्नतौ पर्वतावुभौ ।
चीनभारततुल्यौ स्तः प्राचीनमित्रतायुतौ ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बीच मा ताल यो लाग्छ हाम्रै राष्ट्र बरोवर ।
पूर्व तर्फ सुकी केहि फुकेको पश्चिमै तिर ॥१८॥

राजधानी जहाँ पर्छ मानूँ नापी वहीं निर
यहाँ वनाइएको छ राजन्य रत्न मन्दिर ॥१९॥

यो मन्दिर वनेको हो ताल को छवि चाखन ।
केहि चाहिन्न यो राम्रा ताल लाई सिँगारन ॥२०॥

ताल को चाल देखेर विदेशी माग्दछन् वर ।
ताल का छेउ मा देऊ जन्म हे परमेश्वर ॥२१॥

राष्ट्रगीत पुकारे झैं ताल का दुई तर्फ का ।
छहरा प्रेम ले गर्छन् मधुर ध्वनि सर्वदा ॥२२॥

राष्ट्रिय प्रार्थना गर्दा उठेका जनता सरी ।
भई शान्त उठेका छन् ताल छेउ वनस्पति ॥२३॥

नेपाली जनता मा छ जस्तो सुन्दर एकता ।
ताल का विन्दु विन्दु मा उस्तै नै छ अभेद्यता ॥२४॥

चन्द्र औ सूर्य को छायाँ ताल का माझ मा परी ।
देखिन्छ ताल नेपाली राष्ट्रिय ध्वज कै सरी ॥२५॥

झण्डा फरफराए झैं फिर्फिरी फिर्फिरी गरी ।
तरंग जल का चल्छन् वायु का वेग ले गरी ॥२६॥

किनारा गहिरा नीला देखिन्छन् दूर बाट र ।
झण्डा को उपमा खोज्न पर्दैन दौडनु पर ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तयोर्मध्ये दीर्घिकेयं भाति नेपालभूरिव ।
लघ्वाकारा पूर्वदिशि पश्चिमायां सुविस्तृता ॥१८॥

मापने दृश्यतेऽत्रैव यत्राऽस्ति काष्ठमण्डपः ।
तत्रैव निर्मितं रम्यं राजन्यं रत्नमन्दिरम् ॥१९॥

सरश्छविं दर्शयितुं सैषा मन्दिरनिर्मितिः ।
रम्यं सरो भूषयितुं किमप्यावश्यकं न हि ॥२०॥

चालं दृष्टा दीर्घिकाया वैदेशा वरयाचकाः ।
'दीर्घिकानिकटे जन्म देहि नः' प्रार्थयन्त्यहो ! ॥२१॥

राष्ट्रगीतमिवात्यर्थं सरश्चोभयतःस्थितौ ।
निर्झरौ कुरुतः प्रेम्णा सर्वदा मधुरध्वनिम् ॥२२॥

राष्ट्रियां प्रार्थनां कर्तुमुत्थिता जनता यथा ।
सरस्तीरे वनौषध्यः शान्ता भूत्वा तथोत्थिताः ॥२३॥

यथैकता सुरम्याऽस्ति नेपालजनमानसे ।
तथैवाभेद्यता दृष्टा दीर्घिकाजलबिन्दुषु ॥२४॥

सूर्याचन्द्रमसोश्छाया दीर्घिकामध्यगा यदा ।
राष्ट्रियध्वजवद्रम्या दीर्घिका दृश्यते तदा ॥२५॥

यथैव वायुवेगेन ध्वजोऽयं फर्फरायते ।
तथैव फर्फरायन्ते दीर्घिकाजलवीचयः ॥२६॥

नीलाकारा विदृश्यन्ते सुदूराद्दीर्घिकातटाः ।
राष्ट्रध्वजोपमार्थं तु नाराद्धावनमिष्यते ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घरी घरी उठी छाल जय नेपाल भन्दछन् ।
ताल का देवता देवी राष्ट्र नायक बन्दछन् ॥२८॥

वन जान्छन् यहाँ छोरी कि हात बहना लिई ।
कि बहाना दिई जान्छन् इच्छा मिलन को लिई ॥२९॥

लिएर बहना यौटा यहाँ हिँडछन् कुनै जन ।
तालपारी कुनै हिँडछन् एस्तै हो जनजीवन ॥३०॥

नौ-का-देश तवै लाग्छन् आत्तिई ढल्पलाउन ।
भिन्नै सिद्धान्त का पाटी जब लाग्छन् खियाउन ॥३१॥

एसैले बढिया यौटै कर्णधार बनाउनू ।
साना नौकाहरू लाई उसै बाट खियाउनु ॥३२॥

पा ताल कि न पा ताल सारा संसार मा डुली ।
पाताल मै तँ जा किन्तु न पा ताल यहाँ सरी ॥३३॥

अहो हिमशिला टेक्दै ओर्लंदै मस्त भै कन ।
आउँथिन् पार्वती देवी जहाँ नित्य नुहाउन ॥३४॥

हिम ले ठिहिऱ्याएका कलीला चरणै कन ।
पखाल्थिन् हिमबाला ले जहाँ गौर गराउन ॥३५॥

जहाँ प्रणय को पूजा गर्दथे वन्य बालिका ।
लुकाई कन्दरा भित्र पार्वती हरितालिका ॥३६॥

यो तेहि भूमि हो भन्ने जब हुन्छ नि सम्झना ।
मन गद्गद भै नाच्छ उर्लन्छ भक्तिभावना ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वदन्ति 'जयनेपालं' तरङ्गास्तत्र निर्गताः ।
सरो मध्यस्थितो विष्णुर्भवेत् किं राष्ट्रनायकः ॥२८॥

क्षेपर्णीं हस्त आदाय किं गच्छन्ति वनं सुताः ।
किं वा कैतवमादाय यान्ति ता मिलनेच्छया ॥२९॥

नौकामेकां गृहीत्वाऽत्र जनाः केचिच्चरन्त्यहो ! ।
सरः पारङ्गताः केचिदित्येतज्जनजीवनम् ॥३०॥

नौकादेशं समारूढा जना मज्जन्ति जीवने ।
भिन्न-सिद्धान्त-पाटीभिश्चालयन्ति तरन्ति चेत् ॥३१॥

अतः सुधीवरो नेता कर्णधारो नियुज्यते ।
नौकादेशान्नियम्यैष सम्यग्रूपेण तारयेत् ॥३२॥

संसारे सञ्चरँस्तस्य चालं जानीहि वा न वा ।
पाताले याहि किन्तु त्वं सर इत्थं न लप्स्यसे ॥३३॥

अहो ! हिमशिलारूढावरोहन्तीव मोहिता ।
नित्यस्नानार्थमायाता पार्वतीहैव सर्वदा ॥३४॥

हिमशीतहतौ पादौ कोमलौ पल्लवोपमौ ।
अत्र प्राक्षालयद् गौरी गौरं कर्तु पदद्वयम् ॥३५॥

वन्यबाला इहागत्याकुर्वन् प्रणयपूजनम् ।
गिरिकन्दरमाच्छाद्य पार्वती हरितालिकाम् ॥३६॥

यदा मनः संस्मरति सैषा गौरवभूरियम् ।
तदोच्छलति भक्तिर्मे हृन्नृत्यति सगद्गदम् ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बनाई जल का साथी जलहंस थरी थरी ।
डुबुल्की लाउँदै खेल्दै गौरी सर्वांग सुन्दरी ॥३८॥

जव विश्राम का लागी आउँथिन् तट कुञ्ज मा ।
डाँडा माथी वसी चित्र खिच्दथे सूर्य चन्द्रमा ॥३९॥

हिमाल तिर फर्कर फर्कंदा ताल का तिर ।
यो पार्वती-पँधेरो हो भन्न आश्चर्य लाग्छ र ? ॥४०॥

भन्छन् नेपाल मा छैन एउटै पनि सागर ।
तर सागर को शोभा ताल तुल्य कहाँ छ र ? ॥४१॥

होलान् सागर मा रत्न छ यहाँ रत्न मन्दिर ।
होलान् टापू वहाँ फोस्रा यहाँ वाराह-धाम छ ॥४२॥

डरलाग्दा तरंगै को होला आगार सागर ।
यहाँ तरंग छन् साह्रै मसीना र मनोहर ॥४३॥

धमीलो नूनिलो तातो होला सम्पूर्ण सिन्धु त ।
सङ्लो मीठो सफा चीसो ताल को विन्दु विन्दु छ ॥४४॥

जल जन्तु वहाँ होलान् साह्रै घोर भयंकर ।
यहाँ छन् लाम्चिला आँखा जस्ता माछा मनोहर ॥४५॥

एत्ति ले हुन्छ नेपाल सानो संसार मा यदि ।
हाँसेरै सहनू पर्ला अपमान परे जति ॥४६॥

हेर यो ताल को ताल कस्तो चाल रचाउँछ ।
चन्द्रलोक खिँची याहीं नौलो नाच नचाउँछ ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्माय जलमित्राणि राजहंसान् विभिन्नकान् ।
निमज्योन्मज्य सरसि गौरी सर्वाङ्गसुन्दरी ॥३८॥

तडागतटकुञ्जेषु विश्रामार्थं यदाऽऽगता ।
अस्तोदयाद्धि सोमार्कौ तदा चित्रमकर्षताम् ॥३९॥

हिमालयोन्मुखः पूर्वं तत्पश्चाद्दीर्घिकोन्मुखः ।
वक्तुं शक्नोति को गौर्याः प्रपेयं दीर्घिका किमु ? ॥४०॥

नेपाले 'सागराभावो विद्यत' इति कथ्यते ।
शोभा तु दीर्घिकातुल्या समुद्रस्य कुतो भवेत् ॥४१॥

रत्नमन्दिरमत्रास्ति सन्ति रत्नानि सागरे ।
व्यर्था द्वीपास्तत्र सन्तु चेह वाराहधामकम् ॥४२॥

आगारो घोरभङ्गानां भवेद् यद्यपि सागरः ।
अत्र सूक्ष्मतमाः सन्ति तरङ्गाः सुमनोरमाः ॥४३॥

दूषितो लवणस्तप्तो भवेत् सिन्धुः सदैव चेत् ।
मधुरं शीतलं स्वच्छं निर्मलं दीर्घिकाजलम् ॥४४॥

घोरा भयङ्कराः सन्ति सागरे जलजन्तवः ।
आयतलोचनाकारा मीनाः सन्त्यत्र सुन्दराः ॥४५॥

किमेतेन भवेन्न्यूनो नेपालो जगतीतले ।
सहामहै विहस्यैव चापमानो भवेद्यदि ॥४६॥

पश्यास्य सरसो रीतिं चालं निर्माति कीदृशम् ।
चन्द्रलोकं समाकृष्य नृत्यं नर्तयते नवम् ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आकाशे बिजुली द्वारा दीपमाला जगाउँछ ।
छहरा को चिसो पानी पिई मस्त अघाउँछ ॥४८॥

अरु राकेट कल्पेर जान्छन् रे चन्द्रलोक मा ।
ताल मा आउँछन् आँफै घुम्न का निम्ति चन्द्रमा ॥४९॥

उही व्योम उही तारा उनै चन्द्र सुधाकर ।
ताल मा देखिँदा खेरि मन मा पर्छ अल्मल ॥५०॥

तल को हो कि आकाश माथी को दृश्य हो भनी ।
छुटचाउन ढिलो गर्छन् कवि का कविता पनि ॥५१॥

ती झिल्के चन्द्रमा लाई आफ्नो सौन्दर्य हेरन ।
दिएछन् विधि ले मानू एस्तो सुन्दर दर्पण ॥५२॥

जल दर्पण ले आयु घट्छ भन्छन् यथार्थ मा ।
किन बाँचिरहेका त ताल हेरेर चन्द्रमा ? ॥५३॥

अथवा चन्द्रमा लाई जलक्रीडा गरून् भनी ।
दिएछन् विधि ले ताल धन्य हौ चन्द्रमा तिमी ॥५४॥

लिएर साथ मा धेरै तारा चन्द्रमुखीहरू ।
अनन्त स्वर्ग को सौख्य भोग्दछन् चन्द्रमा बरू ॥५५॥

सूर्य का प्रेयसी थोरै प्रभा सन्ध्या र पद्मिनी ।
चन्द्र का प्रेयसी तारा कल्ले सक्छ र खै गनी ? ॥५६॥

ती तारा दुलही पाई ताल दर्पण पाउनू ।
रहेछौ भाग्यमान् चन्द्र ? महिमा कति गाउनू ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्युत्वती दीर्घिकाऽस्ति प्रदीप्ता मेघविद्युता ।
शीतं जलं निर्भरस्य पीत्वाऽस्ति भरितोदरम् ॥४८॥

कल्पयित्वा व्योमयानं यान्त्यन्ये चन्द्रमण्डलम् ।
भ्रमितुं दीर्घिकायां किं स्वयमायाति चन्द्रमाः ॥४९॥

तद् व्योम तारकास्ता हि चन्द्रमेनं सुधाकरम् ।
दीर्घिकान्तर्जले दृष्ट्वा भ्रमो भवति मानसे ॥५०॥

अधो भाति किमाकाशमुच्चैरस्ति न वेति किम् ?
विनिश्चेतुं विलम्बन्ते कवीनां कविता अपि ॥५१॥

नटवच्चञ्चलं चन्द्रं मुखं द्रष्टुमहो ! किमु ? ।
अदाद् विधाता किमिदं स्वच्छं सुन्दरदर्पणम् ॥५२॥

वदन्त्यायुः क्षयं याति पश्यतो जलदर्पणम् ।
सरः प्रपश्यन् हि कथं जीवितश्चन्द्रमाश्चिरम् ॥५३॥

न तदित्थं चन्द्रमसे जलक्रीडां करोत्विति ।
अदात् सरो विधाता किं धन्यस्त्वमसि चन्द्रमाः ॥५४॥

बहुतारायुवतिभिः सह चन्द्रः सदैव हि ।
अनन्तस्वर्गसौख्यानि ह्युपभुङ्क्ते सदैव सः ॥५५॥

सूर्यप्रियतमाः स्वल्पाः प्रभा-सन्ध्या च पद्मिनी ।
चन्द्रप्रियतमास्ताराः संख्यातुं पारयेत कः ॥५६॥

तारावधूरभिप्राप्य दीर्घिकादर्पणायनम् ।
भाग्यवानसि चन्द्रस्त्वं गातव्यो महिमा कियान् ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिन मा दुनियाँ देख्लान् दुलही सँग खेलदा ।
मानूँ यै लाज ले खेल्छौ रात मा ताल मा सदा ॥५८॥

लिएर नक्कली रूप हामीलाई भुलाउन ।
आकाश मा पनि बस्छौ तारा कुञ्ज डुलाउन ॥५९॥

साँच्चै को रूप त्यो तिम्रो ताल कै भित्र आउँछ ।
अनेकौं युवती-तारा साथ मा ली रमाउँछ ॥६०॥

माथी का नक्कली रूप चित्र झैं चुपचाप छन् ।
ताल का सक्कली रूप हेर कस्तरि नाच्तछन् ? ॥६१॥

माथी ता नचली बस्नु ताल मा छम्छमाउनु ।
तर्क का दृष्टि ले हेर्दा छायाँ हो कसरी भनूँ ? ॥६२॥

माथी आकाश नीलो छ तल नीलो छ सागर ।
तारा छन् चन्द्र छन् दिव्य झलमल्ल दुवै तिर ॥६३॥

दुवै मा एउटै कान्ति दुवै अत्यन्त सुन्दर ।
भेद यो छ कि देखिन्छन् ताल का चन्द्र चञ्चल ॥६४॥

ताल कै चन्द्रमा लाई साँच्चै का चन्द्रमा भनी ।
छर्दछन् छहरा अर्घ्य फूल ती लहरा पनि ॥६५॥

फूल औ अर्घ्य पाएर अति हर्ष भए सरी ।
लाग्दछन् चन्द्रमा नाच्न ताल भित्र कला छरी ॥६६॥

चन्द्रमा नाच्न थाले कि टल्कन्छ ताल को जल ।
टल्केको जल ले पार्छ मन को गति चञ्चल ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिवसे जनता पश्येत् वध्वा केलियुतं च माम् ।
इति मत्वा लज्जया किं रात्रौ सरसि मोदसे ॥५८॥

रूपान्तरं गृहीत्वा किं वास्मान् मोहयितुं भवेत् ।
तारकाभी रहः स्थित्वा गगने चावभाससे ॥५९॥

सत्यं तदेव ते रूपं दीर्घिकान्तर्जले भवेत् ।
अनेकयुवताराभिः सहैवातिप्रमोदते ॥६०॥

उच्चैः कृत्रिमरूपाणि चित्राणीव स्थितानि किम् ?
सरःस्थसत्यरूपाणि कथं नृत्यन्ति पश्यत ? ॥६१॥

उच्चैःस्थमचलं रूपं सरःस्थं मृदुनर्तनम् ।
तर्कदृष्टया विचारेण छायेति कथमुच्यते ॥६२॥

नीलमाकाशमुपरि नीचैर्नीलः सरोवरः ।
चन्द्रमास्तारकाः सन्ति विभ्राजन्त इतस्ततः ॥६३॥

उभयोः कान्तिरेकैव चन्द्रौ द्वावेव शोभनौ ।
एक एवास्ति भेदोऽयं सरश्चन्द्रोऽस्ति चञ्चलः ॥६४॥

सरःस्थमेनं चन्द्रं हि सत्यं चन्द्रोऽयमित्युत ।
अर्घ्याणि निर्झरा रान्ति पुष्पाणि लतिका अपि ॥६५॥

पुष्पाण्यर्घ्याणि संप्राप्य भृशं प्रमुदितः किमु ? ।
सकलः कुरुते नृत्यं सरसोऽन्तः कलाधरः ॥६६॥

इत्थं सुनर्तिते चन्द्रे दीप्यते सरसो जलम् ।
मनश्चञ्चलतामेति तद्दीपितजलेन किम् ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो कुना मा गई हेऱ्यो चन्द्रमा तिहिँ हाँस्दछन् ।
अलि टाढा पुगी हेऱ्यो वहाँ उस्तै तयार छन् ॥६८॥

एता चन्द्र उता चन्द्र तारा तेस्तै यता उता ।
देख्दा श्रीकृष्णलीला झैँ लाग्छ यो ताल को कथा ॥६९॥

हैन आकाश को मात्र ताल यो दिव्य दर्पण ।
धरती को पनि हो यो राम्रो अध्यात्म-दर्शन ॥७०॥

छायाँ का छहरा हेर छायाँ का हेर पर्वत ।
छायाँ का लहरा हेर कति सुन्दर दृश्य छ ॥७१॥

तल बाट उभो बग्ने छहरा एस भित्र छन् ।
'ऊर्ध्वमूलमधः शाखा' यहीं संसार-वृक्ष छन् ॥७२॥

कहीं पहाड चल्छन् त ताल मा हेर नाच्दछन् ।
कुरै छोडौं जहाँ प्राणी झुण्डिई पनि बाँच्दछन् ॥७३॥

टाढा को नजिकै बन्छ मरेको नि पलाउँछ ।
सुकेको हरियो बन्छ हरियो कल्कलाउँछ ॥७४॥

जे हेऱ्यो त्यै रसीलो छ जे हेऱ्यो त्यै पवित्र छ ।
साँच्चै को पोखरा हेर ताल का वक्ष भित्र छ ॥७५॥

माछापुच्छ्रे पनि आई ताल भित्र रमाउँछ ।
मानूँ माछाहरू बाट प्रेम स्वागत पाउँछ ॥७६॥

जता पुग्यो उतै दिन्छ छाया-दर्शन यो गिरि ।
अनेकौं तर्क गर्दा हुन् माछा आश्चर्य मा परी ॥७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्र कोणे गतो दृष्टस्तत्रैव स्मयते शशी ।
यत्किञ्चिद्दूरतो दृष्टस्तादृशो राजते पुनः ॥६८॥

इतश्चन्द्रस्ततश्चन्द्रस्तथा तारा इतस्ततः ।
दर्शने कृष्णलीलावदाभाति सरसः कथा ॥६९॥

न केवलं व्योम्न एतत् सरो हि मुकुरायितम् ।
एनत् पृथिव्याश्चाप्यस्ति रम्यमध्यात्मदर्शनम् ॥७०॥

छायाया निर्झरान् पश्य छायायाः पश्य पर्वतान् ।
छायाया लतिकाः पश्य सुन्दरं दृश्यते कियत् ॥७१॥

अधस्तादूर्ध्वगतयो निर्झराः सरसि स्थिताः ।
'ऊर्ध्वमूलमधः शाखा' इह संसारपादपाः ॥७२॥

स्थिताः सरसि पश्यास्मिन् नृत्यन्ति गिरयः क्वचित्
किं ब्रूमो यत्र वै देशे प्राणिनः सन्त्यधोमुखाः ॥७३॥

दूरो भवति नेदिष्ठः प्रमीतोऽपि प्ररोहति ।
शुष्को हारित्यमाप्नोति हरितोऽपि च फुल्लति ॥७४॥

यद् दृष्टं सरसं तच्च यद् दृष्टं तच्च पावनम् ।
यथार्थं पुष्करावंत्याः सरो वक्षसि राजते ॥७५॥

मत्स्यपुच्छोऽपि सम्प्राप्य सरोऽन्तः प्रविराजते ।
सर्वाभ्यो मत्स्यजातिभ्यः प्राप्नोति स्वागतादरम् ॥७६॥

इतस्ततो ददात्येष स्वच्छायादर्शनं गिरिः ।
आश्चर्यान्वितमत्स्यास्ते तर्कं कुर्वन्त्यनेकशः ॥७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मत्स्यावतार हो ठानी गाउँदा हुन् वरा स्तुति ।
'महामाछा नमस्तुभ्यम्' तिम्रै छ शरणागति ॥७८॥

तिम्रो पुच्छर् त एत्रो छ शिर कत्रो छ ईश्वर ? !
दिई दर्शन उद्धार माछा का जात को गर ॥७९॥

हामी पीडित छौं माछा ! ठूला जन्तुहरू सित ।
लाग्छ संसार नै हो कि ठूला का निम्ति निर्मित ॥८०॥

मान्छे भन्ने कुनै जन्तु हामीलाई सताउँछ ।
विना गल्ती पनिऽ हाम्रो ज्यान मारी चबाउँछ ॥८१॥

यो कस्तो छ भने माछा ! विचित्र व्यवहार छ ।
बगली मा छुरा तीखो मुख मा राम राम छ ॥८२॥

बोल्दा दया अहिंसा को लामो भाषण गर्दछ ।
खाँदा माछा र मासू ले अँध्यारो पेट भर्दछ ॥८३॥

माछा मारन का लागी जहाँ केन्द्र बनाउँछ ।
मस्त्य पालन का केन्द्र खोलेका गफ लाउँछ ॥८४॥

भव-सागर का भित्र वेद चोरेर भागने ।
यै जात हो महामत्स्य शंखासुर भने हुने ॥८५॥

तालपारी यसै वेला भेडा बाख्रा कराउँछन् ।
कुक्खुरी काँ गरी वारी कुखुराहरू बास्दछन् ॥८६॥

चर्न छाडेर आँ आँ इँ पाडा, राँगा कराउँछन् ।
जल माथी उडी चीँ चीँ चरा का गण गाउँछन् ॥८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किन्नु मत्स्यावतारोऽयमिति मत्वा स्तुवन्ति तम् ।
महामत्स्य ! नमस्तुभ्यं त्राहि नः शरणागतान् ॥७८॥

इयद् विशालं ते पुच्छं कियदीश ! शिरो भवेत् ।
उद्धारं कुरु मत्स्यानां देहिं नो दर्शनं प्रभो ? ॥७९॥

महद्भिर्जन्तुभिः र्नित्यं मीनाः स्मः पीडिता वयम् ।
लगत्ययं हि संसारो निर्मितो महतां कृते ॥८०॥

कश्चिन्मर्त्याभिधो जन्तुरस्मान् ताडयति भृशम् ।
अपराधं विनाऽस्माकं देहं हत्वा स चर्वति ॥८१॥

हे मीना ! मानुषाश्चित्रा विचित्रं व्याहरन्त्यहो ! ।
यत्पुटे निशितः क्षुरस्तन्मुखे रामनामकम् ॥८२॥

दयाऽहिंसाभाषणानि दीर्घाणि कुरुते मुखात् ।
भोजने मत्स्यमांसेन तुन्दं भरति कल्मषम् ॥८३॥

यत्र केन्द्रं रचयति मत्स्यानां मारणाय वै ।
तन्मत्स्यपालनं केन्द्रं निर्मितं लपतीह सः ॥८४॥

पुरा वेदं चोरयित्वा भवाब्धौ यः पलायत ।
स एवास्ति महामत्स्य ! मर्त्यः शङ्खासुरः किमु ? ॥८५॥

पारेसरोऽस्यां वेलायां क्रन्दन्तिच्छागमेषकाः ।
'कुक्खुरीका'मित्यवारे कुर्वते कुक्कुटा भृशम् ॥८६॥

रुवन्ति चरणं त्यक्त्वा महिषा महिषार्भकाः ।
दीर्घिकोपरि चोड्डीय 'चींचीं' गायन्ति पक्षिणः ॥८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानू ती सव को वोली एउटै भाव खोल्दछ ।
यी माछाहरू ले जे जे भने त्यो सब ठीक छ ॥८८॥

यो मान्छे नाम को जन्तु छ एस्तै अति निर्दय ।
हामीलाई पनि्ऽ काट्छ, मारी खान्छ सरासर ॥८९॥

मन ले रच्छ पाखण्ड मुख ले वेद भाक्दछ ।
रूप ले देवता जित्छ काम ले दैत्य लाग्दछ ॥९०॥

यो सुनेर महामत्स्य अवश्य छट्पटाउँछन् ।
मान्छे को ओखती छैन ठानी ज्ञान बताउँछन् ॥९१॥

"हे सत्यव्रत माछा हो ! ज्ञान दिन्छू यहाँ सुन ।
महाविराट हो ताल जीवात्मा हौं सबै जन ॥९२॥

मारे, मरे, मर्‍यौं भन्ने न ठानी मन्त्र यो जप ।
'नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः' ॥९३॥

ब्रह्म सत्यं जगन्मिथ्या कसैले यो बताउँछ ।
ब्रह्म मिथ्या जगत् सत्यं कसैको मनशाय छ ॥९४॥

तर हेर यहीं विश्व ताल बाहिर सत्य छ ।
फर्कंदा ताल का भित्र छायाँ हो कि त ? लाग्दछ ॥९५॥

अथवा कहिले मिथ्या कहिले सत्य बन्दछ ।
नेति नेति यसै निम्ति वेद ले पनि भन्दछ ॥९६॥

यद्वा यो ताल नै ब्रह्म ब्रह्म नै ताल हो गुन ।
ब्रह्म मा ताल मा कत्ति भेद छैन यहीं सुन ॥९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वेषां वचनं तेषां भावमेकं प्रकाशयेत् ।
वदन्ति यदमी मत्स्यास्तत् सर्वमुचितं ध्रुवम् ॥८८॥

मर्त्यनामाऽप्ययं जन्तुरीदृशोऽस्त्यतिनिर्दयः ।
कर्तित्वास्माँस्ततो हत्वा मांसं खादति सन्ततम् ॥८९॥

कल्पते मनसाऽकार्यं वेदं वक्ति मुखेन तु ।
रूपेण देवं जयति कर्मणा त्वसुरायते ॥९०॥

इत्थं श्रुत्वा महामत्स्यो भृशमुद्वेलितो हृदि ।
मर्त्यानामौषधं नास्ति मत्वा ज्ञानं दिशत्यहो ! ॥९१॥

'अये सत्यव्रता मीना ज्ञानं शृणुत मन्मुखात् ।
जीवात्मानो वयं सर्वे महाविराडिदं सरः ॥९२॥

अमारयन् मृता नैतन्मत्वा जपत मन्त्रकम् ।
'नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः' ॥९३॥

'ब्रह्म सत्यं जगन्मिथ्या' केचिदेतद् वदन्ति हि ।
'ब्रह्म मिथ्या जगत्सत्यं' केषाञ्चिन्मानसे त्विदम् ॥९४॥

सरसो बहिरालोके तत्सत्यं व्यावहारिकम् ।
सरसोऽन्तः परावृत्तौ मिथ्या वा पारमार्थिकम् ॥९५॥

यद्वा कदाचिन्मिथ्या स्यात् कदाचित्सत्यमेव हि ।
एतदर्थं 'नेति नेति' वेदेनापि प्रभाष्यते ॥९६॥

भवेदिदं सरो ब्रह्म यद्वा ब्रह्मैव किं सरः ।
ब्रह्मणि सरसि कश्चिद् भेदो नास्तीति बुद्धचताम् ॥९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्म ले जीव को सृष्टि माया द्वारा गराउँछ ।
ताल ले जल को वृष्टि मेघ द्वारा गराउँछ ॥९८॥

नित्य यो ताल मा स्नान गर्दै मा मुक्त छौं भनी ।
न ठान्नू कर्म ले मुक्ति मिल्दैन कहिले पनि ॥९९॥

कर्मकाण्ड त बाटो हो देह शुद्ध गराउने ।
ज्ञान हो मन को मैलो सारा साफ गराउने ॥१००॥

कि मेरो ध्यान नै गर्नु बुझ्दैनौ ज्ञान यो भने ।
मै हूँ ईश्वर माछा हो ! भुक्ति मुक्ति दिलाउने ॥१०१॥

मान्छे ईश्वर को रूप मान्छे जस्तै बनाउँछन् ।
निराकार पनिऽ ब्रह्म रूप त्यै लिई आउँछन् ॥१०२॥

न ईश्वर छ मान्छे झैं न माछा झैं छ मत्स्य हो ? ।
तै पनि भक्त ले जस्तो चितायों तेहि बन्छ यो ॥१०३॥

हेर ई छहरा कस्तो ताल मा भक्ति गर्दछन् ।
धाएर प्रेम ले नित्य गह मा आँसु भर्दछन् ॥१०४॥

छल्किन्छन् प्रेम का आँसु झल्किन्छन् विरह व्यथा ।
कल्पिन्छन् मन मा लाखौं प्रभुदर्शन का कथा ॥१०५॥

सल्किन्छ पाप को आगो जल्पिन्छन् तेज सात्विक ।
प्रभु दर्शन का निम्ति जब भक्ति उदाउँछ ॥१०६॥

मुमुक्षु शिष्य जस्ता ती माछा लाई भनी यति ।
पानी मा झिल्मिली गर्छन् माछापुच्छ्रे महा यति ॥१०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्रह्म जीवं रचयति माययैवेति पश्यत ।
सरो जलं वर्षयति पश्यताम्वुभृता भुवि ॥९८॥

नित्यस्नानेन सरसि मुक्ता इति कदाचन ।
न मानयध्वं मुक्तिस्तु कर्मणा न कदाचन ॥९९॥

कर्मकाण्डस्तु सरणिर्देहसंशुद्धिकारकः ।
सर्वं शोधयति क्षिप्रं ज्ञानमेव मनोमलम् ॥१००॥

यद्वा यूयं ध्यायत मामेतज्ज्ञानं भवेन्न चेत् ।
अहमस्मीश्वरो मत्स्यो भुक्तिमुक्तिप्रदायकः ॥१०१॥

मर्त्या ईश्वररूपं हि मर्त्याकारं प्रकुर्वते ।
निराकारं च तद् बह्म रूपं गृह्णाति तादृशम् ॥१०२॥

ईश्वरो मर्त्यवन्नास्ति मत्स्यवच्चापि नास्ति सः ।
किन्तु भक्तमनोरूपं ब्रह्म गृह्णात्यहो ! सदा ॥१०३॥

कुर्वते कीदृशीं भक्तिं झरा एते प्रपश्यत ।
धावित्वा प्रणयान्नित्यं सरस्यश्रु भरन्ति च ॥१०४॥

प्रेमाश्रूणि संपतन्ति लक्ष्यते विरहव्यथा ।
कथा आयान्ति मनसि लक्षशः प्रभुदर्शने ॥१०५॥

चकास्ति सात्त्विकं तेजो वह्निर्ज्वलति दुष्कृतौ ।
यदा प्रभोर्दर्शनार्थं भक्तिरुदयते हृदि ॥१०६॥

शिष्यान् मुमुक्षूनिव तान् मत्स्यानित्थं वदन् शनैः ।
विभ्राजते सरोजले मत्स्यपुच्छो महायतिः ॥१०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानू त्यै झिल्मिली गर्दा ताल मा छाल उठ्तछन् ।
सभा पछि उठी हिड्ने भीड झैं छेउ लाग्दछन् ॥१०८॥

मसिना मसिना उठ्छन् जब राम्रा तरंग ती ।
कवि को लेखनी उठ्छ तब राम्रा तरंग ली ॥१०९॥

हेर्दा हेर्दै अहा ! ताल मन मा भाव जाग्दछ ।
महा मूर्ख पनिऽ हाँसी कविता लेख्न लाग्दछ ॥११०॥

रेखा गणित जान्ने ले सम रेखा खिचे सरी ।
माछा को लहरी चल्छ ताल भित्र घरी घरी ॥१११॥

पानी मा पनि पानी को रेखा कलन चातुरी ।
माछा का वेग मा मात्र पाइन्छ विधि ले गरी ॥११२॥

माछा ले लहरी पार्दा सजीलै हो नि लाग्दछ ? ।
पानी मा पनि पानी कै रेखा को लेख्न जान्दछ ? ॥११३॥

मान्छे सिपालु हूँ ठान्छ माछा त्यो देखी हाँस्दछन् ।
विना डूँगा घुमी ताल मान्छे लाई गिज्याउँछन् ॥११४॥

पानी जहाज सिर्जेर किन नाक फुलाउँछौ ।
हाम्रा झैं नाचदै घुम्न पर्दा मुश्किल जान्दछौ ॥११५॥

भनेर मन मा एस्तो ती माछा जब नाच्दछन् ।
वैज्ञानिक पनिऽ थैय्य ! भनी नाक लुकाउँछन् ? ॥११६॥

टिलिक्क छातीv टल्काई मिलिक्क मिल्किईकन ।
खेल्दछन् आँफु ती माछा हर्दछन् अरु को मन ॥११७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नूनं विभ्राजने तस्मिन् सरो भङ्गायते जलम् ।
कूले लगन्ति मत्स्याश्च सभोत्थाने जना इव ॥१०८॥

उत्तिष्ठन्ते यदा सूक्ष्मास्तरङ्गास्ते सुखावहाः ।
कवेर्मनस्तरङ्गेण कलमोऽप्युत्थितस्तदा ॥१०९॥

दर्शं दर्शं दीर्घिकां वै भावो जागर्ति मानसे ।
महामूर्खोऽप्यत्र हसन् कवितां लिखतीव किम् ॥११०॥

रेखागणित विज्ञेन समरेखा यथा कृता ।
अन्तःसरसि मत्स्यानां लहर्यो भान्ति सर्वदा ॥१११॥

जलोपरि जलस्यैव रेखाकलनकौशलम् ।
नान्यत्र दृश्यते क्वापि मत्स्यवेगे तु लभ्यते ॥११२॥

जले मत्स्यकृता रेखा सरला लगतीत्यहो ! ।
जलोपरि जलस्यैव रेखां ज्ञात्वा लिखेच्च कः ॥११३॥

कुशलोऽस्मीति मन्वानं नरं मीना हसन्त्यहो ! ।
नावं विना सरः सर्वं भ्रमन्त्यवहसन्ति च ॥११४॥

जलयानं विनिर्माय किं कृतं बहु मन्यसे ।
अस्मादृशां नर्तनं तु युष्माकं कठिनायते ॥११५॥

एवं विचार्य मनसि मीना नृत्यन्ति ते यदा ।
वैज्ञानिका अपि 'थैय्ये'त्युक्त्वाऽऽकुञ्चन्ति नासिकाम् ॥११६॥

मीना देहान् चकासन्त उत्प्लवन्ते जलेऽपि च ।
मनोहरन्तीतरेषां खेलन्ति च परस्परम् ॥११७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती माछा उफ्रँदा होलान् ताल को दृश्य हेरन ।
भन्दछन् बिचरा मान्छे उफ्रेको सास फेरन ॥११८॥

सूर्यास्त को हवस् वेला साथ मा सुन्दरी हउन् ।
मजा को पाइयोस् डुङ्गी मजा का गीत गाइयून् ॥११९॥

मन्द मन्द चलोस् हावा मीठा मिष्टान्न खाइयून् ।
हलूका हुन् सबै वेश मर्यादा छोड्न पाइयून् ॥१२०॥

वन का फूल को वास्ना पनि सर्वत्र छाइयोस् ।
एति नौ ताल जोडेर ताल मा घुम्न पाइयोस् ॥१२१॥

कि त नौ ताल जोडेर ताल मा घुम्न पाइयोस् ।
कि त नौ ताल जोडेर ताल मा घुम्न पाइयोस् ॥१२२॥

अनि को खोजला स्वर्ग को राजा हुन खोजला ?।
को पेट्रोल र क्वैला का धूवाँ को देश रोजला ? ॥१२३॥

ताल का वीच मा टापू छ थुपुक्क अवस्थित ।
देवमन्दिर संयुक्त वृक्षवल्ली समन्वित ॥१२४॥

जलकल्लोल ले हान्छन् जव छल्छल छल्छल ।
स्वर्ग जाने डुँगा झैं यो हुन्छ ढल्पल ढल्पल ॥१२५॥

युवानयन का लागी मूर्ति-पूजन तत्पर ।
कुमारी र किशोरी का केन्द्र हुन्छन् दुई कर ॥१२६॥

ताल को केन्द्र यो टापू टापू को देवमन्दिर ।
देवमन्दिर को केन्द्र वाराही मूर्ति हो तर ॥१२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मीनास्ते प्लवमानाः स्युर्द्रष्टुं तत्र सरोजलम् ।
नरा वराका भाषन्ते- 'निश्वासार्थं समुत्थिताः' ॥११८॥

सूर्यास्तवेला भवतु कामिन्या सह मेलनम् ।
प्राप्नोतु नौसखी रम्या रुच्यं गीतं प्रगीयताम् ॥११९॥

मन्दः समीरश्चलतु भवेन्मिष्टान्नभोजनम् ।
लघवः सन्तु वेषाश्च मर्यादातिक्रमो भवेत् ॥१२०॥

सुगन्धो वनपुष्पाणां सर्वत्र प्रसृतो भवेत् ।
एवं नवानां योगेन सरसि भ्रमणं मिलेत् ॥१२१॥

पूर्वोक्तैर्नवभिस्तालैर्भ्रम्यासं किं सरोवरे ।
तत्त्वौघघनतालालिलयैर्वा नाविकैः स्वयम् ॥१२२॥

ततः काङ्क्षति कः स्वर्गं कश्च राजा बुभूषति ।
कः प्रदूषणधूमानां देशे गन्तुं समीहते ॥१२३॥

सरो मध्ये वराहस्य द्वीपोऽवस्थित एकलः ।
देवमन्दिरसंयुक्तो वृक्षवल्लिसमन्वितः ॥१२४॥

चलन्ति जलकल्लोला यदा तरिसमीपगाः ।
तरिः स्वर्गमने किं वा तथैवाऽऽभाति दर्शने ॥१२५॥

युवकानां नयनयोमूर्तिपूजनतत्परम् ।
सुकुमारिकुमारीणां केन्द्रं तत्र करद्वयम् ॥१२६॥

द्वीपोऽयं सरसां केन्द्रं तत्केन्द्रं देवमन्दिरम् ।
देवमन्दिरकेन्द्रं तु वाराही मूर्तिरस्त्यहो ! ॥१२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साँच्चै नै एसको शोभा एसैमा मात्र मिल्दछ ।
आकाश को जगत्रै मा उपमा किन मिल्छ र ? ॥१२८॥

अघि वराह ले ल्याई जल वाट धरा कन ।
राखेथे एसरी भन्ने नमूना हो भनौं कि म ? ॥१२९॥

कि भनौं यो नमूना हो पवित्र श्वेतद्वीप को ।
श्री विष्णुलोक को दिव्य क्षीरसागर भित्र को ! ॥१३०॥

अथवा मँ भनौं साक्षात् यो मणिद्वीप धाम हो ।
माताश्री भद्रकाली का भक्ति को परिणाम हो ॥१३१॥

तेसै ताल थियो राम्रो विघ्नै राम्रो मनोहर ।
वराह द्वीप को खाँचो के थियो र यहाँ तर ॥१३२॥

असाध्यै नक्कली रैछ सृष्टिकर्ता महेश्वर ।
सिँगार्‍यो ताल का बीच थपी यो द्वीप सुन्दर ॥१३३॥

राख्नू रे दूध मा मिश्री घिउ वासमती महाँ ।
दिनू रे गहना राम्री युवती का शरीर मा ॥१३४॥

राजा को गाइनू कीर्ति जेठा ले राज्य पाउनू ।
यो टापू ताल मा बन्नू ब्रह्मा को विधि के भनूँ ? ॥१३५॥

छलक्क छल्किई पानी द्वीप मा जब नाच्तछ ।
यो द्वीप विधि को नौलो सृष्टि को रूप लाग्दछ ॥१३६॥

हावा चल्यो उठे छाल डूँगा ढल्पल ढल्कियो ।
मन मा किन हो कुन्नि विरहानल सल्कियो ॥१३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्यं हि सरसः शोभा सरस्येव मिलत्यहो ।
आकाशस्योपमा विश्वेऽन्वेषणेऽपि मिलेत् कुतः ॥१२८॥

पुरा वराहरूपेणोद्धृता भूमिर्जलादियम् ।
अत्र संरक्षिता चेत्थं दृष्टान्तार्थेऽत्यजत् किमु ? ॥१२९॥

विष्णोर्भगवतो रम्यः श्वेतद्वीपः किलास्ति हि ।
दृष्टान्त एष किं तस्य को ज्ञातुं शक्नुयादमुम् ॥१३०॥

अहं वदान्यसौ किं वा मणिद्वीपः सुरम्यकः ।
श्रीभद्रकाल्या मातुश्च भक्तेः सुपरिणामकम् ॥१३१॥

स्वयमेव सरो रम्यमासीदतिमनोहरम् ।
नासीदावश्यकं चात्र वराहद्वीपसर्जनम् ॥१३२॥

परन्त्वीशः सृष्टिकर्ता कृत्रिमोऽस्ति किमत्र हि ।
रम्यं द्वीपं सरोमध्ये दत्वा संभूषितं सरः ॥१३३॥

दुग्धं सशर्करं तद्वद् वासमत्यौदने घृतम् ।
सुन्दररमणीदेहे दीयन्तां भूषणानि च ॥१३४॥

राज्ञः सुकीर्तिगानं च राज्ये ज्येष्ठाभिषेचनम् ।
सरसि द्वीपनिर्माणं विधानं कीदृशं विधेः ॥१३५॥

यदा नृत्यति तद्द्वीपे जलभङ्गः समुच्छलन् ।
सृष्टेर्नवीनं रूपं हि विधेर्द्वीपो भवत्ययम् ॥१३६॥

अचलत् पवनो भङ्गा उत्थिता कम्पिता तरिः ।
विरहानल उद्भूतो न जाने मानसे कथम् ॥१३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हलूका पंख को सेतो शरीर जल हंस को ।
ताल मा जब निर्धक्क पीङ खेल्छ तरंग को ॥१३८॥

देखिन्छ तेसको छुट्टै जल-चंचल माधुरी ।
सेता कमल का फूल हावा मा हल्लिए सरी ॥१३९॥

यो ताल कसरी जन्म्यो ? कसरी द्वीप यो बन्यो ?
कसरी भरियो पानी ? शंका उठ्छ जति भन्यो ॥१४०॥

स्वर्ग को उपमा होला होला वैकुण्ठ को बरु ।
वाराह द्वीप को जस्तो छैन दृश्य कहीं अरू ॥१४१॥

जाली पापी कुनै बाँध बाँध प्रेम सबै महाँ ।
भन्ला झैं ताल को बाँध झल्किन्छ अग्नि कोण मा ॥१४२॥

बनेको ह्वैन यो बाँध ताल लाई भराउन ।
पछि बनाइएको हो खेती बाली लगाउन ॥१४३॥

एघारै रुद्र का निम्ति जलधारा दिए सरी ।
यहाँ एघार धारा छन् बगेका बेग ले गरी ॥१४४॥

बाँध हेर्न गए देखि बाँधनै अभिराम छ ।
टापू हेर्न गए उस्तै टापू नै सुखधाम छ ॥१४५॥

न यहाँ गाउँछन् पन्छी न यहाँ फूल फुल्दछन् ।
न यहाँ झरना झर्छन् मान्छे तै पनि भुल्दछन् ॥१४६॥

हिमाल, गण्डकी-शुक्ला, वन नन्दन कानन ।
नसम्झ ताल मा आई हेलाँ गर्दछ यो मन ॥१४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लघुपक्षगमं श्वेतं जलहंसशरीरकम् ।
दीर्घिकायां सुविश्वस्तं दोलायति तदुर्मिषु ॥१३८॥

तदा संदृश्यते भिन्नं माधुर्यं जलचञ्चलम् ।
श्वेतानि पद्मपुष्पाणि दोलायन्ति यथानिले ॥१३९॥

इदं सरः कथं जातं ? द्वीपोऽयं निमितः कथम् ? ।
कथमापोऽतिभरिताः शङ्कोदेति पदे पदे ॥१४०॥

भवेत् स्वर्गोपमा क्वापि वैकुण्ठस्योपमा भवेत् ।
वाराहद्वीपसदृशं दृश्यमन्यन्न कुत्रचित् ॥१४१॥

वधान जालिनं पापं सर्वत्र प्रेमबन्धनम् ।
वदतीव सरोबन्धो वह्निकोणे चकास्त्यहो ! ॥१४२॥

सरो विभर्तुं बन्धोऽयं निर्मितो न कदाचन ।
सस्यानां सेचनार्थं हि लोकैः पश्चाद् विनिर्मितः ॥१४३॥

अत्रैकादशरुद्रेभ्यः पयोधाराप्रदा इव ।
एकादश सन्ति धारा प्रवहन्त्यः प्रवेगतः ॥१४४॥

द्रष्टुं गते सरोबन्धं बन्धोऽयमभिरामकः ।
द्रष्टुं गते सरोद्वीपं द्वीपोऽयं सुखधामकः १४५॥

नेह फुल्लन्ति पुष्पाणि नेह गायन्ति पक्षिणः ।
झरन्ति निर्झरा नेह किन्तु मुह्यन्ति मानुषाः ॥१४६॥

हिमालय ! तथा शुक्ले ! वन ! नन्दन ! कानन ! ।
न स्मरत सरः प्राप्य मानसं वोऽवहेलयेत् ॥१४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

करराई कान का कीरा खान्छन् रे वन का चरा ।
चीसो स्याँठ चलाएर वस्छन् रे हिम-टाकुरा ॥१४८॥

हीलै हीलो छ रे राम्रो पद्म को पोखरी अनि ।
कराई सब को सातो खान्छिन् रे गण्डकी पनि ॥१४९॥

विझ्छन् रे वन मा काँडा जन्तु को डर लाग्छ रे ।
फल जाबो जती खायो उत्ति नै भोक जाग्छ रे ॥१५०॥

थकाई लागदा घुम्न डूँगा पाइन्न क्यै गरी ।
ताल का सामु मा पर्छ फीका सम्पूर्ण माधुरी ॥१५१॥

हावा ले छाल उर्लिन्छ डूँगा उर्लिन्छ छाल ले ।
डूँगा ले मन उर्लिन्छ मस्त संत्रस्त चाल ले ॥१५२॥

ताल का काख मा टापू, टापू का काख मा तिमी ।
र तिम्रा काख मा राम्रा कविता वा सुवासिनी ॥१५३॥

जहाँ भए पनिऽ कल्प दृश्य यो अति सुन्दर ।
टाढा छौ पोखरा हेर्ने यदि मिल्दैन फुर्सद ॥१५४॥

उपर्युक्त सबै सेवा फेवा को मात्र हो तर ।
पोखरा मा अनेकौं छन् ताल एस्ता मनोहर ॥१५५॥

कुनैको नाम हो रूपा कुनैको वेगनाश हो ।
ठूला साना त जे जे छन् यो शोभा एकनास हो ॥१५६॥

रूपा को रूप झिल्के छ छ बेग्लै वेगनाश को ।
फेवा प्रकृतिको पेवा के खोजी अरु तालको ॥१५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कटु क्वणन्तः कर्णेषु जल्पन्ति वनजाण्डजाः ।
हिमकूटा वसन्त्यत्र वाहयन्तो जडानिलान् ॥१४८॥

पद्मपुष्करिणी रम्या भाति पङ्कमयी तथा ।
सशब्दा गण्डकी चात्र निःशब्दान् कुरुते जनान् ॥१४९॥

वने च कण्टकाकीर्णे जन्तुभ्यो दरमस्त्यपि ।
फलेऽधिके भक्षितेऽपि क्षुधा जागर्ति तावती ॥१५०॥

नौ-सखा नैव मिलति भ्रमितुं श्रम उद्गते ।
सरसोऽग्रे शून्यमिव भवेत् सम्पूर्णमाधुरी ॥१५१॥

भङ्गायते वायुवेगान्नौरुच्छलति भङ्गतः ।
वायुवेगाच्च भङ्गाच्च तरण्या मन उच्छलेत् ॥१५२॥

द्वीपो भाति सरःक्रोडे द्वीपोत्सङ्गे भवानथ ।
भवदङ्के भवेद् रम्या कविता वा सुवासिनी ॥१५३॥

यत्र कुत्र स्थितो वापि दृश्यं कल्पय सुन्दरम् ।
दूरस्थः पोखरां द्रष्टुं लभसेऽवसरं न चेत् ॥१५४॥

उपर्युक्ता सर्वसेवा फेवायाः सरसोऽस्त्यपि ।
सरांसीत्थं सुशोभन्ते पोखरायां बहूनि च ॥१५५॥

कस्य चिन्नाम रूपास्ति वेगनाशं तु कस्यचित् ।
सरो विशालं लघु वा शोभैकैवास्ति शोभना ॥१५६॥

रूपारूपं चित्रमस्ति वेगनाशस्य भिन्नकम् ।
फेवारूपं प्राकृतिकं किं मृग्याणीतराणि तु ॥१५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हेर्‍यौं हिमाल नजिकै यसरी विशाल,
यो ताल को प्रकृति-सुन्दर चाल माल ।
जाऊँ सखे ! अब उता तिर पद्मिनी छन्,
झिम्काउँदै नयन चित्त भुलाउनिन् झन् ॥१५८॥

(इति षष्ठः सर्गः)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृष्टं यथा विपिनपर्वतमध्यवर्ति-
दृश्यं तथैव सरसोऽधिकसुन्दरत्वम् ।
गच्छाम हे प्रियसखे ! त्वितरत्र पद्म -
शोभा चकास्ति वहु तां नयनैः पिवेम ॥१५८॥

(इति षष्ठः सर्गः)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कमल पोखरी

अहो ! ईशान मा राम्रो सानो कमल-पोखरी ।
गमक्कै छ नि गम्केको मोहिनी दृश्य ले गरी ॥१॥

यहाँ का फूल को दृश्य अत्यन्त अभिराम छ ।
यो दृश्य हेर्न जाने मा बाँकी विश्व विकाम छ ॥२॥

पोखरा मा जसै रातो सूर्य को ज्योति पर्दछ ।
एता कमल ई फुल्छन् उता हिमाल खुल्दछ ॥३॥

हिमाल ले र शुक्ला ले पोखरा सुन कै थियो ।
पद्म-पुष्कर ले गर्दा सून माथी सुगन्ध भो ॥४॥

ज्यादै विस्तृत यो छैन छैन यो साँगुरै पनि ।
जस्तो चाहिनु पर्ने हो छ उस्तै रूप को धनी ॥५॥

ठूलो मेला यहाँ लाग्छ आउँदा नागपञ्चमी ।
तैपनि दर्शनार्थी को यहाँ हुन्न कबै कमी ॥६॥

नारी पुरुषका निम्ति एकै हो नाग पञ्चमी
तैपनि नरको यात्रा कम्ति नै देखिंदो छ नि ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुष्करिणी

पद्मपुष्करिणी रम्येशानकोणेऽस्ति सा तनु ।
चकास्ति मोहनं दृश्यं पद्मानां कुसुमैरिह ॥१॥

अत्र स्थितं पुष्पदृश्यमतीव सुमनोहरम् ।
प्राप्तयोश्चक्षुषोरत्र सर्वं विश्वं निरर्थकम् ॥२॥

पोखरायां यदा रक्तं सौरज्योतिः पतत्यपि ।
तदा पद्मगणो भाति हिमशैलश्चकास्त्यपि ॥३॥

शुक्लया च हिमालेन पोखरा स्वर्णनिर्मिता ।
तत्र पद्मपुष्करिण्याः स्वर्णस्योपरि सौरभम् ॥४॥

नातिदीर्घा न चादीर्घा पद्मपुष्करिणी त्विह ।
अपेक्षितं यथारूपं रूपाढ्या तादृशीह सा ॥५॥

प्राप्तायां नागपञ्चम्यां जनयात्रा विभात्यहो ।
तथापि दर्शनार्थीनां न्यूनता न कदाचन ॥६॥

नारीभ्यः पुरुषेभ्यश्च समाना नागपञ्चमी ।
तथापि पुरुषाणां हि यात्रा न्यूनेह दृश्यते ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चामलै मा बियाँ जस्तै एउटा दुइटा नर ।
आते पाते गरी हिंड्छन् छोडी संस्कृति सुन्दर ॥८॥

अथवा मन मा धर्म भए के कर्म चहियो ? ।
अथवा कर्म नै छैन भने के धर्म पाइयो ? ॥९॥

मेला को दिन यो जैह्ले पोखरा आइपुग्दछ ।
नारी पुरुष को शोभा तैह्ले राम्ररी खुल्दछ ॥१०॥

चिल्ला चामल झैं नारी फुर्सा छन् धान झैं नर ।
नारी का रूप का सामू लोग्ने मानिस के छ र ? ॥११॥

धर्म वर्त पूजा पाठ उपास हरिकीर्तन ।
इत्यादि कार्य मा धेरै जुट्तछन् महिलाजन ॥१२॥

झगडा तगडा मा र कुट्ने पिट्ने प्रसँग मा ।
लोग्ने मानिस को भाग छुट्टिन्छ धेर देश मा ॥१३॥

स्वर्ग का अप्सरा जस्ता नेपाली युवतीहरू ।
तीर्थ गर्न जसै हिंड्छन् उन्को वर्णन के गरुँ ? ॥१४॥

छिनेको बारुले कट्टी पोटिला स्तन-मण्डल ।
तीर्थ जाँदा पनिऽ लान्छन् तिनको काम के छ र ? ॥१५॥

पहिल्यै तीर्थ मा पुग्छन् हंस झैं गति चालदै ।
तीर्थदेव कनै ढोग्छन् किन्नरी सरि नाचदै ॥१६॥

आङ का कपडा खोल्दा पनि नाटक रच्तछन् ।
हेरदै छाति मा आफ्ना पानी मा भित्र पस्तछन् ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तण्डुलेषु यथा धान्यं नारी मध्ये नरो नरौ ।
गमागमं प्रकुर्वन्ति त्यक्त्वा संस्कृतिमादृताम् ॥८॥

धर्मो मनसि चेत् कर्म किमर्थं क्रियते तदा ।
कर्मापि क्रियते चेन्न कीदृग्धर्मो मिलेत् तदा ॥९॥

पोखरायां यदाऽऽयाति जनयात्रादिनं तदा ।
नारीपुरुषयोः शोभा सम्यग्रूपेण दृश्यते ॥१०॥

स्निग्धास्तण्डुलवन्नार्यो धूसरा धान्यवन्नराः ।
नारीणां रूपसान्निध्ये गण्यन्ते पुरुषाः किमु ? ॥११॥

धर्मे व्रतेऽर्चने पाठोपवासकीर्तनेष्वपि ।
समायान्त्यधिका नार्यः सर्वसद्धर्मकर्मणि ॥१२॥

क्वचिद् वादविवादेषु मल्लयुद्धेषु वा क्वचित् ।
पृथक् प्रभागो नैकेषु देशेषु दृश्यते नृणाम् ॥१३॥

नैपालका युवतयः स्वर्गीयाप्सरसो यथा ।
यदाऽऽगच्छन्ति तीर्थेषु तत्कथं वर्णयाम्यहम् ॥१४॥

भ्रमरीसदृशश्रोणीः स्वपुष्टस्तनमण्डले ।
नयन्ति तीर्थयात्रायां तेषां कार्यं किमस्त्यहो ? ॥१५॥

ता हंसगतयो नार्यः प्राक् तीर्थे प्राप्नुवन्त्यथ ।
किन्नर्य इव नृत्यन्त्यो नमन्ति तीर्थदेवताः ॥१६॥

देहवस्त्राणि मुञ्चन्त्यो रचयन्तीव नाटकम् ।
दृष्टिं वक्षसि मुञ्चन्त्यः प्रविशन्ति जलान्तरे ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जल बाहिर मा सारा विश्व ले नै गिज्याउँछ ।
जल मा पानीजूका ले काउकूति लगाउँछ ॥१८॥

आच्छू लौन, अहो ! छिः, भो, आब्बुई, शब्द ले गरी ।
पानी-जूका कनै दिन्छन् गाली माधुर्य ले भरी ॥१९॥

हेर्दछन् सँगिनी लाई भुतुक्कै लाज ले मरी ।
स्नान गर्दा पनिऽ जान्न शृंगाररस माधुरी ॥२०॥

मुख मण्डल को शोभा जल मा अति खुल्दछ ।
मुख औ फूल को भेद उस्तै मानिस भुल्दछ ॥२१॥

फूल मा भमरा जस्तै कलीला मुख मा पनि
पल्याक पुलुक् गरी चल्छन् दुई आँखा सनातनी ॥२२॥

आँखा भ्रमर हुन् काला, मुखमण्डल पुष्प हो
नारी हो रसिलो सृष्टि बाँकी संसार शुष्क हो ॥२३॥

नारी सौन्दर्य का सामू फीका देख्दछ यो कवि ।
हिम को हिमगंगा को सेता कमल को छवि ॥२४॥

आली का पहिरी माला माली का बाग झैं गरी ।
यहाँ खेत सुतेको छ पोखरी का वरी परी ॥२५॥

वर्षा को दप्दपे हीलो जब गम्कन थाल्दछ ।
खेताली रूप मा फेरि नारी को दल पाल्दछ ॥२६॥

पोखरी का हिला मा र यो खेती का हिला महाँ ।
देखिन्छन् नाचिराखेका पद्म-पुष्प जहाँ तहाँ ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपहसति नारीस्ताः सर्वो लोको बहिर्जलात् ।
गूर्धन्ते तनवस्तासां जलुकाभिर्जलान्तरे ॥१८॥

"आच्छू लौन, अहो !, छिः, भो, आब्बुई"ति पदैरपि ।
ताभ्यो ददति गालीस्ताः पदैर्माधुर्यमिश्रितैः ॥१९॥

लज्जया विनता भूत्वा सखीः पश्यन्त्यत्यहो ! पुनः ।
स्नानादपि न यात्येषा शृङ्गाररसमाधुरी ॥२०॥

मुखमण्डलशोभाऽऽसां शोभते निर्मले जले ।
सामान्यो भ्राम्यतीत्यत्र को भेदो मुखपद्मयोः ॥२१॥

यथा द्विरेफौ कमले कोमले मुखपङ्कजे ।
निमेषोन्मेषसंयुक्ते चलतो नयने उभे ॥२२॥

पुष्पायितं मुखं यस्या नयने भ्रमरायिते ।
सा नारी सरसा सृष्टिः शुष्कं भुवनमन्यथा ॥२३॥

हिमान्या हिमगङ्गाया श्वेताम्भोरुहदीप्तयः ।
मलिनास्ते कवेर्दृष्टौ नारीसौन्दर्यसन्निधौ ॥२४॥

केदारमालिकां धृत्वा यथा मालिकवाटिका ।
केदारो लम्बमानोऽस्ति पुष्करिण्या इतस्ततः ॥२५॥

वर्षाणां सघनं पङ्कं केदारे विस्फुरेद् यदा ।
तदा क्षेत्रालिरूपेण चायाति रमणीदलम् ॥२६॥

तत्र पुष्करिणीपङ्के पङ्के कैदारकेऽपि च ।
नृत्यन्त्यः परिदृश्यन्ते पङ्कजिन्य इतस्ततः ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नारी का विरुवा रोपी अर्के कमल पोखरी ।
बनाउँछन् कि ब्रह्मा ले भन्ने लाग्दछ यो घरी ॥२८॥

अथवा युवती पुष्प विश्व मै नित्य फुल्दछ ।
यहाँ कमल को दृश्य राम्ररी अव हेर्नु छ ॥२९॥

पोखरी मा झुलेका छन् हजारौं पुष्करावली ।
एसैबाट भयो होला पोखरा पुष्करावती ॥३०॥

लक्ष्मी को नाम हो पद्मा ब्रह्मा को कमलासन ।
विष्णु को पुण्डरीकाक्ष धन्य हो ! नलिनीवन ॥३१॥

को छ पङ्कज भ्रैं ठूलो देवता तीन लोक मा ?
सृष्टिकर्ता स्वयं ब्रह्मा जन्मे कमलपुष्प मा ॥३२॥

यो हीला बाट जन्मन्छ अति शुद्ध प्रभा धरी ।
दैत्य का कुल मा भक्त प्रह्लाद जन्मिए सरी ॥३३॥

इनै कमल हुन् पद्म इनै पङ्कज पुष्प हुन् ।
इनै हुन् नलिनी कञ्ज, इनै अब्ज सरोज हुन् ॥३४॥

इनै हुन् कवि का निम्ति शतपत्र सरोरुह ।
इनै उत्पल अम्भोज पुण्डरीक र पङ्कज ॥३५॥

विष्णु का नाभि मा जन्मी जो पूजा पद्म को थियो ।
हीला मा छ उही मुख्य मानिने गुण मात्र हो ॥३६॥

वैलाउँछन् हरे, पद्म चन्द्रोदय भए पछि ।
चन्द्र को नलिनी हाय सौताने नाल रैछ कि ? ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किं वाञ्छति विधातापि नारीणां पुष्करावलिम् ।
रोपयित्वा विनिर्मातुं पद्मपुष्करिणीं पराम् ॥२८॥

किं वा विश्वे विकसति रमणीपुष्करावलिः ।
दर्शनीयं विशेषेण दृश्यं पौष्करमत्र तु ॥२९॥

परःसहस्रपद्मानि पुष्करिण्यां चकासति ।
एतस्मादभवत् किं वा पोखरा पुष्करावती ॥३०॥

लक्ष्म्या नामापि पद्मास्ति ब्रह्मणः कमलासनः ।
विष्णोश्च पुण्डरीकाक्षो धन्यं तन्नलिनीवनम् ॥३१॥

त्रिषु लोकेषु को देवः पङ्कजेन समो भवेत् ।
सृष्टिकर्ता स्वयं ब्रह्मा पङ्कजात्समजायत ॥३२॥

अतिशुद्धप्रभायुक्तं पङ्काज्जातं हि पङ्कजम् ।
यथा दैत्यकुले भक्तः प्रह्लादः समजायत ॥३३॥

इमानि कमलान्येव पद्मानि तत्सुमानि च ।
नलिनीकञ्जरूपाणि तान्यब्जकुसुमानि च ॥३४॥

उत्पलाम्भोजकमलशतपत्रसरोरुहम् ।
पुण्डरीकं पङ्कजं च नामानि कविमानसे ॥३५॥

विष्णोर्नाभेः समुत्पत्तेर्मानं पद्मस्य योऽभवत् ।
तत्सत्यमस्ति पङ्केऽपि सम्मान्यो गुण एव हि ॥३६॥

चन्द्रोदये सत्यपीह म्लायन्ति कमलानि किम् ।
हन्ताहो ! चन्द्रिकायाश्च सपत्नी नलिनी किमु ? ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूर्य हुन्छन् सबै लाई पोलने र सुकाउने ।
विचित्र छ उनै बाट कोपिला कल्कलाउने ? ॥३८॥

अहा ई कोपिला कञ्ज सम्पुटाकार कोमल ।
लाग्छन् झुके पनि राम्रा नझुके पनि सुन्दर ॥३९॥

न फुल्दै कोपिला लाई घेर्छन् भ्रमर का गण ।
भित्र होलान् कि ठानेर मीठा पराग का कण ॥४०॥

कोपिला कलिला राम्रा सम्पुटाकार भैकन ।
देखने को हरी चित्त लाउँछन् मोहनी झन ॥४१॥

गोरा पङ्कज को ताँती भमरा ले छ शोभित ।
गोपिनी गण मा मानू कृष्ण को मुसकान छ ॥४२॥

फूल को रस चूसेर भोगेर सुख सौरभ ।
ती स्वार्थी भमरा जान्छन् छन् जहाँ नव कुड्मल ॥४३॥

रस का निम्ति मा मात्रै यो हामी सँग बस्दछ ।
जानी जानी पनिऽ दिन्छन् पद्म आफ्नो कलेवर ॥४४॥

दिन मा भमरा उड्छन् न लुकी कन घुम्दछन् ।
रात मा किन हो कुन्नि ! ढोका लाएर लुक्तछन् ॥४५॥

फूल का कलिला ओंठ मिठचाएर झुमी झुमी ।
कामिनी भामिनी तुल्य गर्छन् चुम्बन पद्मिनी ॥४६॥

तिम्रो राजी छ वा छैन ? भमरा गुन्गुनाउँछन् ।
बोल्दैनन् पद्म ती किन्तु 'मौनं स्वीकारलक्षणम्' ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूर्यः प्रकाशितः सर्वं तपति शोषयत्यपि ।
तस्मात् पद्मानि मोदन्ते किमिदं चित्रमस्त्यहो ! ॥३८॥

सम्पुटाः कोमलाः कञ्जाः कुड्मला अप्यहो ! मधु ।
विनता अपि ते रम्या रम्या अविनता अपि ॥३९॥

द्विरेफगण आगत्य तानाक्रमति कोमलान् ।
कञ्जान् मुकुलितानन्तः किञ्चिन्मधु मिलेदिति ॥४०॥

कुड्मलाः कोमला रम्याः सम्पुटा मुकुला अपि ।
मनोहरा दर्शकाणां मनांसि मोहयन्त्यहो ! ॥४१॥

द्विरेफालङ्कृता रम्या गौरपङ्कजराजिका ।
नूनं गोपीगणे कृष्णः स्मयमानो विराजते ॥४२॥

प्रसूनरसमाचूष्योपभुज्य सुखसौरभम् ।
स्वार्था द्विरेफा गच्छन्ति पुष्पं यत्रास्तिकोमलम् ॥४३॥

रसपानार्थमेवायमस्माभिः सह मोदते ।
एतज्ज्ञात्वैव ददति पद्मानि स्वकलेवरान् ॥४४॥

आकाशे भ्रममाणास्त उड्डीयन्ते दिवाऽलयः ।
द्वारं पिधाय लुप्यन्ति रात्रौ किमुत वा कथम् ॥४५॥

पुष्पाणां कोमलावोष्ठौ मिष्टौ कृत्वा विमोहितौ ।
कामिनी भामिनीतुल्या भृङ्गं चुम्बति पद्मिनी ॥४६॥

एतत्तुभ्यं रोचते वा नेति पृच्छन्ति तेऽलयः ।
न वदन्तीह पद्मानि मौनं स्वीकारलक्षणम् ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिन मा अरु नाता छन् छन् दिदी बहिनी सव ।
रात मा भमरा पाए बिर्सन्छन् यो चराचर ॥४८॥

ती राम्रा पद्मिनी नारी ती काला भमरा सँग ।
किन होला नि पल्केका मलाई लाग्छ विस्मय ॥४९॥

राती कुमुदिनी नाथ दिवा कमलिनी पति ।
लैजाऊ चन्द्रमा सूर्य धर्ती का सुन्दरी जति ॥५०॥

अथवा रूप का लोभी लोग्ने मानिस मात्र हुन् ।
आइमाईहरू खालि गुण मात्रै अँगाल्दछन् ॥५१॥

जून आकाश मा लागे टल्किए तारकागण ।
तर ती पद्मिनी कत्ति छोड्दैनन् दृढ चुम्वन ॥५२॥

भमरा एक रातै मा टोकी च्यापी चुसीकन ।
लिन्छन् कमल को हाय ! तेस्तो सुन्दर जोवन ॥५३॥

विहान लाग्दछन् बेग्लै हिजो का पद्मिनी सब ।
ओंठ को लालिमा छैन शिर को छैन केशर ॥५४॥

रात को साथ सम्झेर भेटिँदा सँगिनी अरू ।
भुतुक्कै लाज ले मर्छन् पद्मिनी प्रमदाहरू ॥५५॥

दिदी को पनि त्यै चाल त्यै चाल बैनी को पनि ।
कसको लाज को मानोस् को झुकोस् लाज ले अनि ॥५६॥

पानी का डर ले हो कि जाडा मा भमराहरू ।
छोडी कमलिनी लाई अन्त जान्छन् खुरु खुरु ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिवा सम्बन्धिनः सन्ति तथाग्रजानुजाः समाः ।
रात्रौ द्विरेफान् संप्राप्य विस्मरन्ति चराचरम् ॥४८॥

गौर्यस्ताः पद्मिनीनार्यस्तैः कृष्णैरलिभिः सह ।
कथं सौहार्दसम्पन्ना विस्मयं प्रतिभाति मे ॥४९॥

रात्रौ कुमुदिनीनाथ ! दिवा कमलिनीपतिः ! ।
नयतं कञ्जसुन्दर्यश्चन्द्रसूर्यौ ! धरोद्भवाः ॥५०॥

अथवा पुरुषा एव दृश्यन्ते रूपलोभिनः ।
स्वीकुर्वन्ति गुणानेव सर्वदा महिलाजनाः ॥५१॥

चन्द्रश्चकास्ति गगने दीप्यन्ते तारकागणाः ।
त्यजन्ति नैव पद्मिन्यो भृङ्गाणां दृढचुम्बनम् ॥५२॥

चूषित्वा दंशयित्वैकरात्रौ पद्मानि भृङ्गकाः ।
गृह्णन्ति हन्त ! पद्मानां तादृक् सुन्दरयौवनम् ॥५३॥

ह्यस्त्यानि फुल्लपद्मानि प्रातर्भिन्नानि सन्त्यहो ! ।
ओष्ठयोर्नैव लालित्यं न शिरःसु च केसराः ॥५४॥

रात्रेः स्मृत्वा ग्राम्यधर्मं सखीभिः सह सङ्गमे ।
सविशेषं विलज्जन्ते प्रभाते पद्मिनीप्रियाः ॥५५॥

अग्रजानां हि यश्चालोऽनुजानाञ्च स एव हि ।
सखीभिः सह का लज्जा नमेयुः का हि लज्लया ॥५६॥

शीतकाले द्विरेफास्ते जलजाडचभयात् किमु ? ।
प्रियां कमलिनीं हित्वाऽन्यत्र यान्ति निरन्तरम् ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कस्तो आश्चर्य जाडा मा छोडी कमल केसर ।
नेपाली लाहुरे जस्तै लाग्छन् भ्रमर बाहिर ॥५८॥

एसै ता ऋतु जाडा को तेसै मा तीव्र जोवन ।
उसैमा दैव ले पार्दा एकलै रात काटन ॥५९॥

पटक्कै नींद लाग्दैन सल्किन्छ विरहानल ।
शीत का आँसु झारेर सुक्छन् कमलिनी सब ॥६०॥

अथवा भमरा जावा नक्कली जार मात्र हुन् ।
साँच्चै का पद्मिनीनाथ भगवान् सूर्यदेव हुन् ॥६१॥

रात मा छोड्दछौ सूर्य ! यी राम्रा दुलही सब ।
दिन मा खिस्स हाँसेर के समाधान हुन्छ र ? ॥६२॥

सबै पतिव्रता हुन्नन् नलेऊ इनको भर ।
अब देखि सुन्यौ सूर्य रात मा आउने गर ॥६३॥

रात नै दिन पल्टन्छ मँ आए भन्दछौ भने ।
ढीलो चाडो गरी झुल्की दुलही को चियो गरे ॥६४॥

ए साँच्चै के भनें यस्तो ? सूर्य ले के न जान्नु छ ।
ढीलो चाँडो गरी प्रायः झुल्कने चल्ती नै त छ ॥६५॥

अथवा भगवान् सूर्य ! अस्ताएर गए पनि ।
चन्द्र दर्पण हेरेर प्रिया को बुझ्झ जीवनी ॥६६॥

तर छन् बहुतै बाठा ई तिम्रा पद्मिनी पनि ।
झ्याल ढोका सबै थुन्छन् झुल्कँदा चन्द्रमा मुनि ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किमाश्चर्यं द्विरेफास्ते शैत्ये कमलकेसरान् ।
वहिर्गच्छन्ति सन्त्यज्य नैपालाः प्रोषिता इव ॥५८॥

ऋतावस्मिन् शीतकाले तत्रैव नवयौवनम् ।
एकला भाग्यचक्रेण कुरुते रात्रियापनम् ॥५९॥

नायाति नेत्रयोर्निद्रा वर्धते विरहानलः ।
शीताश्रूणि च्यावयित्वा शुष्यन्ति पद्मिनीप्रियाः ॥६०॥

अथवा ते द्विरेफास्तु कृत्रिमा जाररूपिणः ।
पद्मिनीपतिरेकोऽस्ति सुप्रसिद्धो दिवाकरः ॥६१॥

रात्रौ जहासि हे सूर्य ! रमणीः पद्मिनीस्त्रियः ।
स्मयमानो दिवाऽऽगत्य किङ्करोषि प्रभाकर ! ॥६२॥

सर्वाः पतिव्रता नैव न विश्वसिहि तासु च ।
शृणु सूर्याऽद्यदिवसाद् रात्रावायाहि सर्वदा ॥६३॥

'रात्रिरेव दिनीभूय चकास्ति मयि चागते' ।
विलम्बेनाविलम्बेन वधूं त्वं द्रष्टुमर्हसि ॥६४॥

किमुच्यते मया चैतत् किं न जानाति भास्करः ।
विलम्बेनाविलम्बेन सूर्यस्यागमनक्रमः ॥६५॥

अथवा भगवान् सूर्य ! भूमेरस्तङ्गतेऽपि च ।
चन्द्रदर्पणमालोक्य जानासि भूमिजीवनम् ॥६६॥

अतीव चतुराः सन्ति पद्मिन्योऽपीह सूर्य ! ते ।
द्वार्गवाक्षौ पिदधते इह चन्द्रोदये सति ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एति राम्रा शशी लाई एसरी छोड्दछन् यदि ।
ती काला भमरा लाई मान्दा हुन् कसरी पति ? ॥६८॥

एत्ति मै तिमि गम्कन्छौ देख्दैनौ भित्र को गति ।
'स्त्रिया चरित्र' जानेर चल हे पद्मिनी पति ॥६९॥

हुन् मेरै दुलही भन्ने लोक लाई चिनाउन ।
बिहान बेलुका छर्छौं राता सिन्दूर का कण ॥७०॥

मन मा नभए शङ्का अरू लाई चिनाउन ।
सधैं सिन्दूर हाल्ने यो चल्ती पो भिक्दथ्यौ किन ? ॥७१॥

हरे संसार कस्तो छ ? कमजोर हुँदा मन ।
आफै क्यै पाप कल्पन्छ आफै त्यै लाग्छ नाशन ॥७२॥

भैगयो एसरी निन्दा किन गर्नु महान को ।
मरून् बाँचून् कि के खाँचो ई अर्का का जहान को ॥७३॥

कुरौटे आफुले बन्नु अर्का ले दुःख पाउनु ।
भन्दा त अति जाती हो जिभ्रो काटेर फालनु ॥७४॥

अहा ! यी कमला फूल क्या संसार भुलाउँछन् ।
विश्व का विरही छाती एसैमा बहलाउँछन् ॥७५॥

जसै मदन को आगो मन मा बल्न थाल्दछ ।
विलासिनीहरू लाई वन मा यै सहाय छ ॥७६॥

पानी का मसिना विन्दु छर्कंदै फूल ली कन ।
कामाग्नि शान्ति का निम्ति ढाक्तछन् कामिनी स्तन ॥७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इदृक् सुरम्यं शशिनं पद्मिन्यः सन्त्यजन्ति चेत्।
अहो ! कथं मन्वते ता अपि तान् भ्रमरान् पतीन् ॥६८॥

इयत्येव प्रफुल्लोऽसि स्थितिमन्तर्न पश्यसि।
स्त्रियाश्चरित्रं ज्ञात्वैव चल हे पद्मिनीपते ! ॥६९॥

एता वध्वः सन्ति ममैवेति वोधयितुं जनान्।
प्रातः सायं प्रकिरसि रक्तसिन्दूरधूलिकाः ॥७०॥

न स्यान्मनसि शङ्का चेद् वोधयितुं परानपि।
सदा सिन्दूरदानस्य व्यवहारं व्यधाः कथम् ? ॥७१॥

मनसि क्षीणतां याते संसारः कीदृशोऽस्त्यहो !।
स्वयं पापं कल्पयते स्वयं तत्तु विनाशयेत् ॥७२॥

अस्त्वेवं निन्दनीयं किं कार्यस्यापि महात्मनः।
म्रियेरन् वाथ जीवेयुः परेषां परिवारकाः ॥७३॥

वावदूकः स्वयं भूत्वा ततो दुःख्यति चेतरः।
एतस्मात् परमोत्कर्षो जिह्वाछेदनपातनम् ॥७४॥

अहो ! कोमलपुष्पाणि मोहयन्ति कथं जगत्।
जगद्विरहवक्षांसि प्रशाम्यन्तीह पङ्कजे ॥७५॥

विलासिनीनां मनसि कामाग्निर्वर्द्धते यदा।
सहायकं वने तासां पद्मं भवति सर्वदा ॥७६॥

सशीकराणि पुष्पाणि कामिन्यः स्तनमण्डले।
धृत्वा स्तनौ पिदधति मुदा कामाग्निशान्तये ॥७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफै कमल जस्ता ती कमला स्तन लाई त ।
प्रिय का हात को स्पर्श भन्दा यो सुखदायि छ ॥७८॥

तर मन्मथ को पीडा एसले बढ्छ हर्हर ।
दन्केको वन को आगो खर ले कहिँ निभ्छ र ? ॥७९॥

साहै्र ठूलो छ माहात्म्य पद्म को इतिहास मा ।
विलायो अहिले हा ! त्यो आत्तुरी का विकास मा ॥८०॥

पद्म का फूल ले खुल्थ्यो नारी को मुखमण्डल ।
नारी का मुख ले खुल्थ्यो सारा पृथिवि मण्डल ॥८१॥

पृथ्वीमण्डल ले खुल्थ्यो ब्रह्मा को मुख मण्डल ।
ब्रह्मा हाँसे भने खुल्थो सारा ब्रह्माण्ड मण्डल ॥८२॥

नली का बन्दथे बाला फूलै श्रीफूल बन्दथे ।
थुँगै थुँगा मुगा बन्थे सून हो व्यर्थ भन्दथे ॥८३॥

नाक मा कान मा धेरै छेद ई चाहिँदैनथे ।
अङ्ग मा चोर को नासो बोकेका पाइँदैनथे ॥८४॥

घरबारी सबै वेची गहना लाइँदैनथे ।
'गहना-गहना' गीत एसरी गाइँदैनथे ॥८५॥

युग ले गहना ल्यायो रित्यायो दुनियाँ पनि ।
अब हट्ला कि ? जस्तो छ पद्म का पोखरी मनि ॥८६॥

लाऊ नलाऊ क्यै छैन अन्त का गहना सब ।
बुलाँकी लाउँ कि॰ छोडूँ भन्दछन् अबला अब ॥८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वावेव कमलायेते कोमलौ कमलस्तनौ ।
पाणिस्पर्शात् पत्युरपि कमले सुखदायके ॥७८॥

वर्द्धते कमलर्स्पर्शात् पीडा मन्मथजा तदा ।
ज्वलितोऽग्निः कथं शाम्येत् तृणपर्णाशनादपि ॥७९॥

इतिहासेऽपि पद्मस्य माहात्म्यं वर्तते महत् ।
लोका विकाससंलग्नाः साम्प्रतं तल्लयोऽभवत् ॥८०॥

शोभते पुष्पितैः पद्मैर्नारीर्णा मुखमण्डलम् ।
चकास्ति नारीसुमुखैः समस्तं भूमिमण्डलम् ॥८१॥

पृथिवीमण्डलेनापि ब्रह्मणो मुखमण्डलम् ।
अभ्राजत् तस्य हासेन सर्वं ब्रह्माण्डमण्डलम् ॥८२॥

फुल्लं पुष्पं शिरः पुष्पं वलयो नडसंहतिः ।
गुच्छकाः कण्ठमालाः स्यात् तत्सुवर्णं निरर्थकम् ॥८३॥

कर्णयोर्नासिकायां च बहुच्छिद्रं किमर्थकम् ।
चौरदृष्टिसमाकर्षि तत्सुवर्णं किमर्थकम् ॥८४॥

नाध्रियन्त भूषणानि विक्रीय गृहवाटिके ।
नागीयन्त प्रगीतानि 'गहनागहने'ति च ॥८५॥

युगेन भूषा आनीता लोकश्चापि दरिद्रितः ।
पद्मपुष्करिणी प्राप्ता लुप्यतेऽतः परं किमु ? ॥८६॥

भूषणानीतराङ्गेषु धार्याणि सन्तु वा न वा ।
नासिकाभूषणं धार्यं हेयं वा कल्पयन्ति ताः ॥८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नलाऊ कान मा सून राम्रा राम्रा कुरा सुन ।
ढुंग्री का ठाउँ मा ढुंग्रो घ्यू दही दूध को किन ॥८८॥

नपैह्र चन्द्रमा हेर राम्रा छन् चन्द्रमा त्यसै ।
मुख चित्त दुवै धोऊ राम्री नै छौ तिमी उसै ॥८९॥

सून मा न सुगन्धी छ कमलो छ न छामदा ।
रुद्राक्ष तुलसी जस्तै पवित्र वस्तु हो न ता ॥९०॥

एसै यो कलि को वास असाध्यै महँगो अझ ।
सोचेर मन मा हेर गहना व्यर्थ हैन त ? ॥९१॥

शास्त्र को विधि हो पर्छ नाक कान त छेडन ।
नारी को धर्म हो पर्छ गहना पनि पैह्रन ॥९२॥

तर यहाँ त छेड्छन् कि गाला आँखाहरू समेत् ।
ठानेर यो भनेको हो 'अति सर्वत्र वर्जयेत्' ॥९३॥

कपाल चट्ट कोरेर स्यूँदा मा छर सिन्दूर ।
आँखा मा गाजलू लाऊ मुख मुस्कान ले भर ॥९४॥

कपडा सुकिला पैह्र घर्बुना कै भए पनि ।
चुल्ठा मा फूल का थुङ्गा राख हुन् गहना इनी ॥९५॥

खुशी भै मन मा ठान रानी हूँ घर की भनी ।
अनि दर्पण मा हेर कस्ती छौ सुन्दरी तिमी ॥९६॥

एसरी सत्य आदर्श जुन वेला समाउला ।
नारी हो अबला बाट सबला बन्न पाउला ॥९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न कर्णभूषणं धार्यं रम्यां वार्तां शृणुष्व भो ! ।
दधिसर्पिपयःपात्रं तत्स्थानीयं कुरुष्व भो ! ॥८८॥

न चन्द्रभूषणं धार्यं स्वयं रम्योऽस्ति चन्द्रमाः ।
स्वयमेवासि रम्या त्वं प्रक्षालय मुखं मनः ॥८९॥

सुवर्णे न सुगन्धोऽस्ति संस्पर्शे नैव कोमलम् ।
रुद्राक्षतुलसीतुल्यं न पवित्रं सुवर्णकम् ॥९०॥

कलेर्वासोऽपि तत्रैव महर्घं चातिविद्यते ।
विचारय स्वयं चित्ते किं न व्यर्थं सुवर्णकम् ॥९१॥

नासिकाकर्णयोर्वेधः शास्त्रस्य विधिरेव हि ।
परिधानं भूषणानां नारीधर्मो व्यवस्थितः ॥९२॥

किन्त्वत्र गण्डौ नेत्रे च छेदयन्ते किमु स्त्रियः ।
इति मत्वा मयाऽप्युक्त'मति सर्वत्र वर्जयेत्' ॥९३॥

प्रसाधितालका भूत्वा नेत्रसंलग्नकज्जला ।
सिन्दूरार्पितसीमन्ता सदा स्मेरमुखा भव ॥९४॥

धृत्वा सुनिर्मलं वस्त्रं गृहे यद्यपि निर्मितम् ।
पुष्पगुच्छालका भूत्वा पुष्पं जानीहि भूषणम् ॥९५॥

'अहं तु गेहमहिषी'ति ज्ञात्वा हसिताऽऽनना ।
स्वं मुखं दर्पणे पश्य कीदृशी हासि सुन्दरी ॥९६॥

आदर्शमेवं सत्यं च यूयं गृह्णीत चेद्यदा ।
हे नार्य ! अबलातोऽपि भवेत सबलास्तदा ॥९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँदा तलाउ को पानी सिन्दूरै सरि सुन्दर ।
पद्म हेर्नु कि त्यो पानी हेर्नु यो भ्रम पर्दछ ॥९८॥

तर जानी विधाता ले दुई आँखा दिएछन ।
नभए कसरी हाय बुझ्दो हो रसिलो मन ॥९९॥

जहाँ सरोज झुल्दैनन् ती तलाउ तलाउ के ?
जहाँ भ्रमर गुँज्दैनन् ती सरोज सरोज के ? ॥१००॥

जहाँ सज्जन नै छैनन् त्यो के गुञ्जन गुञ्जन ?
पग्लन्न जसको छाती ती के सज्जन सज्जन ? ॥१०१॥

बसी यो पोखरी भित्र भ्याकुतो पनि गाउँछ ।
को होला हृदयी तेस्तो जो यहाँ नरमाउँछ ? ॥१०२॥

कस्ता छन् दुलही तिम्रा सोध्दा हुन् देवतागण ।
दिंदा हुन् सूर्य हाँसेर एस्तो उत्तर त्यै क्षण ॥१०३॥

"छोए ढल्लान् कि जस्ता छन् देख्दा मा कलिला अति ।
राम्रा छन् हात ले छूँदा मैलेलान् कि भने जति" ॥१०४॥

लज्जालु युवती जस्तै पोखरा का कुना महाँ ।
लुक्ने कमलिनी लाई सबैले देख्दछन् कहाँ ? ॥१०५॥

तै पनि सूर्य ले देखे देखे भ्रमर ले पनि ।
अनि मैले पनि लेखें देखिहालून् सबै भनी ॥१०६॥

काम को वाण ठानेर छोडेर काम का कुरा ।
काम चर्चा गरी धेरै भएछ सर्ग यो पुरा ॥१०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिन्दूरेण समं रम्यं जलं सरसि निर्मलम् ।
भवेद् दृश्यं जलं वास्ति पद्ममित्यत्र विभ्रमः ॥९८॥

एतद् विज्ञाय धात्रापि दत्तं नेत्रद्वयं किमु ? ।
नो चेत् कथं मनः शान्तिं रसिकानां समाप्नुयात् ॥९९॥

न सन्ति यत्र पद्मानि तत्सरः किं सरो भवेत् ? ।
न गुञ्जन्त्यलयो यत्र तत्कथं कमलं भवेत् ? ॥१००॥

यत्र नो सज्जनाः सन्ति गुञ्जनं किन्तु गुञ्जनम् ? ।
यस्य न स्यन्दितं स्वान्तं सज्जनः किं स सज्जनः ? ॥१०१॥

पुष्करिण्यां चोपविश्य मण्डूकोऽपि प्रगायति ।
जनः सहृदयी तादृगत्र यो न रमेत कः ॥१०२॥

देवता यदि पृच्छेयुः कीदृश्यो वशकास्तव ।
सूर्यस्तदोत्तरयति विहस्येदृशमुत्तरम् ॥१०३॥

'दर्शने कोमलाः सन्ति स्पर्शने तु पतन्ति किम् ? ।
करस्पर्शे सन्ति रम्या भवेयुर्मलिनाः किमु ?' ॥१०४॥

सलज्जाभिर्युवतिभिः सदृशीर्भूमिमण्डले ।
प्रच्छन्नां पद्मिनीं रम्यां वेत्ति कः पोखरास्थले ॥१०५॥

तथापि दृष्टाः सूर्येण पद्मिन्यो भ्रमरैरपि ।
मयापि दृष्टा लिखिताः सर्वे 'पश्येयु'रित्यथ- ॥१०६॥

कामवाणानिति भ्रान्त्या कार्यवार्तां विहाय च ।
कामचर्चां विधायात्र सर्गः सर्वोऽगमत् किमु ? ॥१०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर सृष्टि विधाता को रचना पनि सुन्दर ।
कन्दर्प कामलीला कै सिर्जना सिन्धु हैन र ? ॥१०८॥

कलिली भरिली विलासिनी,
नलिनी संगम को लियौं सुख ।
वरु घाम भयो कि ? खाउँ लौ,
गुलिया छन् तल सुन्तला अव ॥१०९॥

(इति सप्तम सर्ग)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सृष्टिकर्तुः सृष्टिरपि किन्तु भाति नवा नवा ।
सा सृष्टिः कामलीलायाः किं न सर्जनसागरः ? ॥१०८॥

कोमलं कमलपुष्पपूरितम्
दृष्टमत्र नलिनीवनं सुखम् ।
घर्मतापतपनेन विप्लवा
भक्षयेम मधु योगरङ्गकान् ॥१०९॥

(इति सप्तमः सर्गः)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुन्तला

गम्किन्छ पोखरा साह्रै हेमन्त शिशिरै भरी ।
सुन्तला जब चम्कन्छन् घारी घारी थरी घरी ॥१॥

सुन्तला नाम भन्दै मा मुख मेरो रसाउँछ ।
जिउरो छट्पटी गर्छ सर्वांग ललचाउँछ ॥२॥

किन्दा मा एसका निम्ति तोला सून दिए पनि ।
सुहाउँछ भनी नामै सुन्तोला राखिएछ नि ॥३॥

कोहि त सुन्तला भन्छन् सुन्तोला भन्दछन् कुनै ।
सन्तला भन्दछन् कोहि जे भनून् फल हुन् उनै ॥४॥

टाढा बाट पनि राम्रै चिनिन्छन् सुन्तला तरु ।
हरिया हरिया पात घना हाँगा बिँगाहरू ॥५॥

नाम नै सुन्तला राम्रो काम नै गुलियो मिठो ।
ठाम नै पोखरा जस्तो कस्तो खेल छ दैव को ? ॥६॥

हिमाल ताल नेपाल राम्रा हुन् खालि देखन ।
सुन्तला फल मात्रै हो राम्रो देखन चाखन ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुवर्णम्

चकास्ति पोखरा बाढं हेमन्ते शिशिरेऽपि च ।
ऐरावतफलं पक्वं निकुञ्जे कुञ्जकेऽपि च ॥१॥

नागरङ्गफलं स्मृत्वा मुखं रसयति क्षणात् ।
मनो लुभ्यति शीघ्रं हि रसना चपलायते ॥२॥

सुवर्णे संप्रदत्तेऽपि क्रेतुमैरावतं फलम् ।
शोभतेऽत्र विचारेण सुवर्णं नाम रक्षितम् ॥३॥

ऐरावतश्च नारङ्गो नागरुकोऽथ नागरः ।
नार्यङ्गो नागरङ्गो वा योगरङ्गश्च कथ्यते ॥४॥

दूरादैरावता वृक्षा ज्ञायन्ते सम्यगेव हि ।
शाखाभिश्च प्रशाखाभिः पत्रैश्च हरितैर्घनैः ॥५॥

सुवर्णं सुन्दरं नाम मधुरं सरसं फलम् ।
वसुधा पोखरातुल्या कीदृशं दैवखेलनम् ॥६॥

रम्याणि दर्शनीयानि सरो राष्ट्रं हिमाचलः ।
सुरम्यं दर्शनीयं च चोष्यं मधुफलं बहु ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नठान्नू सुन्तला लाई सामान्य फल क्यै गरी ।
आँप, केरा, लिची, स्याउ, नाश्पाती जामुनू सरी ॥८॥

जरा, हाँगा, विँगा, पात, कोपिला, फूल औ फल ।
सबै बसाउने मीठो अरु क्वै फल हुन्छ र ? ॥९॥

फुल्दा मा देश नै हुन्छ साहै्र मगमग वास को ।
फल्दा मा गर्व नासिन्छ सून कै पनि राश को ॥१०॥

फालेका एसका वोक्रा सूनै हो कि भनी कन ।
टिप्दा खेरि विदेशी का बोक्रिंदो हो कठै मन ! ॥११॥

भित्र छन् सून कै केश्रा गुलिया रसिला अति ।
सूनै को बाहिरी बोक्रो दैव को धन हो कति ? ॥१२॥

सूनकेश्रा कुनै रानी थिइन् कि थिइनन् तर !
सूनकेश्रे यहाँ फल्छन् सुन्तला दिव्य सुन्दर ॥१३॥

आँखा बल्कल मा भुल्छन् जिभ्रो ले रस चुस्दछ ।
नासिका वासना लिन्छ मस्त भै देह झुल्दछ ॥१४॥

सुन्तलै ले त होला नि सकेछन् विधि ले धन ।
नत्र धोती लगाएर मुडुलै हिँड्दथे किन ? ॥१५॥

कीर्ति का लोभ ले ब्रह्मा ! सुन्तला मै सक्यौ धन ।
छोरी सरस्वती लाई पेवा के के छ लौ भन ॥१६॥

अथवा सोध्नु पो के छ यदि पेवा भए किन ?
हुन्थे सरस्वती भक्त संसारै भरि निर्धन ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुवर्णफलं सामान्यं न मनुध्वं कदाचन ।
भवाम्रकदलीसेवामृतजम्बूफलादिवत् ॥८॥

मूलं शाखा प्रशाखा च पत्रं पुष्पं च कुड्मलम् ।
सर्वं सुगन्धिफलवन्मधुरं किमतः परम् ॥९॥

राष्ट्रं सुगन्धि रजतं स्वर्णशाखिनि पुष्पिते ।
फलिते कनकं राष्ट्रं सकलं कनकायते ॥१०॥

फलादुत्सारितं तस्य वल्कलं कनकायितम् ।
वैदैशिकानां प्राप्तानां मानसं वल्कलायते ॥११॥

अन्तःस्वर्णमयाः कोशाः सरसा मधुरा अपि ।
वल्कलानि सुवर्णानि व्ययितं तत् कियद्धनम् ॥१२॥

सुवर्णालङ्कृता कन्या पुरा कालेऽप्यभून्न वा ।
फलानि ससुवर्णानि फलन्तीहाधुना त्वहो ! ॥१३॥

रसं चूषति जिह्वा च लोचने पश्यतस्त्वचम् ।
नासिका गन्धमादत्ते सानन्दोस्ति कलेवरः ॥१४॥

ऐरावतफलेनैव धनं सर्वं व्ययीकृतम् ।
नो चेद् विधिर्धौतवस्त्रे कथं चलति मुण्डितः ॥१५॥

हे ब्रह्मन् ! कीर्तिलोभेन सुवर्णे व्ययितं धनम् ।
सरस्वत्यै प्रदेयं किं दातव्यं यौतकं वद ॥१६॥

अभविष्यद्यौतकं चेत् प्रष्टव्यं किन्नु भूतले ।
कवयोऽप्यभविष्यन् किं सकला निर्धनाः कथम् ? ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राखेनन् धन ब्रह्मा ले नडराऊ सरस्वती !
कविता धन अर्पन्छौं तिमी लाई सबै कवि ॥१८॥

पैसा सैसा सबै ऐशा गर्दा मै नष्ट पर्दछन् ।
कविता धन हे देवी ? जुगौं अस्तित्व धर्दछन् ॥१९॥

पैसा ले नींद लाग्दैन शान्ति पाइन्न अन्त्य मा ।
दया नाशिन्छ भासिन्छ धनी मान्छे अनन्त मा ॥२०॥

कविता धन बोकेका सबै हामी सरस्वती ।
तारा बनेर चम्कन्छौं हाँसी खेली सधैं भरी ॥२१॥

किनेका सुन्तला मात्र धनी का हात पर्दछन् ।
फलेका सुन्तला सारा कवि चाखेर मस्त छन् ॥२२॥

सुन्तला को हुंदा स्वाद अमीलो गुलियो अहा ।
चोरी औंलो पुगिहाल्छ गाला मा रस चाखदा ॥२३॥

कति को हात ताछिन्छ नाश्पाती ताछँदा महाँ ।
कुँडिन्छन् कति का दाँत निबुवा निलँदा महाँ ॥२४॥

उखु ले जिउरो पास्छ नामै काफल के फल ।
स्याउ खाँदा पनि झ्याउ सुन्तला नै अपार छ ॥२५॥

"चाहिन्नन् पास मा चक्कू अकस्मात् हात काटला ।
मलाई सजिलै खाऊ" भन्दो हो भित्र सुन्तला ॥२६॥

पात मा गुलियो छैन छैन हाँगा महाँ पनि ।
फल मा कसरी आयो ? जानिसक्नु त छैन नि ! ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे सरस्वति ! मा भैषीर्धनं धात्रा न रक्षितम् ।
सर्वेऽपि कवयस्तुभ्यं दद्महे कविताधनम् ॥१८॥

धनं स्वर्णादिकं सर्वं विलासार्थे विनश्यति ।
सदैवास्तित्वमायाति हे देवि ! कविता-धनम् ॥१९॥

वित्तेन निद्रा नाऽऽयाति शान्तिरन्ते न लभ्यते ।
दया नश्यति वित्तेन स्वयं भ्रश्यति वित्तवान् ॥२०॥

सरस्वति ! वयं सर्वे कविता-धन-वाहिनः ।
दीव्यामस्तारका भूत्वा विहरन्तोऽपि सर्वदा ॥२१॥

क्रीतान्येव सुवर्णानि धनिनां हस्तगानि चेत् ।
फलितानि सुवर्णानि चूषन्ति कवयः सदा ॥२२॥

सुमिष्टे मधुरे साम्ल आस्वादे स्वदिते सति ।
रससम्पूरितं गण्डं तर्जनी दर्शयत्यहो !! ॥२३॥

कतीनामप्फलच्छेदे हस्तं छिन्ते न वल्कलम् ।
निम्बूफले भक्षणेऽपि दन्ता कुण्ठन्ति सत्वरम् ॥२४॥

जिह्वां तक्षतीक्षुदण्डः कट्फलं नाम किं फलम् ।
दुःखं सेवफले चापि नार्यङ्गः सरलो भवेत् ॥२५॥

हस्तं छिन्द्यात् किमर्थं तैरलं कर्तनसाधनैः ।
इत्थं वक्ति सुवर्णं किं 'सहसा भक्षयन्तु माम्' ॥२६॥

पत्रे स्वादुरसो नास्ति शाखास्वपि न वर्तते ।
फलमात्रे समायातः को ज्ञातुं शक्नुयादहो ! ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आयुर्वेदिक शास्त्रै को हो यो पौष्टिक औषधि ।
एसैबाट जुगौं बाँचे होलान् पुर्खा महातपी ॥२८॥

खाना को भाँति चाहिन्छ सके भाँति पुऱ्याउन ।
सबै पाउन सक्नेछन् ऋषि झैं दिव्य जीवन ॥२९॥

साना केश्रे सफा गोरा रसीला पुष्प कोपिला ।
सुन्तला मा जसै लाग्छन् सिलमुन्द्री समान का ॥३०॥

उड्छ अत्तर श्रीखण्ड लिन्छ खण्डित जीवन ।
चमेली बन्दछन् फीका चम्पा बस्छ लुकी कन ॥३१॥

आउँछन् चाल पाएर किसानी माहुरी तिहाँ ।
सोमयाग शुरु गर्छन् दक्षिणा दी प्रदक्षिणा ॥३२॥

वेदमन्त्र पढे जस्तै धेरै ब्राह्मण ले मिली ।
गूँ गूँ हूँ हूँ गरिराख्छ मौरी को शब्द माधुरी ॥३३॥

पानी बर्सोस् कि वा लागोस् वेग ले वृक्ष मा हुरी ।
सुन्तला पुष्प को भक्ति छोड्दैनन् दृढ माहुरी ॥३४॥

ती सेता फूल का भित्र छ कस्तो गुलियो मह ।
कि हेर कविता भित्र कि सोध माहुरी सँग ॥३५॥

भूँ भूँ भूँ भूँ गरी मौरी भन्छन् मान्छेहरू सित-
"ए मान्छे बुद्धि का खोटा सिक्न अक्किल आइज ॥३६॥

तँ खालि फल मा मात्रै गुलियो रस पाउँछस् ।
फूल मा अझ कस्तो छ कैल्यै तर्क लगाउँछस् ? ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आयुर्वेदिकशास्त्रस्य चैतत् पौष्टिकमौषधम् ।
अस्माद् दीर्घायुषो भूत्वा जीविताः पूर्वतापसाः ॥२८॥

भक्षणस्यापि मात्रास्ति मात्रापूर्वकभक्षणे ।
सर्वे प्राप्तुं शक्नुवन्ति मुनिवद् दिव्यजीवनम् ॥२९॥

सूक्ष्माः कोशायिताः स्वच्छाः सगौराः पुष्पकुड्मलाः ।
सुवर्णे सरसा दृष्टाः सदृशाः कर्णभूषणैः ॥३०॥

श्रीखण्डः खण्डितस्तत्र सुगन्धोऽपि विलुप्यते ।
चमेलिपुष्पं निर्गन्धं चम्पापुष्पं निलीयते ॥३१॥

सुवर्णं पुष्पितं दृष्ट्वा कृषीबलमधुव्रताः ।
आरभन्ते सोमयागं दक्षिणादाः प्रदक्षिणम् ॥३२॥

वेदमन्त्राः सुपठिता बहुभिर्ब्राह्मणैरिव ।
'गुँ गुँ हुँ हुँ' ध्वन्यतेऽत्र मधुलिट्शब्दमाधुरी ॥३३॥

जलं वर्षतु वा नित्यं झञ्झावाताः प्रवान्तु वा ।
भक्तिं सुवर्णपुष्पाणां मधुपा न त्यजन्त्यहो ! ॥३४॥

अमीषु श्वेतपुष्पेषु कीदृशं मधुरं मधु ।
प्रष्टव्या मधुपाः किं वा द्रष्टव्यं कवितासु वा ॥३५॥

'भुँ भुँ भुँ भुँ' स्वनं कृत्वा मधुपा मानवानिदम् - ।
"वदन्त्यायात निर्बुद्धा बुद्धिं शिक्षयितुं त्विह ॥३६॥

केवलं फलमात्रे त्वं प्राप्नोषि मधुरं रसम् ।
कञ्चित्तर्कं प्रकुरुषे तत्पुष्पे कीदृशो रसः ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हेर् हामी फूल को कस्तो झिक्दछौं गुलियो मह ।
माथी माथी नउड् बाबै गैह्रो छ सृष्टि को रह ॥३८॥

हाम्रो आर्जन चोरेर डाँका हालेर लुट्दछस् ।
तेसैको प्रभु का निम्ति पञ्चामृत चढाउँछस् ॥३९॥

मारी रेशम का कीरा चोखा वस्त्र लगाउँछस् ।
लूते कुक्कुर देखे मा चुच्चे ढुंगो उठाउँछस् ॥४०॥

तै पनि तँ महासभ्य अति-आचारशील छस् ।
दया धर्म र विद्या को ठेक्का बोकेर नाच्दछस् ॥४१॥

ढाँट्दछस् भगवान् लाई लाटा लाई सरी गरी ।
एसरी काम चल्दैन गर् स्वयं श्रम बेसरी ॥४२॥

कसौंडी ताउला ले झैं खरानी जिउ मा घसिस् ।
बकुल्ला ले सरी दाउ हेरदै ध्यान मा वसिस् ॥४३॥

दूध का डाडु ले जस्तै विद्या सागर मा डुबिस् ।
रेल मोटर ले जस्तै तीर्थ यात्रा पनिऽ गरिस् ॥४४॥

छापाखानाहरू ले झैं छापिस् ग्रन्थ बडा बडा ।
रेडियो ले सरी बोली स्तब्ध पारिस् महासभा ॥४५॥

तँ मा लाल्टिन मा जस्तै ज्ञान बत्तीहरू बले ।
जति बाल्यो उति काला तेरा भित्री नशा भए ॥४६॥

छोरी बेचे सरी बेचिस् तैंले आत्मा कनै पुरा ।
खसी काटे सरी काटिस् पुराना ऋषि का कुरा ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पश्य रे कीदृशं पुष्पाद् वयमद्मो रसं मधु ।
भ्रमसि त्वं बहिरन्तर्न वेत्सि सृष्टिवैभवम् ॥३८॥

चोरयित्वार्जनं नस्त्वं तस्करैः सह लुण्टसि ।
पञ्चामृते तदेव त्वं हरयेऽर्पयसे मुदा ॥३९॥

हत्वा कृमीन् दधासि त्वं कौशेयं वसनं शुचि ।
दुर्बलं कुक्कुरं दृष्ट्वा त्वं गृह्णास्युपलं वली ॥४०॥

तथापि त्वं महासभ्यः शीलाचारगुणैर्युतः ।
विद्याधर्मदयानां त्वं धृत्वा नृत्यसि संविदम् ॥४१॥

भगवन्तं मूकमिव प्रतारयसि निर्भरम् ।
इत्थं कार्यं न चलति स्वयं कुरु भृशं श्रमम् ॥४२॥

कांस्यताम्रभाण्डतुल्यं विधाय भस्मलेपनम् ।
वकवत्तिष्ठसि ध्याने भूत्वा कपटतापसः ॥४३॥

दुग्धचालनदर्वीव न्यमज्जो ज्ञानसागरे ।
विधूमशकटेनेव तीर्थयात्रा कृता त्वया ॥४४॥

मुद्रिता बहुशो ग्रन्था भूत्वा मुद्रणयन्त्रवत् ।
सभायां वावदूकोऽसि निर्भावो रेडियो यथा ॥४५॥

दीपधान्यां यथा दीपा ज्ञानदीपास्त्वयि स्थिताः ।
यावत् प्रज्वलितास्तावन्मलिनाः स्नायुतन्तवः ॥४६॥

विक्रीतास्ति यथा पुत्री स्वात्मा व्यक्रीयत त्वया ।
क्लीबच्छागमिवाकृन्त प्राक्तनस्य मुनेर्वचः ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिथि तोकेर जो आयो त्यो तेरो अतिथिऽ भयो ।
जहाँ खबर छापिन्छन् तेरो त्यो अखबार हो ॥४८॥

एस्तै एस्तै अनेकौं छन् तेरा सुल्टा कुराहरू ।
हाम्रो भाषै तँ बुझ्दैनस् किन बोलौं यहाँ अरु ॥४९॥

माछा मार्न, शुगा थुन्न, मौरी को मह चोरन ।
एउटा ज्यान का निम्ति धेरै ज्यान मराउन ॥५०॥

आमा पृथिवी को छाती चिरी भाउ लगाउन ।
निदाएर घुरी आफू अर्का लाई जगाउन ॥५१॥

आमा का दूध का साथ पुत्र को रक्त मूछन ।
कचौंडो जसको तान्यो उसैको मासु लूछन ॥५२॥

कानै फुट्ने गरी चर्का चर्का नारा लगाउन ।
मान्छे मान्छे लडाएर रक्तपात गराउन ॥५३॥

तिमी बाट सिके देखि एस्तै विद्या सिकाउला ।
हो कि होइन ए मान्छे ? भने देखि रिसाउला" ॥५४॥

वर्षेनि सुन्तला फुल्छन् मौरी वर्षेनि आउँछन् ।
मान्छे एस्तो सधैं गर्छ मौरी यै नित्य गाउँछन् ॥५५॥

देखिन्छन् सुन्तला घारी वारी पारी थरी थरी ।
दीपावली गरी बत्ती बालेका घर कै सरी ॥५६॥

हावा लागेर निभ्दैनन्, निभ्दैनन् वर्षिई जल ।
पहेंला बिजुली बत्ती हुन् कि ई सुन्तला फल ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिथिं निर्दिश्य यः प्राप्तः सोऽभवत्तेऽतिथिः सदा ।
एतद् वृत्तान्तपत्रं ते यत्पत्रे मुद्रयन्ति ते ॥४८॥

इत्थमेवंविधा वार्तास्तेऽनुकूला भवन्त्यहो ! ।
नैव जानासि नो भाषां कथं ब्रूमोऽधिकं त्विह ॥४९॥

मत्स्याघातं कीररोधं मधुस्तेयादिकर्म च ।
एकस्य जीवनार्थाय वहुजीवनघातनम् ॥५०॥

छित्वा वक्षो मातृभूमेरनेकेभ्यो विभाजनम् ।
घूर्णितेन सनिद्रेण व्यर्थमन्यप्रबोधनम् ॥५१॥

महिष्याः सह दुग्धेन शावकासृग्विलेपनम् ।
ऊधो यस्या गृह्यतेऽत्र तस्या मांसविकर्षणम् ॥५२॥

कटु क्वणन्तः कर्णेषु सूक्तानां बहुजल्पकाः ।
परस्परनियुद्धेन रक्तपातस्य कारकाः ॥५३॥

त्वत्तो विद्यां शिक्षते चेदिमां विद्यां प्रशिक्षसे ।
अस्त्येवं वा न वा सत्यं कथने कुपितो भवेः ॥५४॥

प्रतिवर्षं सुवर्णानि फुल्लन्ति मधुपा अपि ।
आयान्ति मानवैरेवं क्रियते तैः प्रगीयते ॥५५॥

सुवर्णकुञ्जा दृश्यन्ते पारावारे विभिन्नकाः
दीपावल्यो यथा दृष्टा दीपावलिसुपर्वणि ॥५६॥

वाताहता न शाम्यन्ति न शाम्यन्ति प्रवर्षणे ।
विद्युद्दीपा अमी किं वा सुवर्णानि फलानि किम् ? ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मिलाएर सजाएका सुन्तला वेचने घर ।
रत्न भण्डार झैं लाग्छन् सस्ता छन् किनदा तर ॥५८॥

अबला अव लाई त साह्रै हर्ष मनाउँछन् ।
सुन्तला पाउँदा खेरी सुन्त लाउन छोड्दछन् ॥५९॥

को खोजोस् गहना जैरे नाक कान दुखाउन ।
छोडेर सून का बाजे यी राम्रा सुन्तला कन ॥६०॥

सुन्तला खानुहोस् दाजी ? छन् मीठा रसिला भनी ।
हेर्दछिन् गाउँ की बाला हात मा सुन्तला गनी ॥६१॥

दुई दाना किनी खायो हाँसी भन्छन् लिनोस् अरु ।
नहाँसी बोल्न जान्दैनन् यी हाम्रा बहिनीहरू ॥६२॥

हाँसेको त्यो मीठो बोली पाकेका ती मिठा फल ।
तातेको यो खरो आँत नकिनी मन मान्छ र ? ॥६३॥

डाली का सुन्तला देख्दा गोजी खालि भए पनि ।
नछामी मन मान्दैन क्या धन्य सुन्तला छ नि ॥६४॥

सर्दी हो फल्छ जाडा मा तै पनि हुन्छ दुर्लभ ।
गर्मी मा यो हुँदो हो त रित्तिन्थ्यो इन्द्र वैभव ॥६५॥

गर्मी मा मँ पुऱ्याउन्न जानेरै विधि ले पनि ।
जाडा ताका हुने चल्ती चलाए चतुरा बनी ॥६६॥

अथवा सुन्तला भित्र वैद्यशास्त्रानुसारतः ।
हिउँदे ऋतु मा मिल्ने जस्तो पौष्टिक वस्तु छ ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुसज्जिता मेलयित्वा सुवर्णरक्षका गृहाः ।
रत्नभण्डारसदृशाः समर्घाः क्रयणे त्विह ॥५८॥

इतः परं प्रकुर्वन्ति प्रमोदं प्रमदाजनाः ।
सुवर्णफलसंप्राप्तौ सुवर्णं न दधत्यहो ! ॥५९॥

को वाञ्छेद् भूषणं तादृङ्नासिकाकर्णपीडकम् ।
वरं सुवर्णादधिकं सुवर्णं सरसं फलम् ॥६०॥

'सरसं मधुरं भक्ष सुवर्णं हे ममाग्रज ! ।
एवमुक्त्वा ग्राम्यबाला फलहस्ता प्रपश्यति ॥६१॥

क्रीत्वा फलद्वयं भुक्त्वा'ऽन्ये गृह्णातु फले इमे'
सस्मितं प्रवदन्त्येवं भगिन्यो न इमा गिरः ॥६२॥

स्मितपूर्वं वचो मिष्टं सुपक्वं मधुरं फलम् ।
सुतप्तमुदरं चित्तमक्रीत्वा मनुते कथम् ? ॥६३॥

करण्डे नागरङ्गाँस्तान् दृष्ट्वा रिक्तां च गोजिकाम् ।
मनो न मनुतेऽस्पृष्ट्वा धन्यमैरावतं फलम् ॥६४॥

शीतकाले फलत्येतत् तथापि भुवि दुर्लभम् ।
ग्रीष्मेऽभविष्यत्तच्चेदं समाप्स्यदिन्द्रवैभवम् ॥६५॥

ग्रीष्मकाले न शक्येतेति मत्वा विधिनापि तत् ।
शीतकालेऽस्य चलनं चालितं चतुरेण किम् ? ॥६६॥

अथवा नागरङ्गान्तर्वैद्यशास्त्रानुसारतः ।
उपयुक्तं शीतकाले पौष्टिकं वस्तु विद्यते ॥६७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फल मा औषधि भर्ने फूल मा भरने छवि ।
सबै भन्दा सिपालु छ माथी को लहडी कवि ॥६८॥

सुन्तला कहिले खानु कहिले आँप चूसनु
कहिले नाश्पती खानु एस्तो ठिक्क विचारनु ॥६९॥

जड प्रकृति के जान्लिन् ? आँफै के हुन सक्दछ ?
एसैले 'ईश्वरी सृष्टि' भन्नु मा बल मिल्दछ ॥७०॥

अहा ई सुन्तला सारा कति सौन्दर्यपूर्ण हुन् ?
लचक्क फल को भारी बोकी विश्व भुलाउँछन् ॥७१॥

पँहेला फल पैह्रेका सुन्तला-बोट का मनि ।
स्वर्णभूषण पैह्रेका जब पुग्छन् विलासिनी ॥७२॥

कत्ति फरक देख्दैन सोचेर हेरने जन ।
दुवै छन् रसिला राम्रा दुवै छन् मन मोहन ॥७३॥

झपक्कै फल बोकेका सुन्तला एसतर्फ छन् ।
छपक्कै सुन छापेका सुन्दरी उसतर्फ छन् ॥७४॥

हरियो रेशमी चोली सुन्दरी ई रुचाउँछन् ।
हरियै पात को चोली सुन्तलाहरू लाउँछन् ॥७५॥

डाली मा फल बोकेर व्यापारी जन कै सरी ।
सुन्तला ई डटेका छन् मोल पाउन वेसरी ॥७६॥

डाली मै फल बोकेर वेपारी जन कै सरी ।
सुन्दरी ई डटेका छन् मोल पाउन वेसरी ॥७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फले महौषधं भर्ता पुष्पेऽपि रुचिरां छविम् ।
सर्वेभ्यः कुशलोऽस्त्येको विधाता भावकः कविः ॥६८॥

सुवर्णं सहकारं च वाप्फलं चामृतोपमम् ।
ऋतावृतौ समुत्पाद्य पोषकोऽसि प्रजापतिः ॥६९॥

किं जडा प्रकृतिर्विद्यात् स्वतः किमुपपद्यते ।
अत एवैश्वरीं सृष्टिं प्रवक्तुं बलिनो वयम् ॥७०॥

कति सौन्दर्यपूर्णास्ते सुवर्णफलपादपाः ।
फलभारावनमिता विश्वमाकर्षयन्त्यहो ! ॥७१॥

सुवर्णफलसंयुक्ताः सुवर्णफलपादपाः ।
स्वर्णालङ्कारधारिण्यो विलासिन्य इवाभवन् ॥७२॥

विचारेणालोक्यते चेद् भिन्नता न हि दृश्यते ।
उभयं सरसं रम्यमुभयं च मनोरमम् ॥७३॥

फलभारावनमितैः सुवर्णतरुभिः सह ।
सुवर्णभूषणैर्युक्ताः सुन्दर्यः समतामगुः ॥७४॥

कौशेयो हरितश्चोलो रमणीभ्यः प्ररोचते ।
पत्रचोलं च हरितं धरन्ति स्वर्णपादपाः ॥७५॥

फलैः शाखाप्रशाखाभिः सुदृढा वणिजो यथा ।
सुवर्णपादपा नम्राः पर्याप्तं मूल्यमीप्सवः ॥७६॥

करण्डे नागरङ्गाँस्तान् सन्धार्य वणिजो यथा ।
रम्या रमण्यो राजन्ते पर्याप्तं मूल्यमीप्सवः ॥७७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यौटा चिन्नल एत्तिऽ छ होचा छन् युवतीहरू ।
अगला छन् सुन्तला वृक्ष भेद छैन कुनै अरु ॥७८॥

रोजेर सुन्तला लाई पक्षी नै खान पाउँछन् ।
पक्षी ले जत्ति को मान विपक्षी किन पाउँनन् ॥७९॥

पक्षी भनेर के गर्ने विपक्षी जन कै सरी ।
सक्दछन् सुन्तला लाई ती पक्षी रस मा परी ॥८०॥

सन्त लाई सरी राम्रै व्यवहार गरे पनि ।
सन्तला ई सरी राम्रै सक्ने कोहि हुँदैन नि ॥८१॥

हरिया पात छोपेर सुन्तला जब झुक्दछन् ।
पँहिला हरिया पन्छी क्या मजा सँग लुक्दछन् ॥८२॥

ई मीठा सुन्तला छोड्ने चरा छैनन् कुनै तर ।
काग ले त अझै पक्की बनाउँछ यहीं घर ॥८३॥

बसू है सुन्तला खान्न भनी पैह्ले फकाउँछ ।
केस्रा केस्रा सबै खाई बोक्रा छोडी छकाउँछ ॥८४॥

मँ उल्टो कि जगत् उल्टो काग उल्टो कि होस् कछु ।
चरो भन्दछ संसार मँ भने चोर भन्दछू ॥८५॥

कुनै नाच्न भुलेका छन् कुनै गाउन मस्त छन् ।
काला काग सरासर्ती सुन्तला खान बस्दछन् ॥८६॥

चरो होस् सुन्तला खान आइहालिस् त भै गयो ।
सुना कोकिल ले जस्तो गीत एक अतिऽ मिठो ॥८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृश्यते भिन्नतैकेह रमण्यः खर्वमूर्तयः ।
नास्त्यन्यः कुत्रचिद् भेदः प्रोन्नताः सन्ति पादपाः ॥७८॥

रोचयित्वा सुवर्णानि नित्यं खादन्ति पक्षिणः ।
पक्षी तु मानमाप्नोति विपक्षी कथमाप्नुयात् ॥७९॥

पक्षीति कथने किं स्याद् विपक्षिजनतुल्यकः ।
पक्षिणो रसमग्नास्ते सुवर्णान्यश्नुवन्त्यहो ! ॥८०॥

सन्तं मत्वा पक्षिणं तं व्यवहारे कृतेऽपि च ।
सुवर्णान्यश्नुवन्त्येते तथा कोऽन्यः समश्नुयात् ॥८१॥

हरित्पत्रोपरिस्थानि सुवर्णानि नमन्ति चेत् ।
अहो ! कियन्निलीयन्ते पीताश्च हरिता द्विजाः ॥८२॥

मधुराणि सुवर्णानि न कोऽपि त्यजति द्विजः ।
तत्र नीडं संरचय्य काको वसति तद्गृहे ॥८३॥

'सुंवणं नैव भक्षामि वसानी'ति वदन्नथ ।
सर्वान् कोशान् भक्षयित्वा वल्कलानि त्यजत्यसौ ॥८४॥

विपरीतोऽस्ति लोको वा काको यद्वाहमस्मि किम् ।
चरं वदति संसार इमं चौरं वदाम्यहम् ॥८५॥

नृत्यन्ति शकुनाः केचित् केचिद् गायन्त्यहर्निशम् ।
कृष्णाः काकाः सुवर्णानि भक्षितुं निवसन्त्यहो ! ॥८६॥

द्विजोऽसि नागरञ्ज्ञान् किं स्वदितुं चागतोऽसि चेत् ।
एकं गीतं श्रावयास्मान् मधुरं कोकिलो यथा ॥८७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनूँ कि मन मा सोच्यो काग का का कराउँछ ।
काका गुहारनै पर्ने पारेछन् कि गराउँछ ॥८८॥

सबै ईश्वर को बारी सबै ईश्वर पुत्र हौं ।
ए पन्छी यो कुरा हामी शास्त्र मा मात्र भन्दछौं ॥८९॥

बाहिरी काम पर्दा त तेरो मेरो छँदै छ नि ।
आयौ यी सुन्तला खान कुन नाता लिई तिमी ? ॥९०॥

द्विज हूँ कृष्ण हूँ फेरि एक नेत्र मँ शुक्र हूँ ।
समाचार दिने ताजा देवर्षि कलि को मँ हूँ ॥९१॥

प्रसिद्ध शास्त्र विज्ञाता भक्त काक भुशुण्डि हूँ ।
सीता-पाउ पनिऽ ठुङ्ने काग-रूपी जयन्त हूँ ॥९२॥

भन्ने छ मन मा तिम्रा भने ए काग यो सुन ।
प्राचीन गर्व ले मात्र अब मिल्दैन गम्कन ॥९३॥

दिन मा सुन्तला चोर्न ई चराहरू आउँछन् ।
रात मा सुन्तला चोर्न चन्द्रमा नैं उदाउँछन् ॥९४॥

नीला आकाश मा हेर चोरेका सुन्तला सब ।
तारा बनेर चम्केका बनी स्वर्गीय वैभव ॥९५॥

ए चन्द्र सुन्तला चोर तिम्रा गाला बजाउँला ।
नठाने उड्न सक्दैनन् राकेटै चढि आउँला ॥९६॥

पैसा ले पनि पाइन्न नेपाली फल को रस ।
विना पैसा कहाँ दिन्थ्यौं ? सुन्तला हो ! छिटो खस ॥९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्थं वच्मीति मनसि चिन्तिते सति क्रन्दति ।
आत्मीयान् कटुशब्देनाह्वयतीव करोति सः ॥८८॥

'सर्वा हीश्वरवाटीयं सर्वे चेश्वरपुत्रकाः ।'
हे विहङ्गा ! विचारोऽयं शास्त्रेऽस्माभिर्निभाल्यते ॥८९॥

अन्यथा व्यवहारेऽस्ति तवेदं न ममेप्सितम् ।
सम्बन्धेनाथवा केन सुवर्णान्यत्तुमागतः ॥९०॥

'द्विजोऽहमस्मि कृष्णोऽहं शुक्रोऽहं चैकनेत्रकः ।
ददामि नववृत्तान्तं कलेर्देवर्षिरस्म्यहम् ॥९१॥

प्रसिद्धः शास्त्रविज्ञाता भक्तः काकभुशुण्डयहम् ।
काकरूपो जयन्तोऽस्मि सीतायाः पादयोर्नतः' ॥९२॥

काक ! ते मनसीत्थं चेच्छृणु वार्तामिमां पुनः ।
किं प्राचीनेन गर्वेणाधुना प्राप्नोसि गौरवम् ॥९३॥

सुवर्णानि चोरयितुं दिन आयान्ति वायसाः ।
तानि चोरयितुं रात्रौ नूनं चन्द्र उदेति किम् ? ॥९४॥

तन्नीलगगने पश्य सर्वे नागरुका इव ।
तारारूपेण शोभन्ते भूत्वा स्वर्गीयवैभवम् ॥९५॥

सुवर्णफलचौरोऽसि हे चन्द्र ! तव गण्डयोः ।
राकेटयान उड्डीयाऽऽगत्य त्वां ताडयेम किम् ? ॥९६॥

रसो मिलेन्न नैपालफलानां रूप्यकैरपि ।
नैव दद्मः सुवर्णानि फलानि पततेह नः ॥९७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिउँला बरु मागे मा यहाँ को मह गोरस ।
सुन्तला को कसै दिन्नौं चन्द्रमा महँगो रस ! ॥९८॥

हाम्रा वचन ले हेर खस्नेछन् सुन्तला तल ।
तारा खसे भनी ठान्लान् नजान्ने जनता सब ॥९९॥

भो भैगो चन्द्रमा ! व्यर्थै नफाल सुन्तला तल ।
आकाश मै फिँजारेर महँगो बेचने गर ॥१००॥

थुप्रिएका जती पैसा यौटा यौटा गरी गने ।
दिए स्वर्गीय नेपाली बाटा मा भेटिए भने ॥१०१॥

स्वर्ग मा सुन्तला छैनन् इन्द्र लाई पनिऽ दिनू ।
के कस्तो मान्दछन् इन्द्र उनको भावना लिनू ॥१०२॥

इन्द्रपुरी सभा बस्दा यो कुरा मन मा लिनू ।
'नेपाली सुन्तला' भन्ने एउटा भाषणै दिनू ॥१०३॥

चोर आउन् चरा आउन् भेद गर्दैन सुन्तला ।
साँच्चै का गुणवान् गर्छन् सबै माथी समानता ॥१०४॥

यहाँ बाट किनी लान्छन् पचासौं कोश सुन्तला ।
गुणी को खोजनी हुन्छ पृथिवी मा जता तता ॥१०५॥

बेच्ने ले सुन्तला बेच्छ, किन्ने ले किन्छ सुन्तला ।
भेटी मा सुन्तला जान्छ कोशेली बन्छ सुन्तला ॥१०६॥

खेत मा काट्न गो धान सुन्तला नै तयार छ ।
भान्सा मा खान गो भात सुन्तला कै अचार छ ॥१०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

याचकेभ्यो गोरसं वा दद्याम मधुरं मधु ! ।
रसं स्वर्णफलानां तन्न दद्मो मधुरं विधो ! ॥९८॥

अस्माकं वचनैनैव पतिष्यन्ति फलान्यधः ।
अज्ञानिनो जनाः सर्वे मन्येरँस्तानि भानि किम् ? ॥९९॥

हे चन्द्राधो न क्षिप त्वं भव नार्यङ्गरक्षकः ।
गगने विसृतं कृत्वा महर्घं विक्रयं कुरु ॥१००॥

राशीभूतान् पणान् सर्वान् विगणय्य दिने दिने ।
देहि स्वर्गीयनैपालजनायायनचारिणे ॥१०१॥

स्वर्गे नैव सुवर्णानि सन्ति शक्राय चार्पय ।
कीदृशं मनुते शक्रस्तस्य भावं विचारय ॥१०२॥

वसेच्चेदमरावत्यां सुधर्मा त्वं विचारय ।
नैपालानां सुवर्णानां विषये देहि भाषणम् ॥१०३॥

चौरा द्विजा वाऽऽगच्छेयुर्भेदं नैव करोति तत् ।
कुर्वन्ति गुणिनः सन्तः सर्वोपरि समानताम् ॥१०४॥

परःपञ्चाशत्क्रोशान् हि सुवर्णानि नयन्त्यतः ।
वाञ्छन्ति गुणवन्तं हि यत्र तत्र जना भुवि ॥१०५॥

विक्रीणीते च विक्रेता क्रेता क्रीणाति तत्फलम् ।
उपायने चोपहारे सुवर्णानि प्रयुञ्जते ॥१०६॥

क्षेत्रं गतस्य धान्यार्थं सुवर्णान्यशनान्यहो ! ।
चूष्याणि च सुवर्णानि भोजनेऽपि महानसे ॥१०७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेता नाता सबै लाई सुन्तला उपहार छ।
जता जाऊ जतिऽ खाऊ सुन्तला कै बहार छ ॥१०८॥

पाएर एउँटै स्वाद राजा रंक रमाउँछन्।
'पत्रं पुष्पं फलं तोयं' सबै लाई सुहाउँछन् ॥१०९॥

अहो यी सुन्तला पाक्दा जस्तो सुन्दर दृश्य छ।
तेसैमा मिसिए जस्तो बुहारी को विलाप छ ॥११०॥

बुहारी ले लिएका छन् आँखा मा आँसु का भल।
पीठ मा धान को भारी हात मा सुन्तला फल ॥१११॥

हिमाल तिर फर्केर विरही गीत गाउनु।
तातेको छाति को चोलो आँसु द्वारा भिजाउनु ॥११२॥

खेत मा धान काटेर आली मा गै विसाउनु।
पोल्टा बाट निकालेर सुन्तला लिई चाखनु ॥११३॥

विचरा अबला लाई यौटा आनन्द एत्ति छ।
एत्ति पाइन्न ता हाय ! दुःख यो ज्यातिबित्ति छ ॥११४॥

न बोल्ने घाँस को डोको, हँसिया हात काटने।
थाप्लो खाने खरो नाम्लो गाग्री क्यै नभनी रुने ॥११५॥

एस्ता विरसिला साथी भोगेका जसले थिए।
उनैलाई विधाता ले रसीला सुन्तला दिए ॥११६॥

हाँस वा रोउ वा खेल खाउ वा म्वाइँ खाउ वा।
जे गरे पनि छन् राजी दुःखिया सँग सुन्तला ॥११७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्बन्धिभ्योऽथ नेतृभ्यः सर्वेभ्यस्तदुपायनम् ।
इतस्ततो यत्र कुत्र गते खाद्यं सुवर्णकम् ॥१०८॥

स्वादं समानं सम्प्राप्य रमन्ते राजरङ्काः ।
पत्रं पुष्पं फलं तोयं सर्वेषां सुखमास्पदम् ॥१०९॥

परिपाके सुवर्णानां रम्यं दृश्यं सुशोभते ।
तद्दृश्ये मिश्रितं चित्रं वधूटीविरहस्य च ॥११०॥

वधूनयनयोरश्रुजलं चाधिकमेधते ।
तत्पृष्ठे धान्यभारश्च सुवर्णं चापि हस्तयोः ॥१११॥

हिमाचलमुखानां च विरहगीतगायनम् ।
तप्तवक्षस्थचोलस्य चाश्रुभिः क्लेदनं तथा ॥११२॥

धान्यानां छेदनं क्षेत्र आलवालेषु विश्रमः ।
आत्मक्रोडाद् विनिष्कास्य सुवर्णफलचूषणम् ॥११३॥

वधूटीनां कृते चैक आनन्दः श्रमहारकः ।
मिलेयुर्न सुवर्णानि दुःखमत्यन्तकष्टदम् ॥११४॥

हस्तं कर्त्री कर्तरिका सखा मूकः करण्डकः ।
शिरः पीडाकरी रज्जुर्न वक्ति रुदितो घटः ॥११५॥

सखायो नीरसा यासां दुःखदा न सुखाकराः ।
तासां कृते विधात्राहो ! प्रदत्तं सरसं फलम् ॥११६॥

कुरु हासं रोदनं वा क्रीडनं वापि चुम्बनम् ।
यत्करोषि च सन्तुष्टं सुवर्णं रसवत्फलम् ॥११७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो पापी मन को ताप यदि कोहि बुझाउँछ ।
कि ठूला सन्त को वाणी कि एहि सुन्तला त छ ॥११८॥

पाकेका सुन्तला लाई सम्झन्छ मन ले जब ।
सम्झिन्छ दाइँ हालेको काटेको धान वैभव ॥११९॥

गाउँ मा सुन्तला झुल्छन् वेंसी मा धान झुल्दछ
कस्तो सरस देखिन्छ नेपाली कृषि वैभव ॥१२०॥

तराई धान बोकेर चढ्छ पर्वत पर्वत ।
पहाड सुन्तला बोकी तराई तिर झर्दछ ॥१२१॥

देखी आत्मीय सम्बन्ध यो आफ्ना परिवार को ।
भरिन्छ गर्व ले छाती ह्यूँचुली दरबार को ॥ १२२ ॥

सधैं टल्कन्छ त्यो ताल सधै हाँस्छ हिमालय ।
सधैं ती छहरा नाँच्छन् सधै गंगा सुसाउँछ ॥१२३॥

सधैं छ वन को शोभा सधैं कमल-पोखरी ।
को पाउँछ ? हरे खान सुन्तला ई सधैं भरी ॥१२४॥

एसरी सुन्तला खाइयो सखे !
दिव्य को सिर्जना पाइयो सखे !
वेदना दुःख का गाइयो सखे !
छुट्टिने ठाउँ मा आइयो सखे ! ॥१२५॥

(इति अष्टम सर्ग)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पापिनो मनसस्तापं यदि कश्चित् प्रशाम्यति ।
महतां वा सतां वाणी सुवर्णानि फलानि वा ॥११८॥

यदा मनः स्मरेत् पक्वं सुवर्णं सरसं फलम् ।
तदा गवां विभ्रमणं स्मर्यते मेढिधान्यकम् ॥११९॥

ग्रामे स्वर्णतलानां च नितम्वे धान्यगुच्छकाः ।
सरसः पार्वतो भागो नैपालं कृषिवैभवम् ॥१२०॥

मध्यदेशो धान्यवहः पर्वतानधिरोहति ।
तथा स्वर्णतलान्युत्त्य चावरोहन्ति पार्वताः ॥१२१॥

दृष्ट्वा स्वपरिवारस्य सम्वन्धं हार्दिकं मधु ।
वक्षो भरति गर्वेण सौधस्येदं हिमाद्रिणाम् ॥१२२॥

सदा सरश्चकास्त्यत्र स्मयते च हिमालयः ।
नृत्यन्ति निर्झराश्चापि सदा शुक्ला स्वनत्यहो ! ॥१२३॥

सदा पद्मपुष्करिणी वनशोभा च शोभते ।
कः प्राप्नोति सदा भोक्तुं सुवर्णं सरसं फलम् ॥१२४॥

मधुफलान्यहो ! भुक्तवान् सखे !
दिव्यतासर्जनं प्राप्तवान् सखे !
दुःखितां वेदनां गीतवान् सखे !
भिन्नमार्गस्थले प्राप्तवान् सखे ! ॥१२५॥

(इति अष्टमः सर्गः)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्त्य मा

भिन्नै भिन्नै गरी हेऱ्यौं यहाँ को रसिलो धरा ।
फर्की हेरौं मिसाएर कति राम्रो छ पोखरा ! ॥१॥

टिल्पिली टल्किने ताल झिल्मिली झल्किने हिम ।
झर्झरी झरने झर्ना हल्हली हल्कने वन ॥२॥

गड्गडी गड्किने गंगा गम्किने दिव्य पंकज ।
पोखरा रमणी का छन् कस्ता सौन्दर्य वैभव ? ॥३॥

चूना ले उत्तरी भित्तो पोती पारी झकाझक ।
बगैंचा का गलैंचा ले सिँगारी कन बैंठक ॥४॥

चरा चुरुंगि का गाना चारै तरफ मा छरी ।
श्याम बादल का पर्दा लाउँदैं खोलँदै गरी ॥५॥

हावा द्वारा नचाएर लता वृक्ष थरी थरी ।
रंगमञ्च सरी चल्छ यहाँ नाटक कस्तरी ? ॥६॥

क्या राम्रो तबला ताल गण्डकी बाट आउँछ ।
कस्तो हार्बिन को गाना कोइली ले बजाउँछ ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपसंहारः

पृथक् पृथगपश्याम पोखरां सरसां रसाम् ।
पश्यामो मिश्रितां सर्वां कियद् रम्यास्ति भूरियम् ॥१॥

चकासति सरांस्यत्र दीव्यन्ति हिमपर्वताः ।
झरन्ति निर्झरा नित्यं समेधन्ते वनान्यपि ॥२॥

शुक्ला सशब्दं वहति शोभन्ते पङ्कजान्यपि ।
चकास्ति वैभवं दिव्यं पोखरा-रमणीभवम् ॥३॥

चूर्णलिप्ता सुरम्यास्ति भित्तिकोत्तरवर्तिनी ।
शृङ्गारितान्यङ्गणानि वाटिका-शयनान्यहो ! ॥४॥

नानाशकुन्तगानानि परितो विसृतान्यपि ।
घनश्यामां जबनिकां समुद्घाटच पिधाय च ॥५॥

समीरणैर्नर्तयित्वा विविधा वीरुधो द्रुमान् ।
रङ्गमञ्चे यथादृष्टं चलतीहापि नाटकम् ॥६॥

गण्डक्यास्ताल आयाति तवला-तालतुल्यकः ।
पुँस्कोकिलो वादकोऽस्ति गानं हार्पिन-यन्त्रवत् ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

झर्ना सीतार झैं कस्तो जल-ताडन जान्दछन् ?
शास्त्रीय गीत को ढाँचा खोला क्या ठिक्क ल्याउँछन् ॥८॥

क्या राम्रो मुजुरा ठोक्छन् सधैं झ्याउँकिरी किरी ।
झ्याउरे गान को तान मैना ल्याउँछ कस्तरी ? ॥९॥

भूँ भूँ पटह को नाद भमरा कति ल्याउँछन् ?
नाच्दै कमल का फूल क्या संसार भुलाउँछन् ॥१०॥

क्या राम्रो गम्किएको छ यी राम्रा ताल को छवि ।
झल्काई सुकिला दाँत क्या हाँस्छन् हिम का चुली ? ॥११॥

क्या हेर्छन् नक्कली तारा साथमा ली निशाकर ।
उषा सन्ध्या अँगालेर क्या हाँस्छन् नि दिवाकर ? ॥१२॥

कलीला पालुवा लाग्दा क्वैली ले गीत गाउँदा ।
हरीया वन का माथी जेठ का घाम चर्कंदा ॥१३॥

गडङ्ङ गरँदै कालो बादलू आई वर्षंदा ।
सुकेका छहरा सेतै धमीलै भइ गर्जंदा ॥१४॥

खोला नाला कुला खोल्सा सबैमा बाढ आउँदा ।
असारे गीत गाएर पिपिरे धान रोपदा ॥१५॥

जता हेर्‍यो उतै राम्रो हरियो घाँस टल्कँदा ।
पाखा मा कुहिरो लाग्दा खेत मा धान गोडँदा ॥१६॥

पहेंला धान का बाला झुल्दै लहलहाउँदा ।
पाकेका सुन्तला खाँदै दाइँ हालेर नाचँदा ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वीणाया दिव्यभङ्कारमस्ति निर्भरताडनम् ।
शास्त्रीयगानरीतिं च सरितः कुर्वतेऽनिशम् ॥८॥

सुरम्यं मुजुरावाद्यं भिल्लिका वादयन्त्यहो ! ।
लोकगीतलयं तानं सारिकाऽऽनयते कथम् ॥९॥

'भूँ भूँ' पटहनादं चाऽऽनयन्ते भ्रमरा अपि ।
नृत्यन्ति पद्मपुष्पाणि मोहयन्ति च लौकिकान् ॥१०॥

कीदृशं सुन्दरं दृश्यं कीदृशी सरसां छविः ।
प्रदर्श्य दन्तान् सुश्वेतान् स्मयन्ते ते हिमाचलाः ॥११॥

चन्द्रेण सह पश्यन्ति कृत्रिमास्तारका अपि ।
उषया सन्ध्यया सार्धं हसति नु दिवाकरः ॥१२॥

पल्लवे कोमले जाते गीतं गायति कोकिले ।
हरिते विपिने ग्रीष्मे चण्डे तपति भास्करे ॥१३॥

गर्जतां कृष्णमेघानामागमे वर्षणे सति ।
कुसरित्सु गिरिस्थासु वहन्तीसु सगर्जनम् ॥१४॥

नदे नद्यां च कुल्यायां जलवेगे प्रवर्द्धिते ।
आषाढमासे क्षेत्रेषु सगानं धान्यरोपणे ॥१५॥

यत्र दृष्टे तत्र रम्ये हरिद्घासे चकासति ।
पर्वतप्रान्तनीहारे क्षेत्रे धान्यप्रमार्जने ॥१६॥

स्वर्णस्तम्बायिते धान्यक्षेत्रे लोकमनोरमे ।
सुपक्वानां सुवर्णनां खादने मेढिनर्तने ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जौं, तोरी, गहूँ बारी मा सेत्ताम्मे शीत वर्षंदा ।
पँहिंलै तोरी फुल्दा र हिम ले घाम तापँदा ॥१८॥

सधैं रमाइलो लाग्छ यो राम्रो पोखरा पुरी ।
सबै सुहाउंदो रैछ राम्रो ज्यान परे पछि ॥१९॥

कुन मैन्हा छ ख्वै तेस्तो पोखरा यो न गम्कने ?
कुन मान्छे छ ख्वै तेस्तो यहाँ आई न नाचने ? ॥२०॥

के हो प्रकृति को शोभा ? के छ तत्व हिमाल को ?
के माहात्म्य छ शुक्ला को के छ गौरव ताल को ? ॥२१॥

ताल का वीच मा टापू जो बन्यो कसरी बन्यो ?
चरा का गण ले गीत गाउँदै के कुरा भन्यो ? ॥२२॥

छहरा पहरा फोरी तेसरी छल्किए किन ?
लहरा फूल का झुल्दै वृक्ष मा टाँसिए किन ? ॥२३॥

गह मा शीत का आँसु लिए यी फूल ले किन ?
परे शरण मा हाम्रा पशु पन्छीहरू किन ? ॥२४॥

सविता सूर्य ले आफ्ना पवित्र किरणै कन ।
ऊँच नीच न शोचेर सबै तर्फ छरे किन ? ॥२५॥

ध्यानमग्न सरी बस्छन् पाखा पर्वत यी किन ?
हृदयी ! पोखरा हेर्दा यी कुरा मन मा गम ॥२६॥

चरा सित सँगै गाई आँसु आँखा भरी भर ।
न भाँची कलिला हाँगा फल फूल लिने गर ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यवसर्षपगोधूमवाटीषु शीतवर्षणे ।
घर्मसन्तप्ततुहिने पीते सर्षपपुष्पिते ॥१८॥

शोभना सर्वदैवास्ति रम्येयं पोखरापुरी ।
सर्वं सुशोभते रम्ये शरीरे समुपस्थिते ॥१९॥

को वा मासस्तादृशोऽस्ति पोखरा न चकास्त्यतः ।
को वा नरस्तादृशःस्यादिहागत्य न नृत्यति ॥२०॥

का चास्ति प्रकृतेः शोभा हिमाद्रेस्तत्वमस्ति किम् ।
शुक्लायाः किन्नु माहात्म्यं सरसो गौरवं च किम् ॥२१॥

सरो मध्यगतो द्वीपो निर्मितोऽयं कथं वद ।
शकुन्तानां गणा गीतं गायन्तः किमिहाब्रुवन् ॥२२॥

निर्झराः प्रस्तरान् भित्वा धावन्ति स्म तथा कथम् ।
कथं वृक्षेषु संसक्ता विनताः पुष्पवीरुधः ॥२३॥

शीताश्रूणि नेत्रपत्रे कथं पुष्पाण्यधारयन् ।
पशवः पक्षिणोऽस्माकमागताः शरणं कथम् ॥२४॥

सूर्यः पवित्रकिरणानात्मीयान् भवने वने ।
उच्चैर्नीचैर्नैव मत्वा सर्वत्रावाकिरत् कथम् ? ॥२५॥

पर्वतप्रान्तभागास्ते ध्यानमग्ना इवाभवन् ।
कथं सहृदयाऽऽगत्य पोखरां प्रविचारय ॥२६॥

शकुनैर्गायनं कृत्वा नेत्रयोरश्रु पूरय ।
शाखां प्रशाखामच्छित्वा फलपुष्पाण्यवाप्नुहि ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ढुंगा माथी वसी रोऊ छहरा सित वेसरी ।
पखाल मन का पाप यहिं आएर राम्ररी ॥२८॥

गुलेली, धनु, वन्दूक लिएका छौ भने सखे ।
फालिदेऊ क्षमा माग आँसु लाग्लान् नि है भरे ॥२९॥

ए पाखा ! ए लता वृक्ष ! ए चरा ! छहरा धरा ।
माफी देऊ पऱ्यो पाऊ, यौटा व्याधा कठै वरा ॥३०॥

भनी प्रकृति का सामू रोऊ पाउ परी कन ।
मान्छे वनेर जन्म्यौ त वाँच मान्छे वनी कन ॥३१॥

चरा का वचरा लाई चारा देऊ दया लिई ।
उफ्रेका मृग पाठा को म्वाऱ्री खाऊ खुशी भई ॥३२॥

न छोऊ कोपिला लाई हात को दाग लागला ।
न खाऊ वचिला साथी ! कठै त्यो के चिताउला ॥३३॥

यी राम्री वनकी वाला मन ले मात्र भोग्य छन् ।
आँखा का पुतली मात्रै पुतली छुन योग्य छन् ॥३४॥

तर्क ध्यान दया ज्ञान लिई हेर सवै तिमी ।
खान लाउन कै निम्ति हैन मानव को जुनि ॥३५॥

प्रेम ले हरिणी झाँक लागून् आँखा कन्याउन ।
भमरा भमरी लागून् मह खान र ख्वाउन ॥३६॥

भाले पोथी मिली खेलून् वृक्ष का काख मा लुकी ।
आऊ ! तिमी पनी साथी मिली दम्तर दम्पती ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिलोपरि वसन् पश्यन् निर्झरैः सह रोदिहि ।
अत्रागत्य मनःपापं प्रक्षालय सखेऽनिशम् ॥२८॥

गुणास्त्रं वा धनुर्वाणौ भुशुण्डिं वा दधासि चेत् ।
त्यजास्त्रं तत् क्षमां याच शपेयुः शकुना वत ॥२९॥

गिरिप्रान्ता ! लता ! वृक्षा ! हे द्विजा ! निर्झरा ! धरा ! ।
यूयं सर्वेऽपि क्षमध्वं व्याधं शरणमागतम् ॥३०॥

एवं वदन् प्रकृत्यग्रे कुरु त्वं परिदेवनम् ।
नरो भूत्वात्र जातोऽसि सदा मित्र ! नरो भव ॥३१॥

कृपया द्विजपोतेभ्यश्चर्वणानि समर्पय ।
प्लवतोमृगपोताँश्च सस्नेहं चुम्बनं कुरु ॥३२॥

करस्पर्शं मा कुरु त्वं जालकान्यपि मा स्पृश ।
शलाटून् भक्ष मा मित्र ! दयापात्राणि सन्ति ते ॥३३॥

रम्यैषा वनबाला तु मनसैवोपभुज्यते ।
अक्ष्णोः कनीनिकामात्रं सुस्पृश्या न वनोद्भवा ॥३४॥

तर्कध्यानदयाज्ञानादिभिस्त्वं प्रविचारय ।
भक्षणपरिधानार्थमेव नो नरजीवनम् ? ॥३५॥

प्रेमालापं प्रकुरुतामक्ष्णा हरिणदम्पती ।
खादतां वा खादयतां मधु भ्रमरजम्पती ॥३६॥

सह भूत्वा दम्पती तौ क्रीडतां वृक्षकोटरे ।
अत्राऽऽयातं सखे ! प्रेम्णा युवामपि च दम्पती ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिम्रा प्रणय मा वाधा न पारून् बाघ भालु ले ।
तिम्रा कारण ले आँसू न झारुन् ई मयाँलु ले ॥३८॥

पहिले भावना प्रेम ज्ञान ले रसिला वन ।
अनि प्रकृति को साथी ! गर सादर चुम्बन ॥३९॥

नत्र जो दिव्य सौन्दर्य हाँस्छ रुन्छ र वोल्दछ ।
ढुंगो, माटो, चीसो झाडी, खहरे मात्र वन्दछ ॥४०॥

अभियन्ताहरू लाई छ चीसो हिममाधुरी ।
माछा मार्नेहरू लाई छ नीलो छ जलमाधुरी ॥४१॥

दाउरेहरू का लागी काँचो छ वनमाधुरी ।
परीक्षार्थीहरू लाई गाह्रो छ काव्यमाधुरी ॥४२॥

चश्मा कै दोष हो साथी ! सवै को एक दृष्टि छ ।
आफ्नो हृदय जस्तो छ तेस्तै सम्पूर्ण सृष्टि छ ॥४३॥

केटा केटी हुँदा आँफू बाबू आमा सबै थिए ।
अैह्ले मानिस का जोडी क्या राम्रा दम्पती भए ॥४४॥

पछि हामी हुँदा वृद्ध छोरा छोरी हुनन् सव ।
आफ्नै हृदय मा साथी ! सारा संसार छैन त ? ॥४५॥

अर्का का बाबु आमा ले आफ्ना पुत्रहरू कन ।
राम्रा राम्रा दिंदा नाना लोभिन्थ्यो पहिले मन ॥४६॥

अैह्ले मुसुक्क हाँसेर बोलेका नव-दम्पती ।
देख्दा ईर्ष्या गरी जल्छ हाम्रो यो चञ्चले मति ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मा बाधयन्तु युवयोः प्रणयं व्याघ्रभल्लुकाः ।
शोकाश्रूणि मा स्रवेयुर्हेतुना ते वनौकसाम् ॥३८॥

भावनाप्रेमज्ञानेन प्रथमं सरसो भव ।
ततः सखे ! प्रकृत्यास्त्वं सादरं चुम्बनं कुरु ॥३९॥

नो चेद् यद् दिव्यसौन्दर्यं वक्ति रोदिति दीव्यति ।
तन्मृत्पाषाणशीतादिसरित्काननमात्रकम् ॥४०॥

अभियन्तृजनेभ्यस्तु जडेयं हिममाधुरी ।
मत्स्यादानां कृते नीला दृश्यते ह्रदमाधुरी ॥४१॥

दारुकार्थिजनेभ्यस्तु हरिता वनमाधुरी ।
परीक्षार्थिजनानां तु कठिना काव्य-माधुरी ॥४२॥

सदोषमुपनेत्रं ही समेषां दृष्टिरेकला ।
द्रष्टुर्मनो यादृशं स्यात् सृष्टिरेषापि तादृशी ॥४३॥

स्वकीयबाल्यावस्थायां सर्वेषां पितरौ स्थितौ ।
सतीर्थ्यौ च सवयसौ मिलितावद्य दम्पती ॥४४॥

पश्चादस्मासु वृद्धेषु स्वबालानां यथोचितम् ।
पश्य मित्र ! स्वहृदये नास्ति सर्वं ज़गत् किमु ? ॥४५॥

मातापितृभिरन्येषां स्वबालानां यथोचितम् ।
रम्यवस्त्रप्रदानेषु मानसं लुभ्यति स्म नः ॥४६॥

स्मेराननौ मिथो वाचं वदन्तौ नव-दम्पती ।
दृष्टे चेर्ष्यति किं चित्तमस्माकं चञ्चला मतिः ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पछि छोरा बुहारी को सेवा सुन्दर पाउने ।
वृद्ध का साथ मा होला हाम्रो जिभ्रो रमाउने ॥४८॥

एसर्थ विश्व एस्तै छ एस्तै छौं दुनियाँ सब ।
यो नै यथार्थ हो भन्ने ठोकुवा के गरौं ? अब ॥४९॥

बरु प्रकृति का काख खेल्दै खेल्दै मरौं सखे ।
जीवन्मुक्ति कहीं हुन्छ भने हुन्छ यहीं वसे ॥५०॥

सौन्दर्य हो परं ब्रह्म गर एस्को उपासना ।
सौन्दर्यपासना द्वारा छुट्दछन् भव वासना ॥५१॥

अनन्त विश्व निर्माता, अनन्त परमेश का ।
हामी अनन्त प्राणी का भावना छन् अनन्त का ॥५२॥

कहिल्यै एसले साथी ! सकिन्नन् दिव्य-गन्थन ।
हाँसियो रोइयो जे भो गरौं वार्ता विसर्जन ॥५३॥

यो काव्य काव्य का निम्ति लेखेको कत्ति होइन !
के के लेखें भनें के के ? कुरा के के मिलाइन ॥५४॥

तर जे ब्रह्म ले देख्यो तेहि लेखें भनी कन ।
केहि सन्तोष को सास भने फेर्दैछु मन्मन ॥५५॥

यो हो हृदय को फूल, कवि को काव्य होइन ।
आशा छ एसको भूल, कसैलाई विझोइन ॥५६॥

यात्री ! मिल्काऊ यो काव्य हेर्न आउ स्वयं छिटो ।
लेखेको पोखरा भन्दा देखेको पोखरा मिठो ॥५७॥

(इति नवम सर्ग)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुत्राणां च वधूनां च सेवा पश्चान्मिलिष्यति ।
वयं वृद्धैः संवसन्तो मधुमिष्टान्नभोजिनः ॥४८॥

विश्वमेतादृशं चास्ति वयं सर्वेऽपि तादृशाः ।
इदमित्थमिति प्रोच्य साम्प्रतं निर्णयाम किम् ॥४९॥

अथवा प्रकृतिक्रोडे क्रीडायां नु म्रियेमहि ।
जीवन्मुक्तिर्भवेत् क्वापि चेदिहापि मिलेद् वस ॥५०॥

'सौंन्दर्यं परमं ब्रह्म' विधेहि तदुपासनम् ।
सौन्दर्योपासनेनैव मुच्यन्ते भववासनाः ॥५१॥

अनन्तविश्वनिर्मातुरनन्तपरमेशितुः ।
प्राणिनामप्यनन्तानामनन्ताः सन्ति भावनाः ॥५२॥

दिव्यालापाः समाप्यन्ते नात एव कदाचन ।
हसितं रुदितं यद्वाऽऽभाषणाद् विरमाम किम् ॥५३॥

इदं काव्यं न काव्यार्थं यत्नेन लिखितं मया ।
किं किं वा लिखितं चात्र किम्वुक्तं किञ्च विस्मृतम् ? ॥५४॥

परं हृदिस्थदेवेन यद्दृष्टं लिखितं च तत् ।
तेनान्तर्हृदि सन्तुष्टः श्वासोच्छ्वासं करोम्यहम् ॥५५॥

सत्यमेतन्मनःपुष्पं न कवेः काव्यमीदृशम् ।
व्यतिक्रमो भवेदत्र क्षम्यतां प्रार्थना मम ॥५६॥

काव्यं प्रक्षिप हे पान्थ ! द्रष्टुमायाहि सत्वरम् ।
लिखितायाः पोखराया दृष्टा रम्यास्ति पोखरा ॥५७॥

(इति नवमः सर्गः)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुनश्च

यी राम्री हिमबाला को विवाहै हुन बाँकि छ ।
विवाह नगरी इन्को न खुल्ने रूप राशि छ ॥१॥

इन्को विवाह गर्ने हो भने देखि छिटै अव ।
कोरी बाटी टिका टाला पैह्राइ दिनुपर्दछ ॥२॥

केरा कुञ्ज बनाएर कदली स्तम्भ मण्डित ।
चाँडै बनाइनुऽ पर्छ इन्को विवाह मण्डप ॥३॥

अनि पोते सरी चिल्ला पक्की बाटा बनाइयून् ।
चूरा झैं गोल उद्यान ठाउँ ठाउँ सजाइयून् ॥४॥

सिंदूरे फूल का वाग बनून् सिंदूर भाल मा ।
विजुली का बनून् माला छाती मा र कपाल मा ॥५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुनश्च

एतस्या हिमबालाया विवाहोऽस्त्यवशेषितः ।
विवाहेन विनैतस्या रूपं नैव विशिष्यते ॥१॥

अस्या विवाहः कार्यश्चेत् तदा शीघ्रं विचारय ।
केशान् प्रसाध्य वस्त्राणि सान्धार्य समलङ्कुरु ॥२॥

सपत्रैः कदलीस्तम्भैर्विवाहविधिमण्डपम् ।
रचनीयं प्रयत्नेन सत्वरं तद् विलेपय ॥३॥

सन्तु कुट्टिमवर्त्मानि स्निग्धाः सौभाग्यमालिकाः ।
गोलान्युपवनानि स्युः सौभाग्यवलया इव ॥४॥

विद्युन्मालेव कल्प्यन्तां मालाः शिरसि वक्षसि ।
सिन्दूरतुल्यकाः पुष्पवाटिकाः शाटिकायताम् ॥५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुलही स्नान का लागी सेती र ताल का तट ।
बनून् पक्की सफा शुभ्र सिंगमर्मर मण्डित ॥६॥

उद्योग, कल, कार्खाना, यज्ञधूम मडारियोस् ।
अज्ञान, रोग, अन्याय, कसिंगर बढारियोस् ॥७॥

गरी कपास को खेती पछ्यौरी फर्फराइयून् ।
सून खानी खनाएर गहना छन्छनाइयून् ॥८॥

बजून् उद्योग का बाजा पञ्चेबाजा सबै तिर ।
पाकून् व्यञ्जन चौरासी चौरासी खेत मन्तिर ॥९॥

जागोस् संस्कृति आदर्श लोक गीत र मागल ।
मीठो स्वागत ले जन्ती बनून् आनन्द पागल ॥१०॥

सबै हाँसौं सबै खेलौं भन्ने वैदिक वाक्य को ।
पुरोहितहरू गाउन् यज्ञ गीत मिठो मिठो ॥११॥

जागोस् राष्ट्रियता खाँडो बनून् दर्शक निर्भय ।
पढून् सम्पूर्ण ले मीठा विवाह श्लोक का लय ॥१२॥

पुगोस् संसार का सारा बन्धु लाई निमंत्रणा ।
बनून् आराम विश्राम गर्ने ठाउँ जहाँ तहाँ ॥१३॥

नव सुन्दरता पूर्ण सदा स्वागत तत्पर ।
तयार पारियून् चाँडै प्रशस्त पाहुना-घर ॥१४॥

तब पो पोखरा रानी मीठो मुस्कान ली कन ।
हेर्निन् चञ्चल आँखा ले हर्दै संसार को मन ॥१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वधूस्नानाय रच्यन्तां शुक्लायाः सरसां तटे ।
कुट्टिमानि सुतीर्थानि मण्डितानि सितोपलैः ॥६॥

उद्योगयन्त्रशालाया यज्ञधूमेन धूपितः ।
अन्यायाज्ञानरोगाणां संकरः शोधितोऽस्तु नः ॥७॥

उत्तरीयाणि रच्यन्तां कार्पासकुसुमोद्भवैः ।
भूषणानि विरच्यन्तां सुवर्णैराकरोद्भवैः ॥८॥

कार्यशालोद्यमोद्भूतध्वनिं हि पञ्चवाद्यकम् ।
चतुरशीतिक्षेत्राधः पच्यन्तां व्यञ्जनानि च ॥९॥

अस्मत्संस्कृतिरादर्शलोकगीतानि जागृयुः ।
वधूविवाहवेलायां रमन्तां वरयातृकाः ॥१०॥

'संगच्छध्वं संवदध्वं' वेदवाक्यानुसारतः ।
पुरोहिताः प्रगायन्तु मधुरं यज्ञगीतकम् ॥११॥

राष्ट्रियता प्रजागतुं दर्शकाः सन्तु निर्भयाः ।
विवाहगाथां सुश्लोकां लयबद्धां पठन्तु ते ॥१२॥

सर्वत्राऽऽमन्त्रणा यातु वसुधानां कुटुम्बकान् ।
यत्र तत्रापि सर्वत्र सन्तु विश्राममण्डपाः ॥१३॥

नवसौन्दर्यपूर्णानि स्वागतार्थोत्सुकान्यपि ।
गृहाण्यतिथिवासार्थे रचयन्तु बहूनि च ॥१४॥

तदैव पोखरा शुक्ला स्मेरास्या महिषीसमा ।
संपश्येत् चञ्चलाक्षिभ्यां हरन्ती लोकमानसम् ॥१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिमी सौन्दर्य की खानी तिमी सौन्दर्य की घर !
हे सौन्दर्यमयी धर्ती सर्वत्र सुषमा छर ! ॥१६॥

नचाऊ अङ्ग, सङ्गीत गुञ्जाऊ, कविता पढ !
वनाऊ चित्र हे धर्ती ! अनगिन्ती कला गढ ! ॥१७॥

नुहाउ दूधगङ्गा मा दूधै का जल ले चुठ !
दिव्य सौन्दर्य की रानी हे मेरी पोखरा उठ ! ॥१८॥

उठ ए पोखरा रानी! उठ ए पोखरा उठ ।
दिव्य सौन्दर्य की खानी हे मेरी पोखरा उठ ॥१९॥

(इति दशम सर्ग)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सौन्दर्यसिन्धुस्त्वमसि त्वं हि सौन्दर्यमन्दिरम् ।
सौन्दर्यवसुधा त्वं हि सर्वत्र सुषमां किर ॥१६॥

नर्तयाङ्गानि सङ्गीतं सुगुञ्ज कवितां पठ ।
चित्रं रचय सर्वत्रागणितां सकलां कुरु ॥१७॥

सुस्नाहि दुग्धगङ्गायां मुखं क्षालय तज्जलैः ।
दिव्यसौन्दर्यमहिषि । प्रोत्तिष्ठ मम पोखरे ! ॥१८॥

प्रोत्तिष्ठ पोखरे रामे ! प्रोत्तिष्ठोत्तिष्ठ पोखरे !
दिव्यसौन्दर्यगृहिणी प्रोत्तिष्ठ मम पोखरे ! ॥१९॥

(इति दशमः सर्गः)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवशिष्टम्

मुकुन्दशरणेनोक्ता कृतिः 'प्राकृतपोखरा' ।
पोखराप्रकृतेर्दिव्यं शब्दचित्रं प्रदर्शितम् ॥१॥

सौन्दर्यं परमं ब्रह्म तन्मायामोहितं जगत् ।
सौन्दर्यप्रणयादेव यथा प्रज्ञमनूदितम् ॥२॥

'कविर्मनीषी परिभूः स्वयम्भू'रिति कथ्यते ।
कवेः काव्यं समालोक्य यथापूर्वमकल्पयत् ॥३॥

भक्तिभावनयोपेतं साधनाचेतनाप्रदम् ।
मायाच्छन्नं जगत् सर्वं लक्ष्मीकान्त इहासृजत् ॥४॥

विकलावयवाऽशुद्धा निर्गुणा विरसाऽस्फुटा ।
नालङ्कृतापि मोदाय भूयात् प्रकृति-बालिका ॥५॥

पदविन्यासचपला निर्मलोपलभूषिता ।
हिमोत्पन्ना सागरगा शुक्ला प्रकृतिबालिका ॥६॥

कोमलाङ्गी चारुचित्रा शुक्लजीवनदायिनी ।
सुस्वना सन्मुदे भूयात् पोखरा कृति-बालिका ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लुम्बिन्यञ्चलमध्यस्थगुल्मीमण्डलमण्डिते ।
ग्रामे 'वाग्ला-बडाचौरे' जातः कविजनप्रियः ॥८॥

मञ्जुगर्ते वसन्नेष लक्ष्मीकान्तो धरासुरः ।
एतत्प्राकृतकाव्यस्यानुवादमकरोदिह ॥९॥

तथापि केचिद् विद्वांसः परदोषानुकीर्तने ।
रमन्ते चेद् भृशं तेभ्यो नमस्कारं करोत्ययम् ॥१०॥

नगवाणाभ्रनयनमिते वैक्रमवत्सरे ।
आरभ्य माधवे मासि ग्रीष्मावधि समापितः ॥११॥

नायं कविः कोविदोऽपि केवलोऽस्यानुवादकः ।
सतां तुष्टिरनेन स्यान्मनसैवं विचारयन् ॥१२॥

न हि विद्याभिमानेनानुवादो विहितोऽधुना ।
गुरोरनुग्रहेणैव वागर्थप्रतिपत्तये ॥१३॥

'पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपहृतमश्नामी'ति वचः श्रुतम् ॥१४॥

तत् सत्यं यदि वाग्देवि ! वचः पुष्पकृतां मम ।
भक्त्या मालां स्वीकरोतु त्वद्वाग्भिः पूजनं तव ॥१५॥

स्मरणात् कीर्तनात् पाठादावृत्या लेखनादपि ।
वाग्देव्या विहिता पूजा सा देवी मयि तुष्यतु ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्घोदकं नैव दत्तं निर्झरास्ते निरन्तराः ।
कुसुमावचयो नैव फलपुष्पसमन्विते ॥१७॥

श्रीखण्डचन्दनं नात्र पङ्किला प्रकृतिस्तव ।
कार्पासवर्तिर्न कृता प्रदीपस्तव भास्करः ॥१८॥

नैवेद्यं नास्ति ते किञ्चिद् वाचोपचरितामिह ।
भवद्वाग्भिःकृतां पूजां वाग्देवि ! स्वीकरोत्विमाम् ॥१९॥

नीराजनं न विहितं ज्योतिश्चान्द्रमसं त्वयि ।
रिक्तहस्तो नमाम्यद्य कृपापाङ्गेन पश्य माम् ॥२०॥

देवीप्रसादतनयो बुधभीमकान्त-
स्तस्यात्मजेन कवितारुचिमानसेन ।
नित्यं बुधैरभिहितेन जनेन लक्ष्मी-
कान्तेन मुग्धहृदयेन कृतोऽनुवादः ॥२१॥

श्रीमन्मुकुन्दशरणस्य कवेः सुयत्ना-
दस्य प्रकाशनकृते प्रतिबद्धभूता ।
संस्थोदिता 'जयतुसंस्कृत'मीरितापि
काव्यं च तत्कृतमुदैदिह संस्कृतेन ॥२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कवि मुकुन्दशरण उपाध्याय परिचय र कवित्वदृष्टि

श्रीमुकुन्दशरण उपाध्याय (जन्मः वि.सं. १९९७/१/५) नेपालका अद्वितीय सरल र प्रतिभाशाली व्यक्ति हुनुहुन्छ। साहित्य जगत्मा उहांको नाम अग्रस्थानमा छ। सूक्ष्म विचारशीलता उहांको एक विशेषता हो।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको पूर्व प्रज्ञा सभाका सदस्य समेत हुनुभएका उपाध्याय पछि केही समय सनातनधर्म सेवा समिति नेपालका केन्द्रीय अध्यक्ष पनि रहनुभयो। किशोर अवस्थामा नै श्रीनिम्वार्कचरितम् जस्तो गहन संस्कृत काव्य लेखेर भारतमा पुरस्कार र सम्मान पाइसक्नुभएका उपाध्यायले नेपालमा पनि सवैभन्दा कलीलो उमेरमा 'प्राकृत पोखरा' नामक खण्डकाव्यका लागि नेपालकै सर्वोच्च मानिने मदन पुरस्कार पाउनुभएको छ।

श्री उपाध्यायले त्रि.वि. अन्तर्गत पृथ्वीनारायण क्याम्पस पोखरामा २७ वर्ष प्राध्यापन गर्नु भयो भने एसै वीच विगत ३० वर्षदेखि नेपाली भाषामा विश्वव्यापी एकरूपताका लागि सरल नेपाली आन्दोलन नामक भाषिक आन्दोलन समेत संचालन गर्नुभएको छ। यसै आन्दोलनलाई महत्व दिएर देहरादून, दार्जीलिङ र सिक्किममा समेत उहाँ सम्मानित हुनभएको छ। उहाँका प्रकाशित/अप्रकाशित रचनाहरू यसप्रकार छन् :-

(क) प्रकाशित रचनाहरू-

१. निम्बार्कचरितम् (संस्कृत काव्य), २. वरदान (नेपाली उपन्यास), ३. केलादीघाट (प्रवन्ध), ४.प्राकृतपोखरा-नेपालीकाव्य (मदन पुरस्कार प्राप्त), ५. धरती र आकाश (कविता संग्रह), ६. महेन्द्रालंकार (साहित्य शास्त्र), ७. शैल सरिता (संस्कृत कविता संग्रह), ८. महाभारतसूक्ति (संस्कृतमा सम्पादन तथा नेपाली अनुवाद), ९. प्रस्तावना र विवेचना (व्याकरण ग्रन्थ), १०. अक्षरप्रज्ञा (व्याकरण ग्रन्थ), ११. सरल नेपाली शुद्ध नेपाली (भाषा विज्ञान), १२. पद्य-प्रभा (पद्य भाषाविज्ञान)।

(ख) अप्रकाशित रचनाहरू-

१. व्याकरण विज्ञान (नेपाली व्याकरण), २. वृहद् हिन्दी नेपाली शब्दकोश, ३. प्रत्यय विज्ञान (नेपाली व्याकरण), ४. भाषा भारती (भाषा विज्ञान), ५. शब्द

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्पदा (पद्यमय शब्दकोश), ६. पुराण संहिता (पुराण सारसंग्रह), ७. वैदिक सूक्तिसंग्रह, ८. उर्मिला (नेपाली महाकाव्य), ९. व्यासावतरणम् (संस्कृत काव्य) आदि ।

(ग) कवित्वदृष्टि

नेपाल नाम को 'टीकी' पैह्रिन्छिन् जो वसुन्धरा ।
त्यै टीकी को पनी 'टीकी' हो यो सुन्दर पोखरा ॥

भन्दै 'प्राकृतपोखरा' काव्य लेख्न सफल कवि मुकुन्दशरण उपाध्यायका अरू पनि थुप्रै फुटकर कविता र काव्य छन् । नेपाली कविता क्षेत्रमा उहाँलाई कवि शिरोमणि लेखनाथको उत्तराधिकारीका रूपमा चिन्न थालिएको छ । यस दृष्टिले ठमेलवासी कवि शिरोमणि लेखनाथ पौडचालको कवित्वदृष्टि र त्यसमा पोखरा निवासी कवि मुकुन्दशरण उपाध्यायको समर्थनदृष्टि पनि उहाँहरूकै आ-आफ्ना कविताले यसरी वताएको देखिन्छ -

'मुक्तावली झैं पदयोजना होस्
माधुर्य भित्री तहमा घना होस् ।
भन्दा र सुन्दा रसिलो पनाको
प्रकाश भासोस् कवि कल्पनाको ॥

(राष्ट्र भाषाको भविष्य-कवि शिरोमणि लेखनाथ पौडचाल)

निधार चौडा छ त्रिपुण्डधारी लामा र सेता झलमल्ल दारी ।
महर्षि झैँ कुञ्चित केश माथ ठमेलवासी कवि लेखनाथ ॥ ....

कुरा गरे झैं कविता प्रवाह विचार लालित्यकला अथाह ।
सग्ला सफा सुन्दर शव्द लाख ठमेलवासी कवि लेखनाथ ॥ ...

तिम्रै सरी सुन्दर शव्द राशि तिम्रै सरी उच्च विचार राखी ।
मँ लेख्न थाल्छू तिमि देउ साथ ठमेलवासी कवि लेखनाथ ॥
.....श्रद्धेय मेरा कवि लेखनाथ ॥

***(ठमेलवासी कवि**-कवि मुकुन्दशरण उपाध्याय)*

***

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतं धर्मभूतये जयतु संस्कृतं लोकभूतये ।
जयतु संस्कृतं राष्ट्रभूतये जयतु संस्कृतं विश्वभूतये ।

जयतु संस्कृतम् संस्थापरिचयः

१. जयतु संस्कृतं नेपालसर्वकारेण स्वीकृता स्वतन्त्रा संस्था विद्यते ।

२. वैक्रमाब्दस्य २०५५ तमे वर्षेऽस्याः स्थापनाऽभूत् ।

३. अस्या मूलोद्देश्यं कार्यक्रमाश्च निम्नलिखिताः सन्ति-

(क) संस्कृतवाङ्मयस्य सनातनसंस्कृतेश्चावश्यकतां महत्त्वञ्चाऽऽराष्ट्रं बोधयितुं तयोः प्रचाराय प्रसाराय संरक्षणाय संवर्द्धनाय च कार्यक्रमसमायोजनम् ।

(ख) देशे देशे सांस्कृतिकं पुनर्जागरणमानेतुं संस्कृतसम्भाषणशिविरसञ्चालनं, 'जयतु संस्कृतम्' नामधेयमुखपत्रप्रकाशनं, संस्कृतनाटकमञ्चनं, कवितामहोत्सवादिकर्मणाञ्चाऽऽयोजनम् ।

(ग) संस्कृतभाषायां लिखितानामुत्कृष्टग्रन्थानां प्रकाशनम् ।

(घ) उत्तरमहाभारतग्रन्थनिर्माणपुरःसरं तस्य प्रकाशनम् ।

(ङ) राष्ट्रभाषां शुद्धतया वक्तुं, लिखितुं स्वधर्मसंस्कृतिसदाचारविषये आवश्यकबोधप्राप्तये चाऽस्मत्शिक्षणव्यवस्थायां माध्यमिकस्तरपर्यन्तं व्यावहारिकसंस्कृतमनिवार्यं कारयितुं सर्वकारसहयोगविधानञ्चेति ।

केन्द्रीयकार्यालयः
काष्ठमण्डपस्य, अनामनगरे वर्तते
दूरभाषः ४-२३०३७१
वेबसाइटः www.jayatusanskritam.org

Jayatu Sanskritam, Kathmandu, Nepal